# बौद्ध संस्कृति




( संवेजनीय चार बौद्ध स्मारकहरू )

✎ भिक्षु सुदर्शन महास्थविर

प्रकाशक:
नगर मण्डप श्रीकीर्ति विहार, कीर्तिपुर-१७, काठमाडौं, नेपाल ।

Downloaded from http://www.dhamma.digital

# बौद्ध संस्कृति

(बुद्ध, बुद्धधर्म, बौद्धसाहित्य र बौद्धसंस्कृति सम्बन्धी
छत्तीस रचना-संग्रह)

भिक्षु सुदर्शन महास्थविर

प्रकाशक :
श्रीकीर्ति विहार,
कीर्तिपुर नगरपालिका-१७, काठमाडौं, नेपाल ।

Downloaded from http://www.dhamma.digital

**प्रकाशक :**
**श्रीकीर्ति विहार,**
कीर्तिपुर नगरपालिका-१७, काठमाडौं,
नेपाल ।
फोन नं. ३३०८३६

प्रथम संस्करण १०००

बु.सं. २५४२, ने.सं. १११८
वि.सं. २०५५, इसवी १९९८

मूल्य : १२०/-

कम्प्यूटर :
**धर्मरत्न शाक्य**
न्याखाचोक, नंचाको, यल ।
फोन नं. ५-३४६८२

*मुद्रक :*
**न्यू नेपाल प्रेस**

***प्रधान कार्यालय :***
**नक्साल, नागपोखरी**
**पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल ।**
**फोन : ४३४८५०, ४३४७५३**

***व्यापारिक कार्यालय :***
**शुक्रपथ, न्यूरोड, काठमाडौं**
**फोन : २५९०३२, २५९४५०**
**फ्याक्स : (९७७-१) २५८६७८**

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

बुद्ध, बुद्धधर्म, बौद्धसाहित्य, बौद्ध इतिहास, बौद्ध कला र वास्तुकला विषयमा चालीसौं वर्ष अगाडि देखि लेख्दै आएको छु । समय समयको आवश्यकता अनुसार सहज प्रयासमा र मेहेनतका साथ लेखिएका यी रचनाहरू विभिन्न पत्रपत्रिकाहरू, स्मारिकाहरू र संगोष्ठी पुस्तिकाहरूमा छापिएका थिए । यस्तै प्रकाशित भएका शयकडौं रचनाहरू मध्येमा आफुसँग रहेका र केही महत्पपूर्ण जस्तो पनि लागेका छत्तीस रचनाहरूको संग्रह आज पुस्तकको रूपमा प्रस्तुत गर्न पाउँदा मलाई खुशि लागेको छ ।

बुद्ध, बुद्धधर्म, बौद्धसाहित्य र बौद्ध इतिहास आदिका छत्तीस रचनाहरूको चयन र सम्पादनमा श्री दुण्डबहादुर वज्राचार्यज्यूबाट पाएको सल्लाह र सहयोगका लागि मेरो साधुवाद छ । साथै कम्प्यूटर सेटिङ्गका लागि श्री धर्मरत्न शाक्यलाई धन्यवाद दिन्छु ।

नगर मण्डप श्री कीर्ति विहार, — भिक्षु सुदर्शन महास्थविर
३१।५।२०५५

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| | | |
|---|---|---|
| १. | बुद्ध: पालि र संस्कृत वाङ्मयमा तथा पुरातात्विक आधारमा | १ |
| २. | बुद्ध र बुद्धधर्म | १६ |
| ३. | बुद्धधर्मका मूलभूत विशेषताहरू | २० |
| ४. | संघ | २४ |
| ५. | बौद्ध दृष्टिमा अहिंसा | २८ |
| ६. | मनको शान्ति : सम्बोधि | ३२ |
| ७. | बुद्धधर्म र विश्वशान्ति | ३८ |
| ८. | दान उपपारमिता : रक्तदान | ५० |
| ९. | बौद्ध संस्कृतिमा रक्त दान | ५४ |
| १०. | बौद्ध संस्कृतिमा स्वास्थ्योपचार | ५८ |
| ११. | बौद्ध संस्कृतिमा स्वास्थ्य सेवा | ६२ |
| १२. | नेपाल उपत्यकामा बुद्ध धर्म | ६६ |
| १३. | नेपाली संस्कृति : बौद्ध संस्कृति | ७२ |
| १४. | नेपालमा बुद्धधर्म र बौद्ध संस्कृति | ७७ |
| १५. | बुद्धधर्मको व्यावहारिक पक्ष | १०० |
| १६. | पालिको अभिलेखसाहित्य | ११० |
| १७. | पालि साहित्यको संक्षिप्त परिचय | ११५ |
| १८. | नेपालमा स्थविरवाद | १३३ |
| १९. | फाहियानको यात्रावृत्तान्तमा स्थविरवाद | १४४ |
| २०. | ह्वेनसाङ्गको यात्रावृत्तान्तमा स्थविरवाद | १५४ |
| २१. | महामानवको जन्मस्थल : लुम्बिनी | १६५ |
| २२. | बुद्धको जन्म, सम्बोधि लाभ र महापरिनिर्वाण स्थल | १६९ |
| २३. | चार संवेजनीय स्थानका मूर्तिहरू | १७४ |


Downloaded from http://www.dhamma.digital

२४. कपिलवस्तु १७७
२५. कपिलवस्तुका बुद्धकालीन थेरहरू १८२
२६. अरनिकोको श्वेतचैत्य १८९
२७. अजन्ताको चित्रकला यसो हेर्दा १९६
२८. कामाकुरा डाइबुत्सु हेर्दाहेर्दै २०८
२९. चीनको चार हजारभन्दा बढी बौद्ध गुफाहरू २१९
३०. संसार-चक्र २२५
३१. प्राचीन गणतन्त्रात्मक राज्यव्यवस्था २३०
३२. बैशाख-पूर्णिमा: बुद्ध-पूर्णिमा २३६
३३. बुद्ध-पूर्णिमा २४१
३४. जेष्ठ-पूर्णिमा २४६
३५. आषाढ-पूर्णिमाको सातवटा संयोग २५२
३६. बौद्ध दृष्टिमा माघ-पूर्णिमाको महत्त्व २५८

Downloaded from http://www.dhamma.digital

# बौद्ध संस्कृति

Downloaded from http://www.dhamma.digital

# बुद्ध : पालि र संस्कृत वाङ्मयमा तथा पुरातात्त्विक आधारमा

मानव-श्रद्धाञ्जलिद्वारा मानिसलाई एकातिर महापुरुष बनाइ दिन्छ त अर्को तिर उसको वास्तविक व्यक्तित्वमा समेत ज्ञात-अज्ञात रूपमा व्यवधान राखिइ दिने काम गर्छ । अनि श्रद्धा-प्रसूत आदर्शवान वा चरित्रवान व्यक्तित्वमा वास्तविक रूपको उसको आफ्नो युगको परिस्थितिमा जन्मेको र हुर्केको महान व्यक्तित्व विलीन हुन लाग्छ, स्वयं ईश्वर सम्म हुन जान्छ । अर्को कुरा, यस प्रक्रियामा मानिसको आफ्नो युग-अपेक्षित स्वार्थले सधैं साथ दिएको हुन्छ । यस्तै चिन्तन-मनन र धारण-पालन शैलीमा रंगिएर शाक्यमुनि बुद्धको वास्तविक व्यक्तित्त्व हाम्रो सामु आउनुमा पनि कम कठिनाई भइरहेको छैन । मलाई लाग्छ यस कठिनाईबाट पार पाउन एउटा उपाय छ । त्यो हो, बुद्धकालीन सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक स्थितिको पूर्ण ज्ञान प्राप्त गर्नु, अनि बुद्धको प्रचार पछिको यीनै स्थितिहरूको अध्ययन गर्नु ।

## बुद्ध : प्राचीन पालि वाङ्मयमा

स्वनिरपेक्ष गुणले गर्दा अथवा संसारको कल्याण गर्ने कार्यमा नै आफ्नो सम्पूर्ण जीवन समर्पित भएकोले गर्दा बुद्धद्वारा स्वत: कनै सम्पूर्ण आफ्नो जीवनी प्रतिपादित गरिएको उपलब्ध छैन । बौद्ध परम्परागत संघ-प्रवेश संस्कार वा उपोसथादि कुनै विनय-सम्बन्धी काममा समेत बुद्ध-जीवनी जान्नु बुझ्नु अनिवार्य शर्त राखिएको छैन ।

Downloaded from http://www.dhamma.digital

यसको अर्थ यो पनि होइन कि 'बुद्ध-जीवनी' नामक कुनै कथावस्तु नै छैन । 'जिन महानिदान' जस्ता पालि भाषाको बुद्धजीवनीबाट हामी अपरिचित नै छौं । बुद्धको उपदेश र उपदेशद्वारा दुनियामा ल्याइ दिएको भ्रातृत्वं, प्रेम र करुणाको मधुर वातावरणमा हामी बुद्धको व्यक्तित्वको दर्शनमा गर्दैनौं । अनि उनी बुद्धको बाल्य, यौवन, संघर्ष र तपस्यादि घटनाहरूका बारेमा बुद्धद्वारा आफ्नो विगत जीवनका, विशेषतः बुद्धत्व पूर्वको, यत्र तत्र प्रसंग रूपमा, संवेग-संस्मरण रूपमा र उदानको रूपमा उल्लेखित प्रसंग पालि-वाङ्मयमा प्राप्य छ । बुद्धत्व-प्राप्ति पछिका जीवन चरित्र चाहिं सूत्रको र विनयको देशनासँगै गाभिएको छ, जो पूर्ण र स्पष्ट पनि छ ।

हिमालयको काखमा रहेको जनपद वहाँको कुल-भूमि हो । नगरको नाउँ कपिलवस्तु हो । सूर्यवंशी राजा शुद्धोदन शाक्य बुबा र जन्म दिने आमा मायादेवी हो । २९ वर्षसम्म सिद्धार्थले गृहवास गरे । वहाँलाई रम, सुरम र शुभ नामक तीन प्रासाद बनाइ दियो । त्यहाँ विभिन्न कमलको फूल फुल्ने पोखरीहरू थिए । गायन-वादनको पूर्ण व्यवस्था थियो । महलहरूका दासदासीहरू मासु मिसेको भात (=पुलाव ?) खान पाउँथे । भद्दकच्चा वहांकी घरकी हुन्, राहुल छोरा हो । एक दिन बगीचामा भ्रमण गर्न गएको बेलामा उनले वृद्ध देखे । त्यस्तै दुई भिन्न भिन्न भ्रमणमा क्रमशः रोगी र मृतक देखेर विरक्त भएको सिद्धार्थले एक अर्के भ्रमणमा भिक्षु देखे पछि त्यसैको अनुकरण गर्दै राती छन्दक र कन्थक साथ लिइ महाभिनिष्क्रमण गरे (सुत्तनिपात, बुद्धवंस, अंगुत्तरनिकाय, जातक अट्ठकथा) ।

पालि वाङ्मय कै अन्वेषण गर्दै परम्परागत यस कथाक्रममा नयाँ प्रवृत्ति लिइ केही नयाँ तथ्य तिर गत शताब्दीको उत्तरार्द्ध देखि औंल्याउन थालेको पनि देखिन्छ । यस प्रवृतिले अरू अरू तथ्य तिर भन्दा सर्वाधिक तीक्ष्ण प्रश्नचिन्ह महाभिनिष्क्रमणको कारण पछाडी


Downloaded from http://www.dhamma.digital

राख्न पुगेको देखिन्छ । सर्वप्रथम यस दिशातिर पालि एवं संस्कृत वाङ्मयको प्रकाण्ड पण्डित स्व. भिक्षु धर्मानन्द कौशाम्बीज्यूले कदम उठाउनु भएको थियो । यस प्रसंगलाई स्व. भिक्षु बोधानन्द महास्थविरज्यूले उल्लेख मात्र गरे परन्तु स्व. डाक्टर भीमराव अम्बेडकरज्यूले पूर्णतः यसैलाई समर्थन गरेर आफ्ना 'बुद्ध र उनको उपदेश' पुस्तकमा महाभिनिष्क्रमणको मात्र यही कारणलाई प्रमुखता दिइ उल्लेख गरे । भदन्त आनन्द कौसल्यायनज्यूले पनि 'बौद्ध धर्म : एक बुद्धिवादी अध्ययन' मा यसै व्याख्यालाई अधिक स्वाभाविक एवं युक्तियुक्त मान्नु भएको छ । यस प्रवृत्तिको मान्य-आधार हो, बुद्धको महाभिनिष्क्रमणको कारण मात्र चार उपरोक्त संवेगदायी दृश्य-दर्शनमा असहमति । यस धारणाको एक आधार भूमि हो, चार निमित्त दर्शनको व्यवस्था देवताहरूद्वारा, जातक अनुसार झन मात्र सिद्धार्थ र छन्दकले देखिने रूपमा भएको व्यवस्था गरेको कथात्मक अभिव्यक्ति । वस्तुतः त्यस प्रवृत्तिले गर्दा नयाँ दृष्टिमा महाभिनिक्रमणको कारण बन्यो, सामाजिक विषमता, राजनैतिक दमन नीति वा आक्रमनात्मक जटिलता, मानवीय समता, भ्रातृ-भावना, प्रेम र करुणादिको दूर्दशा, अनि धर्मद्वारा यी सबैलाई जकडिएको सांस्कृतिक दासताबाट मुक्ति दिलाउने सिद्धार्थको इच्छा । यस धारणालाई स्व. कौशाम्बीज्यूले साहित्यमा पाउने कथात्मक-अतिरंजक विशेषतः पछिल्ला धारणा पहिलो सत्यतामा आरुढ सस्थापन गर्ने स्वभावमा आलोचनात्मक दृष्टि राखी पालि वाङ्मय कै अन्य उल्लेखको प्रमाण दिनु भएको छ । वहाँ भन्नुहुन्छ, चार निमित्त दर्शन भूतकालीन बुद्धका सम्बन्धमा वर्णित घटनाक्रम, जो वहांको निष्कर्ष अनुसार आदर्शार्थ उल्लेखित प्रणित वर्णन हो ऐतिहासिक बुद्धको जीवनी सित पछि मिलाइ दिएको हो । (महापदान सुत्त, दीघनिकाय र कौशम्बीज्यूको 'भगवान बुद्ध' हेर्नु होस् ।) अनि वहाँले अत्तदण्द सुत्तको आधारमा महाभिनिष्क्रमणको कारण मानेका छन् - शस्त्र धारण भयावह लागेर मानिसहरू एक अरूको विरोधमा माछा झैं छटपटाएको देखेर उनको अन्तष्करणमा भय उत्पन्न भयो



Downloaded from http://www.dhamma.digital

र जगत असार असार मात्र देखेर जनताको आकांक्षा अनुरूप आश्रय खोज्न सिद्धार्थले गृहत्याग गरेको थियो । अझ आमा बाबुको सामुने केशच्छेदन गरेर सिद्धार्थले महाभिनिष्क्रमण गरेको अर्थ्याउँदै मज्झिमनिकाय बोधिराजकुमार सुत्तको अंश उल्लेख गर्नु भएको छ । डा. अम्बेडकरज्यूले कपिलवस्तुको संस्थागार (सबै बालिग शाक्यकुमारहरू सम्मिलित हुने एक प्रकारको संसद) मा न्याय अन्यायको दृष्टिबाट कोलियहरू संग पानीको विषयमा आक्रमणात्मक नीति नलिने निर्णय सम्बन्धी मतदानमा सिद्धार्थ हारेको तथा सैनिक उत्तेजनात्मक अभिभाषणमा आक्रमणात्मक युद्धको घोषणा गर्ने नीति सम्बन्धी प्रस्तावमा सेनापति विजय भएको अनि संस्थागारको विधि अनुसार या त सिद्धार्थले आफ्नो पराजय स्वीकार गर्ने या प्राणदण्ड किंवा देश निष्काशनको दण्ड स्वीकार गर्ने विकल्प सिवाय अरू कुनै बाटो नभएकोमा देश नै छाड्ने तर आफ्नो दृढता नछाड्ने निर्णय लिएको रूपात्मक चित्रण राजनैतिक रूपक शैलीमा प्रस्तुत गरेकोछ । यसै मर्माहत् बहुमत विजयद्वारा आफ्नो सत्य र शान्ति-प्रस्तावको अप्रिय-पराजय भएकोले राजनैतिक सत्ताको आधारमा होइन, अपितु अन्य तरिकाबाट आफ्नो मान्य धारणामा राज्य ब्यापी रूपमा मात्र होइन अन्याय सम्पूर्ण राज्यहरूमा समेत यसको सत्ता स्थापनार्थ सिद्धार्थले गृहत्याग गरेको भावलाई वहाँले प्रस्तुत गर्नु भएको छ र आमा बाबुले आफ्नो पुत्त सिद्धार्थलाई उसको धारणा परिवर्तन गराउनमा असमर्थ भएर देशको अनुलंध्य विधिको मर्यादामा विवश भइकन रुग्ध कण्ठले महाभिनिष्क्रमणार्थ वचन दिए । यशोधराले भनिन्, 'तपाईले ठीक निर्णय लिनु भएको छ । यदि म तपाईको परिस्थितिमा भए मैले पनि यही निर्णय गर्ने छुँ, जुन निर्णय तपाईले गर्नु भएको छ ।' यसरी सिद्धार्थले दिउँसै सबै स्वजन परिजन संग बिदा लिइ महाभिनिष्क्रमण गरे । सिद्धार्थले कपिलवस्तु त्यागे पछि संस्थागारले आफुद्वारा बहुमतले पारित प्रस्तावमा पुनर्विचार गरेर पूर्व निर्णयमा भूल स्वीकार गरे । तर सिद्धार्थलाई कपिलवस्तुमा फर्काउन सकेन । कारण सिद्धार्थले



Downloaded from http://www.dhamma.digital

त्यसबेला सम्म सम्पूर्ण संसारको धारणा-विशेष र संस्कार-विशेषमा नै नयाँ क्रान्ति ल्याउने निर्णय लिइ सकेको थियो । यी उल्लेखहरू हाम्रो वर्तमान राजनैतिक चिन्तन-प्रेमी हृदयलाई मोहित गर्छ, सार्थक जस्तो पनि लाग्ला । तर बौद्ध शैली अनुसार वास्तविक कुरा सूत्त, विनय र अभिधम्ममा दोहरिँदै आउने तथ्य र प्रतीत्य समुत्पादको गम्भीर ज्ञान तिर ध्यान दिए चार निमित्त दर्शनलाई हामी कथमपि उपेक्षा गर्न सक्दैनौं । छन्दकको प्रसंग र कंथकको वर्णन वाङ्मय र पुरातात्त्विक रूपमा नै प्राचीन प्रकारको छ ।

बुद्ध-जीवनीप्रति प्राचीन वाङ्मयको आधारको अन्य जुन मान्यताहरू छन्, त्यसमा विशेष केही उल्लेखनीय मतभेद यस नयाँ प्रवृत्तिका लेखकहरूले समेत देखाएका छैनन् । सिद्धार्थ आफ्नो श्रमण-भ्रमणमा सर्वप्रथम आलार कालामकहाँ पुग्नुभयो र उहाँबाट योग सम्बन्धी जानकारी प्राप्त गरे । अनि उद्रक रामपुत्रकहाँ गई सांख्य जस्ता अरु ज्ञान हाशिल गरे । त्यसपछि वहाँले उरुवेलको वन-प्रदेशमा पुगी स्वयं मनको निग्रहको निमित्त प्रयत्न गरे । खानु, लाउनु र बस्नु त्यागी गरेको यस तपस्यामा सिद्धार्थको शरीर अत्यन्त दीन दशामा पुगे । हातले शरीर मल्न खोजे रौंहरू झर्ने, शरीरको पूर्ण सर्वश्वेत वर्ण नै कालो र गहुं गोरो जस्तो भ्रममा पार्ने किसिममा शरीर वर्ण नै विकृत अवस्थामा पुगेको थियो । तर वहांलाई सम्बोधिका प्राप्ति भएन । तसर्थ तपश्चर्या त्यागी मध्यम मार्गको अनुशरण गरेर आफूले वचपनमा गरेको चित्त एकाग्रताको स्वतः चिन्तन-मननको क्रिया पद्धतिलाई अपनाई दुःख, दुःख समुदय र दुःख निरोधको बाटो भेटाए । अविद्याद्वारा सृजित संसार दुःखलाई यथार्थ चिने । अनि अनुभव गरे, अविद्या हट्यो, विद्या उत्पन्न भयो । अंधकारको नाश भयो, आलोकको उदय भयो । संस्कार रहित चित्तबाट आफ्नो तृष्णा क्षय भयो । सिद्धार्थ बुद्ध भए ।

यहीं सम्मको बुद्ध-जीवनीलाई 'अविदूरे निदान' भनिन्छ । कुनै न कुनै रूपमा यहाँ सम्मको जीवनीलाई सबै वाङ्मयले एक



Downloaded from http://www.dhamma.digital

अलग अध्यायको रूपमा छुट्याएका छन् । यसको कारण हो, त्यसपछि त स्वयं वास्तविक सम्बोधि पाएका बुद्धको जीवन-क्रम प्रारम्भ हुने । अनि बुद्धत्त्वप्राप्ति पछिको बुद्धको जीवनी जहाँ स्पष्ट छ, त्यहीं अत्यन्त विशाल स्वयं बुद्धधर्म जति नै विशाल छ । तापनि बुद्ध-जीवनी रूपमा संकलन गर्ने घटनाक्रममा पंचभद्रवर्गीलाई उपदेश, यश कुमारको प्रव्रज्या, तीन काश्यप बन्धुको धर्म परिवर्तन, विम्बिसारलाई धर्म-दीक्षा, सारिपुत्र मौद्गल्यायनको शासन-प्रवेश, अनाथपिण्डिकको जेतवन दान, कपिलवस्तुको प्रत्यागमन, यशोधरालाई दर्शन, नन्द र राहुल दीक्षा, पाँच शाक्य बन्धु र उपालि नाउँको प्रव्रज्या, महाप्रजापति गौतमीको प्रव्रज्या, पटाचारा र कृशागौतमीको कल्याण, स्वर्गस्थ महामायालाई देशना, अंगुलीमालको दमन, अम्बपालीको निमन्त्रणा पारिलेय्यक वन गमन, वर्षकारको षडयन्त्र, आयू संस्कारको परित्याग, महापरिनिर्वाण इत्यादि यस्ता प्रसिद्ध घटनाहरू छन् जसलाई सबैले बुद्ध-जीवनीमा समावेश गरेको देखिन्छ । सौभाग्यको कुरा हो, बुद्धको अन्तिम वर्षको यात्रा वर्णन अत्यन्त सुस्पष्ट रूपमा उपलब्ध छ र यसमा पालि र संस्कृत वाङ्मयमा प्राय: सामञ्जस्यता पनि राख्दछ । तथागतको अन्तिम वैशाली दर्शन पछिको यात्रा वर्णन अत्यन्त मार्मिक छ । तथागतको अन्तिम दिनको विवरण त झन अतुलनीय रूपमा करुणा र संवेगदामी शैलीको छ । बुद्धको सबैप्रति दया गर्ने प्रवृत्ति, विरहीलाई आश्वस्त पार्ने पद्धति, शासन सम्बन्धी चिन्ता र महाकरुणाको बडो मार्मिक रूपमा वर्णित गरेको छ । बुद्धको अन्तिम वचन थियो - 'लौ त भिक्षुहरू, अब म भन्छु । संस्कार नाशवान छ । अप्रमादी भइ कुशल कर्मको सम्पादन गर ।'

## बुद्ध : संस्कृत वाङ्मयमा

बुद्धको जीवनीलाई आलंकारिक भाषामा श्रद्धाप्लावित शैलीमा प्रस्तुत गर्नुमा 'ललितविस्तर' ले विचित्र-विशिष्ट काम गरेको छ । ललितविस्तर (इसवीको पहिलो शताब्दीदेखि तेश्रो



Downloaded from http://www.dhamma.digital

शताब्दीसम्ममा रचित) प्राचीन एवं पवित्र धर्म ग्रन्थ मध्येमा एक मानिन्द । यद्यपि यसै नव व्याकरण धर्म ग्रन्थ अन्तरगतका स्वयं 'सद्धर्म पुण्डरीक' ले यसको पवित्रीकरणलाई सत्त्वहरूको परिपाचनार्थ मात्र उपाय-कौशल्यबाट व्याकरण गरेको मानेको छ, तथापि स्वयं ललितविस्तर आफूलाई त्यस्तो मान्दैन । बरू प्राचीन परम्पराको विकासलाई मात्र मौलिक प्रामाणिक वर्णन सिद्ध गर्न प्रयत्न गरेको देखिन्छ ।

पालि जीवनी र ललितविस्तर बीच बुद्ध-जीवनी सम्बन्धित नाम र स्थानमा समता छ, घटना-क्रमको श्रृङ्खला पनि प्रायः समान नै छ । पछिल्लो धर्मग्रन्थले आलंकारिक रूपमा बुद्धको ललित (=किडा) को विस्तार गरेता पनि वास्तवमा यो पहिलो स्थविरवाद अन्तरगत 'वैपूल्य सूत्र' भएकोले यसैले मानवीय भावना र रसग्रहण क्षमतालाई ध्यान दिएको छ ।

'भगवान्, ललितविस्तर नामक धर्म पर्यायको व्याकरण गर्नु होस्' भनी प्रार्थना गरेपछि 'ललितविस्तर' को उपदेश स्वयं बुद्ध-द्वारा दिनु भएको उल्लेख ग्रन्थको प्रारम्भमा नै गरिएको छ । परन्तु स्वाभाविक प्रवाह यो थियो, बुद्ध प्रसंगवश मात्र आफ्नो कुरा भिक्षुहरूलाई सुनाउँदथे । अनि सारै प्रभावित धर्म कथाको श्रवणपछि अन्त्यमा भिक्षुहरू निवेदन गर्थे 'भन्ते, यस वचन समुहलाई के धर्म परियाय भनी हामी याद गरौं ?' यसैको प्रत्युत्तरमा बुद्धद्वारा परियायको नामकरण हुन्थ्यो । तसर्थ ललितविस्तरको यो उल्लेख यस स्वभावको विपरीत जस्तो देखिन्छ ।

ललितविस्तरको वर्णन शैली र बुद्ध-जीवनी पवित्रीकरण प्रयासलाई स्पष्ट गर्न केही उदाहरण मात्र पनि पर्याप्त छ । कुक्षिगत बोधिसत्त्व निवासको लागि देवताहरूले 'रत्नव्यूह' निर्माण गरि दिए । बोधिसत्त्व गर्भस्थ आमाको दर्शन मात्रले पनि भूत चढेको मानिसमा चेतना आउँथ्यो । रोगीको टाउकोमा हात राख्ने बित्तिकै रोग शान्त



Downloaded from http://www.dhamma.digital

हुन्थ्यो । आफ्नो दक्षिण पार्श्वमा हेर्ने वित्तिक्कै मायादेवी ३२ लक्षण सम्पन्न बोधिसत्त्वलाई आसनस्थ भएको देख्न सक्थिइन । सिद्धार्थको जन्म हुने बित्तिक्कै मेघ रहित वर्षा भयो । दरिद्रहरू धनी भए । रोगीहरू स्वस्थ भए । अवीचि नरक खालि भयो । रत्न र आभरणको वर्षा भयो । 'भिक्षुहरू, कमल पानीमा उत्पन्न हुन्छ तर पानीबाट अनुपलिप्त भइ पानीबाट माथि फुल्छ । त्यस्तै तथागत लोकमा सम्बद्ध भएर पनि लोकलाई अभिभूत गरेर पनि लोकमा विना उपलिप्त भै विहार गर्छ (स्कन्धवग्ग, संयुत्तनिकाय) ।' बुद्धको यस उपमामय अभिव्यक्तिमा जातकीय 'अविदूरे निदान' ले बुद्धलाई कमलमा पाद-प्रतिष्ठापित  गरे । अनि ललितविस्तरले उपरोक्त वर्णन गर्नलाई आधार भूमि  पाए । अझ ललितविस्तरको सप्तम परियाय आफ्नो वर्णनलाई, जो पालि भन्दा भिन्न छ, स्थिरता प्रदानगर्न यति उत्सुक छ कि निम्न प्रकार प्रयत्न गरे -

'आनन्द, भविष्यमा कुनै कुनै भिक्षु अभिमानी हुने छन् । भगवान प्रति तिनीहरूको श्रद्धा हुँदैन । तिनीहरूको चित्त विक्षिप्त र संशयान्वित हुन्छ । तिनीहरूले बोधिसत्त्वको गर्भावक्रान्ति परिशुद्धिमा विश्वास गर्ने छैन् । तिनीहरू भन्लान्, 'यो कसरी हुन्छ कि बोधिसत्त्व गर्भबाट जन्मेको बेला गर्भमलबाट उपलिप्त भएन ?' ती मोहपुरुषहरूलाई यो थाहा हुँदैन पुण्यवान सत्त्वहरूको शरीर उच्चार-प्रश्रावमण्डमा हुँदैन । तथागतको गर्भावक्रान्ति कल्याण कारण (निमित्त मात्र) हो । भगवानको गर्भको अवस्थिति भूत-दयाको कारणले मात्र हुने हो । तिनीहरू बुझ्दैन तथागत देवतुल्य छ र हामी मानिस मात्रै छौं । ... यो (तसर्थ हाम्रा निमित्त) अचिन्त्य छ । उद्धत् भिक्षु ऋद्धि र प्रातिहार्यमा पनि विश्वास गर्दैन । तिनीहरू बुद्धधर्मको प्रतिक्षेप गर्छ । तिनीहरूको दुर्गति हुनेछ ।' परन्तु यस्ता उल्लेख पछि पनि 'ललितविस्तर' मा वर्णित बुद्धजीवनी मानवीय क्षमता एवं क्रियात्मक शक्ति विकास-वृक्षमा अवलम्बित छ । अनि कुलदेवताको दर्शनार्थ लैजान लागेको बेला स्वयं कुलदेवता आई



Downloaded from http://www.dhamma.digital

नमस्कार गर्ने आदि किंचित मात्र यस्ता घटना प्रसंग ललितविस्तरमा उपलब्ध हुन्छ, जुनचाहिं पूर्णत: पालि साहित्यमा उपलब्ध छैन ।

ललितविस्तर सारै सरस छ । बुद्धको चार निमित्त दर्शन साँच्चै नै विचारप्रेरक छ । बुद्धको पवित्रीकरणार्थ राहुल जन्म विषयमा पछि पद्यमय ललितविस्तरले शिष्ट मौन धारण गरेता पनि यसै क्रममा आएको 'भद्रकल्पावदान' ले बुद्धलाई आजन्म ब्रह्मचारी सिद्ध गरे । यस काव्यले यशोधरालाई पाद-अंगुष्ठद्वारा नाभीमा स्पर्श गराई राहुल गर्भ धारण गराएको मात्र होइन, अपितु ललितविस्तर जस्तो साहित्यमा पूर्ण रसको परिपाक हुनलाई करुण-रस समेत परिपाक गरे, जुन रस कि काव्यात्मक, विशेषत: भक्तिवादी काव्यात्मक साहित्यको निमित्त एक वांछनीय आवश्यकता पनि हो । देवदत्त द्वारा बर्षौ वर्षसम्म राहुल बोकेकी यशोधरालाई जब पोखरीमा खसाल्दछ, पहाडबाट खसाल्दछ, अनिकुण्डमा होम्न लगाउंछ त्यसवेला श्रोता र पाठकको हृदय अत्यन्त करुणाप्लावित हुन्छ । राहुलको गर्भधारणबाट प्रारम्भ हुने यो प्रसंग 'भद्रकल्पावदान' ले बुद्धको शीतल महाकारुणिक छाया पर्ने वित्तिकै 'राहु' जस्तो अभिशिप्त रूप र यातनावाट मुक्त भई राहुल सुन्दर उज्ज्वल रूपसम्पन्न सम्म गराउँछ ।

ललितविस्तर हामीलाई राम्रै मगध पुऱ्याउँछ, पिप्पलको रुखमुनी ध्यानस्थ क्षीण काय बोधिसत्त्वको दर्शन अत्यन्त प्रभावोत्पादक रूपबाट गराउँछ । बुद्धप्रति अत्यन्त श्रद्धालु विनम्र 'ललितविस्तर' को अज्ञात कविले, जसलाई मात्र सिद्धार्थको अनुशरण अधीरताद्वारा महाभिनिष्क्रमबाट शोक संतप्त राजदरवारतिर ध्यान दिनलाई समेत त्यतिको अवकाश पाइएन, मारको रोमांचकारी प्रहार र बोधिसत्त्वको अतुल्य विजयको रूपात्मक चित्रण पछि सिद्धार्थको बुद्धत्वप्राप्ति वर्णन पछि आफूलाई कृतकृत्य मानेको छ । वास्तवमा



Downloaded from http://www.dhamma.digital

त्यस पछिको बुद्धजीवनीको अभिप्राय: पनि त स्वयं बौद्ध वाङ्मयकै विवेचन न हो ? - जो निसन्देह वर्णन साध्य विषय पनि होइन ।

संस्कृतको अर्को श्रेष्ठ काव्य हो, अश्वघोष कृत - 'बुद्ध चरित' । इत्सिंगको शब्दमा यो काव्य (त्यसबेला) पाँच भारतीय प्रदेश र दक्षिणीय द्वीपमा घरघरमा लोकप्रिय गायन हुने महाकाव्य हो । नेपाली विद्वत्-वर्ग यस काव्यबाट यति प्रभावित थियो कि १९ शताब्दीको पूर्वाद्धको पं. अमृतानन्द सम्म यसको मूल अप्राप्य संस्कृत अंशको चार अध्यायलाई आफूले पूरा गर्नुमा प्रयत्नशील भएको हामी पाउँछौं (सूर्यनारायण चौधरी अनुदित 'बुद्धचरित' पृष्ठ ९) ।

'बुद्धचरित' चतुदर्श सर्ग सम्म बुद्धत्वप्राप्तिको वर्णन समाप्त गर्छ । अरू चौध सर्गमा जो मूल रूपमा प्राप्य छैन, धर्मचक्र-प्रवर्तन, अनेक शिष्य, महाशिष्यवर्ग प्रव्रज्या, अनाथपिण्डिक-दीक्षा, पिता-पुत्र-समागम, जेतवन-स्वीकार, प्रव्रज्या-श्रोत, आम्रपालीको उपवनमा, आयू निश्चयीकरण, लिच्छवी प्रति अनुकम्पा, निर्वाण-पथतिर, महापरिनिर्वाण, निर्वाण प्रशंसा, धातु-विभाजनद्वारा समाप्त गरिएको छ । सुकुमार भावको प्रचुरता एवं उपमा-विशिष्टता यस काव्यको विशेषता हो । महामाया रानीको पार्श्वबाट लोकहितको खातिर उत्पन्न पुत्रका बारेमा और्वको तिघ्राबाट, पृथुको हातबाट, इन्द्रतुल्य मान्धाताको मस्तकबाट, कक्षीवानको काँधबाट जन्मेको उपमा-प्रमाण प्रस्तुत गरे तापनि, पुत्र-प्रसव पछिको सातौं दिनको महामायाको देहावसानलाई पालिमा जस्तै उल्लेख गरिएको र बुद्ध-गर्भिणीहरूको निमित्त अवश्यम्भावी स्वभावलाई 'आफ्नो पुत्रको प्रभाव देवर्षिका जस्तो विशाल भएको देखेर गद्गद् भएर हर्ष संभाल्न नसकेर स्वर्ग शिधारेको जस्तो काव्यात्मक परिशोधन गरे तापनि पालि वाङ्मयको मानव बुद्धको परम्परासँग 'बुद्धचरित' ले आफूलाई त्यति दूरसम्बद्ध राखेन, जति ललितविस्तरले राखे । ललितविस्तरको सरसता, अभिव्यञ्जन लालित्य अंगालिइ 'बुद्धचरित'



Downloaded from http://www.dhamma.digital

अघि सर्छ । दोश्रो सर्गमा सिद्धार्थलाई राहुल प्राप्ति-पूर्व कुरा उल्लेख गर्छ, 'सनत्कुमार जस्तो सुन्दर आकृतिबाट चम्केको कुमारले शाक्यराजको त्यस बधूसँग त्यस्तै रमण गरे, जस्तो इन्द्रले शचीसँग ।' पालिमा अभिनिष्क्रमण अभिरत आतुरमा पुत्र-प्राप्तिको खबर सुन्ना साथ सिद्धार्थले आशाको सूर्यमा बाधाको कलंक अर्थमा प्रयोग गरेको राहुललाई 'भद्रकल्पावदान' को कुरूप राहुल सृजनाभन्दा भिन्न किसिमको राहुल 'बुद्धचरित' देखाउँछ । 'यशोधराबाट शौद्धोदनिलाई राहु-शत्रु सदृश मुखको पुत्र उत्पन्न भयो, त्यसको नाउँ राहुल नै राख्यो ।' अर्को कुरा, रचित वर्णन वा सृजित तर्क मनाउनलाई भय-प्रदर्शन गर्ने संस्कृत वाङमयको शैलीलाई बुद्ध चरितले पूर्णत: परित्याग गरेको छ । सिद्धार्थको अभिनिष्क्रमणपछि 'अन्त:पुर-विलाप' र 'कुमार-अन्वेषण' मा आफ्नो अष्टम र नवम सर्ग खर्च गरेको छ । बिम्बिसार सँगको भेट, काम-निन्दा निक्कै विश्लेषणात्मक रूपमा गरिकन 'अराडदर्शन' सर्गमा दार्शनिक विवेचन विस्तृत रूपमा गरेको छ । 'मारको पराजय' पछि बुद्धत्वप्राप्ति (चतुर्दश सर्ग) मा प्रतीत्य समुत्पादको वर्णन पालि पराम्पराकै शैलीमा भएको छ । अश्वघोष-कृत 'बुद्धचरित' को एक अर्को उल्लेखनीय विशेषता हो, हरेक कुरामा पौराणिक पात्र, घटना र ध्वनिको उपमा-बाहुल्य ।

बुद्धको यस जीवनीलाई पछिल्ला चिंतकहरूको अगम्य-गहनसागरमा डुवाइ दिए अथवा मानव-मस्तिष्क सामर्थ्य भन्दा परको प्रतीकात्मक अभिव्यञ्जनमा उडाइदिए । तथागतायुष्प्रमाण-परिवर्त (सद्धर्म पुण्डरीक) मा भगवान भन्नु हुन्छ, 'कुलपुत्रहरू, मानिसहरू यसरी थान्दछ भगवान शाक्यमुनिले शाक्यकुलबाट अभिनिष्क्रमण गरी गयामा बोधिमण्डप मुनि अनुत्तर सम्यक्-सम्बोधि प्राप्त गरे । हे कुलपुत्र, वास्तवमा यस्तो होइन । अनेक कोटी कल्प अघि नै मैले सम्यक् सम्बोधिलाई पाएको छु । जुन बेलादेखि मैले यस लोकधातुमा सत्त्वहरूलाई धर्मोपदेश गर्ने गरेको छु त्यस बेलादेखि आजसम्म मैले जुन सम्यक् सम्बुद्धहरूका रूप धारण



Downloaded from http://www.dhamma.digital

गरेको छु, दीपंकर प्रवृति तथागतहरूको निर्वाणको जुन वर्णन गरेको छु, ती सबै मेरो उपाय-कोशल्यबाट धर्म-देशनाको लागि गरेको हो । जुन प्राणी अल्पकुशलमूल संयुक्त हुन्छ, तिनीहरूलाई म भन्छु म युवक भएको छुँ, मैले अहिले सम्यक्-सम्बोधिलाई पाएको छुँ । यो मेरो भनाइ मात्र सत्त्वहरूको निमित्त परिपाचनार्थ हो । सत्त्वहरूको विनयको लागि नै यी सबै धर्म पर्याय हुन् । सत्त्वहरूको उपकारको लागि तथागत रूपावलम्बन अथवा परावलम्वनद्वारा उपदेश दिन्छ । तर तथागतले सत्य-दर्शन गरेको छ । यो त्रैधातुक न भूत हो, न अभूत, न सत् हो, न असत्, न संस्कार हो, न निर्वाण ! वस्तुत: भगवान् चिरकालदेखि अभिसम्बुद्ध हो र अपरिमित आयुमा स्थित छ । तथागत अपरिनिर्वृत्त हो, केवल वैनेयवश भएर परिनिर्वाण भएको भनिएको हो ।'

यसरी संस्कृत बौद्ध वाङ्मय महाकारुणिक हुँदै सबैलाई बोधिसत्त्व हुने प्रेरणा दिंदै पछि सर्वकालीन सबै बुद्धसम्म पनि आफै हुन पुगेको वर्णन दिन्छ । बुद्धको जीवन ईश्वरको लीला स्तरसम्म आइदिए र अवतारबादलाई द्वार खोलिदिए ।

Dhamma.Digital

## बुद्ध : पुरातात्त्विक आधारमा

युगापेक्षित सुजनाकांक्षाले ढालेको र श्रद्धाभिसिञ्चित अतिरंजनद्वारा रंगिएको बुद्धको दर्शन गरेसम्म १९ वीं सदीका पूर्वार्द्धका पाश्चात्य विद्वानहरू थान्दथे, बुद्ध सूर्य देवताकै एक अन्य रूप हो । परन्तु लुम्बिनीको अशोक-स्तम्भले 'हिदबुधेजाते' (यहाँ बुद्ध जन्मे) घोषणा गरेकोले र पछिल्ला प्रचूर मात्रामा पुरातात्त्विक अवशेष पाइएकोले सबैले अचिरकालमा नै फेरि एक पटक पृथिवीमा चारिका गर्ने, भिक्षाटन गर्ने, विहार गर्ने, वृद्ध हुने, रोगी हुने र महापरिनिर्वाण हुने तथागत् अर्हत् सम्यक सम्बुद्ध चिन्ने अवसर पाए ।



Downloaded from http://www.dhamma.digital

पालि वाङ्मय बुद्धकालीन प्रतिमा-शिल्प, विशेषत: स्वर्ण प्रतिमाको मुक्तकण्ठले वर्णन गर्दछ। तापनि बुद्धको परिनिर्वाण काल सम्म त के धर्मदूत पठाउने कार्यमा अभिरत राजा अशोक जस्तो महान प्रचारकको युगसम्म पनि बुद्धको प्रतिमा निर्माण गरिएको थिएन। 'जातक'को उत्कृष्ट चित्रण-कुशलता सिद्ध गर्छ, ती कलाकार र कला प्रेमीहरूले बुद्धको शीलाचरण अनुकरणका शिक्षा पूर्णत: याद गरेकोले नै बुद्धलाई मूर्तिमा कुण्ठित पार्ने इच्छा गरेनन् होला। बुद्धको जन्म, बोधिप्राप्ति, धर्मचक्र-प्रवर्तन र महापरिनिर्वाण जस्ता स्मृतिलाई तिनीहरू अत्यन्त पवित्र मान्दथे। साथै आफ्ना कला-साधनालाई बुद्धको 'जसले धर्मलाई देखे त्यसले मलाई देखे' भन्ने उपदेशसंग संतुलन गरी पनि राखे। प्रथम सदी निर्मित सांचीको तोरण द्वारसम्म केवल कतिपय लाक्षणिक चिन्हद्वारा बुद्धको उपस्थिति अभिव्यंजित गरेको छ। महामायाको स्वप्नावस्थाको हाथीलाई कुँडने युगले महामायासँगै रहेको कमलमा नवजात सिद्धार्थलाई उभ्याउन साहस गरेन। यस्तै विना सवार छत्रछाया सहितको चरण चिन्ह सहितको (कुनै कुनैमा नभएको पनि) नगर बाहिर स्थित रथ, बोधिमण्डप, आसनस्थित चक्र (कलकत्ता म्यूजियम) अथवा मृग सहितको धर्मचक्र, दुई रुख बीच स्तूप अथवा बाकसद्वारा नै यस युगका कलाकृतिले नगर-भ्रमण, सम्बोधिलाभ, धर्मचक्र-प्रवर्तन र महापरिनिर्वाणको बोध गराए। न केवल सांचीमा मात्र, अपितु ३०० जति अमरावतीबाट प्राप्त भएको पुरातात्त्विक निधिमध्ये पनि प्रथम र द्वितीय शताब्दीसम्मका कलाकृतिमा यही लाक्षणिक प्रयोग देखिन्छ। उदाहरणार्थ मायादेवीलाई उपदेश दिई धरतीमा प्रत्यागमनको चित्रमा तीन सोपान देखाए छत्र देखाए तर बुद्धको ठाउँमा चित्रित गरे दुई चरण-चिन्ह ! सानो शौच-सम्बन्धी निहुंमा कलह बढाउने भिक्षुहरूबाट पर पुगिकन पालिलेय्यमा बस्नु भएका बुद्धका नागर्जुन कोण्डस्थित दोश्रो सदीको चित्रण पनि विना बुद्ध-प्रतिमा नै स्पष्ट गरे। माथि एकातिर कुनामा तातेको पानी, अरू तिर बलिरहेको आगो बीचको रुख मुनि तह तह तीन तीन गरी



Downloaded from http://www.dhamma.digital

छ: वटा हात्ती चित्रित गरी सम्पूर्ण वर्णनलाई साकार रूप दिएर नै रिक्त आशनमा बुद्धको अवस्थित भावलाई दर्शाइदिए ।

यस पछि लाक्षणिक प्रयोगको ठाउँमा कलाकारहरूले स्वयं बुद्धलाई प्रतिस्थापित गरे । बुद्धको पहिलो मनुष्याकार मूर्ति रेशमी पथमा अनि गांधारबाट पायो । अत: यस नयाँ मोड्मा नयाँ प्रभावशाली वाङ्मय 'ललितविस्तर' को प्रभाव भए कुनै आश्चर्य होइन । अनि देखा परे महास्वप्नकी महामायाको पार्श्ववाट जन्मिइरहेको सिद्धार्थ, यात्रा गरेर कपिलवस्तु ल्याएको, असित ऋषिद्वारा सिद्धार्थ दर्शन (गान्धार: कलकत्ता म्यूजियम), धनुर्विद्या-प्रदर्शनार्थ सिंहासनमा बसेको सिद्धार्थ (गा.), महाभिनिष्क्रमण पूर्व यशोधरा र राहुललाई हेरिइरहने सिद्धार्थ चार देवताद्वारा खुट्टा सम्भालिइराखेको कन्थकमाथि सिद्धार्थ (नागार्जुन कोण्डा, ३ सदी), अभिनिष्क्रमणको दृश्यमा अश्वमा यात्रा (वाराणसी शैली, सारनाथ संग्रहालय) एक हातले आफ्नो लामो केश अर्को हातले तलवार समाइरहेको केश छेद्न गर्ने सिद्धार्थ (इण्डोनेशिया), छोडिरहको वस्त्र प्रदानार्थ व्याधा रूपमा आएको देवतासँग सिद्धार्थ, बिम्बिसारसँग श्रमण सिद्धार्थ (क.म्यू.), दुष्कर-तपस्यामा अस्ति-चर्ममय भएको बोधिसत्त्व (गांधार) तक्षशिला, हात्ती चढेको मार र मार पुत्रीहरूसँगै भूमिस्पर्श मुद्राको बोधिसत्त्व (क.म्यू. र अजन्ता, धर्मचक्र-मुद्रा अवस्थित शान्त तथागत (सारनाथ : ५ वीं सदीं), कपिलवस्तु प्रत्यागमनमा बुद्ध (क.म्यू.), अंश माग्न सिकाइ रहेकी यशोधरा र किशोर राहुलसँग उभिरहेको बुद्ध (अजन्ता केभ-१७) ठूलो बुद्धको अगाडी साना रूपमा देखिएको नालागिरी हात्तीको दमन । यो सत्य हो, यस नयाँ प्रवृत्तिले संसारको कलात्मक विकासमा नयाँ क्रान्ति ल्याइदियो । परन्तु हाम्रो यस रचनाको अभिप्राय: यस कुरासँग सम्बन्धित छैन । हाम्रो अभिप्राय: त यहाँ यति मात्र छ, जस्तो प्राचीनतम बौद्ध वाङ्मय पालिबाट हामीलाई वास्तविक बुद्धको सर्वाधिक निकट पुऱ्याउँछ, त्यस्तै प्राचीन पुरातत्वले पनि गरेको छ ।



Downloaded from http://www.dhamma.digital

अझ भन्ने भए पुरातात्त्विक आधारमा भन्दा यथार्थ मानवी बुद्ध दर्शन पालि वाङ्मय भित्र नै निसन्देह अत्याधिक सम्भव छ।

भिक्षान्न नपाउने, वृद्ध हुने, रोगी हुने, प्यास लाग्ने, आराम गर्न चाहने बुद्धको चित्रण; भिक्षुहरूसँग कुशल वार्ता गर्ने, भिक्षुसंघ मध्यमा म पनि हुँ भन्नु हुने, संसारका निःक्लेशीहरू जस्तै म पनि आनन्दसँग सुतेको छु भन्नु हुने, अझ 'भिक्षुहरू ममा कायिक वा वाचिक दोष देखे मलाई भन' भन्नु हुने बुद्ध कतै पनि मूर्तिमा वा कतै पनि चित्रमा हामी पाउँदैनौं। अस्तु !

(वैशाख पूर्णिमा : २५१४)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्ध र बुद्धधर्म

सिद्धार्थको जन्म कपिलवस्तुमा भएको थियो । कपिलवस्तुमा त्यसबेलाको गणतन्त्रात्मक पद्धतिको राज्य व्यवस्था थियो र त्यस राज्यका महाराजा शुद्धोदन हुनुहुन्थ्यो । शुद्धोदनका तीन सन्तानहरू-मध्येमा सिद्धार्थ गौतम दोश्रो सन्तान र पहिला पुत्र हुनुहुन्छ । राजकुमार सिद्धार्थकी आमा महारानी महामायादेवी थिइन् र उनलाई दूध खुवाएर हुर्काउने उनकी आफ्नी आमाकी बहिनी महारानी महाप्रजापति गौतमी थिइन । राजकुमार सिद्धार्थको जीवनीबारे प्रकाश पार्ने मूल श्रोतहरू महावग्ग, सुत्तनिपात, बुद्धवंस, थेरगाथा, दीघ र मज्झिम आदि अनेक निकाय, ललितविस्तर, बुद्धचरित र जातकट्ठकथा एक स्वरमा वर्णन गर्दछ, राजकुमार सिद्धार्थको शैशव जीवन सुविधापूर्ण थियो । १६ वर्षको उमेरमा विवाहित भएको २९ वर्षको सिद्धार्थ कुमारमा जन्म, जरा, व्याधी र मृत्युको गहिरो छाप परेको थियो । शुद्धोदन साठी वर्ष नाघिसकेको वृद्ध थियो । सिद्धार्थकी आमा महामायादेवीले सिद्धार्थलाई जन्मको सातौं दिनमा छोडेर गएकी थिइन् तापनि संवेग हुने गरी जन्म, जरा, व्याधि र मृत्युको दु:खबाट वहाँको मनमा २९ वर्षको उमेरमा मात्र छोएको थियो । हामी यदा कदा भन्ने गर्दछौं, आज बल्ल मैले तिमीलाई चिनें । त्यसको अर्थ हामीले उसलाई पहिले नचिनेको होइन । सिद्धार्थ गौतमले ३५ वर्षको उमेरमा सम्बोधि ज्ञान पाए । अनि ४५ वर्षसम्म आफूले पाएको बोधिज्ञान गाउँ-गाउँ, नगर-नगर, निगम-निगम, जनपद-जनपदमा प्रचार गर्नु भयो । बोधिज्ञान पाएकै वर्ष बुद्ध कपिलवस्तु आउनु भएको थियो । त्यसपछि पनि राजा शुद्धोदन बिरामी हुँदा त्यस्तै शाक्य र कोलीयहरूका बीचमा रोहिणी नदीको



Downloaded from http://www.dhamma.digital

पानीको लागि लडाई हुन लाग्दा कपिलवस्तु आउनु भएको थियो । देवदह सूत्रानुसार बुद्ध देवदहमा भिक्षाटन गर्दै लुम्बिनीमा आराम गर्नु भएको वर्णन पनि पालि तिपिटकमा पाइन्छ । अलौकिक प्रकारबाट भएको बुद्धको विचरण सम्बन्धी वर्णनलाई एकातिर पन्छ्याएर विचार गरेको खण्डमा बुद्धको विचरण भूमि कोशीदेखि कुरुसम्म विशेष रूपमा भएको देखापर्दछ । बुद्धको आफ्नो जीवनकालमा नै अनेकौं लब्धप्रतिस्थित श्रमण ब्राह्मणहरू, परिव्राजकहरू, राजा महाराजाहरू, आचार्यहरू महाजनहरूदेखि लिएर पटाचारा जस्ती बन्धु-बान्धव-वियोगी उन्मत्ता, कृषा गौतमी जस्ती पुत्र शोकमा स्वस्थ चेतना गुमाएकी महिला, धर्मको व्यामोहमा परेर गुरुदक्षिणा दिनको लागि मानिसका औंलाहरू काट्ने क्रूर हिंसक भएको अंगुलीमाल, सुप्रबुद्ध जस्ता कुष्ठरोगी मानिस, छत्त माणवक जस्ता सरल शिक्षित युवक बुद्धका भिक्षु भिक्षुणी र उपासक उपासिकाहरू भए । ८० वर्षको उमेरमा कुशीनगरमा बुद्धको महापरिनिर्वाण भयो । बुद्धले आफ्नो महापरिनिर्वाण पूर्व कुनै महाश्रावकलाई उत्तराधिकारी नियुक्त गर्नु भएन । धर्म र विनय नै बुद्धको महापरिनिर्वाण पछि भिक्षु संघको शास्ता हुनेछ भन्ने बुद्धको उपदेश थियो ।

विनय भिक्षुसंघको संगठन, परिचालन र विशुद्ध गतिशीलताको आधार हो । विनय नै बुद्ध शासनको आयु हो । धर्मको मूल रूप लोप भएता पनि विनयको विशुद्धता रहुञ्जेलसम्म बुद्धको शासन रहेको हुन्छ ।

बुद्धको शिक्षा र अर्ति नै बुद्धको धर्मकाय हो । बुद्धको शरीर कायको महापरिनिर्वाण भइसकेको छ, तर उनको धर्मकाय आज पनि विद्यमान नै छ । आफूलाई हेरिरहने वक्कलि भन्ने भिक्षुलाई बुद्धले भन्नु भएको छ, "जसले धर्मलाई देखेको छ, त्यसले बुद्धलाई देखेको हुन्छ ।"



Downloaded from http://www.dhamma.digital

बुद्धको मूल उपदेश पालि तिपिटकमा छ । यसको प्राचीनतम ताडपत्र आलेख श्रीलंकामा संरक्षित छ । अशोकका केही अभिलेखहरूमा बुद्धका उपदेशहरूलाई केही धर्म परियाय अर्थात् शीर्षकरूपमा उल्लेख गरेको पाइन्छ । बुद्धको उपदेशलाई दान, शील र भावना अथवा शील, समाधि र प्रज्ञाको रूपमा विभाजित गर्ने प्राचीन परम्परा छ । बुद्धको उपदेश शैली विषय गहनता तिर क्रमशः अघि बढ्दै जाने प्रकारको हुन्छ । सरलताबाट गहनतामा, ज्ञात विषयवस्तुबाट अज्ञात विषयवस्तुमा, अनुभूतिको नजीकबाट टाढाको अनुभूतिमा पुग्ने यो शिक्षण-विधि बुद्धको उपदेश शैली हो । यसैकारण बुद्धका उपदेशहरू एकातिर व्यक्ति र समाजको सुव्यवस्था र शान्तिपूर्ण वातावरण बनाउने उद्देश्यको समाज-शास्त्र हो भने अर्कोतिर जन्म, जरा, व्याधि र मरणबाट मुक्ति पाउने निर्वाण मार्ग हो । पहिलो खण्डमा जन्म जातको वर्ण व्यवस्थाको खण्डन, देवत्त्वको दासताबाट मानिसको मुक्ति, मनुष्यत्त्वको महिमा र त्यसप्रति उत्तरदायी हुने प्रेरणा, परिवर्तन नहुने आत्माको स्थानमा क्षण क्षण उदय र लोप हुने चित्त-सन्ततिको वर्णन, खाद्य-शुद्धि, जल-शुद्धि र अग्नि-शुद्धि, त्यस्तै शरीरमा दुःख दिने कठोर तपश्चर्याको ठाउँमा शील सदाचारको व्यवस्था गरिएको छ । अर्कोतिर प्रतीत्यसमुत्पादको व्याख्या गरिएको छ । चित्त र चेतसिक धर्मको सूक्ष्म निरीक्षण गर्दै विपश्यना र निर्वाणको व्याख्या गरिएको छ ।

निर्वाण नै बुद्धधर्मको रस हो । बोधिज्ञान प्राप्ति पछिको बुद्धको पहिलो उदान वाक्यको सार हो, जन्म र मरणको चक्रको मूल कारण संस्कार अविद्या हो भन्ने दर्शन । ४५ वर्षको धर्म देशना र व्याख्या पछिको अमृतवाणीको सार हो, "वयधम्मा संखारा" अर्थात् संस्कार उत्पत्ति स्वभावका जम्मै लय धर्म विनाशशील छन् । निर्वाण पाउनसक्ने विषय हो । भिक्षु संघमा प्रवेशको मूल उद्देश्य नै सम्पूर्ण सांसारिक चक्रबाट मुक्ति भएको निर्वाणको साक्षात्कार हो । निर्वाणको बाटोलाई अष्टांगिक मार्ग भन्दछ । यस मार्गमा लागेपछि



Downloaded from http://www.dhamma.digital

चार मंजील पार गर्दै निर्वाणमा पुग्ने छ। श्रोतापत्ति हुने बित्तिकै उसको बढी भन्दा बढी अरू सात जन्म हुनेछ। त्यो व्यक्ति श्रोतापन्न हुन्छ, जसले मिथ्यादृष्टि र सत्काय दृष्टि, शीलव्रत परामर्श जस्ता दुर्गुणमाथि पूर्ण विजय पाइसकेको हुन्छ। राग, द्वेष र मोह दुर्बल हुने क्रम शुरू हुनासाथै अर्थात् राग, द्वेष र मोहको उतार चढाव शिथिल हुने बित्तिकै सकृदागामी हुनेछ र उसले बढीभन्दा बढी तीन जन्ममात्र लिनु पर्नेछ। द्वेष र द्वेषका विकृति स्वरूपका चित्तवृत्तिमा पूरा विजय पाउनासाथै व्यक्ति यस लोकमा फेरि आउनु नपर्ने अनागामी हुनेछ। राग र मोहमा पूर्ण विजय पाउने बित्तिकै त्यसको सम्पूर्ण शत्रु समस्त अरि हत् हुन्छ, त्यो अर्हत् हुन्छ, त्यो निर्वाण रसपान गर्ने व्यक्ति हुन्छ। बुद्धको उपदेशको अन्तिम लक्ष्य पनि निर्वाण नै हो।

**(आनन्दभूमि १५/११ : बि.सं. २०४४)**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मका मूलभूत विशेषताहरू

सिद्धार्थको जन्म, उनको बुद्धत्त्वप्राप्ति र तथागतको महापरिनिर्वाणजस्ता तीन पुण्य संयोग जुटेको बैशाख-पूर्णिमा विश्वभरि ठूलो श्रद्धा र भक्तिका साथ बुद्धजयन्तीका रूपमा मनाइन्छ । बुद्ध सम्बत्को उल्लेख अनुसार भन्ने भए यस वर्षको बुद्धजयन्ती २५३८ औं महापरिनिर्वाण दिवस हो । इसवी १०५२ तिरका कवि सोमेन्द्रले बुद्धजयन्तीलाई "जिन जन्म महोत्सव" को रूपमा उल्लेख गरेका छन् । धर्मधातु विहारमा बस्ने श्रामणेर श्री जितारीत्रयले भगवान् शाक्यसिंह परिनिवृत्त रूपमा स्मरण गरेकोछ । श्रीलंका, बर्मा र थाइलैण्डका परम्परामा तीनै संयोग जुटेकोले बैशाख-पूर्णिमालाई बुद्ध-पूर्णिमा रूपमा मान्नेगरिआएको छ । यस पुण्यमय दिवसमा बुद्धको उपदेश अर्थात् बुद्धधर्मका प्राचीन कालदेखि आजसम्म मान्दै आएका छ: गुणहरू र तिनका विशेषताहरूबारे केही चर्चा गर्ने प्रयास गरिएकोछ ।

Dhamma.Digital

बुद्धधर्मको पहिलो विशेषता हो, स्वाख्यात् (स्वाक्खातो) । स्वतन्त्र-चिंतन र स्वेच्छाबाट जानेर बुझेर मात्र धर्मलाई ग्रहण गर्नु, पालन गर्नु । बुद्धको यही उपदेश छ । बुद्धले भन्नु भएको छ, "भिक्षुगण, मैले जुन धर्मोपदेश गरेकोछु, त्यसलाई राम्ररी केलाएर चिंतन र मनन गरेर मात्र सेवन गर, भावना गर, वृद्धि गर जसद्वारा यो श्रेष्ठ जीवन आफ्नो लागि चिरस्थायी (अमर) होस् र (अरूका लागि आफ्ना जीवनबाट) बहुजनको हित एवं बहुजनको सुखकारक होस् । जस्तो सुनारहरू कसौटीमा कसेर मात्र सुनलाई स्वीकार गर्दछन्, त्यस्तै मेरो वचनलाई पनि स्वानुभूतिको कसौटीमा कसेर



Downloaded from http://www.dhamma.digital

परीक्षा गरेर मात्र ग्रहण गर्नु पर्दछ, न कि मप्रति मात्र आदर भाव राखेर ।" बुद्धले एक अर्को प्रसंगमा भन्नुभएको छ, "राजन, रूपरंगबाटै मानिसलाई चिन्न सकिंदैन । कसैलाई देख्ने बित्तिकै त्यसप्रति विश्वास गर्नु हुदैन । संयमी जस्तो रूपरंगहरूका पनि असंयमी जीवन बिताउँदै यस लोकमा विचरण गरिरहन्छन् । तिनीहरू माटोले बनेको कुम्भ जस्तो अथवा सुनले पालिस गरिएको मुद्रा जस्तो बाहिरबाट शोभायमान तर भित्रबाट अशुद्ध जीवनका हुन्छन् ।" यसबाट स्पष्ट हुन्छ, बुद्धको धर्म स्वाख्यात् छ । स्वाख्यात धर्मको उद्देश्य सदाचार हो । अहिले मात्र भलो हुने पछि प्रतिक्रियात्मक रूपबाट कुभलो हुने, त्यस्तै आफ्नो मात्र हितभई अरूको अहित हुने काय, वाक र मनका क्रियालाई बुद्धधर्म धर्म भनिंदैन । बुद्धको उपदेश सुख, शान्ति र प्रीतिप्रद हुन्छ । दु:ख, शोक र परिदेव हटाउने हुन्छ । शील, समाधि र प्रज्ञाधर्म आफूलाई निर्भयाभूति दिने कार्य भए समाज र आफ्ना चारैतिरका परिवेश र वातावरणमा उपद्रव हुन नदिने आधारशिला पनि हो । शील, समाधि र प्रज्ञा धर्म जति गहन र विस्तार हुन्छ त्यति नै कतै कहीं कसैलाई नोक्सान नपुऱ्याइकन आफूमा प्रीति, सुख र एकाग्रता पाउँदै मुक्तिको नजिकिने धर्म हो । निर्वाण उपलब्धिको कारण हो ।

बुद्धधर्मको दोश्रो विशेषता सांदृष्टिक गुण (सन्दिट्ठिको) हो । कसैको भनाइमा र भरोशामा विश्वास गर्ने होइन, अपितु स्वयं सत्य मार्गको अनुशरण गरेर आफै प्रतिफलको अनुभव गर्दै अघि बढ्न पाउने धर्म हो । जब आर्यमार्गमा मानिस उद्यत हुन्छ, स्वत: आर्यमार्ग अनुशरणको फल प्रत्यक्ष अनुभूति हुन्छ ।

धर्मको तेस्रो विशेषताले यसै विशेषतालाई दरिलो बनाइदिन्छ । अकालिक अर्थात् समय नबित्दै, तुरून्तै पलभरको अन्तराल नहुँदै फल दिने । बुद्धधर्मको विशेषताले दार्शनिक, मनोवैज्ञानिक र निर्वाणतत्त्वको गहरतातिर औंल्याइरहेकोछ । श्रोतापत्ति आदि आर्य-नैतिक स्तरको मार्गोन्नतिको प्रगति पथमा



Downloaded from http://www.dhamma.digital

पाइलाहाल्ने बित्तिक्कै क्रमशः श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हतत्त्वको फल पनि प्राप्त हुन्छ । यी आर्यमार्गहरूको अनुकरणको अर्थ क्लेश र तृष्णाहरू क्रमशः हटाउँदै लैजानु हो । क्लेश र तृष्णाहरू हट्नासाथै पलभरको व्यवधान विना नै सुख, शान्ति, प्रीति र प्रशब्धिको अनुभूति हुँदै निर्वाणको नजिक पुगिन्छ ।

बुद्धधर्मको चौथो विशेषता हो, आउ आएर हेर भन्दै सबैलाई आमन्त्रणा गर्ने "एहिपस्सिक" गुण । बुद्धले जे जति धर्मका उपदेश दिनु भएको छ, ती सबै जाति, वर्ण, वर्ग र लिंगका आधारमा कसैले सुन्न हुने आचरण गर्न हुने कसैले सुन्न नहुने आचरण गर्न नहुने धर्म होइन । बुद्धधर्म मानिस मात्रले आफ्नो योग्यता, संस्कार, क्षमता र श्रद्धा अनुसार राम्ररी सुनेर, बुझेर, ग्रहण गरेर आचारणका लागि उपासक, उपासिका, भिक्षु वा भिक्षुणी बन्न आमन्त्रित गरिएको धर्म हो । यहाँ सबैका लागि अर्थात् वर्ग, वर्ण, जाति र लिंग भेद विना सबैकोलागि ढोका खुल्ला छ । महापरिनिर्वाणपूर्व बुद्धले भन्नुभएको छ, "भिक्षुहरू ! मैले गुरुमुष्टि रूपमा कुनै कुरा लुकाएर राखेको छैन ।"

बुद्धधर्मको पाँचौ विशेषता हो, चित्तले भित्री सतहसम्म धर्म धारण गरेर, प्रतिष्ठापित गरेर निर्वाणको साक्षात्कार गर्नु । धर्मका लागि गरिहिएर, झन् झन् गहिरिएर अनेक विधि अपनाउनु पर्ने, नाना भौतिक वस्तुहरूको व्यवस्था र संयोजनभन्दा यस्ता भौतिक व्यवधानबाट मुक्त हुनुपर्ने बुद्धधर्मको पाँचौं विशेषता हो । यहाँ त चित्तको परिशुद्धभावको गहिरो रूपमा ग्रहण गर्नु मात्र जरूरी छ । यही वास्तवमा बुद्धधर्मको गहराइ हो । धर्मको विपुलता हो । यसै कारण साधकले धर्मको प्रतिक्षीकरणका लागि धर्मका कुरा एकएक गरी छुट्याउन पर्ने हुन्छ ।

निवृत्तिरसको अनुभव गर्दै क्लेश र तृष्णाका शूक्ष्मातिशूक्ष्म कुरा छुट्याउनुपर्छ । यही धर्मको महत सत्य एक एक गरी



Downloaded from http://www.dhamma.digital

छुट्याउनु नै बुद्धधर्मको छैठौं विशेषता हो । अन्तर चक्षु विस्तार गर्दै टाढा-टाढासम्म  देख्न सकिने चित्त, चैतसिक, रूप र निर्वाणलाई उसका स्वभावलाई एक एक गरी फारेर हेर्ने प्रक्रिया अपनाउनु पर्छ । यसैलाई "पच्चतं वेदितब्बो विञ्ञूही" अर्थात् विद्वत्वर्गले एक एक गरी छुट्याएर प्रत्यक्ष अनुभव गर्ने भनेको हो । बुद्धका जति पनि श्रावक, श्राविका, उपासक र उपासिकाहरू छन्, ती सबैको चरित्रमा स्वयं बोध गरेर, स्वयं संयमित भएर, स्वयं राग, द्वेष र मोहमाथि विजय पाएर मात्र आनन्दित भई शान्तिको र निर्वाणको रसपानको अनुभव गरिएको उदान कथन हामी पाउँछौं ।

बुद्धधर्मका विशेषताहरूलाई आज हामी अनेक विधिबाट र अनेक आयामबाट विवेचना गर्नसक्छौं तर प्रस्तुत गरेको बुद्धधर्मका छः प्रकारका विशेषताहरू बुद्धकालीनदेखि आजसम्म धर्मको मूलभूत गुणका रूपमा पाठ गर्ने स्मरण गर्ने विशेषताहरू हुन् ।

(गोरखापत्र : ११ जेष्ठ २०५१)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# संघ

बुद्धधर्ममा जुनसुकै काम पनि त्रिशरणागमनबाट शुरू गरिन्छ । त्रिशरण मध्ये एक शरण हो, संघ शरण ! सिद्धान्तको प्रतिष्ठाता प्रति भक्ति, सिद्धान्त प्रति आस्था राख्नुका साथै सिद्धान्तका अनुयायीहरू प्रति पनि आस्था राख्नुका साथै सिद्धान्तका अनुयायी प्रति पनि आदरभाव राख्नु बौद्धदर्शनको विशेषता हो । यसै विशेषताले गर्दा बुद्ध अमर रहे, बुद्धधर्ममा आजसम्म गतिशील परम्परा कायम रहेको छ र बुद्धधर्मको धारण एवं पालन गर्ने संघ परम्परा पनि विद्यमान भइरहेको छ ।

प्राचीनकालको ब्रह्मचर्य, वानप्रस्थ र संन्यास जीवनको संस्कृति परिवर्तित एवं परिवर्द्धित हुँदं आइरहेको कुराहरूलाई बुद्धकालीनसम्मका श्रमण वा परिव्राजकहरूले बुझिसकेका थिए र संसार छाडिसकेतापनि आफ्नै किसिमको एउटा संगठित समाजको अंग भएर आफ्नो कर्म गर्नु पर्दछ भन्ने कुरा पनि जानिसकेका थिए । बुद्धको समयमा धेरै यस्ता साना ठूला परिव्राजक समुदायहरू थिए । तिनीहरू आफ्नो समूहको प्रधानलाईं संघी, गणी वा गणाचार्य भन्दथे । तिनीहरू आफ्ना समूह-प्रधानको नेतृत्त्वमा ज्ञानयुक्त समाजमा बसेर अज्ञानयुक्त समाजलाई सक्दो सघाउ पुऱ्याउने प्रयत्न गर्दथे । गण-प्रमुख अथवा समूह-प्रधानहरू पनि आफुपछि गणलाई सम्हाल्न उत्तराधिकारीको नियुक्ति गर्दथे । तर बुद्धले आफ्नो उत्तराधिकारीको नियुक्ति कसैलाई गर्नु भएन, बरू धर्मानुशासनलाई नै भिक्षुहरूको दिग्दर्शक बनाइदिनु भएको थियो । तथागतको महापरिनिर्वाणपछि संघको नेतृत्त्व कसले गर्ने हो भन्ने प्रश्नको



Downloaded from http://www.dhamma.digital

उत्तरमा भगवान बुद्धले उपस्थापक आनन्दलाई भन्नुभयो, 'आनन्द, भिक्षुसंघ मबाट के चाहन्छ ? मैले धर्मको निःशेष रूपमा उपदेश गरिसकेकोछु । केही कुरा आफ्नो लागि बचाएर राखेको छैन । मैले भिक्षु संघलाई धारण गरेकोछु, मैले यो सोचेकै थिएन । भिक्षुहरू, तिमीहरू अत्तदीप भएर बस, अत्तसरण भएर बस, अन्यशरण भएर नबस ।' सांच्चै, बुद्धको महापरिनिर्वाणपछि संघको प्रतिशरण को हुने हुँ ? भन्ने सवाल उठ्यो, तब ! आयुष्मान आनन्दले जवाब दिए, धर्मविनय नै संघको प्रतिशरण हो । तसर्थ बौद्धहरूको संघं सरणं गच्छामि भन्ने शरणको अर्थ र भाव गहनतामा हामी पाउन सक्छौं – बौद्ध-दर्शनको मौलिकता शास्तामूलक नभएर विनय र शासनमूलक थियो ।

सिद्धार्थले ज्ञान पाउने बित्तिकै त्यो ज्ञानकथा हामी पनि सुन्छौं भनी घरद्वार त्यागेर आएका पाँचै श्रमणहरूलाई भगवान बुद्धले आफुले पाएको सम्बोधि सर्वप्रथम सुनाउनु भएको थियो । बुद्धको उपदेश सुनेर कौण्डिन्यले भने, "संस्कारित बस्तु सबै अनित्य छन् ।" बुद्धले अनि भन्नु भयो, "तिमीले धर्म बुझ्यौ, तिमीले कुरा बुझ्यौ ।" त्यसपछि वप्प, भद्दिय, महानाम र अस्सजितले पनि यही सम्बोधि प्रज्ञाको बोध गरे । यसै समय वाराणसीको श्रेष्ठिपुत्र यश संसारदेखि विरक्त भई बुद्धकहाँ आइपुगे । यशलाई खोज्दै उसका बुबा वाराणसीको श्रेष्ठि पनि त्यहाँ आए । बुद्धको उपदेश सुनेर संतुष्ट भई श्रेष्ठि पनि पहिलो त्रिशरणागत उपासक भए । यस प्रसंगबाट स्पष्ट हुन्छ, बुद्धको अनुयायी भिक्षुहरू छःजना हुने बित्तिकै संघ बने र संघको महत्ता बौद्ध-दर्शनमा देखा पऱ्यो ।

बुद्ध व्यक्तिको व्यक्तित्व संघको समष्टिमा मान्दथे । भगवान बुद्धलाई दुग्धपान गराई हुर्काउने महाप्रजापति गौतमीले अत्यन्त श्रद्धा र भक्ति राखेर आफ्नै हातले एक जोर चीवर तयार गरिन् र बुद्धलाई चढाउन चाहेकी थिइन् । बुद्धले महाप्रजापति गौतमीलाई त्यो चीवर संघलाई अर्पण गर्न सल्लाह दिए । महाप्रजापति गौतमीले


Downloaded from http://www.dhamma.digital

तीनचोटिसम्म स्पष्ट रूपमा भनिन्, "चीवर मैले तपाई कै लागि तयार गरेकी हूँ ।" तर बुद्धले भन्नु भयो, "धेरै पुण्यका लागि संघलाई दान देऊ ।" आखिर महाप्रजापति गौतमीले चीवरवस्त्र संघलाई नै प्रदान गरिन् । न केवल यस्ता चीवर-वस्त्र, अपितु आफ्नो जीवनमा स्वीकार गर्नु भएका जम्मै विहारहरू संघका लागिनै बुद्धले स्वीकारेका थिए । विहारको यो सांघिक परम्परा आज पनि यथावत् कायम छ । जुनसुकै देशका जुनसुकै भिक्षु विहारमा आएता पनि उसको उपसम्पदा वर्ष सोधी आशन दिने परम्परा आज पनि यथावत् कायम छ । अझ नेपाली बौद्ध संस्कार आज पनि विहार, बहाल, बहिल बेच-बिखनबाट पर रहन चाहन्छ ।

बुद्धको संघमा गुरूको स्थान उत्तम र सम्मान्य कल्याणमित्रको छ र गुरूको काम मार्गप्रदर्शन गर्ने हुन्छ । बुद्ध भिक्षुहरूलाई अत्तदीप र अत्तसरण हुने शिक्षा दिनु हुन्थ्यो । यसै कारणले बौद्ध-दर्शनमा धर्मलाई 'यान' वा 'मार्ग' भनिएको हो । धर्म नै बुद्धको वास्तविक काय हो । स्वयं शुद्धोदनको सामु बुद्धले आफुलाई दीपङ्करादि बुद्धवंशको हूँ भन्नु भएको छ । तसर्थ बोधिधर्म बुझ्नु नै बुद्धको दर्शन गर्नु हो । अन्यथा राजा शुद्धोदनले बुद्धलाई 'पुत्र' भनेता पनि बुद्धले 'महाराज' भन्ने जवाब पाए जस्तै हामीले पनि बुद्धको अनुयायी हुन खोजेता पनि हामी बुद्धबाट पर पुग्न जानेछौं । यस्तै हुन नदिन भगवान बुद्धले संघ संयोजन सूत्रलाई गुरू परम्पराको भन्दा धर्मविनयको परम्पराको बनाउनु भएको थियो ।

बुद्धले संघ-विवाद सुल्झाउन अनेक उपाय सिकाउनु भएको छ । संघको सामुन्ने नै वादी र प्रतिवादीको विवाद सुल्झाउने क्रियालाई सम्मुख-विनय भनिन्छ । कसैबाट अवचेतनावस्थामा अपराध गरेको तर चेतनावस्थामा उसलाई साँच्चै स्मरण नभएको परन्तु संघको सामु प्रकट गरेको अपराधलाई अमूढ-विनय भनिन्छ । जब आफुमा लगाएको आरोप स्वीकार गरिन्छ तब प्रतिज्ञातकरण हुन्छ । तर कहिलेकाहीं दुई समुदायमा विचार विभाजित भएर


Downloaded from http://www.dhamma.digital

अल्झिन सक्छ । त्यस अवस्थामा अन्तिम बाटो अपनाइन्छ – सलाकाग्रहण ! सलाकाको अर्थ हो, स-साना दतिवन जस्ता लठ्ठी । पक्ष विपक्षको प्रतीक दुई रंगका अथवा दुई आकार प्रकारका सलाका लिइ दिएर आ-आफ्नो मत संघ-सदश्यहरूले प्रकट गर्दछन् । सलाकाले जुन पक्षमा बहुमत दर्शाउँछ त्यसैलाई अन्तिम निर्णय मानिन्छ । यस प्रकार संघको अन्तिम निर्णय भन्नु नै बहुमतको निर्णयलाई मानेको ठहरिने भएकोले वैधानिक रूपमा बुद्धधर्ममा व्यक्तिलाई भन्दा संघलाई महत्त्व दिएको प्रमाणित हुन्छ ।

**(२५१८ बुद्ध-जयन्तीको सन्दर्भमा रेडियो नेपालद्वारा प्रसारित)**
**(आनन्दभूमि : २/३-४-५)**


Downloaded from http://www.dhamma.digital

# बौद्ध दृष्टिमा अहिंसा

हिंसा शब्द नै भयंकर छ । तर बौद्ध दृष्टिमा अतर्कसंगत अहिंसा झन भयंकर छ । कारण यसले अहिंसावादलाई नै अफाप सिद्ध गर्छ, अहिंसाकै हिंसा गर्छ । अतः बुद्धधर्मलाई अहिंसावादी भन्नु अगावै अहिंसामा बौद्ध दृष्टिकोणबाट परिचित हुनु वांछनीय छ ।

बुद्धको आचार सम्बन्धी शिक्षामा आधारभूत शिक्षा पञ्चशील हो । अझ पञ्चशीलमा पहिलो शील हो –

**"पाणातिपाता वेरमणी सिक्खापदं समादियामि"**

म प्राणीको प्राण अतिपातबाट अलगिने शिक्षा समाहित गर्छु ।

बुद्धद्वारा यसरी प्राणीघात विरक्तिमा जोर दिनुको खाश खाश कारणहरू छन् र बुद्ध जनजीवन सुख-शान्तिको निमित्त मित्रता, भ्रातृत्त्व, समानता, एकता, मैत्री, प्रेम र करुणापूर्ण मनोबल आवश्यक ठान्दथ्यो । तर तत्कालीन धार्मिक आधार विचारले चाहिं यसको अपेक्षा गरेका थिएन । हिंसाउन्मत्त धरणीमा मानवीय सुखशान्ति असम्भव छ । तर तत्कालीन धर्म धरतीलाई हिंसा उन्मुक्त गर्ने कुनै प्रयास गरेको थिएन । धर्मले अन्ध-विश्वास र वाह्य आदम्बरपूर्ण क्रियाकर्ममा मात्र अनुरक्त थियो । धर्म मानिसलाई दुःख, कष्ट र पीडाबाट मुक्ति पाउनालाई पर्वत, वन, रूखको शरण जाने प्रेरणा दिन्थ्यो । निमर्मता पूर्वक पशु-बलि र बलियुक्त यज्ञ-याज्ञमा उत्साहित गर्थ्यो । मगध राजा विम्बिसारद्वारा



Downloaded from http://www.dhamma.digital

सम्मानित कूटदन्त ब्राह्मणले ७०० गोरू, ७०० भेडा, ७०० बाखा यज्ञयूथमा बांधी रहेका जस्ता घटना यत्रतत्र मात्र होइन, सर्वत्र नै देखिन्थ्यो र बुद्ध यी कामलाई धर्ममय होइन पापमय र क्रूरमय भनी यज्ञ-स्थलमा समेत उपदेश दिन जानुहुन्थ्यो । पालि साहित्यबाट हामीलाई थाहा हुन्छ, यज्ञमा पशुबलि मात्र हुने होइन, यज्ञकालमा दास-दासी समेत, भय-तर्जित दण्ड-तर्जित भइरहन्थे । अतः बुद्धले सर्वप्रथम मानिसको सुख-शान्तिको निमित्त धर्ममा विशुद्धिकरण आवश्यक मात्रानुसार परिवर्तन चाहेको महशुस गर्नु भएको थियो । जसबाट धर्मको प्रश्रय-प्राप्त मानिसको रौद्र पक्ष, निर्ममता पक्ष र अन्धपक्षको निर्मूल होस् ।

अर्को तथ्य यज्ञ गराउने सम्पन्न व्यक्ति यज्ञपछि सबै पापबाट मुक्तिमा विश्वास गर्दथ्यो । यही कारण धर्मको आधारमा चरित्र सुधार हुन सकेन ! तथा क्षुधाग्रष्ट र व्याधिग्रष्ट मानिसलाई सजिलै-सित पापको फलभोगी भनी पन्छ्याउन पाइयो । यसै चारित्रिक दूर्बलता मिटाउन मानिसको अन्तर्मुखी प्रवृत्ति जागृत गर्नलाई यज्ञ र वाह्य पूजाको बुद्धले खण्डन गर्नु भएका थिए । मानिसलाई देवत्त्वको दासताबाट मुक्ति दिनु भएका थिए । दया र करुणाको विकास निमित्त अहिंसाको प्रचार गर्नु भएका थिए । यज्ञ कर्तालाई प्रसस्त घर, खेत, गाउँ र दास दासी पाइन्थ्यो । जसबाट चरित्र-सुधारका प्रेरकहरू आफै पनि विशुद्ध हुन पाइएन । परिणामतः मानव मात्रको समान सुख शान्तिको आदर्श धर्माधिकारीमा पाइएन र यसका विरोधप्रवृत्ति सशक्त हुन पनि पाइएन । उल्टा पाप र पुण्यको प्रश्रयमा सुखी पक्षलाई निश्चिन्तताको प्रमाणपत्र पाए जस्तो हुन गयो र दुःखी पक्षलाई अस्वस्थ-विचारको पुष्ट्याईले अकर्मण्य बनाइ दिए ।

यसरी मित्रता, भातृत्त्व, प्रेम र मैत्री बढाउने धर्म र वाह्य-विश्वास र बलियुक्त यज्ञको विरोध गरिने बुद्धको अहिंसा कोरा आदर्शवादमा मात्र निर्भर छैन । बुद्धधर्म सानो सानो कीरा समेत



Downloaded from http://www.dhamma.digital

मार्न अनुमति दिन्दैन । तर सास फेर्दा मर्ने र छानिएको पानी पिउंदा मर्ने कीटाणुको चिन्ता उनीहरू गर्दैनन् । एक स्थविर चक्षुविहीन थियो । तर चरित्र थियो निर्दोष र मुक्त । एक दिन वहाँको चक्रमण कालमा धेरै किराहरू कुल्चेर मरे । यसैको कटु आलोचना बुद्ध कहां पुग्यो । त्यसबेला बुद्ध भन्नु हुन्छ, स्थविर अन्धो छ, उनको हृदय प्रेम र करुणाबाट ओतप्रोत छ । उनबाट कसरी हिंसा हुन्छ ?

अत: बौद्ध दृष्टिकोणमा अहिंसालाई हामी उदाहरणका साथ बुझ्न कोशिश गरौं ।

जीव होस्, जीव भनी जानोस्, मार्ने इच्छा होस्, प्रयोग होस् र मरोस् – हिंसा हुन्छ ।

अध्याँरोमा मूढोलाई नै कोही हो थान्यो । बन्दुकले हान्यो । मार्ने इच्छा छ, प्रयास छ, तर त्यो जीव होइन – अत: पूर्ण हिंसा हुन्दैन ।

अँध्यारोमा नै कुनै प्राणी थियो, तर केही बस्तु भनी विचार गरे । केही गरेर विचरा मऱ्यो । यसमा हत्यारा कानूनले ठहऱ्याएता पनि बौद्धदर्शन पूर्णत हत्यारा ठहऱ्याउँदैन ।

मानिसै हो, मानिस भने थाहा पनि छ, औजार पनि चलायो, पछि मानिस मऱ्यो पनि तर शल्यक्रिया गर्ने डाक्टर कसरी ज्यानमारा हुन सक्ला ? डाक्टरको कैंचि कसरी हत्याराको शस्त्र हुन सक्ला ? किनकि डाक्टरलाई मार्ने होइन अपितु जिलाउने मात्र हार्दिकतम इच्छा थियो । प्रयास लक्ष्य थियो ।

बाघै हो, मार्न चाह्यो । तर केही शस्त्र वा हतियार पाइएन – अब भन्नुस् कसरी शिकार हुन्छ ? कोठामा मुसोले हैरान गऱ्यो, मार्न आँटयो । ताकेर सामुनेको कचौंराले हिर्कायो, तर कचौरा मुसा कहाँ पुग्नु कता कता मुसा प्वालबाट बिलाई गए । हिंसा कसरी हुन्छ ?



Downloaded from http://www.dhamma.digital

मानिसको हृदय प्रेम र भ्रातृत्त्वले ओतप्रोत हुनु पर्छ । बुद्ध यसैको विरोध-पक्ष हिंसाको निराकरण चाहनु हुन्थ्यो । अत: बौद्धहरू रूख र झरपात काट्नुलाई भेडा बाखा काट्नुलाई एक दृष्टिले हेर्दैन । रूख ढलाउने अथवा धान काट्ने बहु अभ्यासबाट मानिसको अन्तर निहित प्रेम र मैत्रीको लेश मात्र पनि क्षति गर्न सकिदैन ।

यो सत्य हो, आज हिंसाको मुख्य कारण आहारको लागि हो । बलि पशु सिंगै देवतालाई चढाउन परेमा शायदै धरै धेरै बलि हुन सक्ला । तर यो पनि सत्य हो, मासु र आलु दुबै तत्त्व हुन् । यद्यपि एक प्राणघातको परिणामत: उपलब्ध भएको हुन्छ र अर्को प्रत्यक्षत: यस्तो छैन । तर यी वस्तु उत्पादन पछाडी हिंसा अथवा प्राणीको मृत्यु असंख्य हुन्छ, तापनि सरल दृष्टिगम्य छैन । मंहाकारुणिक तथागतले अहिंसाको सार्थक पालन र व्यावहारिक अनुकरण निमित्त उपदेश गर्नु भएका थिए ।

बुद्ध अहिंसाको परम समर्थक हुनु हुन्थ्यो । प्राणी मात्र प्रति बुद्ध सदयहृदय हुनु हुन्थ्यो । तर बुद्ध व्यावहारिक समर्थनबाट परेको अहिंसाको सिद्धान्त चाहन्नथ्यो । द्वेष क्रोध आदि खराब मनोवृत्ति दबाउन निमित्त तत्कालीन धार्मिक अन्धताले हिंसाको प्रबल प्रश्रय लिएकोले बुद्धले अहिंसामा जोर दिनु भएको थियो । बुद्धको अहिंसा करुणा, प्रेम, दया र भ्रातृत्त्व उठाउने उद्देश्य अभिप्रेरित अहिंसा हो । अत: बुद्धको अहिंसावादलाई पालन निमित्त कायिक, वाचिक र मानसिक स्वच्छता र विनम्रता आवश्यक छ । बुद्धको अहिंसा दूर्बल हुनलाई होइन, मानिसलाई सबल कारुणिक बनाउनलाई हो ।

**(वैशाख पूर्णिमा, २५१०)**



Downloaded from http://www.dhamma.digital

# मनको शान्ति : प्रश्रब्धि सम्बोधि

प्रश्रब्धि सम्बोधि सात सम्बोधिको अंगमा पाँचौं सम्बोधि हो । प्रश्रब्धिको अर्थ हो, चित्तको परम शान्ति । आफ्नो आचार विचार बारेमा आफ्नै निरीक्षण, धर्म बारेको चिन्तन मनन, अथक उद्योगपछि मानिसलाई प्रीति पाइन्छ । यसै प्रीतिको सुख एकाग्रताको गहराइमा प्रश्रब्धि अर्थात् चित्तको शान्ति स्थिर रहन्छ । किनभने मानिसको चित्तको शान्तिमा बाधा पर्ने कारण हुन्छ, आफ्नै काम अथवा अरूको आक्षेप ! साधारण मानिसको चित्त कामको इच्छा, तृष्णाको चाहना वा विद्वेष र आशंकाबाट अपेक्षाकृत रूपमा बढी वा घटि सधैं अशान्त भइरहन्छ । अनि बोधिसत्त्व वा मनिषीहरूको चित्त सम्म पनि अरूको दुःख दर्दबाट प्रभावित हुन्छ, परन्तु बुद्ध वा मुक्तपुरूषहरूको चित्त प्राणी मात्रको दुःख, कष्ट र परिदेवमा करुणापूर्ण दयापूर्ण भएता पनि चित्त उच्च, पवित्र र परिशान्ति रही नै रहन्छ ।

Dhamma.Digital

बोधिसत्त्व र बुद्धको प्रश्रब्धिको चर्चा गर्नु भन्दा अघि हामी एकछिनलाई व्यक्तिगत र समाजगत रूपमा हुने चित्तको अशान्ति र मारको कारण, अनि राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा हुने अशान्त वातावरणको कारण बारेमा चर्चा गर्छौं । जसबाट व्यक्ति वा समाजको लागि प्रश्रब्धि बोधिको अंग हुनुमा पर्ने बाधा बारेमा स्पष्ट बोध हुन सकिनेछ ।

कामछन्द, व्यापाद वा मनको द्रोह, स्त्यानमृद्ध वा आलस, औद्धत्य कौकृत्य वा उद्वेग र खेद, विचिकित्सा वा सन्देह यी पाँच



Downloaded from http://www.dhamma.digital

निवरण व्यक्तिको मनको शान्ति, समाजको मानस स्थितिको शान्ति अनि राष्ट्रिय तथा अन्तरराष्ट्रिय शान्तिका लागि बाधाहरू हुन। आफ्नो स्वार्थले जब मानिस अन्धो हुन्छ उसले स्वयंको र अरूको शान्तिमा बाधा दिन्छ। अंध राष्ट्रिय स्वार्थ नै युद्धको कारण हुन्छ। आफ्नो स्वार्थले जब अरूको स्वार्थमा आघात गर्छ तुरन्तै अशान्तिको घाउ देखापर्दछ। किनभने आघात सहेर पनि चित्त नदुखाउने वा मनको शान्ति नखलबल्याउने काम सबैले गर्न सक्दैनन्। यही कुरा राष्ट्रिय स्तरमा पनि कायम हुन्छ। राष्ट्रिय हितमा नोक्सान पारेर पनि अरू राष्ट्र वा अन्तरराष्ट्रिय हित संरक्षण गर्न सक्नुमा पनि सीमा हुन्छ। राजकुमार विश्वन्तरले अनावृष्टिबाट पीडित कलिंग राज्यबाट मंगल हाथी माग्न आएका ब्राह्मणहरूलाई वृष्टिका लागि मंगल हाथी दान दिंदा शिवि जनपदवासी धेरै रिसाए। तिनीहरूले राजकुमार विश्वन्तरको दान प्रवृत्तिलाई नियन्त्रण गर्न चाहे। परन्तु विश्वन्तरले राज्य छाडेर जाने कुरा स्वीकार गरे, दान दिन छाड्ने कुरा कबूल गरेन। यो कुरा एक छाकको लागि, एक पदको लागि, एक ओहदाको लागि मनले नमानेका कतिका कुरा गर्नुपर्ने वा गर्ने मानिसको लागि एक उच्च आदर्श मात्र हो, यद्यपि यस्ता स्वयं प्रज्वल्लित भई अरूलाई प्रकाश दिने दियोको प्रेरणा वा स्वयं बिलाएर अरू फलाउने फुजाउने बादलको आदर्शतिर मानिस आकर्षित हुन्छ। अनि यो पनि सत्य हो, यदि त्यति आकर्षण मानिसमा नहुँदो हो त मानिसको स्वार्थको संघर्ष यति हुन्छ कि शायद नै उसको अस्तित्त्व जोग्न सक्ला। अत: रागात्मक धूनमा मस्त मानव-जीवनमा पनि विरागात्मक सम र विरामको जरूरत हुन्छ। अन्यथा मानिस बहुलाएको कुक्कुर जस्तो हुनेछ, जसले कि जसकसैलाई पनि टोक्न मात्र लागिरहनेछ।

मनको शान्तिको लागि मनको द्रोह वा व्यापाद हटाउनु पर्दछ। मनको द्रोह वास्तवमा स्वयंसितको द्रोह हो। जबसम्म स्वयंसित द्रोह भइरहन्छ तबसम्म तर्क वितर्कको घात प्रत्याघात भइरहन्छ र चित्तको शान्तिको क्षण क्षण उतारचढाव भइरहन्छ।



Downloaded from http://www.dhamma.digital

ध्यानको वर्णनमा त्यसैकारण भनिएको हो वितर्क विचारको उपशम पछि मात्र प्रीति भई सुख र एकाग्रता अर्थात् मनको शान्ति हुनेछ। दाज्यू भाईको व्यापाद घरको अशान्तिको कारण बन्छ। आजको विश्वको शान्तिपूर्ण प्रगतिको सबभन्दा ठूलो अवरोधनै शस्त्रास्त्रको होडबाजीले गरिरहेको मानव श्रम र मूल्यको शोषण हो। राष्ट्र राष्ट्रको विद्वेषको अन्तरराष्ट्रिय समाधान नै सह-अस्तित्त्वमा विश्वास, पारस्परिक मित्रता एवं सहयोगात्मक भावना हो। समस्त संसारलाई कैयौंबार विनाश गर्नलाई पुग्ने परमाणु शस्त्रास्त्रमा यदि कुनै तत्त्वले नियंत्रण गरिराखेकोछ भन्ने सिद्धान्तगत व्यापादमा मानवतावादी सह-जीवनको प्रेम र आकर्षणले गरिराखेकोछ। यसरी व्यापाद अर्थात् विद्वेष चाहे त्यो मनको होस् चाहे सिद्धान्तको होस्, चाहे धारणाको होस्, चाहे धर्म सम्प्रदायकै होस् अन्ततः शान्तिको लागि बाधक तत्त्व हो। शान्तिको ज्ञानांग अर्थात् प्रश्रब्धि सम्बोधि विकासको लागि कामछन्द र व्यापाद नभएर पनि पुग्दैन आलस्य माथि समेत विजय पाउनु पर्दछ। जागरूकता सहितको शान्ति नै सजीव शान्ति हो। बुद्ध भन्नुहुन्छ, 'भिक्षुहरू, काम-प्रश्रब्धि र चित्त-प्रश्रब्धि छ भनेर बारबार राम्ररी विचार गरेको खण्डमा नभएको प्रश्रब्धि सम्बोध्यङ्ग उत्पन्न हुन्छ, भएको प्रश्रब्धि सम्बोधि बढ्छ।' यसको अर्थ हो, शान्तिको महत्त्वमा आस्था राख्नु र शान्ति प्रति सचेतयुक्त प्रयत्न जारी राख्नु र शान्ति ल्याउनु हो, अझ हो शान्तिको स्तर परिष्कृत गर्नु। अन्यथा सुप्त शान्ति ढुङ्गा मूढाको शान्ति हुन्छ। मानिसको शान्ति आलस्य नभएको शान्ति हो। गतिशील प्रगतिमूलक शान्ति हो। बुद्धको ध्यानको आनन्द मफिंमा मस्तिने आनन्द होइन। बुद्धको सम्बोधि शान्ति कोकिनको नशामा झूमिने शान्ति होइन। त्यो मनको शान्ति उपकारमूलक जीवन बचाउनलाई र विग्रह रहीत जीवन यापनका लागि बल हो। यसैकारण शान्ति पराजय पछिको निर्बलियोको स्तब्धता होइन, बरू विग्रह विद्वेष रहित जीवनको अवस्थाको तरंगित गतिशीलता हो। बोधिवृक्षका छायाँमा मार विजय पछिको बुद्धत्त्वप्राप्ति यस्तै परम



Downloaded from http://www.dhamma.digital

शान्ति हो । विषाद र खेद रहित शान्ति नै वास्तविक शान्ति हो । त्यसैकारण प्रश्रब्धि सबोधि औद्धत्य कौकृत्य हुँदैन ।

प्रश्रब्धि सम्बोधिको लागि अर्को ठूलो बाधा हो विचिकित्सा वा आशंका । विचिकित्सा आफै प्रतिको अविश्वास वा अपूर्ण ज्ञानको प्रतीक हो । आशंका स्वाभाविक नैसर्गिक मुटुको लागि क्षयरोग हो । आशंकाको आँखा यति कमजोर हुन्छ कि त्यसले सत्य भनेको कस्तो रङ्गको, कस्तो आकार प्रकारको हो नै देख्न सक्दैन । शङ्काको घना छायाँ सत्यको दियो मुनि लुकिरहेको जस्तो हुन्छ । पञ्चशीलको शान्तिपूर्ण सह-अस्तित्व अनाक्रमण, अहस्तक्षेप, समानता र पारस्परिक हितमा नै निर्भर छ । व्यक्तिगत नचाहिने चिवा-चर्चा, सामाजिक वा साम्प्रदायिक कटु टीका टिप्पणी, संसारव्यापी गुप्तचरीय जाल विचिकित्साकै अर्को विराटतम परिस्कृत स्वरूप हो । मनको शान्तिको लागि तर्क वितर्क र स्पष्ट जिज्ञासा जस्तै राष्ट्रिय र अन्तरराष्ट्रिय शान्तिको लागि पनि प्रत्यक्ष सद्भावनापूर्ण वार्ता र छलफल नै उपयोगी उपाय हो ।

अब हामी बुद्धद्वारा प्रेरित प्रश्रब्धि सम्बोधितिर जाऔं ।

बोधिसत्त्व स्वयं दु:ख सहेर पनि अरूको मानसिक वा शारीरिक शान्तिका लागि प्रयत्न गर्नु हुन्छ । आफ्नो रगत मासु भोकाएकी बघिनी र डमरूहरूलाई ख्वाउने, विजयी हुनुपर्ने पराजित भएकाहरूलाई न्याय दिने जस्ता सैकडौं कथात्मक रोचक वर्णन यसको प्रमाण हो । सिद्धार्थ स्वयं द्रविद्र भएको थियो, अरूको दु:ख र जरा, व्याधि तथा मृत्युबाट । उनले जब एक शान्त दान्त संयत सदाचार सम्पन्न भिक्षाटनमा आएका भिक्षुलाई देख्नु भयो, जब छन्दकबाट यो राग, द्वेष र मोहबाट मुक्त हुन संसार त्यागी भिक्षाटन गरिरहेको भिक्षु भन्ने कुरा सुनियो तब भन्नु भयो,



Downloaded from http://www.dhamma.digital

**साधू सुभाषितमिदं मम रोचते च**
**प्रव्रज्य नाम विदुभिः सततं प्रसस्ता**
**हितमात्मनश्च परसत्त्वहितं च यत्र**
**सुखजीवितं सुमधुरं अमृतं फलं च ।**

तिमीले ठीक भन्यौ, विद्वानहरूले पनि प्रव्रज्याको प्रशंसा गरेका छन् र मलाई यो राम्रो लाग्यो । जहाँ आफ्नो जीवनको हित साधन होस् साथै अरू जीवको पनि उपकार भइरहोस् त्यसै आश्रममा जीवन सुखी, शान्त र आनन्दमय हुन सकिन्छ । अमृत फल पाउँछ ।

वास्तवमा सिद्धार्थको बुद्धत्त्व-प्राप्ति पछिको सुख शान्ति र मुक्तिको दर्शन यसै अभिव्यक्तिको विकसित स्वरूप हो । अनुराग र द्वेषबाट युक्त जीवन पूर्ण शान्तियुक्त हुन सक्दैन । तर के त सबै मानिस रागबाट अनुरक्त नभई, द्वेषबाट दुषित नभई, मोहबाट अभिभूत नभई बस्न सकिन्छ त ? गाह्रो छ ! परन्तु कठीन भएता पनि यसको परिचर्चा निरर्थक हुँदैन । हामी यसरी पनि सोच्न सक्छौं जति जति मानिस रागबाट मुक्त, द्वेषबाट विशुद्ध र मोहबाट निर्लिप्त हुन्छ त्यति त्यति उसले शारीरिक एवं मानसिक शान्ति पाउन सकिन्छ ।

अब हामी बुद्धको प्रश्रब्धिको स्मरण गरौं ।

बुद्धको हृदयमा दया र करुणाले भरिएको हुन्छ । तर पनि उनको मन कहिलै अशान्त हुँदैन । देवदत्तले रक्सि ख्वाएर सुंडमा खुँडा बाँधेर एक हात्तीलाई भिक्षाटनको बेला बुद्धको सामु छाडी दियो । धेरै भिक्षुहरू तितर वितर भए । तर बुद्धको मनमा किंचित पनि त्राश भएन । एक पलको लागि पनि रोमांचित भएन । यस्तै एक दिन भिक्षु भिक्षुणी, उपासक उपासिका एवं राजा महाराजा सहितको धर्मसभाको बीचमा आएर गर्भवती जस्ती भएकी चिंचमाणविकाले भनिन्, "भो भगवान, हजूरत सारै आनन्दमा


Downloaded from http://www.dhamma.digital

हुनुहुन्छ । मेरो यस्तो दशा भइसक्यो । किन मेरो बारेमा केही चिन्ता गर्नु भएन ? हजूरका यतिका उपासक उपासिकाहरू छन् कुनै एउटा कोठा पाउनु र केही प्रबन्ध हुनु कति गाह्रो कुरो हो ?" यस्तो लाँछना सुन्दा पनि बुद्धको अनुहारमा केही अन्यभाव देखा परेन न त हृदयको एक धडकन नैं अस्वाभाविक रूपमा घड्क्यो । अन्तमा स्वयं मस्त हात्ती विनम्र भयो, चिंचमाणविकाको पेटको कुरा पेटमा बाँधी राखेको मूढो खस्नाले रहस्योघाटन भयो । यस्तो ठूलो परम शान्ति, यस्तो ठूलो वाह्य आक्षेपको अवस्थामा मनको शान्तिमा बाधा नपुग्ने क्षमता हामीमा हुन सक्दैन, तापनि यस्ता उदाहरणबाट हामीले विना सोच विचारै शान्ति गुमाउने प्रवृत्तिमा नियन्त्रण ल्याउन जरूर पनि सक्दछौं । अरूको लागि दुःख कष्ट उठाउन नसक्ने जीवन र अरूको लांछना सुन्न नसक्ने जीवन बौद्ध आदर्शबाट टाढा भएको जीवन हो ।

बुद्धको शान्ति बाह्य अशान्तिबाट पूर्ण निर्लिप्त हुन्छ । बुद्ध सद्धर्मको पुण्डरिक हो । पंकज भएता पनि पानी बाहिरआई फुल्ने कमल ! जन्म, जरा, व्याधि र मरणमय जीवन धारण गरेर पनि सम्बोधि ज्ञान साक्षात्कार गर्ने निर्वाण धर्म अववोध गर्नुहुने गराउनुहुने बुद्ध ! यस्तो बुद्धको अनुयायी बन्न चाहे हामीले चित्तको शान्ति बढाउनु अर्थात् प्रश्रब्धि सम्बोधि विकास गर्नु पर्दछ । यसको लागि हामीले भोजनमा मात्रानुकूल ज्ञान राख्नु, ऋतुको सुखद सेवन गर्नु, ईर्यापथको सुख लिनु, काय वाक र मनलाई एक समान व्यवहार गर्नु, क्लेशबाट परितृप्त व्यक्तिको संगत त्याग्नु, शान्तकाय व्यक्तिको संगत गर्नु र प्रश्रब्धिमा चित्त झुकाई राख्नु पर्दछ । यही प्रश्रब्धि सम्बोधिको लागि सरल तथा सुगम मार्ग हो ।

(वैशाख-पूर्णिमा : २५१९)



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र विश्वशान्ति

## बुद्धको उपदेश र विश्वशान्ति

बुद्धपूर्णिमा, यस वर्ष हामीले २५३० औं बुद्धजयन्तीको रूपमा मनायौं । सिद्धार्थको जन्म, उनको बुद्धत्वप्राप्ति तथा तथागत अर्हत् सम्यक्सम्बुद्धको महापरिनिर्वाण दिवसको पवित्र पुण्य तिथिको उपलक्ष्यमा बुद्धको उपदेश र विश्वशान्ति जस्तो विषयमा परिचर्चा हुनु निश्चय पनि आफैमा र आफ्नो धर्तीमा निर्मल र शीतल विचार धाराको अभिसिंचन हो । यथावादी तथाकारी बुद्धको आदर्श र शान्तिको उपदेश व्यक्तिको उनको आफ्नो मन र चरित्रमा, समाजको सभ्यता र संस्कृतिमा अनि राष्ट्र र विश्वको स्थिति र यथार्थतामा चरित्रार्थ गरेमा विश्वमा शान्ति हुनेछ ।

गौतम बुद्ध ६२ प्रकारका दर्शन जालबाट मुक्त प्रज्ञा र करुणाको सर्वकालीन प्रतीक शान्ति नायक हुनु हुन्छ । बुद्ध जुनसुकै प्रकारको मार, विरोधी प्रवृत्ति र प्रतिकूल अवस्थामा पनि विद्वेष, खिन्नता तथा नैराश्यको किंचित भाव एक क्षण पनि मनमा नल्याउनु हुने पुण्यमय व्यक्तित्व हो ।

## बुद्धको उपदेश शील र अहिंसा

बुद्धको उपदेश रूपमा विद्यमान पालि, संस्कृत र तिब्बती, चिनीया, जापानी, सिंहली, थाइ, बर्मी आदि जनभाषा वाङमय अत्यन्त विशाल छ । मौर्य राजा अशोकदेखि लिएर बर्मा राजा मैडौंसम्मका अभिलेखहरू पनि त्यस्तै व्यापक र विस्तृत रूपमा



Downloaded from http://www.dhamma.digital

धरतीमा फैलिएका छन् । यी सबैको चिन्तन मनन गर्दै विश्वशान्तिको परिचर्चा गर्नु मेरो क्षमताको विषय होइन न त यो सम्भव साध्य नै छ, सीमित समयमा । सार शब्दमा बुद्धको उपदेश करुणा र प्रज्ञाको शान्ति सन्देश हो । मैत्री र शान्तिको सदाचार र सद्भावनाको आचरण विना बुद्धको उपदेशको पालन हुनु सम्भव छैन । बुद्धको उपदेशको अनुकरण गर्दै उनको उपासक बन्ने जुनसुकै व्यक्तिको लागि पहिलो कुरा आचरण हो । पञ्चशीलको पालन र पञ्चशीलको पहिलो विरति शील हिंसाबाट विरति हुनु हो । हिंसा युक्त विचार शैली र चरित्र "अत्ततप र परन्तप' को हुन्छ । बाँच र बाँच्न देउ सिद्धान्त अहिंसाको आधारशीलामा प्रतिष्ठितछ ।

बुद्धको अहिंसा उपदेश खाद्यका लागि प्राणी हिंसाबाट विरत हुनका लागि मात्र होइन, अपितु "मारेर धर्म पाउने भयावह दृष्टि भ्रम" 'बलि' र 'यज्ञबलि' को मोह जालबाट मुक्त हुनलाई पनि हो । सचेतन रूपमा गरिने हिंसा वा मार्नु नै धर्म भए वास्तवमा पाप केलाई भन्ने ? यो प्रश्न शुष्क तर्क मात्रै होइन । आफुले गरेको पाप मोचनार्थ प्राणी बलि र यज्ञवेदीको हिंसा, आफ्ना स्वास्थ्य दीर्घायु अथवा त्यस्तै अरु अरु किसिमको मनोवांछना पूरा गर्ने त्यो पनि बलि दिइ बिभिन्न देव देवी प्रति लक्ष्य गरेर दृढ मानस शान्त्वना पाउनु बुद्धको उपदेश अनुसार अष्टाङ्ग मार्गको सम्यक् दृष्टि होइन । यता बलि र यज्ञवेदीको आहुति धर्मबाट अप्रत्यक्ष रूपमा मानिसलाई धर्मका लागि आचारण शुद्ध गर्नु पर्ने जिम्मेवारीबाट बेवास्ता गरिएको अनुत्तरदायी चरित्रको विकासमा प्रोत्साहित गर्दै रहेको हुन्छ ।

बलि, प्राणी आहुति र हिंसा बुद्धको उपदेशमा संग्रहनीय धर्म होइन । जातकीय शब्दमा बलि एक प्राणीको हिंसाबाट सयकडौं जन्म आफूलाई काट्न लगाउनु पर्ने वा अकाल मृत्युबाट मर्नु पर्ने पाप हो । परस्परमा हत्या नहोस् भन्ने अहिंसा शिक्षा व्यक्तिको लागि भए एक राष्ट्रबाट अर्को राष्ट्रमा अनाक्रमण राष्ट्रिय स्तरको अहिंसा



Downloaded from http://www.dhamma.digital

धर्म हो । मानव समाज ममतामयी करुणामुखी बनाइकन हिंसक प्रवृत्तिबाट उसलाई जोगाउने र हृदय मृदु कोमल बनाएर कठोर चण्ड चरित्रबाट उसको रक्षा गर्नु बुद्धको अहिंसा उपदेशको अभिप्राय हो । 'स्वसिद्धान्त, स्वस्वार्थ, स्वजाति, किंवा धर्मको अन्धो ममताबाट उत्तेजित आतंकबादका नाना विधका भय, त्राश र हिंसाबाट आजको मानव-समाज यत्र तत्र सँत्रस्त भएको हाम्रो सामुछ । आतंकबादका शान्त समाधानको ठाउँमा शैन्य शक्तिको प्रयोग हवाई आक्रमणबाट पनि शान्ति खलबल्याएको छ । असम्बद्ध निर्दोष व्यक्तिको अपहरण र हत्या इत्यादि हुने आतंकबाट, अनि निर्दोष असम्बद्ध व्यक्ति समूहको शिकार हुने दमनवाद दुबै बुद्धको उपदेश अनुकूल छैन । धर्ममा अहिंसा चरित्र विकास गर्नु र आतंकवादका व्युत्पतिको हेतु खोजेर समस्याको शान्त समाधान गर्नु बुद्धको उपदेश अनुकरण गर्नु हो । आतंकबाद र दमनबाद दुबै विश्वमा अशान्त वातावरण फैलाई रहन्छ । किंचित असावधान भए आतंकवाद र दमनबादको आवेशबाट चर्को युद्ध रूप र विश्वशान्तिको ठूला व्यवधानको कारण बन्नेछ ।

धर्मको नाउँमा हिंसा भएसम्म धर्म शान्तिको पक्षधर हुन सक्दैन । बुद्धले हिंसायुक्त यज्ञ कर्म त्यागनलाई उपदेश मात्र दिनु भएको होइन, कसरी यज्ञमा हिंसा पनपिएको हो भन्ने कुरा पनि उनले भन्नु भएकोछ । "राजकीय सम्पदा, समलंकृत आइमाइहरू, राम्रो बलिष्ठ घोडाहरू, बुट्टेदार रथहरू, विलासपूर्ण कोठाहरू भएका घरहरू देखेर लोभबाट विचलित भएका ब्राह्मणहरूले गौमण्डीबाट घेरिएका र सुन्दरीहरू भएका विपुल सम्पति भएका सम्भ्रान्तहरू कहाँ गएर भन्न थाले, 'पहत धन धम्मोसि, यजसु बहु ते धन'/'तिमीसित थुप्रै सम्पत्ति र धन छ, यज्ञ गर' । यस्ता धर्म प्रेरणाले गर्दा पादबाट, सिङ्गबाट वा अरु कुनै अंगबाट कसैको हिंसा नगर्ने बरु घडाका घडा दूध दिने गाईहरूको समेत यज्ञमा आहुति हुन्थ्यो । यज्ञ हिंसा धर्मबाट कुनै मानिसको पनि हृदय कोमल र मृदु बन्न सघाउ पुऱ्याउँदैन । शान्ति प्रथमत: मानिसको मनमा



Downloaded from http://www.dhamma.digital

उब्जिन्छ । मानब मात्रमा शान्त मनस्थितिको लागि धर्म, प्रेम र करुणाको अनुबल दिने हुनु पर्दछ । यसका लागि हिंसा र बलिको धर्मबाट विरति हुनु आवश्यक छ । बुद्ध करुणापूर्ण शैलीमा भन्नु हुन्छ, "शय वर्षसम्म यज्ञ गर्नु भन्दा परिशुद्ध मनका व्यक्तिको मूर्हुत भरको सत्कार गर्नु श्रेष्ठ छ ।" (ब्राह्मण धम्मिकसुत्त, म.नि. कूददन्त सुत्त, दी. नि.)

## विश्वशान्तिको लागि धर्म युद्धको त्याग

धर्मको नाउँमा कलह र वैमनष्य बुद्धको उपदेशमा छैन । धर्म हृदय परिवर्तनको विषय हो । बुद्धको उपदेश छ, उनको धर्म व्यक्तिले स्वयं स्वीकार गर्नु पर्दछ । राम्ररी भनिएका उपदेश सुन्न सबै नजीक आउन सक्छन् । आफैले सुनेर आफैले बुझेर आफैद्वारा ग्रहण गर्ने आचरण हो । बुद्धको उपदेशको प्रचार र प्रसार कहिल्यै धन र बलको माध्यमबाट भएन । बुद्धधर्मको नाउँमा एक थोपा पनि रक्तपात भएन । जब कि अन्य धर्मको नाउँमा भएको युद्धमा र अनेक धर्मयुद्ध भनिने युद्धमा रगतको खोला बगिइसकेकोछ । आज पनि हामीले संस्कारगत रूपमा यस्ता धर्मयुद्धको वर्णनलाई गौरव गाथा रूपमा गाउन छाड्न सकेका छैनौं । धर्मयुद्ध संस्कारमा परिवर्तन नआए सम्म राजनीति पीडित युद्ध, आर्थिक स्वार्थ प्रेरित युद्ध, आर्थिक विषमताबाट अनुप्रेरित युद्ध रोक्ने क्षमता धर्ममा हुन सकिदैन । राष्ट्रको आर्थिक स्वार्थ, परमाणु शक्ति सम्पन्नताको अहम्भाव, राजनैतिक विचारधाराको संघर्षवादमा जकडिएको यस विश्वमा परमाणु युद्धको यस विनाशकारी स्थितिमा पनि के धर्म युद्धको शैलीमा विचार गरेर कसैको पक्ष लिन सकिन्छ र ? जुनसुकै पक्षलाई माने तापनि रतिभर भलो हुने छैन । मानवताको, मानव-संस्कृतिको, आजसम्मको मानवीय सभ्यताको परमाणु विश्वयुद्धमा, ग्रह युद्धमा विनाशिने छ । परमाणु शक्तिको जुन विनाश लीला हिरोशिमाको संग्रहालय प्रदर्शनीमा देखेकोछु, परमाणु प्रभावित व्यक्तिहरू रहेको अस्पतालमा जुन व्यथा अनुभव गरेकोछु, परमाणु



Downloaded from http://www.dhamma.digital

प्रभावित क्षेत्रका भावी सन्ततिको दृष्टिकोणबाट विवाहित हुन नसकेको युवाहरूका जुन रुदन क्रन्दन सुनेकोछु आज पनि त्यसको सम्झना मात्रबाट पनि मुटु बिंध्ने पीडा दिन्छ । परमाणु युद्ध, परमाणु विश्व युद्धबाट लाखौं लाख मानिस मार्ने अपांग बनाउने, अनेक वंशानुगत सम्म अनेक रोगबाट पीडित गर्ने मात्रै होइन, मानिसका लागि आफ्नो अतीतको सम्झनासम्म पनि बहुल्याउने व्यथाको कथा हुनेछ । अत: हामीले मार्ने मर्ने धर्मयुद्धको वर्णन र आदर्श मोहलाई त्याग्नु वांछनीय छ । बुद्धधर्ममा युद्धमा मर्ने र मार्ने प्रेरणा प्रसंग छैन । अतीतका अनेक कथा र यथार्थहरू छन् जसमा साम्राज्य विस्तारकांक्षी राजा सम्राटहरू र यसबाट लाभान्वित हुने बुद्धिजीवि र धर्मजीविहरूबाट युद्धमा पराजित भएर मर्नु परेता पनि स्वर्ग लाभको आकर्षणमा धेरै समूह युद्धको आगोमा होमिने गरेको छ । अस्सारोही ग्रामीणले बुद्धसँग सोधेकोछ, 'भन्ते मैले अघि अघिका आचार्य प्राचार्यहरूले भनेको सुनेकोछु, जुन घोडा सवार संग्राममा उत्साहित हुने बल देखाउनेलाई अरुले मारि दिए वा ज्यान लिए तापनि मरण पछि उ पराजित भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ । यस सम्बन्धमा भगवान् के भन्नु हुन्छ ? यस विषयमा कुरा नसुन्न बुद्धले अस्सारोहीलाई भन्नु भए तापनि ग्रामीणले बारंबार आग्रह गरे । अनि बुद्धले उसलाई भन्नु भयो "यो मिथ्यादृष्टि हो । यस्ता दृष्टि भ्रममा पर्नेहरूको दुई मात्र गति हुनेछ, नरक योनी वा तीर्यक योनि ।" बुद्धको कुरा सुनेर अस्सारोही ग्रामीण घुरुघुरु रुन थाल्यो । हिरोशिमा र नागासाकीमा एटम बम खसाल्ने व्यक्ति धार्मिक भाषामा सुगति स्वर्ग लोकमा पुगेको छ भन्नु जाति होला कि नरकगामी भएको छ भन्नु जाति होला ? जहासम्म बौद्ध आदर्शको कुरा छ, लाखौं बुबा आमाहरू सन्तानहीन बनाउने, लाखौं आईमाई विधवा बनाउने, लाखौं बच्चाहरू अनाथ बनाउने युद्ध सधैं त्याज्य छ । राजा दीघितिले कोशल राजाको आक्रमणबाट प्रजाहरूको रगतपात हुनबाट बनाउन उनि आफै राज्यबाट पछि हटे । वैरभावबाट वैरभाव शान्त हुन्दैन, अवैरभावबाट मात्रै वैरभाव शान्त हुन्छ भन्ने



Downloaded from http://www.dhamma.digital

उनको उपदेशको पालन गर्दै उनको छोरा दीर्घायुकुमारले शान्तमय स्थितिमा आफ्नो राज्य पुन: पाए ।

## समान अधिकार र कर्तव्यको मूल्य बोधक धर्म र विश्वशान्ति

विश्वशान्तिको निमित्त समाजमा समभावना र भ्रातृत्व भावनाको जरुरत छ । जातिभेद, वर्णभेद, वर्गभेद र लिंगभेद शान्तिका लागि वैगुणी तत्त्वहरू हुन् । बुद्धको उपदेशमा जाति, वर्ग, वर्ण र लिंग भेद छैन । बुद्धको उपदेश सबैको लागि श्रवण योग्य छ, कथनीय छ । शील, समाधि र प्रज्ञाको परिपालन विना कोही पनि व्यक्ति श्रेष्ठ र पूज्य हुँदैन । सद्भावना, सत्बुद्धि र सदाचरण मानिस मात्रमा होस् यही बुद्धको उपदेश हो । समान अधिकार र कर्तव्यको मूल्य बोध हुने मानव-समाजको निर्माण गर्ने बुद्धको उपदेशबाट आधारभूत खंडिलो स्तरमा विश्वशान्तिको वातावरण निर्माण गर्न योगदान गर्दछ । जाति, वर्ग, वर्ण र लिंगमा भेद राख्ने धर्म वा राख्न सिकाउने धर्म शान्तिको पक्षधर हुनै सक्दैन ।

## समान सम्पन्नता र सुविधा : शान्तिको आधार

शान्ति स्थापनाका लागि आफु जस्तै अरु, अरु जस्तै आफु सम्झिने र लिने दिने व्यवहार हुनु जरुरी छ । "अदिन्नादान" को शिक्षा, भिक्षु संघको विहारादि भौतिक साधन श्रोत उपभोग गर्ने साँघिक विनय, एक राष्ट्रबाट अर्को राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगरी सह अस्तित्वको पारस्परिक हितका काम गर्ने यस प्रसंगमा स्मरणीय र मननीय छ । कपिलवस्तु र देवदहका शाक्यहरूको बीचमा आ-आफ्नो पक्षीय स्वार्थको तनावमा परेर रोहिणी नदीको पानीको लागि झण्डै ठूलो रक्तपात र नर संहारको युद्ध मचिनै लागेकै थियो । बुद्धले मानव रगतको मूल्य र पानीको मूल्यको बोध गराउनु हुँदै रोहिणी नदीको पानी आपसमा भाग लगाउँन दिइ उभयपक्षीय हितको सम्झौता गराउनु भयो । कट्टर



Downloaded from http://www.dhamma.digital

राष्ट्रिय अंध स्वार्थमा लागेर अन्तरर्राष्ट्रिय हितको उपेक्षा गर्ने प्रवृत्तिलाई रोक्न सक्ने र विश्वशान्तिका लागि ठूलो सघाउ पुग्ने बुद्धको यही आदर्श हो ।

विगत दुई विश्वयुद्ध केही राष्ट्रहरूका बीचमा आर्थिक र व्यापारिक स्वार्थबाट शुरु भएको तथ्य सबैमा ज्ञात छ । आर्थिक दृष्टिबाट असामान्य रूपमा तल माथि हुनु पनि विश्वशान्तिको लागि अनुपयुक्त बातावरण हो । आर्थिक असमानताको ठूलो अन्तराल पनि सैद्धान्तिक विषमता जस्तै शान्तिमा खलल पार्ने कारण हो । रोहिणी नदीको पानी आपसमा विभाजित गरेर उपयोग गरे जस्तै विश्व भूसम्पदामा, प्राकृतिक सम्पदामा, वैज्ञानिक र प्राविधिक उपलब्धीमा मानव समाजको औचित्य उपभोगको संस्कार मानव समाजमा विकास गर्नु आज दुसाध्य र चरम अति आदर्शबादको कुरा भए तापनि शनैः शनैः प्रयास गर्नु विश्वशान्तिको लागि आवश्यक योगदान गर्नु हो ।

## शस्त्र उत्पादन र ब्यापार बन्द गर्नु विश्वशान्तिको आधारभूत आवश्यकता

बुद्धको उपदेश छ, मार्नु जसरी शीलको उल्लंघन गर्नु हो मार्नलाई वा मर्नलाई प्रेरणा दिनु पनि विनयको उल्लंघन गर्नु हो । मारलाई मार्ने वा प्रतिपक्षीको हत्या गर्नु बौद्ध आदर्श होइन । मार वा प्रतिपक्षीको हृदय-परिवर्तन वा यथार्थताको अवबोधन गराउन प्रयत्न गर्नु, यस्तो गर्न नसक्ने अवस्थामा आफूद्वारा उसको कुनै अनिष्ट नगरी उपेक्षित हुनु नै बुद्ध बोधिसत्त्वको आदर्श हो । प्रतिपक्षी वा प्रतिद्वन्दीको केही नसुन्ने बरु उसलाई समाप्त पार्ने धर्म उपदेशबाट आजको राजनैतिक विविधता विभिन्नता भएको प्रजातन्त्र, गणतन्त्र वा जन गणतन्त्रादिको संसारमा सहजीवन फस्टाउन कुनै सहयोग पुऱ्याउन सक्दैन । आपसी हितका बारेमा आपसमा छलफल गर्ने



Downloaded from http://www.dhamma.digital

सिद्धान्त बुद्धको उपदेशको क्रियात्मक आधार हो । सशंकित भएर समस्या चर्काउनु, शक्ति सन्तुलनको सिद्धान्तमा अस्त्रको होडवाजी बढाउँदै लैजानु, स्वयं सुरापान गरेर व्यक्ति स्वयं आफ्नो व्यक्तित्व विनाश गर्नु अतीतकाल देखिको मानव-संस्कृति र सभ्यता विनाश गर्न खोज्नु हो ।

बुद्धको उपदेशमा हतियार र विषदान गर्ने बरदान लिने वस्तु होइन । शस्त्र अस्त्रको व्यापार गर्ने जीविका मिथ्या एवं क्षुद्र आजीविका हो । सहयोगको रूपमा ज्ञात वा अज्ञात तरिकाबाट भइरहेको शस्त्र अस्त्रको प्रसारण गर्न लायक अनेक प्रकारका प्रसारण बाचाल कुशलताको परिवेशमा किंवा शक्ति सन्तुलनको सिद्धान्तको तराजु तन्तुमा सीमित वा असीमितमा अर्थ उत्पादनको लागि हुने शस्त्र अस्त्रको आयात निर्यात राष्ट्रिय स्तरको मिथ्या आजीविका हो । कहिले यता, कहिले उता युद्ध, कलह, संघर्ष र युद्ध भइ रहनाको मूल कारणहरू मध्येमा यही राष्ट्रिय स्तरको मिथ्या आजीविका पनि एक प्रमुख कारण हो । शस्त्र अस्त्र निर्यातको सीमितता नै संघर्ष र युद्ध कम गर्ने बाटो हो । विषालु बम, साना तिना परमाणु बम वा यसको निर्माण प्रविधिको आयात निर्यात त्यस्तै आणविक शस्त्र सम्पन्न राष्ट्रहरूको संख्यात्मक वृद्धि विश्वशान्तिको बाटोका लागि अवरोधहरू हुन् । परमाणु आयुध-विकासमा तीब्र होडबाजी ल्याउन र परमाणु आयुध-विकास प्रविधिमा उत्तेजना सृजना गर्न, परमाणु शक्ति परीक्षण रोक्न आज विश्वका ४८ देशका भौतिक शास्त्रीहरू र चिकित्सकहरू अपील गर्दै छन् । विगतमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सैकडौं शान्ति सम्मेलनहरूमा अनेकौं प्रस्तावहरू पारित भइसकेका छन् । अनेकौं प्रस्तावहरूका मस्यौदाका शब्दावलीहरूबाट हाम्रो मानस तन्तु नै झंकृत गरेको छ । विश्वका दर्जनौं दर्जनौं राष्ट्रका विश्वमा सबै धर्मका अनुयायी प्रतिनिधि सैकडौं युवा समूहले धार्मिक वार्तालापद्वारा शान्तिको खोज गर्दै विश्वका प्रमुख धर्म र तीर्थस्थलको भ्रमण गरेका छन् । वरिष्ठ आध्यात्मिक सल्लाहकारका रूपमा मैले वाशिंगटनको त्रिनिटि कलेजको डुबोको हरियो चौरमा,



Downloaded from http://www.dhamma.digital

इजरायलको उजाड पहाडमा वृक्षारोपण गर्दै त्यस्तै पहाडमा, टर्कीको ग्रीन मस्कको नजिक एउटा मसजिदको प्रांगणको छहारीमा, भेटीकन सिटीको उत्तरतिर रहेको शान्त गुफाको छाँयामा, मद्रासको महात्मा गाँधीको स्मारक नजीकको महासागरको तटमा, बैंककको रोज गार्डेनको सुवासको बीचमा, चीनको भव्य राष्ट्रिय सियु अतिथि गृहको उद्यानमा बगिरहेको सरिताको कलकल ध्वनिको बीचमा, स्यूलको प्लाजा होटलको गुलाबी फूल र मोमबत्तिको प्रकाशको माझामा वैदिक, ज्यू, जैन, बौद्ध, कनफ्युशियस, ताओ, क्रिस्टीयन, इस्लाम आदि विश्वका सबै प्रमुख धर्माबलम्वीहरूलाई एक साथ एक चित्त आ-आफ्नो धर्मानुसार विश्वशान्तिका लागि प्रार्थना गराइ सकेको छु । यस्ता सबै प्रकारको विश्वशान्तिका मानव आकांक्षा प्रतिध्वनित हुने प्रयासहरूबाट विश्वशान्तिको मार्ग बनाउनुमा योगदान गरेकोछ । परमाणु शक्ति सम्पन्न राष्ट्रहरूमा विश्व जनमतको प्रभाव बढ्दै गइरहेकोछ । परमाणु निशस्त्रीकरण समस्या सर्वोच्च प्रकारको असाधारण समस्या हो । तापनि यसको समाधान हुनु नै छ, आज नभए भोलि - तर अर्को परमाणु विश्व युद्ध छिड्नु भन्दा अघि !

Dhamma.Digital

## अशोकको धर्मनाद र धर्म यात्रा

विश्वशान्तिका लागि दुई दशाब्दी भन्दा अघि भएको युद्ध-विरक्ति परमाणु शक्ति सम्पन्न राष्ट्रका सूत्रधारहरूमा यथार्थ क्रिया रूपमा आओस् । डेढ लाख मानिसहरू युद्ध बन्दी बनाइएको, एक लाख मानिस मारिएको, यस भन्दा बढ्ता मानिस महामारी आदि अनेक रोगबाट मरेको कलिंग युद्धबाट अशोकको हृदय परिवर्तन भयो । अशोकले प्रथमतः आफूले अहिंसाको परिपालन गरे । आफ्नो भान्छा घरमा सैकडौं मृग र मयूर काटिरहने ठाउँमा दुई मयूर र एक मृग मात्र काटिने गरिएको र त्यो पनि भविष्यमा बन्द गरिने उनले प्रतिज्ञा गरे । अशोकले आफ्नो आत्मालोचना र अहिंसात्मक



Downloaded from http://www.dhamma.digital

चरित्रको विकास आफ्नो अभिलेखमा पहिले राख्ने गरे अनि अशोकले समाजबाट अहिंसा पालनार्थ अपील गर्न लागे । हिंसा युक्त समाज (चाड पर्व) त्यागन, अनेक विशिष्ट प्रकारका चराचुरुँगीहरू र पशुहरूलाई अभय प्रदान गर्न, उपोसथ आदि विभिन्न दिनमा अहिंसा पालन गर्न आग्रह गरे । राज्य स्तरमा शिकारको ठाउँमा धम्मयात्रा, युद्ध भेरीको सत्ता धम्मनाद घोषणा भए । अप्रमाद पूर्वक दुनियामा दु:ख दर्द सुन्ने काम गरे । अशोक भन्नु हुन्छ, "मैले मानिसहरू र पशुहरूको लागि छाँया पाइयोस् भनिकन बोटवृक्षहरू रोपें, आम्रकुञ्जहरू बनाए, आधा आधा कोशको दुरीमा इनार खन्न लगाएँ, विश्राम गृह बनाउन लगाएं" । अशोकले पशुहरूको लागि समेत औषधालय बनाए ।

व्यक्तिबाट अहिंसा, समाजबाट अहिंसा, राष्ट्रबाट युद्ध विरति, राष्ट्रिय अर्थतन्त्र लोकोपकारो सेवामा समर्पण गर्ने अशोकको आदर्श विश्वशान्तिका लागि निर्देशक सिद्धान्तको आधार भएको छ । आजको सचेत मानव-समाज विनाशकारी आणविक शस्त्रहरू, शस्त्र सञ्चालनको स्वचालित प्रविधि संयन्त्रहरू, कम्प्यूटरको आदेश माध्यम आदिबाट संत्रस्त छ । आणविक युद्धको विनाशलीला दर्शाउने चलचित्र बनाएर मानव-चेतना संवेदनशील र विश्वशान्तिको प्रवल समर्थक बनाइएको छ । हिरोशिमा र नागसकि 'नो मोर हिरोशिमा नो मोर नागासाकिं" भन्दै चिच्याउँदै छ । परमाणु बम परीक्षण स्थगित गर्नु, परमाणु निशस्त्रीकरण वार्ता सुचारुमा क्रमिक रूपमा फलदायी रूपमा हुनु, विश्व परमाणु शस्त्रबाट पूर्ण मुक्त हुनु समस्त मानव जातिको माग र सुदुर भविष्यका मानव सन्ततिको अधिकार हो । संयुक्त राष्ट्र संघको विश्वशान्ति प्रयास सफल हुनु परेको छ । संयुक्त राष्ट्र संघका विभिन्न निकायका शिक्षा, स्वास्थ्य, पौष्टिक आहार, स्वच्छ जलवायु, प्रदुषण मुक्त वातावरण निर्माण र मानव-समाजको अतीतका विविध साँस्कृतिक सम्पदाको संरक्षण आदि लोक कल्याणकारी आयोजनाहरूमा आणविक शस्त्र अस्त्र निर्माण र


Downloaded from http://www.dhamma.digital

सम्भारादिको विनाशका लागि नियोजित आर्थिक शक्ति अमृत रूपमा परिवर्तित गरी प्रवाहित गर्नु परेको छ।

संयुक्त राष्ट्र संघको १९८३ को अन्तर्राष्ट्रिय शान्ति वर्षको रूपमा हाम्रो सामु आउनु विश्वशान्ति संवर्द्धनको लागि मंगलमय शान्त शुभ लक्षण हो । यस शान्ति वर्षको उपलक्ष्यमा विश्वशान्तिका लागि शान्तिनायक गौतम बुद्धको उपदेशको परिचर्चा युवा बौद्ध समुदायको तत्त्वावधानमा आयोजना हुनु गौतम बुद्धको जन्मभूमि नेपालको तर्फबाट विश्वशान्तिका लागि राष्ट्रिय स्तरको सक्रीयता र संलग्नताको द्योतक हो ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट नेपाललाई "शान्तिक्षेत्र" घोषणा गरिबक्सेको र सिद्धार्थलाई 'प्रिन्स अफ पीस' भन्ने हुकुम होइबक्सेको सार्थकताको स्मरण गर्दै यही नोभेम्बरमा नेपालमा हुने १५ औं विश्व बौद्ध सम्मेलनको विषय "लुम्बिनी विश्वशान्तिको प्रतीक" भएको व्यहोरा व्यक्त गर्न चाहन्छु ।

मौसुफ सरकारबाट राखी बक्सेको शान्तिक्षेत्रको प्रस्ताव बुद्धधर्म अनुसार कै हुन् । शान्ति नेपालमा पहिले होस् त्यसपछि हिन्द महासागर र विस्तारै विश्वमा फैलिएर जाओस । यो बुद्धधर्मको सिद्धान्त अनुरूप राम्रो प्रस्ताव अवश्य हो । जसरी बिउ शुरुमा सानै हुन्छ पछि विस्तारै वटवृक्ष रूपमा फैलिंदै जान्छ । सगुण पनि सानैबाट विस्तारै फैलिंदैजाने कुरा हो । अन्तमा यो सानो रचना किंवा परिचर्चा कार्यपत्रको समाप्त गर्दै प्रार्थना गर्छु :

आमाको दूध चुसिरहेको बच्चाले आफ्ना मुखको दुध निल्न नपाउने गरी, स्कूलमा खेलिरहेका बालक-बालिका माथि उडेको पिङ्गबाट तल झर्ने आनन्द लिन नपाउँदै, युवा युवतीको न्यानो ममताको अंगालो बीचको चुम्बनाकांक्षा ओंठ स्पर्श नपाउँदै, कविको संरचनाको छन्द नै पूरा हुन नमिल्ने गरी, कलाकारको स्पष्ट हुन लागेको रेखाकृति स्पष्ट हुन नपाउने गरी, किसानले खेत खन्न



Downloaded from http://www.dhamma.digital

उठाएको कोदालोले खेतको माटो छुन नपाउने गरी, शिक्षकले ब्लाक बोर्डमा कोर्न लागेको अक्षर पूरा हुन नपाउने गरी, डाक्टरले विरामीलाई बचाउन दिएको अक्सिजनमा विरामीले फेर्ने लागेको श्वास पूरै हुन नपाउने गरी, यस्तै-यस्तै, यस्तै-यस्तै, यस्तै श्रद्धालु भक्तले प्रदीप पूजा गर्न कोर्न लागेको दिया सलाई कोर्न नपाउने गरी अकस्मात अप्रत्याशित विस्फोटन भएर मानव र मानवको समस्त अस्तित्व प्राणी मात्रको सुन्दर उर्वर धरति आगोको ज्वालामा विनाशिने आणविक् विश्व युद्ध नहोस् - कहिल्यै नहोस्, कहिल्यै कहिल्यै नहोस् ।

(बुद्धधर्म र विश्वशान्ति विषयक सेमिनारको कार्यपत्र
बुद्धसम्वत् २५३०)



Downloaded from http://www.dhamma.digital

# दान उपपारमिता : रक्तदान

विश्वका सबै धर्महरूमा दानको महिमा छ । बुद्धधर्म अनुसार गृहस्थ उपासक उपासिकाहरूका लागि दान प्राथमिक कर्तव्य हो । भिक्षुहरू दीन दुःखीको सेवा गर्नुमा सदा तत्पर रहन्छन् । बुद्ध हुन चाहने बोधिसत्त्वचर्य्या गर्न चाहने व्यक्तिको लागि पनि पहिलो कर्तव्य दान र त्याग नै हो । बुद्ध हुने दश प्रकारका पारमिता चर्य्याहरू मध्येमा दान पारमिता पहिलो चर्य्या हो । बौद्ध संस्कृति अनुसार दान त्यसलाई दिनु पर्दछ जो दीन दुःखी अथवा सदाचारी सन्त हुनुका साथै त्यो दान बस्तु चाहिएको व्यक्ति हुन्छ । श्रद्धास्तर अनुसार दान पारमिता तीन प्रकारका हुन्छन् – दान पारमिता, दान उपपारमिता र दान परमत्थपारमिता । धन द्रव्य आदि यावत बाह्यवस्तु दान दिनु दान पारमिता हो । यो भन्दा माथिल्लो स्तरको दान, दान उपपारमिता हो । बोधिसत्त्व विचार गर्दछ, "अहं बाहिर दानमेव देमि । अज्झतिक दानं दातुं कामोम्हि । सचे मे कोचि हदयं याचेय्य उरं भिन्दित्त्वा हदयं नीहरित्त्वा ददेय्यं । सचे अक्खिनी याचेय्य अक्खिनी उप्पातेत्त्वा ददेय्यं ।" अर्थात् मैले बाहिरका वस्तु मात्र दान गरें । अब म आन्तरिक दान गर्न चाहन्छु । यदि कसैले मेरो मुटु मागेमा छाती चिरेर आफ्नो मुटु दिनेछु । यदि कसैले मसँग आँखा मागेमा आफ्नो आँखा निकालेर दान दिन्छु ।

बोधिसत्त्व राजा शिवि कहाँ एक जना याचक आएर भन्न थाल्यो, "महाराज ! हजूरको दान संकल्प र कीर्तिघोष चारैतिर फैलिइएका छन् । अब म वृद्ध भएँ । मैले केही देख्न सकिन्न ।



Downloaded from http://www.dhamma.digital

हजूरका दुई आँखा छन् । एउटा मलाई दान गर्नुभए म पनि देख्नसकिने हुँला ।" राजा शिविले जवाफ दिनुभयो, "ब्राह्मण तिमी एउटा आँखा माग्छौं तर म तिमीलाई दुबै आँखा दान दिनेछु ।" यसपछि बोधिसत्त्वका अन्तपुरका मानिसहरू र प्रजाहरूबाट त्यस्तो नगर्न धेरै प्रार्थना भए । तर बोधिसत्त्व राजा शिविले दिइसकेको वचन फिर्ता लिनेछैन, म आँखा दान गर्छु भनी आँखा दान गर्नुभयो । यसपछि याचक भेषधारी इन्द्रले शिविराजालाई आँखा फर्काई, आँखा जस्ताका त्यस्तै गरिदिइ स्वर्गलोकमा फर्केर गए । यो एक आदर्श चरित्रकथा हो ।

आजको सन्दर्भमा विचार गर्ने हो भने आजको हाम्रो समाजमा हाम्रो देशमा धेरै यस्ता आफ्ना अंग प्रत्यंग र रक्तदानको आवश्यकता छ । आँखादान गरेर हामी अन्धोलाई दृष्टि दिन सक्छौं । आफ्ना जीवित अवस्थामा आँखा दान गर्न नसकेतापनि मरणोपरान्त आँखा दान गर्न सक्छौं । यस दानका लागि हामीले केही त्याग्नुछैन र दुःख कष्ट भोग्नु पनि छैन । खालि मृतदेहमा घाउ खत गर्नु हुन्न भन्ने हाम्रो एउटा कुसंस्कारलाई त्याग्नुछ । आफ्ना परिवारलाई आफू मर्ने बित्तिकै आँखा दान गरिसकेकोले सम्बन्धित निकायलाई सूचना दिने कुरा मर्नु अगाडि भनिराखे पुग्छ । अनि आफ्ना मृतदेहबाट आँखा निकालेर आँखा आवश्यक भएका व्यक्तिलाई निर्धारित समय भित्र शंल्यक्रिया गरिकन आँखा आरोपन गर्ने कार्य सम्पन्न गर्नेछ । रगत मासुको हाम्रो शरीर दाह संस्कार गरेर, समाधिस्थ गरेर अथवा नदीमा बगाएर सकिन्छ, तर हाम्रो आँखा भने अरू अन्धो मानिसको शरीरमा जीवित भइरहेको हुन्छ । अर्को लोकमा बसेर यो हेर्न पाए के यो कम आनन्दको विषय होला ? यसरी आँखा दान दिनुमा श्रीलंका विश्वमा सारै अगाडि भएको कुरा मैले सुनेकोछु ।


Downloaded from http://www.dhamma.digital

हाम्रा दुई किडनीहरू मध्येमा हामी आफ्नो एउटा किडनी दुबै किडनीहरू बेकाम भएका मानिसलाई दान गर्नसक्छौं । मलाई थाहा छ, हाम्री उपासिकाहरूले आफ्ना सन्तानहरूलाई एक एकवटा किडनी दिएका छन् । हाम्री यी उपासिकाहरू वयस्क र बृद्धा भएर पनि आजसम्म पूर्ण स्वस्थ छिन् । यो दान आँखा दान भन्दा केही कठिन जरूर छ, तर बोधिसत्त्वको उपरोक्त उदाहरणको सामू साह्रै सहज छ । महासत्त्वले आफ्ना रगत र मासु काटेर बधिनी र स-साना डमरूहरूलाई ख्वाइकन उनीहरूको प्राण बचाएको आदर्श दानपरमत्थपारमिता यो भन्दा माथिल्लो पारमिता हो ।

अब हामी रक्तदान बारेमा चर्चा गरौं । रगत बिना कोही प्राणी बाँचिदैन । तर दूर्घटनामा परेर घाइटे हुँदा अथवा शल्यक्रिया गर्दा हाम्रा बा-आमा, दाजु-भाई, दिदी-बहिनी, छोरा-छोरी, साथी भाइमध्ये कसैलाई रगतको खाँचो भयो, रगत बिना ऊ बाँच्ने स्थितिमा रहेन भने रगत कसले दिने र त्यस्तो अबस्थामा नपर्दा सम्म ऊ स्वयं रगत निर्माण हुन सक्ने शरीर भएकै प्राणी हो । तर अब आफू रगत चाहिएको अवस्थामा छ । यो समस्या कसरी समाधान हुने ? यसको समाधानको बाटो हो आफू स्वस्थ रहँदा आफूमा रगत स्वाभाविक रूपमा निर्माण हुन सक्ने अवस्थामा आफुले रक्तदान गरिराख्नु । रगत वास्तवमा हाम्रो शरीरमा स्वाभाविक रूपमा निर्माण हुन सक्ने तत्त्व हो । यद्यपि यो जीवनको लागि नभइ नहुने तत्त्व हो । अतः आफ्ना रगतबाट कुनै रगत कमी भएर मर्न लागेको व्यक्तिलाई बचाउन सके हामीबाट जीवन दान गरेको हुन्छ । आफ्नो जीवन यथावत् कायम गरी अरूलाई जीवन दान गर्न पाउनु सानो आनन्दको र सानो पुण्यको विषय होइन । अर्को दृष्टिबाट विचार गरौं, हामी रगत दान गरौं वा नगरौं, हामीमा रगत धेरै भएर केही हामीलाई विशेष लाभ हुने होइन । हामीलाई रगतको जरूरत छ, तर शरीरको अरू स्थितिसँग सन्तुलित भए अनुसार मात्र जरूरत हुन्छ । जुन अवस्थामा हाम्रो शरीरको रगत



Downloaded from http://www.dhamma.digital

अरूलाई दान गर्दा हाम्रो शरीरमा रगतको कमी होला त्यसबेला रगत लिने पनि छैन । आजको स्वास्थ्य उपचारको प्रगतिबाट हामीलाई एक दुई थोपा रगत दान गरेर बोधिसत्त्वचर्य्या दान उपपारमिता पूरा गर्ने सुअवसर प्रदान गरिरहेको छ । यसै तथ्यबाट प्रभावित भई बुद्ध जयन्ती समारोह समिति, युवा बौद्ध समूह र धर्मकीर्ति अध्ययन गोष्ठी आदि विभिन्न बौद्ध संस्थाबाट बेला बेलामा रक्तदानको कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । गौतम बुद्धको जन्म, सम्बोधिज्ञानलाभ तथा तथागतको महापरिनिर्वाणको पवित्र दिनमा रक्तदानको कार्यक्रम सञ्चालन भइरहेको छ । आफ्ना केही थोपा रगतबाट अरूको ज्यान जोगाउन रक्तदान गरी जीवन दान गर्नु, बोधिसत्त्वचर्य्या दान उपपारमिता पूरा गर्ने बाटोमा एक पाइला अगाडिसर्नु मरणशील जीवनबाट मरणोन्मुख मानिसको ज्यान बचाएर दान उपपारमिताको धर्म गर्दै निर्वाण लाभ गर्नु हो र सत्कर्म र सद्धर्मको पालन गर्नु हो ।

(आनन्दभूमि : १२/३)



Downloaded from http://www.dhamma.digital

# बौद्ध संस्कृतिमा रक्त दान

बौद्ध संस्कृतिमा दानको धेरै ठूलो महिमा छ । बुद्ध हुन बोधिसत्त्वद्वारा पूर्ण गर्नु पर्ने दश पारमिता गुणधर्ममा पहिलो स्थान दान पारमिताको छ । दान पारमिताको लक्षण परित्याग हो । दिने वस्तुबाट ममत्त्व अलग्गिनु यसको रस हो । स्वत्त्व भावनाको संकीर्ण ममत्त्वबाट अलग्गिने यसको लक्षण हो । स्वत्त्व भावनाको संकीर्ण ममत्त्वबाट अलग्गिएर अरूका लागि उदार हृदय बन्नु र केही दिनु कुशल कर्म हो, दान हो ।

दान पारमिताका तीन स्तरहरू छन् । भौतिक पदार्थ खाद्यवस्तु, पेयवस्तु, औषधि र आवास निवासस्थान दिनु दान पारमिता हो । आफ्ना शरीरका आँखा आदि अंग प्रत्यंग दान गर्नु दान उपपारमिता हो । आफ्ना शरीरका रगत आदि दान दिनु यही दान उपपारमिता हो । त्यस्तै अरूका लागि आफ्ना प्राण नै उत्सर्ग गर्नु अथवा जीवन दान दिनु दान परमत्थपारमिता हो । "सचे अक्खिनी याचेय्य अक्खिनी उप्पातेत्त्वा ददेय्यं" अर्थात् "यदि मेरा आँखाहरू मांगेमा आँखा नै निकालेर दान गर्छु" भन्ने त्यस्तै "मेरो शरीर स्वयं यहाँ छ भन्ने मासु र रगत चाहेका लागि अन्त अरुको मासु के कहाँ खोज्नु" भन्ने बोधिसत्त्व आदर्श शिवि जातक र महासत्त्व जातकमा चरित्रार्थ भएको हामी पाउँछौ । शिवि राजाबाट आफ्ना आँखा निकाल्न दिइ दान उपपारमिता पूरा गर्दा र महासत्त्व राजकुमारबाट आफ्ना शरीरको मासु र रगत भोक र प्यासबाट मर्न लागेकी बघिनी र डमरूहरूलाई ख्वाउँदा जुन पीडा त्यागको



Downloaded from http://www.dhamma.digital

तरंगमा सहनु परेको थियो, आजको परिस्थितिमा यही दान उपपारमिता पूरा गर्न त्यसरी पीडा सहनु पर्ने स्थिति छैन । आज हाम्रो मरणोपरान्त दिएको आँखाबाट अरूले देख्न सक्छ । चक्षुदानको बोधिसत्त्वको आदर्श सहज अर्थात् बिना वेदनाको बनाइदिएको छ । अर्को आयामबाट भन्ने भए आज हामी मरणोपरान्त पनि अरूको अनुहारमा प्रतिस्थापित वा प्रत्यारोपित भई हामीले देख्न सक्नेभएका छौं । चक्षुदानमा श्रीलंकाका बौद्धहरूको अग्रगण्य भूमिका हाम्रो सामुछ । बर्मामा भिक्षुहरूबाट आफ्ना जीवितावस्थामा आफ्ना एक वा दुई आँखा दान गरेका उदाहरणहरू पनि छन् । हालै नेपालका पूज्य संघमहानायक ९० वर्षीय भिक्षु प्रज्ञानन्द महास्थविर मोति विन्दूको अप्रेशनका लागि थाइलैण्ड जानु हुँदा थाइलैण्डका नरेशबाट शाही बिरामी घोषणा गरिबक्से जस्तै थाइलैण्डका धेरै उपासक उपासिकाहरू आवश्यक भए आ-आफ्ना आँखा उहाँलाई प्रदान गर्न तयार भएका थिए । नेपालमा आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरको नेतृत्त्वमा थुप्रै बौद्ध उपासक उपासिकाहरूबाट सर्वप्रथम मरणोपरान्त आँखा दान गरिसकेका छन् ।

आज चक्षुदान मरणोपरान्त सम्भव भए जस्तै रगत दान पनि आज आफ्नो जीवन नै उत्सर्ग गरेर रगत दान गर्नु पर्ने स्थिति छैन । जब कि हाम्रो धर्म आदर्श परोपकार भावनाबाट अभिप्रेरित भई आफ्ना् जीवन समेत उत्सर्ग गर्ने दान नै परमत्थपारमिताको छ । काभ्रे जिल्लास्थित नमोबुद्धमा यस दान परमत्थपारमिताको गौरव गाथा आज पनि गुंजिरहेको छ । गंधवतीपुरका महाराजा महारथका कान्छा राजकुमार महासत्त्वले भोकबाट मरणान्त पीडा भई छटपटाइरहेका बघिनी र चार छः डमरूहरूलाई आफ्ना रगत मासु आफै ख्वाएर प्राण बचाउनु भएको थियो । यो आदर्श अर्थात् दान परमत्थपारमिताको धर्मादर्श आज रगत दानमा दान उपपारमितासँगै एकीकृत भएको छ । आफुसँग भएको स्वस्थ रगत, जुन प्राकृतिक रूपमा स्वस्थ व्यक्तिमा नैसर्गिक रूपमा बन्दै रहन्छ,



Downloaded from http://www.dhamma.digital

दान दिएर रगतको अभावबाट मर्न लागेको रोगी मानिसलाई बचाइकन हामी बोधिसत्त्व आदर्श बुद्ध कारक गुणधर्म दान उपपारमिता र दान परमत्थपारमिता हामी पालन गर्न सक्छौं । रगतको संरचनात्मक आधारमा स्वस्थ र जीवित रहने मानिसबाट रगतको खोला बगाउने युद्ध नगर्नु, रगतको पिपाशु बन्ने (चाहे धर्मकै नाउँमा किन नहोस्) बलि र हिंसाबाट विरति रहनु र रगतको शोषण किंवा प्रदूषण हुने परिश्रमबाट आफू समृद्धि र सुखी नबन्नु अथवा ईर्ष्या र द्वेष गर्ने बानि त्याग्नु बुद्धको उपदेश एकातिर भए अर्कोतिर मानिसबाट बहुजनको हित र सुखका लागि त्याग गर्नु दान गर्नु बुद्धको अनुशासन छ । बुद्धको अनुशासन छ, बाँच र बाँच्न देउ । मारेर, निमोठेर वा अर्कालाई अप्ठ्यारोमा पारेर बाँच्ने होइन, अपितु मैत्री, करुणा र वास्तविक भ्रातृत्वबाट आचार विचार गर्दै बाँच्नु पर्दछ । आफुमा भएका व्युत्पन्न भई नै रहने रगत रगत विना मर्न लागेको व्यक्तिलाई नदिनु अथवा दिनुमा कंजुसी गर्नु उसलाई मर्न दिनु र आफु बाँच्नु धर्मको भाषामा भन्ने भए मानवीय परिभाषामा अभिव्यक्त गर्ने भए आफु बाँचेर पनि मर्नु हो । मानवता वा मानवीय गरिमा आफुले दिन नसक्ने ज्यान लिनुमा छैन, बरू गुम्न लागेको ज्यान जोगाउनुमा छ । आफ्नो केही थोपा रगतबाट रगत विना निभ्न लागेको जीवन ज्योति बालिदिनु दान उपपारमिता हो, अहिंसाको अभय दानभन्दा ठूलो जीवन दान बोधिसत्त्व चर्य्या हो ।

बुद्धको छवर्ण्णरश्मिको आधारमा निर्मित बौद्ध झण्डाका पाँच रंगहरूमा केन्द्रको अर्थात् बीचको रंग रातो रंग हो । बौद्ध झण्डाको रातो रंग बुद्धको रगतको संस्मृति हो । रातो रंग बौद्ध संस्कृतिमा सेवाको प्रतीक हो, हिंसात्मक क्रान्तिको होइन । आफुलाई बध गर्न चाहने देवदत्त प्रति पनि बुद्धको त्यही मनस्थिति छ जुन आफ्ना रक्तज पुत्र राहुल प्रति छ । अंगुलीमाल प्रति पनि बुद्धको त्यही करुणा छ, जुन करुणा आफ्ना भाई आफ्ना उपस्थापक


Downloaded from http://www.dhamma.digital

आयुष्मान आनन्द प्रति छ। बुद्धको यही महाकारुणिक अभय र वरद देन हो, बुद्धधर्मको नाउँमा कहिल्यै एक थोपा रगत बगेन। जुनसुकै धर्मको व्यामोह किंबा दार्शनिक विभ्रम भाषामा जति सुकै प्रशंसा गरेका किन नहोस् रगतको खोलोबगाउनु युद्ध हो। युद्ध मानवीय कर्म र सेवाको विपरीत गुण हो। रेडक्रस सेवा मानवीय स्नेह र कर्तव्यको संवेदन शीलको विषाक्त प्रवाहमयी वातावरण र परिस्थिति बीचको अमृत-श्रोत हो। यस श्रोतको लागि पनि हाम्रो रगतदान आवश्यक हुन्छ। यस्ता ठाउँमा प्रयोग हुने हाम्रो रगत दान अमृतको पनि अमृत हो। राजनीति वा दृष्टि भ्रमको कलह र संघर्षको भुमरीमा घाइते भई रगत विना गुमन लागेको जीवन बचाउने हाम्रो रगतदान विषलाई अमृत तुल्याउने अमृत हो – अमृत दान हो। बौद्ध दर्शन मानव-जीवनमा शरीरमा रगत जस्तै सेवा (गुण) आवश्यक मान्दछ। बौद्ध झण्डाको रातो रंग बुद्धको रगतको स्मृति दिने रंग हो। सेवाको प्रतीक रंग हो। बुद्धले रोगी शय्यामा रहेका भिक्षु पूतिगत्त तिस्सको घाउ आफै धोइदिनुभयो, उसलाई नुहाईदिनु भयो अनि भिक्षुहरूलाई बोलाइकन भन्नुभयो, “यो गिलानं उपट्ठाति सो मं उपट्ठाति” जसले रोगीको सेवा गऱ्यो, त्यसले मेरो सेवा गऱ्यो। यस आयामबाट विचार गरेको खण्डमा रोगी व्यक्तिलाई चाहेको रगत दान दिनु उसको वास्तविक सेवा गर्नु हो, बुद्धको यथार्थ सेवा गर्नु हो। बुद्धको वास्तविक पूजा र अर्चना गर्नु हो। बोधिसत्त्व-चर्या, बुद्धकारक गुणधर्म पालन गर्नु हो।

**(धर्मकीर्ति : ८/५ : बि.सं. २०४६)**



Downloaded from http://www.dhamma.digital

# बौद्ध संस्कृतिमा स्वास्थ्योपचार

गौतम बुद्ध निर्वाणको पथ-प्रदर्शक मात्र हुनुहुन्न, मानव जगतको निम्ति शान्ति र भ्रातृत्व भावनाको प्रतिस्थापक पनि हुनु हुन्छ । वर्णभेद, वर्गभेद, जातिभेद र लिङ्गभेद नगरी सबैको लागि खुल्ला भएको ढोका र माननीय सामर्थ्यबाट पाउने मुक्ति बुद्धधर्मका मूलभूत विशेषताहरू हुन् । गौतम बुद्धको उपदेश राग, द्वेष र मोहको मैलो छुट्याई मुक्ति पाउने मार्ग निर्देशन हुनुका साथै शारीरिक एवं मानसिक रोगबाट छुटकारा पाउने अर्ति पनि हुन् । असन्तोष, आत्मग्लानी, अनावश्यक शंका, विषैली संगति, विषम वातावरण र गलत अभिधारणा जस्ता मानसिक रोगबाट मुक्ति पाउने र शारीरिक रोगबाट छुटकारा पाउने सम्बन्धी बुद्धका उपदेशहरू बारेमा केही विचार गर्नु नै प्रस्तुत रचनाको उद्देश्य हो ।

सफा-सुग्घर, खान-पानको स्वच्छता र संयम, रोगीमा हुनुपर्ने गुण एवं रोगी सेवकमा हुनु पर्ने विशेषताहरू बारेको बुद्धका उपदेशहरू सधैं सार गर्भित छन् । बुद्ध भन्नु हुन्छ –

**"वत्तं अपरिपूरेन्तो, सीलं नपरिपूरति ।**
**असुद्ध सीलो दुप्पञ्ञो, दुक्खा नपरिमुच्चति ॥"**

अर्थात् – कुचो लाउने र पानी ल्याउने आदि काम नगर्ने व्यक्तिको शील पूरा हुँदैन । शील पूरा नगर्ने अशुद्ध शील प्रज्ञाहीन व्यक्तिलाई दुःखबाट मुक्ति पाइने छैन ।

बौद्ध विनय अनुसार आफ्नो कोठामा धुलो मैलो देखिएता पनि सफा नगर्नु एउटा आपत्ति वा नैतिक दूर्बलता हो । विनयमा उल्लेख गरिएको छ – बढार्ने बेला खानेकुरा छोपेर, हावाको



Downloaded from http://www.dhamma.digital

दिशालाई ख्याल गरेर बढार्नु पर्छ र बिछ्यौना आदि टकटक्याउँदा आँखामा धुलो नजाने गरी टकटक्याउनु पर्दछ ।

भोजन गरिसकेपछि आफ्नो भिक्षा पात्र आफै नै धुनुपर्ने भिक्षुहरूको एक सामान्य नियम हो । पात्र धोइसकेपछि पुछ्ने अनि घाममा सुकाउने नियमबाट भाँडा वर्तनको सम्भार मात्र हुने होइन, स्वास्थ्यको लागि पनि यस्तो हुनु आवश्यक छ । भिक्षुहरूको लागि आठ परिस्कारहरू व्यक्तिगत परिभोगका सम्पत्ति हुन् । ती आठ परिस्कारहरू हुन् – चीवर, अन्तरवासक, संघाटी, कायबन्धन, सियो-धागो, पात्र, कपाल काट्ने छुरा र परिस्सावन । परिस्सावनको अर्थ हो, पानि छान्ने चालनी वा कपडा । लोक लज्जाबाट बच्न चीवरादि तीन वस्त्र, भोजनका लागि भिक्षा माग्ने भिक्षापात्र जस्तै पानी छान्ने चालनीलाई पनि महत्त्व दिइराखेको कुरा यसबाट स्पष्ट हुन्छ । अर्थात् खानु र लाउनु जति अनिवार्य कुरा हो त्यत्ति नै स्वास्थ्यलाई ध्यान दिएर छानिएको कीटाणु रहित स्वच्छ पानी पिउनु पनि जरूरी छ ।

बौद्ध ग्रन्थ अनुसार प्रयोजनको दृष्टिबाट पानी दुई किसिमका हुन्छन्, खाने पानी र अर्को सफा सुग्घरमा प्रयोग गर्ने पानी । बगिरहेको पानीमा दिशा पिशाब गर्नु, थुक्नु र कुल्ला गर्नु बौद्ध विनयमा निशेध गरिएकोछ ।

बौद्ध भिक्षुहरू दुई औंलाभन्दा बढी लामो हुने गरिकन कपाल राख्दैनन् साथै नङको बारेमा विनयमा भनिएको छ –

**"न भिक्खवे दीघा नखा धारेतब्बा ।**
**यो धारेय्य आपत्ति दुक्कटस्स ॥"**

अर्थात् – भिक्षुहरू, लामो गरी नङ पाल्नु हुँदैन । नङ लामो गरी पालेमा दुष्कृत्य आपत्ति दोष लाग्नेछ ।



Downloaded from http://www.dhamma.digital

खाना बारेमा भनिएको छ – "चतारो पञ्चआलोपे अभुत्वा उदकं पिवे" अर्थात् अटेस मटेस हुने गरी खाने होइन, बरू ४/५ गाँस अरु खाउँ खाउँ जस्तो लाग्नेबेला खाना छाडीकन पानी पिउनु पर्दछ ।

यी हुन् स्वास्थ्य सम्बन्धी निरोगी हुने केही उपायका कुराहरू ।

रोगी भई औषधि सेवन गर्नुभन्दा निरोगी हुनु उत्तम छ । जब मानिसलाई रोग हुन्छ, तब औषधी सेवन गर्नु जरूरी हुन्छ । प्राचीन परम्परा अनुसार सिद्धार्थको विरक्तिका कारणहरू वृद्ध र मृतक देख्नु भए जस्तै रोगी देख्नु पनि एक कारण हो । यसकारण जन्म र मरणबाट मुक्त हुने निर्वाणको उपदेशका साथै रोग, रोगी, रोगी सेवक र स्वास्थ्योपचार सम्बन्धी कुरामा बुद्धको ध्यान जानु स्वाभाविकै छ । स्वयं गौतम बुद्धले जीवक वैद्यद्वारा प्रदान गरिने औषधि राखिएको तीनवटा कमलका फूलहरू सुँघेर ३० बार विरेचन अर्थात् जुलाब गर्नु भएको छ । विनय पिटकको "भेसज्जस्कन्ध" एउटा सिंगै यस्तो खण्ड हो, जसमा आँखा नदेख्नेलाई अञ्जन, बात रोगीलाई रक्सी र तेलमा पाक गरेको मलम, सर्पबाट टोकेकोलाई चार महा विकट आदि औषधि उपचारको वर्णन गरिएको छ । नीम आदि वनस्पतिका काषादि औषधि, हर्रा आँवला आदि फलको औषधि, हिंग आदि गुँदको औषधि कालो नून आदि विविध नूनको औषधि बारेको विनय शिक्षा आज पनि बौद्ध विहारहरूमा प्रसिद्ध र चलन चल्तिका औषधिहरू हुन् । यस बाहेक पसिना निकालेर, सिंध गरी रगत निकालेर त्यस्तै मालिस गरेर रोग उपचार गर्ने जुन विधिहरूको वर्णन बौद्ध साहित्यमा गरिएको छ ती उपचार विधिहरू आज पनि अत्यन्त प्रयोजनीय प्रकारको छ ।

महावग्गमा वर्णन गरिएको छ, पेटको रोग भएका एकजना भिक्षु बिछ्यौनामा परिरहेको थियो । बुद्धले त्यस रोगीको सेवा गर्नु


Downloaded from http://www.dhamma.digital

भई भिक्षुहरूलाई भन्नु भयो – "सचे भिक्खवे, अञ्ञमञ्ञं न उपट्ठहिस्स अथ को चरहि उपट्ठसिस्सति ?" "भिक्षुहरू, तिमीहरू एक अरूको उपस्थान गर्दैनौ भने अरू कसले उपस्थान गर्ला ?" बुद्ध भन्नुहुन्छ – "भिक्खवे यो गिलानं उपट्ठाति सो मं उपट्ठाति" अर्थात् "भिक्षुहरू, जसले रोगीको सेवा शुश्रूषा गर्छ, त्यसले मेरो सेवा शुश्रूषा गरेको हुन्छ ।"

(धर्मकीर्ति २/२ : वि.सं. २०४१)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बौद्ध संस्कृतिमा स्वास्थ्य सेवा

बौद्ध साहित्यमा रोगीमा हुनु पर्ने गुणहरूको जुन वर्णन पाइन्छ ती उपदेशहरू सारै मननीय र अनुकरणीय छन् । रोगबाट छुटकारा पाउन स्वयं रोगीमा केही गुणहरू हुनु पर्दछ । यी गुणहरू रोगीमा कमी भए वा हुँदै नभएमा उपचारक र रोगीको सेवकबाट विस्तारै ती गुणहरू रोगीमा ल्याइदिने गर्नु पर्दछ । काय कर्म र वचि कर्ममा संयमित भई रोगीले आफूमा अनुशासन कायम राख्नु, उपचारकको निर्देशन अनुसार औषधि सेवन गर्नु, रोगानुकूल खानु पिउनुमा पठपरेज गर्नु, आफ्नो रोगको कुरा नलुकाइकन नबढाइ चढाई भन्नु, रोगबाट वेदना हुँदा नआत्तिकन वेदना सहने बानी बसाल्नु रोगीमा हुनु पर्ने मूल गुणहरू हुन् ।

रोगी सेवकमा हुनु पर्ने गुणको बारेमा बौद्ध साहित्यमा जुन कुराहरू लेखिएका छन् ती कुराहरू पनि कम महत्त्वका छैनन् । रोगी सेवकमा औषधिबारे ज्ञान हुनुका साथै औषधि अनुसार खानपानको ज्ञान हुनु जरूरी छ । मैत्रीपूर्वक सेवा गर्ने र रोगीको मलमूत्र र थुक बान्ता आदि सफा गरिदिनु रोगी सेवकमा हुनु पर्ने अरू दुई गुणहरू हुन् । बौद्ध साहित्यमा वर्णन गरिएको छ, रोगी सेवकले अरू कुराहरूको अतिरिक्त रोगीलाई धार्मिक कुराहरू सुनाउँदा पनि रोगीलाई निको तुल्याउनुमा ठूलो सहयोग पुऱ्याउँछ । पिप्पली गुफामा बसिरहेका भिक्षु महाकाश्यप र गृद्धकूट पर्वतमा बसिरहेका भिक्षु महामौद्गल्यायन जब बिरामी भएका थिए तिनीहरू सात सम्बोध्यङ्ग धर्म व्याख्या सुनेर निरोगी भए । त्यस्तै एकदिन आयुष्मान् आनन्दले बुद्धसँग बिन्ति गऱ्यो – "भन्ते भगवान्, गिरिमानन्दलाई



Downloaded from http://www.dhamma.digital

सञ्चो छैन, अनुकम्पा गरी भन्ते भगवान् गिरिमानन्दकहाँ पाल्नु होस् ।" प्रत्युत्तरमा बुद्धले आयुष्मान् आनन्दलाई दश प्रकारका संज्ञा ज्ञानको चिन्तन मनन गर्ने कुराको संस्मरण दिनु भयो र भन्नुभयो आयुष्मान् जाउ तिमी जहाँ आयुष्मान् गिरिमानन्द छ त्यहाँ जाउ । उसलाई यही दश संज्ञाको स्मरण गराउ । आयुष्मान् आनन्दले त्यस्तै गर्नुभयो र गिरिमानन्दको शारीरिक वेदना शान्त भयो । कलन्दक निवापमा विहार गरिरहनु भएको बेला अस्वस्थ हुँदा बुद्ध आफैले पनि भिक्षु महाचुन्दद्वारा सात सम्बोध्यङ्गको कुरा सुन्नु भएका थिए । शारीरिक वेदनाको बेला सत्यको चिन्तन मनन पनि एक अचूक औषधि हो । अर्हत्लाई पनि रोगबाट शारीरिक वेदना हुन्छ । तर अर्हत्हरू सत्यको चिन्तन मनन गरी यस्ता वेदनाबाट सहजै मुक्तहुन सक्छन् । यसको अर्थ साधारण व्यक्तिहरूले पनि सत्यको चिन्तन मननबाट शारीरिक वेदनाबाट मुक्त हुन सक्दैनन् भनेको होइन । नकुलपिताको प्रसंग यसको लागि राम्रो एक उदाहरण हो । रोग शैय्याबाट उठीकन नकुलपिता लौरोको भरोशामा विस्तारै बुद्धको दर्शन गर्न आएको थियो । नकुलपिताले बुद्धमा बिन्ति गऱ्यो, "भन्ते मलाई सारै रोगले च्याप्यो । मेरो रगत मासु सुक्यो । कुनै वैद्यको औषधिबाट मलाई केही लाभ भएन । औषधि उपचार गर्नेहरूले मलाई आशा मारिसकेको कुरा पनि मैले चाल पाएँ । ममा बाँच्ने आशा छैन । मेरो टाउको झुक्न थाल्यो । म अशान्त भएँ । म मरेपछि मेरो यो घर के हुने हो ? मेरो यो परिवार के हुने हो भन्ने चिन्ताबाट मलाई सारै पिरोलिन थाल्यो । यस अशान्त चित्त भएको अवस्थामा भगवान्की उपासिका मेरी नकुलमाताले अलिकति पनि निराश नभइकन अलिकति पनि नआत्तिकन मेरो सेवा वा श्रुषूसा गरिन् । नकुलमाता मलाई सम्झाइकन भन्छे, "स्वामी बुद्धको उपदेशलाई नबिर्सनुहोस् । शरीरमा रोग हुनु एउटा स्वाभाविक कुरो हो । सबै प्राणीहरू मरणशील छन् । त्यसकारण मरणभयबाट आत्तिएर नचाहिने किसिमबाट धन्दा श्रूता लिनु हुँदैन । परिवारको आशक्ति र परिवार प्रतिको चिन्ताभन्दा तपाईले आफ्नो मनलाई



Downloaded from http://www.dhamma.digital

हलुङ्गो पार्नुहोस् । मैले हजुरपछि अर्काको घरमा गइकन आफ्नो बालबच्चाहरूलाई बरबाद गर्ने छैन । हाम्रो विवाह भएदेखि मैले सत्य धर्मलाई एकछिन पनि छाडेको छैन । म आफ्नो बालबच्चाको राम्ररी हेरचाह गर्न सक्छु । पालन-पोषण गर्न सक्छु । म सधैं विहारमा जाने गर्छु । पछि झन बढ्ता जाने गर्दछु । रोग हुँदा रोगीले मृत्युको भय लिनु हुन्न । आफ्नो चित्त हलुका गरिकन औषधीहरू सेवन गर्नुहोस् । तपाईलाई केही भएकै छैन ।" भन्ते भगवान्, नकुलमाताको यस किसिमको बिन्ति सुनिकन मेरो मन शीतल भयो मलाई लाग्छ, असल असल औषधिबाट निको पार्न नसकेको रोग भगवान्की आज्ञाकारी उपासिकाको बचनबाट मलाई निको पारिदियो । जिउ हलुङ्गो भयो । ममा आशाको सञ्चार भयो । मैले आश्वस्त भइकन औषधि सेवन गर्न थालें । म बिस्तारै लौरो टेकीकन हिड्न सक्ने भएँ । भन्ते भगवान्, म आज आफ्नो यही खुशि प्रकट गर्नलाई सकी नसकी लौरो टेकीकन बुद्धको दर्शनार्थ आएकोछु ।

बुद्ध स्वयं औषधिको सेवन गर्नु हुन्छ । भिक्षुहरूलाई रोग हुँदा औषधिको सेवन गर्ने र सत्यको चिन्तन मनन गर्ने उपदेश गर्नु हुन्छ । "रोगीको सेवा गर्नु नै बुद्धको सेवा गर्नु हो ।" बुद्धको यस उपदेशलाई बौद्धहरूले राम्ररी पालन गरेको तथ्य इतिहासबाट स्पष्ट हुन्छ । अशोक त्यो पहिलो राजा हो, जसले मानिसहरूको लागि र पशुहरूकोलागि समेत चिकित्सालय खोलेका थिए । अशोक त्यो राजा हो, जसले सर्वप्रथम छिमेकी राज्यहरूमा चिकित्सालय खोल्न र खोल्नका लागि सहयोग गरिकन स्वास्थ्यको सेवा क्षेत्रमा अन्तरराष्ट्रिय सहयोगको बाटो खोले । यो रोगी सेवाको क्रम त्यसबेला देखि समस्त बौद्ध जगतमा सबै युगमा अनवरत चालु भएको हामी देख्दछौं । नागार्जुन आदि अनेकौं आचार्यहरू र भिक्षुहरू सिद्धहरू भए जस्तै चिकित्सकहरू पनि भएका थिए । नेपाल, चीन तिब्बत र जापान आदि देशको प्राचीन औषधि विज्ञानको विकासमा बौद्धहरूको देन अत्यन्त उल्लेखनीय छ । सातौं इसवी सम्बत्मा



Downloaded from http://www.dhamma.digital

चीनको हरेक बौद्ध विहारमा एक औषधालय हुन्थ्यो । आठौं इसवी सम्बत्को जापान सम्राट सौमकी महारानी एक आदर्श रोगी सेविका थिइन् । कम्पोचियाको उत्खननमा प्राप्त एक अभिलेख अनुसार बौद्ध राजा जयवर्माले भवनभित्र राखिकन औषधि उपचार गर्ने १०२ वटा आरोग्य शालाहरू र रोगीलाई बाहिर राखिकन औषधि उपचार गर्ने ७९८ वटा आरोग्य शालाहरू बनाइएका थिए । ८३८ गाउँको आयमा ८१६४० मानिसहरू काम गर्ने आरोग्यशालाहरूको जुन अभिलेख पाइएको छ, त्यसबाट १२ रौं इसवी शताब्दीको आरोग्यशालाको प्रबन्ध र व्यवस्था समेत छर्लङ्ग स्पष्ट गरेकोछ ।

नेपालमा औषधोपचारको क्षेत्रमा बौद्धहरूको जुन योगदान छ त्यो पनि कम महत्त्वको छैन । लेलेको शिवदेव र अंशुबर्माको अभिलेखबाट स्पष्ट हुन्छ, लिच्छविकालमा औषधि उपचारको व्यवस्था सारै राम्रो थियो । अरू अरू गोष्ठीमा सबभन्दा बढी ७५ मानिकासम्म आयस्था राखेकोछ भने आरोग्यशाला गोष्ठीको लागि २०० मानिका व्यवस्था गरेको, अभिलेखमा स्पष्ट छ । यसरी आरोग्यशालालाई छुट्याएको रकम सबैभन्दा बढी छुट्याएको रकमभन्दा पनि झन्दै तीन गुणा बढी छ ।


Downloaded from http://www.dhamma.digital

# नेपाल उपत्यकामा बुद्धधर्म

## बुद्धको उपदेश

प्रकाशित हुने कौटिल्य अर्थशास्त्रलाई अशोकपूर्व मानेको खण्डमा बुद्धको समयमा नै तराईको मैदानबाट उत्तर-तिरको पहाड चढेर नेपाल उपत्यकासम्म आवतजावत चल्नुमा अस्वाभाविकता छैन । बौद्ध संस्कृत वाङ्मय मूलसर्वास्तिवादविनयमा नेपालको बाटो पहाडको कठिन उकालो ओरालो उँठको पिठ्युं जस्तो भएको वर्णनबाट बुद्धको जीवनकालमा नै ऊन किन्ने व्यापारीहरू सँगै केही भिक्षुहरू नेपालमा आएको वर्णन नेपाल उपत्यकाको यात्रा क्रममा हिउँले खाएको हुनाले भिक्षुहरूलाई जुत्ता लाउन आज्ञादिएको वर्णन पाइन्छ । तर यो वर्णनहरूको प्रामाणिकता ऐतिहासिक कालक्रमका साथ उल्लेख गर्न विवेचन गर्नु बांकि नै छ । तापनि नेपालको अभिलेख साछि भएको इतिहास शुरु हुनु भन्दा अगाडी यहाँ शाक्य, कोलीय, मल्ल र वृज्जिहरू बसोबासले जरोहालीसकेको तथ्यमा कुनै विवाद छैन । शाक्यवंश र मल्ल जस्ता शब्द लिच्छवी अभिलेखहरूमा वर्णनहरू यसको प्रमाण हो । उता विडुडभले शाक्यहरूलाई निर्दयता पूर्वक दमन गरेको, कोलीय गणतन्त्रमा कोशलले दवाब दिएको, मगधले वज्जीगणतन्त्रमा हमला गरेको र यहाँका बासिन्दाहरू यत्र तत्र शरणार्थी भएको परिप्रेक्ष्य यहाँ स्मरणीय छ । विडुडभले कपिलवस्तुमा आक्रमण गर्दा बुद्ध ७८ वर्षको हुनुहुन्थ्यो । बुद्धप्रति जीवन नै संमर्पित गर्ने श्रद्धा र प्रतिज्ञाका उपस्थापक भिक्षु आनन्द ७८ वर्षको बुद्धलाई छाडेर उपत्यका आउनु सम्भव छैन । त्यस्तै भिक्षुहरूले जुत्ता लाउन हुने नियम बनेको थियो सोम स्थविरको



Downloaded from http://www.dhamma.digital

कष्ट देखेर । पालि विनय अनुसार जुत्ता लाउने प्रसंगमा भिक्षु आनन्दको कुनै सम्बन्ध छैन ।

## नेपाल उपत्यकामा अशोककी छोरी चारुमती

वंशावलि अनुसार अशोक आफ्नी छोरी चारुमती सँगै नेपाल उपत्यकामा आउनु भएको थियो र देवपाल सँग चारुमतीको विवाह गरी दिएको थियो । चारुमतीले पछि भिक्षुणी भइ एक बौद्ध विहार बनाइन् । चारुमतीले बनाएको विहार नै चायबहिल हो भन्ने लोक धारणा छ । दिव्यावदानमा भएको अशोकको यात्रा वर्णन बुद्धजीवनी क्रम अनुसारभएको छ र लुम्बिनी पछि अशोक कपिलवस्तु हुँदै दक्षिणतिर लागेको थियो, न कि उत्तरतिर । त्यसो भएता पनि लिपिको आधारमा आजसम्म प्राप्त लिच्छविकालीन पहिलो मानिएको अभिलेख चायबहिलमा पाइएको छ । जुन अभिलेखमा बुद्ध र संघ प्रति श्रद्धा र भक्ति दर्शाउँदै दानादि गरेको एक अज्ञातनामा बौद्ध महिलाको दानको वर्णन छ । अशोकका छोरा महेन्द्र र छोरी संघमित्रा बारेमा अशोकका शिला अभिलेखहरू मौन छन् भने वाङ्मयमा कतै चर्चा नगरिएका अशोककी रानी र छोरीको नाउँ पनि पाइएको छ । प्रयाग कोसम स्तम्भमा दुतिय देवी तीवरको आमाको नाउँ आएको छ । त्यो हो, कारुबाकि । कारुबाकि डाक्टर राजवली पाण्डेयको अभिप्राय अनुसार चारुबाकी पनि हुन सकिन्छ । अशोककी चारुवाकी नाउँकि तीवरकी आमा दुतिय देवी अर्थात् कान्छी रानीको नाउँ पालि वाङ्मय र संस्कृत वाङ्मयमा प्रसिद्ध छैन । यस उसले कारुवाकि वा चारुवाकि नाउँ प्रयागको स्तम्भमा पाएकोले अशोककी चारुमती नाउँकी छोरी हुनसक्ने वातावरण सृजना भएको छ । अर्को कुरा पाटनका चार प्रसिद्ध थूरहरू (स्तूप) शैलीको दृष्टिबाट साँची, सारनाथ र कुशीनगर आदि ठाउँमा पाएका माटोको थुम्कोको थुबे (थूर) शैलीसँग समानता राख्दछ ।



Downloaded from http://www.dhamma.digital

## लिच्छवियुगमा बुद्धधर्म

लिच्छवियुगका अभिलेखहरूमा लिच्छवि, वृजिक, मल्ल, शाक्य र कोलियहरूको वर्णन पाएको छ । यिनीहरूमा बुद्धको बौद्ध संस्कृतिको प्रभाव परेको तथ्यबाट लिच्छविकालीन मूर्ति विहीन रिक्त गवाक्षको अशोक चैत्य भनिने हजारौं श्रद्धा चैत्यबाट, बुद्ध र बोधिसत्त्वका मूर्तिहरूको यथार्थबाट, राजकीय सहयोगमा ६ पुराण २ पण नै अनुदान पाउने विहारहरू भएको तथ्यबाट, त्यस्तै मानदेवको बराज्यू वृषदेवको प्रशस्तिको चारित्रिक आधारमा अनि वंशावलिको संस्मरणमा यो राजा बौद्ध भएको तथ्यबाट लिच्छवियुग आउनु भन्दा अघि नै नेपाल उपत्यका बौद्धहरूको थलो भइसकेको स्पष्ट छ । लिच्छवीकालीन श्रीमान् विहार श्रीराज विहार, खर्जुरिका विहार, मध्यम विहार, शिवदेव विहार, कल्याणगुप्त विहार, अभयरुचि विहार, सुजातप्रभु विहार, पुष्पवाटिका विहार, अजिका विहारहरूमा सबभन्दा पुरानो र प्रतिस्थित विहार चाहीं "गुं विहार" मानेको छ । सांखुको एक अभिलेखमा महासांघिक भिक्षुसंघको उल्लेख पाएको छ । ह्वेनसांग लेख्दछ, नेपालमा हीनयान र महायान बौद्ध भिक्षुहरू छन् । श्री धनवज्र वज्राचार्य ज्युको विचारधारामा गुं विहार हीनयान बौद्धहरूको गढ हो पछि हीनयानको ठाउँ वज्राचार्यले लियो । गुं विहारमा वज्रयोगीनीको मूर्ति स्थापना गरियो । गुं विहारको प्रसिद्धिलाई वज्रयोगीनिले प्रसिद्धिले उछिन्यो । यो कुरा बुझ्नको लागि शोभाभगवतीको प्रसिद्धिले भगवती मूर्ति सँगै गाँसिएको सो बहालको चैत्य अज्ञात र उपेक्षित हुँदै गएको कुरा हाम्रो सामु छ ।

## भिक्षु भिक्षुणीहरू

लिच्छविकालमा आर्यसंघ र आर्य भिक्षुणी संघका साथै भिक्षुणी सँग पनि यहाँ बस्दथे । विहार र बौद्ध भिक्षु संघका लागि दान व्यवस्था गरेको छ । त्यस्तै नेपाली जातक कथामा आज भोलि अज्ञात जस्तो भइसकेको किन्नरी जातक लिच्छविकालको पहिलो


Downloaded from http://www.dhamma.digital

अभिलेखमा उल्लेख भएको छ । अशोकको धर्म महामात्य पद नरेन्द्रदेवको समय सम्म श्री धर्मराजिकामात्य रूपमा प्रचलित भएको थियो । त्यस्तै बुद्ध स्वयं बस्न हुने विहार (गुं विहार : मधुपर्क ४।१२, धनवज्र वज्राचार्य, गो. करपोरेशन, २०२८।२९ पृ. २२) गन्धकुटी नेपालको उपत्यकामा एक विहारको प्रसिद्ध थियो । लिच्छवीकाल पछि यहाँ वज्रयान बुद्धधर्मको ठूलो प्रभाव पर्दै आवश्यक गएको देखा पर्दछ । तापनि त्यागलको चैत्य अभिलेखबाट अमिताभ, अक्षोम्य तथागतको वर्णन गरेर पनि पञ्च बुद्धको दर्शन त्यहाँ सुव्यवस्थित नभइसकेको संकेत गर्दछ । समन्तभद्र, समन्तकुसुम, मञ्जुश्री, महाप्रस्थान् प्राप्त लोकेश्वर, शुद्धवज्र धारण गर्ने लोकेश्वरको वर्णनमा दार्शनिक क्रम उपयुक्त रूपमा परेको देखिन्दैन ।

## बौद्ध वंशावली र तिब्बती चिनिया श्रोत

नेपालको बुद्धधर्म बारेमा विचार गर्दा बौद्ध शैलीको वंशावलीको उपेक्षा गर्नु उचित छैन । अन्यथा अष्टमीको दिन पशुपतिनाथलाई बुद्धको मूर्ति अंकित मुकूट पहिराइने पूजा पक्षबाट दिने अतीतको श्रोत जस्तै मूलइ मान्यता र रहस्य लोप हुँदै जानेछ ।

भृकुटी र अरनिकोको बारेमा नेपालमा अहिले सम्म श्रोत पाइएको छैन । तर अरनिको बारेको चिनिया वृतान्तलाई अब चीनमा नै अभिलेख श्रोतबाट ऐतिहासिक सिद्ध गरेको छ । यस्तै कपिलवस्तुमा जन्मेका ईसवी पाँचौं शताब्दीको प्रारम्भतिरको भिक्षु बुद्धभद्र देखि लिएर शान्तश्री, सुनयश्री, रत्नकीर्ति आदि नेपाली बौद्ध विद्वानहरूको खोज हामीले नगरे कसले गर्नेछ ? नेपालको पौराणिक इतिहास र प्रागइतिहास लेख्दा बौद्ध शैलीको वंशाबलीलाई र बौद्ध कला बस्तुमा उपेक्षाकांक्षी प्रज्ञा प्रतिष्ठानको विद्वत् प्रयासबाट नेपालको बुद्धधर्मको इतिहासमा बल पुऱ्याउने छैन ।



Downloaded from http://www.dhamma.digital

विद्यालयमा पढाइने इतिहासको पाठ्यपुस्तकहरूमा काठमाडौं उपत्यकाको पानी निष्काशन श्रीकृष्णको सुदर्शन चक्रद्वारा छेदन गरेको वर्णन गर्दा महामंजुश्रीको चन्द्रहाश खड्गद्वारा छेदन गरी पानी निष्काशन गरेको चर्चालाई बेवास्ता गर्न थालेको छ। बौद्धकला र वास्तुकलाको प्राचीनताको खोजतिर उपेक्षा मात्र होइन, प्राचीनतम नेपालको बोधिसत्त्व मूर्तिलाई बोधिसत्त्व, यक्ष बोधिसत्त्व हुँदै केही अरु नै हुने गर्ने प्रवृतिको विकास भएको छ।

नेपालको इतिहास धार्मिक रूपमा परिचर्चा गर्दा राजाहरूको नाउँको अगाडी आउने प्रशस्तिबाट नै राजाहरूलाई धर्मावलम्बी बनाउने आधार रूपमा लिने गरेको पनि देखिन्छ। उदाहरणको रूपमा बिचार गरौं। "भगवत पशुपति भट्टारक पादानुगृहितो" अर्थात् भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका भन्ने प्रशस्तिको आधारमा अंशुबर्मालाई शैवी भन्ने प्रयास गर्दछ। तर नेपालका राजाहरूमा सबैधर्म प्रति आस्था भएको यथार्थता हामी विचार गर्दैनौं। मानदेवले विष्णुविक्रान्त मूर्ति स्थापित गरे, मानदेव विहार बनाए। त्यस्तै अंशुबर्माले राजविहार बनाए। त्यसकारण मात्र प्रशस्तिलाई नै धर्मावलम्बीको मोहर छाप बनाउनु कथमपि योग्य छैन। मात्र सामयिक दृष्टिबाट उल्लेख गर्दा अतीतका यथार्थतामा भ्रमको छाँया पर्दै जानेछ।

नेपालको धेरै राजाहरूमा र प्रशासनमा महत्व राख्ने प्रमुख व्यक्तिहरूमा बौद्ध प्रशस्ति भएको पनि हामी प्रशस्त पाउँछौं। राजा मानदेव (प्रथम) का बराजु जयदेव (द्वितीय) को अभिलेखको शब्दमा 'राजोत्तम' राजा वृषभदेव "सुगत शासन पक्षपाती" भएको छ। वंशाबलीको शब्दमा "वृषदेव" हो र उनले गुंविहारमा तपस्या गरेका थिए। त्यस्तै सिंहदेव राजामा "परम सौगत," पश्चिम नेपालका राजाहरू भएकोमा अशोक चल्ल राजामा "हेवज्र चरणारविन्द", लुम्बिनी अशोक स्तम्भमा नाउँ उल्लेख भएको रिपुमल्ल राजामा


Downloaded from http://www.dhamma.digital

लोकेश्वर, पुण्यमल्ल राजामा बुद्धको आराधनाबाट पाएको राज्य रक्षा गर्न सक्ने परमसौगत जस्ता बौद्ध प्रशस्ति छन् ।

नेपाल सम्बत्‌को पाँचौ शताब्दीको अन्त्यतिर राजनैतिक घटनाक्रम सारै द्रूततर भएको र बौद्ध संस्कृतिको विकासमा क्षति पुऱ्याउने प्रकारको थियो । सुगत सुत सम श्री मेघपालको केही समय पछि बंगालको सुलतान समसुद्दिनले नेपालमा आगो लगाएर उपद्रब मचाए । यस युगको बर्द्धन परिवारमा क्रमशः राजनैतिक शक्ति ऱ्हास हुँदै गयो । एक जटाचरण सेवक मदनराम वर्द्धनकी आमा सुगतवंशावतारिणीले इतुंबहालको अभिलेखमा श्री सुगत शासनेषु धर्मचक्रमण्म विजयार्थ उल्लेख गरेता पनि सत्ताशीन राजा श्री श्री जयार्जुनेदेव राजा अस्त भए । राजा जयस्थितिमल्ललाई स्वयम्भूबाट वर प्रसाद पाएका अष्ट लोकपालावतार प्रशस्तिबाट विभूषित गरेता पनि जयस्थिति मल्लबाट बौद्धहरूलाई लाभ भएन । पछि भन्न थाले देवसंयोगले राजा जयार्जुनदेव भाग्नु भएको नरम व्यवहार गर्ने गुणी रामका अवतार श्रीमान स्थितिराजमल्लदेव नेपालको पालक भए । लिच्छवि युगमा धर्मको आदर्श रूपमा संकेत मात्र पाएको "सती" प्रथाबाट रुद्रमल्लको स्वर्गारोहण पछि ४ जना सती भएर चर्के । यो मानव दाह प्रथाबाट एकातिर राजनैतिक स्वार्थ पूरा गरे भने अर्कोतिर धर्मको मोहजाल फैलाएर राणकालसम्म देखा परेको छ ।

**(आनन्दभूमि १६।१ : वि.सं. २०४५)**



Downloaded from http://www.dhamma.digital

# नेपाली संस्कृति : बौद्ध संस्कृति

नेपाली संस्कृतिको एक पर्यायवाची शब्द बौद्ध संस्कृति हो । त्यस्तै नेपालको बौद्ध संस्कृतिको अर्थ नै नेपाली संस्कृति हो । नेपालको इतिहास बौद्ध प्रागैतिहासबाट प्रारम्भ हुन्छ । नेपाली कला, वास्तुकला, विश्वास र रीतिस्थिति त्यस्तै बौद्ध कृति, बौद्ध धारणा र पद्धतिबाट उद्‌गम भईकन आजसम्म जीवन्त रूपमा गतिशील छ ।

नेपाल अतीत बुद्धहरूमा आस्थानुयायी बौद्धहरूको देश हो । दीपंकर बुद्ध पञ्चदानमा पूजित हुने बुद्ध हुन् र पालि बौद्ध वाङ्मय स्पष्ट गर्दछ दीपंकर बुद्धकै सम्मुख सुमेध तपस्वीको बोधि प्रणिधान प्रारम्भ भएको थियो । दीपंकर बुद्धबाटै उनि भविष्यमा गौतम बुद्ध हुने भविष्यवाणी भएको थियो । कपिलवस्तुको गोटिहवामा ककुच्छन्द बुद्धको स्तूपावशेष छ । अशोकको शिलास्तम्भ अभिलेख भन्दछ, "बुधस कोनाकमनस थुबे दुतियं वढिते" कोनागमन अस्थि स्तूपलाई द्वितीयबार जीर्णोद्वार गरे अथवा कोनागमनको भएको स्तूपलाई गर्भभित्र पारेर बाहिरबाट अर्को स्तूप बनाई स्तूपको आकारलाई डब्बल बनाए । बौद्धको स्तूपमा काश्यप बुद्धको केशधातु भएको विश्वास गरिन्छ । यसरी नेपाल अतीत बुद्धदेखि बुद्धधर्मको क्षेत्र हो ।

गौतम बुद्धको जन्मभूमि लुम्बिनीलाई अभिलेखको "हिदबुधेजाते सक्यमुनीति" "यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएका थिए" शब्दबाट प्रमाणित गरेको छ । यति पुरानो र यस्तो स्पष्ट अभिलेख प्रमाण अरू कुनै हाम्रा धर्म पुरूषहरूबारेमा नेपालमा पाइएको छैन । यसकारण बौद्ध संस्कृतिको यो प्राचीनता नै नेपाली



Downloaded from http://www.dhamma.digital

संस्कृतिको पहिलो आधारशिला हो । पालि साहित्यको अध्ययनबाट स्पष्ट हुन्छ, बुद्धको पहिलो धर्मचक्र प्रवर्तन कपिलवस्तुबाट श्रमण भएका पञ्चवर्गीय सामु भएको थियो । बुद्ध शासनको पहिलो भिक्षुणी हुने सिद्धार्थ गौतमलाई दुग्धपान गराउने महाप्रजापति गौतमी थिइन् भन्ने पहिलो श्रामणेर सिद्धार्थ र यशोधराको सात वर्षीय छोरा राहुल थियो । बुद्धको जीवनकालमा नै हजारौं हजार कपिलवस्तु र देवदहका नागरिकहरू बुद्धको धर्मप्रचारार्थ भिक्षु भिक्षुणी भएका थिए । मूलसर्वास्तिवादी विनय पुस्तक अनुसार बुद्धको जीवनकालमा नै नेपाल उपत्यकासम्म यी भिक्षुहरू मध्ये केही भिक्षुहरू पुगिसकेका थिए ।

नेपाल उपत्यकाको पहिलो चारित्रिक व्यक्तित्वका साथ देखिने ऐतिहासिक राजा वृषदेव बुद्ध शासनका पक्षपाति थिए । यदाकदा बौद्ध संस्कृतिमा तुषारापात गर्नखोज्ने अनुपरमको जस्तो प्रयास देखिएता पनि नेपाली संस्कृतिलाई शान्ति र अहिंसाको सौन्दर्य तथा शीलको सुवास दिने बौद्ध प्रयास अक्षुण्ण रहेको स्पष्टछ । अंशुबर्माको समयमा राजकीय स्तरमा गुं विहार, श्रीमान विहार, श्री राजविहार, खर्जुरिका विहार, मध्यम विहारमा आर्थिक अनुदान हुन्थ्यो । बौद्धहरूको आर्थिक अनुदान गार्हस्थ्य उपभोगमा प्रयोग गर्दैनथ्यो । यसै कारण यहाँ अनेकौं विहारहरू बने, बुद्ध र बोधिसत्त्वका मूर्तिहरू बने, अध्ययन-अध्यापन भए, धर्मदूतको आदान-प्रदान भए, एशियाई भ्रातृत्व र समताको शान्ति र समृद्धिको संवर्द्धनमा विशेषतः भारत, श्रीलंका, बर्मा, थाइलैण्ड, तिब्बत चीन, जापान, कोरिया, मंगोलिया र इण्डोनेशियादिको कला, साहित्य, धर्म र दर्शनको सम्पन्नता र समृद्धिका लागि नेपाली बौद्ध संस्कृति सेतु बने ।

अघिल्ला युगको उत्तराधिकार संरक्षण गर्दै मध्यकालीन नेपालको प्रारम्भिक कला र वास्तुकला धर्म र दर्शनमा एक नयाँ आयामको थालनि भएको पनि देखिन्छ । त्यो हो, वाङमयको



Downloaded from http://www.dhamma.digital

प्रतिलिपिकरण अर्थात् ग्रन्थ पुनर्लेखन । पाटनको हिरण्यवर्ण र रूद्रवर्ण महाविहार, भक्तपुरको चतुर्ब्रह्म विहार, काठमाडौंको विक्रमशील विहार, फर्पिङका यस्तै अज्ञात विहारहरू यसका प्रमुख केन्द्रहरू मध्येका थिए । यस युगको सांस्कृतिक देन हजारौं पाण्डुलिपि ग्रन्थहरू आज पनि हाम्रो राष्ट्रिय संग्रहालयमा, तिब्बत चीन, मंगोलिया र जापानका प्राचीन विहारहरूमा संरक्षित छन् । त्यसबेला ताडपत्र, भुजपत्र, नीलपत्र निर्माण गर्ने सुन र चाँदीको मसि बनाउने, लिच्छवि, रञ्जना, भुजिंमोल, कुंमोल, पाचुमोल, क्वें मोल, लितुमोल आदि लिपि विज्ञानको विकास हुने जुन साँस्कृतिक कार्य भए त्यो बौद्ध संस्कृतिको नै अतुलनीय देन हो । रञ्जना लिपि चीन, जापान, कोरिया र मंगोलियासम्म फैलियो । यस्ता विविध लिपिहरूको विकास अन्य बौद्ध देशमा भएको देखिन्दैन । मध्यकालीन पाण्डुलिपि ग्रन्थमा र ग्रन्थको काठको गातामा लेखिने देव देवीका, बुद्ध र बोधिसत्त्वका चित्रहरू यस युगको त्यो देन हो, जुन देनबाट हाम्रो चित्रकलाको स्पष्ट र प्रमाण्य इतिहास बनेकोछ ।

राष्ट्रिय संग्रहालय स्थित बोधिसत्त्वको दोश्रो शताब्दीतिरको बोधिसत्त्वको प्रस्तर मूर्तिदेखि नेपाली मूर्ति कलाको अक्षुण्ण प्रवाह शुरू हुन्छ । चाय्बहिलको लिच्छवी अभिलेखमा उल्लेख भएको किन्नर जातकको शिलामय चित्रकथा अजन्ता, अमरावती, साँची, अंकोरवाट र बोरोबुदुरमा जस्तै उत्खनन् गरेर खोजेर हालसम्म भेटाउन सकेका छैनौं ता पनि टुंडिखेलको महांकाल अगाडि रूखमुनि रहेको एउटा श्रद्धा-चैत्यमा उत्कीर्ण किन्नरहरूबाट अनुमान गर्न सक्छौं हाम्रो बौद्ध कला कतिको स्तरयुक्तको छ । काठमाडौंको चाय्रबहिल, भ्वा:बहाल, श्रीघल, स्वयम्भू, बांगेमुढा, गणबहाल, पाटनको तुकंबहाल, भक्तपुरको सिद्धि पोखरी उत्तर दिशास्थित बुद्ध र बोधिसत्त्वका मूर्तिहरूबाट बौद्ध संस्कृतिको नेपाली कलात्मक पक्षको उच्चस्तर स्पष्ट हुन्छ । यस शिलामय कलाकृति निर्माण अगाडिका काठ र माटाका कलाकृति बारेमा हामीलाई सारै कम ज्ञान छ ।



Downloaded from http://www.dhamma.digital

प्राय: प्राचीन बौद्ध विहार स्थित मुख्य मूर्ति शाक्यमुनि बुद्ध मूल रूपमा काठ वा माटोका बनाइराखेका हुन्छन् ।

लिच्छवि युगमा जन्मगत प्रकारको वर्ण व्यवस्थाको संकेत स्पष्ट गर्दछ । तर अभिलेख र बौद्ध अनुश्रुतिबाट यो पनि स्पष्ट गर्दछ, बौद्ध संस्कृतिले कमसेकम जयस्थिति मल्लको युगसम्म जन्मबाटै ब्राह्मण श्रेष्ठ उच्चमान्ने र शाक्य वज्राचार्यहरूको लागि निम्न पेशा मात्र दिने खान लाउनमा समेत भेदभाव गर्ने वर्ण व्यवस्था थिएन । विभिन्न वर्णका श्रद्धालुबाट स्थापित बौद्ध कला, वास्तुकला, विहारलाई जग्गा दान, विशेषत: उच्चनीच विभिन्न वर्णका मानिसलाई चूडाकर्म गरेर बौद्ध विहार बनाएको यथार्थताबाट यो कुरा प्रमाणित हुन्छ । सतीप्रथा पनि नेपालमा लिच्छवी युगमा नै भित्रिने प्रयास भएको थियो तर बौद्ध प्रभावबाट नेपाली बौद्ध संस्कृतिको देनबाट कम से कम मल्ल युगको उत्तरार्द्धसम्म नेपाली नारी वर्गलाई धर्मको नाउँको जिउदै पोल्नु पर्ने स्थितिबाट मुक्ति दिए । नेपाली बौद्धमा विधवा विवाह अस्वीकृत छैन, न त विधवा विवाहमा असम्मानजनक धारणा राख्दछ ।

नेपाली बौद्धहरू आज पनि खाना खान्दा पारिवारिक रूपमा सबै सँगै बसेर समान रूपमा खाने कुरो खाने गर्छन् । भोजमा सबै मानिसहरू लामो सुकुलमा लामलामि बसेर सँगै खाने गर्दछन् । यो समव्यवहार बौद्ध संस्कृतिको समता दर्शनको प्रतिफल हो ।

नेपालको चाडपर्व, उत्सव र यात्राहरूमा प्रारम्भिक बुद्धधर्म र विकसित बुद्धधर्म अथवा तन्त्रयान मन्त्रयानहरू निमित्त कारणहरू भएको तथ्य पनि स्पष्टछ । प्राकृतिक स्थिति र उत्पादनबाट उपलब्ध वस्तुहरूको उपयोग र उपभोग गर्ने सन्दर्भमा चाडपर्वहरू, कौसीको गमलामा नै भए पनि धान रोप्ने शाक्य जातिका वप्प मंगल (धान रोपाइँ) रीति, आमा बाबुको मुख हेर्ने परम्परा, 'सी गुठी' आदिमा निहित गुठीहरूको सहयोगात्मक संगठन स्वरूप, आफ्ना श्रीसम्पत्ति



Downloaded from http://www.dhamma.digital

अन्यत्र लैजान नपर्ने गरी आफै कहाँ भएका नदी नालाहरूलाई तीर्थस्थल रूपमा मान्ने परम्परा, क्वेनसांगले खोताङ्ग आदि सुदूर उत्तर पश्चिमी एशियामा देखिएका (तर आज लोप भइसकेका जस्तै बुद्ध र बोधिसत्त्वको रथयात्रा) जस्तो पाटनको आर्यावलोकितेश्वर ( बुंगद्यो) र काठमाडौंको श्वेत वर्ण बोधिसत्त्व (जनबहा: द्यो) को यात्रा नेपाली बौद्ध संस्कृतिका ती पक्षहरू हुन्, जसको सही अध्ययन र विश्लेषणको आज अपेक्षा राख्दछ। ऋतु अनुसारका संगीत र देशको भौगोलिक स्थिति अनुसारको श्रमसाध्य जीवनको अवकाश समयका नाचगानहरूको विकासमा बौद्ध संस्कृतिकै प्रतीकात्मक अर्थ व्यापक रूपमा फैलिएको छ। नेपाली बौद्ध संस्कृतिका नृत्य, गीत, भाव र रस हामी तान्त्रिक देव देवीका मूर्तिहरूको मुद्रा र लयमा गहन र सरस रूपमा प्रवाहित र तरंगितभावमा भइरहेको भावमा दार्शनिक शूक्ष्मभाव स्पष्ट छ।

वस्तुत: नेपाल सांस्कृतिक दृष्टिबाट अत्यन्त सम्पन्न र समृद्ध देश हो यस सम्पन्नता र समृद्धिमा त्याग र सदाचारको पोषण छ, कुटिलता र प्रपञ्च प्रवृतिबाट मुक्त जुन स्वच्छन्दता र स्वतन्त्रता नेपाल संस्कृतिमा छ, त्यसमा बौद्ध संस्कृतिकै पसिनाको सुगन्ध र पवित्रताको सौन्दर्य छ।

**(धर्मकीर्ति : ८/१ ज्या:पुन्ही २०४७)**



Downloaded from http://www.dhamma.digital

# नेपालमा बुद्धधर्म र बौद्ध संस्कृति

## प्रस्तावना

'नेपालमा बुद्धधर्म र बौद्ध-संस्कृति' स्वयं एउटा अत्यन्त व्यापक र गहन विषय हो । प्रागैतिहासिक, ऐतिहासिक र आधुनिक युग सम्मको नेपालको बुद्धधर्म र बौद्ध-संस्कृति यस शीर्षकमा अन्तरभूत हुन्छ । साथै मेचीदेखि महाकालीसम्म हिमालदेखि तराई सम्मको संस्कृतिमा गहनता छ । चार हजार जति शब्दमा यति विषय विस्तारमा उड्नु यति गहनतामा गोता लगाउनु मेरो क्षमता र दक्षताका लागि दुष्करप्रायः छ । वस्तुतः परोक्ष प्रसंग, सम्बद्ध-स्मरण, अनिवार्य उदाहरणमा बाहेक यो कार्यपत्र नेपाल *(काठमाडौं)* उपत्यकाको नेपाली बुद्धधर्म र बौद्ध-संस्कृतिमा मात्र सीमित गर्न अनुमति चाहन्छु ।

## अतीत बुद्ध प्रति नेपाली श्रद्धा

नेपाल प्राचीनकालदेखि अतीत बुद्धहरूप्रति श्रद्धावान् छ । स्वयम्भूपुराणको अतीत बुद्धहरू बारेको वर्णन, "कोणाकमन *(कोणागमन)* बुध" को थुबे *(स्तूप)* बारेको अभिलेख प्रमाण, अरौटाकोटको कनकमुनि बुद्धसँग संबद्ध भएको परिचर्चा, ककुच्छन्द बुद्धसँग संबद्ध मानिएको गोटिहवाको वर्णन, पञ्चदानादि सांस्कृतिक परम्परामा दीपंकर बुद्ध प्रतिको आस्था, अजन्ताका गुफा द्वारको जस्तै एकताका नेपाली घरको ढोकामा पनि सप्त तथागतको चित्र लेख्ने परम्परा यसका प्रमाणहरू हुन् ।



Downloaded from http://www.dhamma.digital

## सप्त तथागतहरूको नेपाल उपत्यका आगमन

नेपाल उपत्यकाको नेपाली बुद्धधर्मको प्रारम्भको वर्णन एक विशिष्ट शैलीबाट स्वयम्भूपुराणमा गरिएको छ । अतीत बुद्धहरूमध्ये सत्ययुगमा नागदहमा बन्धुमतीबाट आउनु भएको विपश्वी बुद्धले जातमात्रोच्चोमा तपस्या गरेको र चैत्र पूर्णिमाको दिन कमलको कन्द *(गानु)* आरोपण गर्नु भएको, आश्विन पूर्णिमाको दिन कमल फूल फुलेको, अरूणपुरबाट शिखी बुद्ध आउनु भई त्यस फूलबाट प्रकाशित ज्योतिको दर्शन गरेर मेष संक्रान्तिका दिन ज्योतिमा लीन भएको, त्रैतायुगमा अनुपम नगरबाट आउनु भएका विश्वभू बुद्धबाट फूलोच्चोमा तपस्या गर्नु भएको र उनकै भविष्यवाणी अनुरूप पञ्चशीर्ष पर्वतबाट मंजुश्री नेपालमा आएर कोटवाल पर्वत काटेर उपत्यका बसालेको, क्षेमावती नगरबाट आउनु भएका क्रकुच्छन्द बुद्धले बागमती नदी प्रवाहित गर्नु भएको, द्वापर युगमा शोभावतीबाट कनकमुनि बुद्ध, काशीबाट काश्यप बुद्ध यहाँ आउनु भएको र शाक्यमुनि बुद्धले स्वयम्भू डाँडा नजिकको पुच्छाग्रचैत्यमा धर्मदेशना गरेर चुन्दा यक्षिणीलाई प्रव्रजित गरी आफ्ना १३५० शिष्यहरूमध्ये धेरैलाई यहीं छाडेर जानु भएको पौराणिक वर्णन उपलब्ध छ । दीर्घनिकाय महापदान सूत्त अनुसार ९१ कल्प अगाडिको विपस्सी बुद्ध र सिखी बुद्धका नगरहरू बन्धुमती र अरूणवती थिए । त्यस्तै ३१ कल्प अगाडिको वेस्सभू बुद्ध अनोमा नगरको थियो । यस भद्रकल्पका ककुसन्ध, कोकागमन, कस्सप र गोतम बुद्ध क्रमश: खेमावती, सोभावती, वाराणसी र कपिलवत्थु नगरका थिए । यसबाट स्पष्ट छ, स्वयम्भूपुराणका अतीत बुद्धका केही तथ्यहरू मूल पालिका तथ्यसँग तादात्म्य सम्बन्ध राख्दछ । अथवा भनौं स्वयंम्भूपुराण बुद्धवंशसंग परिचित छ ।



Downloaded from http://www.dhamma.digital

## लुम्बिनी, कपिलवस्तु र देवदहमा गौतम बुद्ध

'हिदबुधेजाते सक्यमुनीति' यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएका 'हिदंभगवंजातेति लुंमिनिगामे' यहाँ भगवं जन्मनु भएकोले लुम्बिनीमा अशोकस्तम्भमा उत्कीर्ण छ । कपिलवस्तु, लुम्बिनी र देवदहमा बुद्धत्वप्राप्ति पछि आउनु भएको वर्णन पालि एवं संस्कृतका प्राचीन वाङमयमा सुरक्षित छ । कलात्मक अभिव्यक्तिमा संरक्षित छ । कपिलवस्तु र देवदहमा बुद्धले अनेक उपदेश दिए । यहां जन्मेका सैकडौं हजारौं क्षीणाश्रव श्रावक श्राविकाहरूले हजारौं मानिसहरूको उद्धार गरे । त्यसबेलाका यस भेकका नेपाली बुद्धधर्म पालि बुद्धधर्मसंग सम्बन्धित छ र त्यस बेलाका बौद्ध सांस्कृतिक स्वरूपमा भिक्षाटन, ध्यान र धर्मदेशना विषयसँग सम्बद्ध छ । अर्को शब्दमा भन्ने भए त्यसबेलाको बौद्ध सांस्कृतिक सौरभमा शील, समाधि र प्रज्ञा छ, मुक्ति-मकरन्द छ र निर्वाण-रस छ ।

## शाक्यमुनि बुद्धको नेपाल उपत्यका आगमन बारेमा

बुद्ध र बुद्धका श्रावक-श्राविकाहरूको लुम्बिनी, कपिलवस्तु र देवदहबाट उत्तर, उत्तरपूर्व र दक्षिणोत्तर दिशाको चारिका बारेमा जान्न अतीतका पदचिन्हहरूको खोज गर्दै हिंड्नु बाँकी नै छ ।

स्वयम्भूपुराण अनुसार गौतम बुद्ध आफ्ना श्रावकहरूका साथ नेपाल उपत्यका आउनु भइ स्वयम्भूको दर्शन, महासत्त्व चर्याको प्रकाशन र नालामा एक वर्षावास बस्नु भएको छ । वंशावली अनुसार किराती राज्यकालमा बुद्ध कपिलवस्तुबाट नेपाल आउनु भएको थियो । नेपाल महात्म्य अनुसार इन्द्रियलाई वशमा राख्ने बुद्धावतार सौराष्ट्रबाट आउनु भई मणिधातुमा तपस्या गरेको वर्णन हाम्रा सामुने छ । परन्तु यी श्रद्धाभिव्यक्तिहरूबाट ऐतिहासिक शाक्यमुनि बुद्धको कालक्रम र बुद्धको वास्तविक गुणसंग तादात्म्य



Downloaded from http://www.dhamma.digital

सम्बन्ध पटकै राख्दैन । स्वयम्भूको सामुन्ने वज्राशन गरी जप गर्ने, गुह्यश्वरीको प्रसाद ग्रहण गर्ने, नमोबुद्धबाट गहना अस्थि निकालेर देखाउने, गिरिसुताको वचनानुसार कारुणिक बुद्धद्वारा वाग्मती र मणिमतीको दोभानमा "कारुणिकेश्वर लिंग" स्थापना गर्ने वर्णनमा केही जातकीय शैली, पछिल्ला युग साक्षेप रंग रस, स्वधर्मको महत्त्व प्रामाणिकरणको जुन प्रयास छ, त्यो अध्ययनका लागि चाख लाग्दो छ ।

## हिमाली भेगमा शाक्यमुनि बुद्ध र बुद्धधर्मको प्रवेश

पालि वाङमयमा बुद्ध नेपाल उपत्यका आउनु भएको स्पष्ट वर्णन पाइन्दैन । रोहिणी नदीको पानीको प्रसंगमा शाक्य र कोलियहरूको बीचमा हुन लागेको झगडा लडाइमा सम्झौता गराउनु भई बुद्ध मंकुल पर्वतमा वर्षावास बस्नु भएको थियो । त्यहाँबाट बुद्ध त्रायतिंस भुवनमा जानु भएको थियो । नेपालको एक पौराणिक वर्णन अनुसार पनि नेपालबाट वुद्ध त्रायतिंस भवन जानुभएको थियो । वर्णनको यस समभावले हामीलाई मंकुल पर्वतको खोजितिर प्रेरित गर्दछ । यता पालि र संस्कृत भाषाको बौद्ध वाङमयमा हिमालयको जुन सजीव र स्पष्ट चित्रण छ, त्यसमा स्वानुभूतिको स्पन्दन स्पष्ट सुनिन्छ । संयुत्तनिकाय रज्जसुत्त अनुसार बुद्ध हिमालयको अरण्यकुटीकामा बस्नु भएको थियो । बुद्ध उत्तरकामा पुग्नु भएको थियो । एक पाठभेद अनुसार उत्तरका भन्ने कुमू वा खुमू हो । यो कुलु *(कुमू खुमू)* हरूको ठाउँ हो । बुद्धले नन्दलाई जनपद कल्याणीको प्रेम वियोगको विरहमा बोध गराउन उत्तरतिर लैजानु भएको थियो ।

यस उसले श्रीलंका द्वीपमा र बर्मा देशमा बुद्धको पदार्पण हुनुमा भन्दा बुद्धले कपिलवस्तु, लुम्बिनी र देवदहबाट उत्तर दिशातिर धेरै परसम्म यात्रा गर्नु भएको तथ्यमा अवश्य पनि बढी



Downloaded from http://www.dhamma.digital

ऐतिहासिक सार्थकता छ । नानातितिथिय सुत्त अनुसार श्वेत आकर्षणमा हिमालय श्रेष्ठ छ ।

तेश्रो शताब्दीतिर सम्पादित मूलसर्वास्तिवाद विनय अनुसार मोहपुरुष विरुढकले कपिलवस्तुका शाक्यहरूलाई प्रघातित गर्दा केही शाक्यहरू नैवाल *(नेपाल)* पसेको र पछि ज्ञातिवत्सल आर्य आनन्द शाक्यहरूलाई हेर्न नेपाल आउनु भएको, आनन्दको पाइतला हिउँबाट स्फुटित भएकोले नै बुद्धद्वारा हिमवंत जनपदमा पूला *(जुत्ता विशेष)* धारण गर्ने आज्ञा गर्नु भएको वर्णनलाई आनन्दको जीवन चरित्रको विश्लेषणात्मक अध्ययनबाट समीक्षा गर्नु आवश्यक छ । विनयको अर्थकथादिको आधारमा अध्ययन गर्नु जरुरी छ ।

## चारुमती र चायबहिल

अब नेपालको कीर्ति सुनेर आफ्ना गुरु उपगुप्तसँगै पाटलिपुत्रबाट राजा अशोक नेपाल *(उपत्यका)* आएको, यहाँ धेरै चैत्यहरू बनाइकन छोरी चारुमतीको विवाह देवपालसँग गरी दिएको, पछि चारुमती र देवपालले विहारहरू बनाएको र चारुमती विहार नै चायबहिल भएको वंशावलीको कथन र जनविश्वासतिर केही विचार गरौं । दिव्यावदानमा भएको अशोकको धर्मयात्रा विवरणमा, अशोकको धर्मयात्राको अभिलेखहरूमा, महावंश र दीपवंशादि पालि वाङमयमा अशोकको नेपाल उपत्यका आगमन बारे केही उल्लेख भएको छैन । यति हुँदा हुँदै पनि महिन्द र संघमित्ताबारे अभिलेख मौन भए जस्तै चारुमती बारेमा पनि वाङमय मौन भएको भए कुनै आश्चर्य छैन । किनभने अशोककी द्वितीय देवी *(रानी)* कारुवाकी *(चारुवाकी)* भएको अभिलेखबाट सिद्ध भएकोले चारुवाकीकी छोरी तीवलकी दिदी वा बहिनी चारुमती भन्ने हुन सक्ने सम्भावना नकारन सकिन्दैन ।



Downloaded from http://www.dhamma.digital

चायबहिलस्थित पूर्वी लिच्छवी लिपिको अभिलेखको ठूलो महत्त्व छ । नेपालको लोकप्रिय जातक संग्रहमा समाविष्ट नभएको तर पालिमा संकलित "किन्नरी जातक" त्यहाँ आकीर्ण भएको चैत्यको उल्लेख र प्राचीन पालि शैलीमा जस्तै संसारलाई दबाई राख्ने र वशमा राख्न गाह्रो इन्द्रिय दमन गर्ने महामुनि रूपमा बुद्धको गुण वर्णनको यथार्थता र संघको उल्लेख यस अभिलेखमा भएको छ । चायबहिलमा प्राप्त लिच्छवि चैत्यहरूको कलात्मक शैली विशेषतः गवाक्षहरू अजंता गुफाका गवाक्षहरूसँग मिल्दा जुल्दा छन् । यसै प्रसंगमा चायबहिल प्राचीन समयमा स्थविरवादको केन्द्र भएको सूर्य विक्रम ज्ञवालीज्यूको मध्यकालीन इतिहासको भनाइ पनि यहाँ निर स्मरण हुन आउँछ ।

## अशोकको धर्मदूत

महावंस अनुसार अशोकको धर्मदूतहरू मध्येमा मज्झिमथेर अरू चार स्थविरहरू सँगै हिमवन्त प्रदेशमा आउनु भएको थियो । दीपवंस अनुसार मज्झिमथेरसँग आउने थेरहरू कस्सपगोत्त, दुरभिसार, सहदेव र मूलकदेव थिए । सासनवंसको उल्लेख अनुसार हिमवन्त प्रदेश अन्तरगत *(नेपाल उपत्यका सहित)* सम्पूर्ण हिमाच्छादित उत्तरी भूभाग परेको स्पष्ट हुन्छ । दीपवंस अनुसार अशोकका यी धर्मदूतबाट यहाँ सर्वप्रथम "धम्मचक्क सुत्त" को देशना भएको थियो ।

## धर्मचक्र संस्कृतिको प्रभाव

नेपाल उपत्यकामा धर्मचक्रको संस्कार प्राचीनकालदेखि आजसम्म निरन्तर रूपमा प्रवाहित छ । पूर्वी लिच्छवि युगको शिलामय एक धर्मचक्र श्री शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार



Downloaded from http://www.dhamma.digital

बाहिरको चौबाटो निरको एक चैत्यमा त्यसै *(अस्वाभाविक रूपमा)* संरक्षित छ । त्यस्तै लिच्छविकालीन शिलामय धर्मचक्र चायबहिल आदि ठाउँमा यत्रतत्र हामी देख्दछौं । लिच्छवि युगको अभिलेखहरूको शीर्षभागमा झण्डै दुई शताब्दी सम्म लगातार कुँदिएका "धर्मचक्र" चिन्ह कुँदिएको छ । मृगदावनमा भएका धर्मचक्रको संस्मरण अंशुवर्माको बुङमतीको २९ सं.को अभिलेख र वटुक भैरवको ८९ संवतको अभिलेखबाट शुरु गरिएको छ । यसबाट मज्झिमथेर "सवहेमवताचरिथ कल्याणकारी कस्सप गोत्त" जस्ता ऐतिहासिक धर्मदूतको धर्मचक्र संस्कृति नेपालमा कति सम्म प्रभावकारी रह्यो भन्ने तथ्यको बोध हुन्छ ।

## लिच्छवि युगको बुद्धधर्म

अभिलेख प्रमाण भएको ऐतिहासिक युग भन्दा अगाडिदेखि अर्थात् लिच्छवि युग भन्दा अगाडी नेपाल उपत्यकामा बुद्धधर्म व्यापक रूपमा फैलिइसकेको र बुद्धधर्म जन-जीवन तथा संस्कृतिको अभिन्न अंग भइसकेको स्पष्ट हुन्छ । दोश्रो शताब्दी तिरको बोधिसत्त्वको राष्ट्रिय संग्रहालयमा रहेको खण्डित मूर्ति बने जस्तै आर्य मञ्जुश्रीमा मूलकल्पले गोपाल राजाहरूको बेलामा यहाँ विहारहरू, उत्तम चैत्यहरू रम्य आरामहरू, इनार र धर्मशाला *(सत्रागार)* हरू धेरै बनेको वर्णन पाइन्छ । राजभोगमाला वंशावली इंगित गर्दछ, गोपाल वंशीय अन्तिम राजा यक्षगुप्त पनि बुद्धधर्मकै अनुयायी थियो । अर्को वंशावली अनुसार पशुप्रेक्ष देवले २४ बहालहरू बनाएको छ ।

लिच्छवि युगको एक प्रमुख ऐतिहासिक राजा वृषदेव पनि हो । मानदेव प्रथमको बराज्यू वृषदेव राजा लडाई भिडाइ कम गर्ने, बोलेको कुरा पुऱ्याउने विद्वान, सुगत शासन पक्षपाती राजोत्तम राजा थियो । यता लिच्छवि युगसम्म काठमाडौं, उत्तरी कोलिग्राम र



Downloaded from http://www.dhamma.digital

दक्षिण कोलिग्राम रूपमा विकसित भइसकेको थियो र यहाँ वृजिहरूको बसोबास भएको "वृज्जिकरथ्या" पनि बनिसकेको थियो। दानी अशल धर्म कर्म गर्ने यशश्वी राजा शंकरदेवद्वारा स्वयम्भूलाई जग्गा दान गरेको, राजा धर्मदेवद्वारा चैत्यको निर्माण गरेको, राजा मानदेवले श्रीमान विहार बनाएको, गुणरत्न निधानभूता श्री भोगिनी भूतानुकम्य चतुरा विनय प्रवीणा र मधुरभाषी हुने गरेको, प्रियपाल नामक शाक्य भिक्षुबाट आमा बाबुको कल्याण कामना गरी रत्नत्रयका लक्ष्य लिइ प्राणीहरूको उपभोगका लागि दान धर्म गरेको वंशावली र अभिलेखका कुराहरूबाट लिच्छवी युगको नेपाली बुद्धधर्मको स्वरूप स्पष्ट हुन्छ।

लिच्छवि युगको बौद्ध वास्तुकला स्पष्ट गर्न हाँडिगाउँ स्थित अंशुवर्माको ३२ संवत्को अभिलेखमा उल्लेखित गुंविहार, श्रीमान विहार, श्रीराज विहार, खर्जुरिका विहार, मध्यम विहार, सामान्य विहार त्यस्तै पाटनस्थित यम्पि बहिलको अभिलेखमा उल्लेखित वार्तसुजातप्रभ विहार, पाटन चपः टोलस्थित परमोपासिका मृगनीका अभिलेखमा उल्लेखित गन्धकुटी विहार र याग बहाल, पाटनस्थित नेरेन्द्र देवको १०३ सम्बत्को अभिलेखमा उल्लेखित अरू विहारहरू जस्तै श्री शिवदेव विहार, अभयरुचि विहार, वार्तकल्याण गुप्त विहार, चतुर्भालटसन विहार, च्यासल टोलस्थित जयदेवको १३७ सम्बतको अभिलेखमा उल्लेखित पुष्पवाटिका विहार, नक्साल नारायण चौरस्थित अभिलेखमा उल्लेखित अजिका विहार र जीवबर्मा विहारका वास्तुकला नमूना दुर्भाग्यवश आज हाम्रो सामु छैन। यी विहारहरू मध्ये गुं विहार गोपाल राज वंशावली र अभिलेखमा प्रसिद्ध थियो भने श्रीमान विंहार, खर्जुरिका विहार, मध्यम विहार, श्रीराज विहार, पूर्वोक्त अंशुवर्मा र नरेन्द्र देवको अभिलेखमा उल्लेख भएका विहारहरू हुन्। यी विहारहरूको वास्तुकला कुसिनारा, सारनाथ र जेतवनको भग्नावशेषमा देखापरेका जस्तो एक एक धार्मिक क्रिया कर्मका लागि अलग अलग भिन्न स्थल भएको थियो अथवा मल्लकालीन अवशेष रूपमा आज हाम्रा सामु भएका रहेका नेपाली



Downloaded from http://www.dhamma.digital

विहार जस्तो चतुष्कोण खुल्ला आगन, चारैतिर पेटी, तल्लो भुईं तल्लामा खुल्ला दलान र माथिल्लो तल्लाको कोठा, मूल द्वारको दायाँ बायाँ "फलेचा", मूल द्वारको ठीक सामुन्ने "क्वापा:द्य:" प्रमुख देवता, विहारको पछाडि कुनामा इनार हुने वास्तुकलाको विहार हो भन्ने छुट्याउन सजिलो छैन ।

प्राचीन पालि परम्पराको चतुदिस आगतानागत भिक्खु संघस्सको प्रभाव हामी "श्री शिवदेव विहार चातुदिशार्य भिक्षु सङ्घाय" मा देख्दछौं । अर्को महत्त्वपूर्ण कुरा लिच्छवि अभिलेख अनुसार नेपाल उपत्यकामा लिच्छवियुग सम्म महायानी भिक्षुणी शासन विद्यमान रहेको हो ।

## लिच्छविकालीन बौद्ध कला

लिच्छवि युगको बौद्ध कला लिच्छवि वास्तुकला भन्दा बढी स्पष्ट छ । गोकर्णस्थित अंशुबर्माको अभिलेखमा "चैत्य भट्टारक" उल्लेख भए जस्तै विभिन्न वंशावलीमा चैत्यबारे वर्णन भए जस्तै थुप्रै थूप, थूप शैलीका मूलत: माटाका मुद्राका महाचैत्य र ढुंगाका ससाना लिच्छवि युगका चैत्यहरू आजसम्म हाम्रो सामु विद्यमान छन् । पाटनको प्रसिद्ध चार थूरहरू कुसिनारा, सारनाथ र साँचीका स्तूपहरूको शैलीसँग मिल्दो जुल्दो छ । स्वयम्भू महाचैत्य र त्यस्तै शैलीका काठमाडौं र पाटनमा रहेका चैत्यहरू *(उदाहरणका लागि लगन, टेबहाल, गुइटल टोलका चैत्यहरू)* अर्को महत्त्वका छन् । बौद्धमा रहेको चैत्य जस्तै पेटि सहितका चैत्यहरू पनि प्रशस्त छन् । उदाहरणका लागि श्रीघ: विहार, पिं बहाल, कीर्तिपुरस्थित चिलंचु चैत्यहरूलाई अगाडी सार्न सकिन्छ । यी स्तूप र चैत्यहरू समय समयमा जीर्णोद्धार भएको र जीर्णोद्धार समयमा समय साक्षेप प्रभाव परेकोले मूल स्वरूपको पूरापूरा पत्ता लगाउनु सजिलो छैन । यसको तुलनामा ढुंगाका स-साना लिच्छवि चैत्यहरूमा आफ्ना मूल स्वरूप सुरक्षित भएको देखिन्छ । गण महाविहार स्थित ५१३ (+१३५=६४८



Downloaded from http://www.dhamma.digital

वि.सं.) सम्बत्को लिच्छवि चैत्य लिच्छवि शैलीका चैत्यहरूको अध्ययनका लागि तिथिमिति निर्धारण गर्न आधार नै भएको देखिन्छ।

## लिच्छवि श्रद्धा चैत्य

त्यसपछि आएर अजंता गुफा भित्रका चैत्य जस्तै चतुष्कोण पेटि माथि चैत्य गर्भ रहेको; ढोका बहालस्थित चैत्यको तल्लो तहमा पद्मपाणि बोधिसत्त्व, माथिल्लो तहमा बुद्धमूर्ति भएको चैत्य र स्वयम्भू नागबहालको चारैतिर बुद्धमूर्ति भएको चैत्य देखा पर्दछ।

चायबहिलस्थित चारै दिशामा अनेक गवाक्ष सहितको चतुष्कोण तह र त्यस माथि गोलाकार चैत्य गर्भ रहेको चैत्य, जम्बूद्वीप श्मशान भनिने टेकूस्थित अनेक अवाक्ष र गोलाकार तह सहितको चैत्य, टुंडिखेल महांकालस्थान अगाडि चारैतिर सासाना चैत्यहरू र दायाँ बायाँ किन्नरहरू कुदिराखेको चैत्यका साथै नेपाल उपत्यकामा यत्रतत्र छरिएका यस्तै रित्त गवाक्षका चैत्यहरू स्थविरवादी प्रभावको अथवा महायान दर्शनको प्रारम्भावस्थाका कृतिहरू हुन्।

Dhamma.Digital

लिच्छविकालका बुद्ध मूर्तिहरूमध्ये कलात्मक दृष्टिबाट स्वयम्भूको पश्चिमोत्तर कुनामा रहेको बुद्धमूर्ति अजिमा देगल पछाडि रहेको बुद्ध मूर्ति प्राचीन देखिन्छ। यस्तै सातौं शताब्दीतिरका बुद्धको दायाँ-बायाँ कुंडिएका बोधिसत्त्वका मूर्तिहरू जस्तै पाटन तुकंबहा र भक्तपुर सिद्धिपोखरीको उत्तरतिर ब्याँसी स्थित मूर्ति उल्लेखनीय छ। उपासक मणिगुप्त महेन्द्रमतीले सपत्नी आमा बाबुको बुद्धत्त्वको कामना गरी बनाएको गणबहाल नजिक ढुंगेधाराको परिधिमा स्थापित गरिराखेको पद्मपाणि बोधिसत्त्व यस प्रसंगमा स्मरणीय छ। यस्तै ढोका बहाल र श्रीघः विहार स्थित पद्मपाणि बोधिसत्त्वको मूतिहरू बिर्सन सकिन्न।



Downloaded from http://www.dhamma.digital

## महायानको विकास

लिच्छवि युगको नेपाल मूल बुद्धधर्मबाट महायान दर्शन क्रमशः विकास भएको युग हो । आफ्नो धन, शरीर, शिर र हात आदि दान दिएर माग्न आएका मनुष्यको उपकार गर्ने आदर्श स्मरण साथै अंशुबर्मालाई सर्वज्ञ ज्ञान लाभ होस् *(सर्वज्ञतामाप्नयात)*,भन्ने चाहना गरिएको, परमोपासिका मृगिनीले अमृत कार्यको कामना गरेको र पाटन त्यागल टोलस्थित एक चैत्यको उत्तर पातामा लिच्छवि लिपिको अभिलेखमा शान्त अक्षोभ्य, विमलकीर्ति, समन्तभद्र; पच्छिम पातामा वज्रधर, दक्षिण पातामा समन्त कुसुम बुद्ध र मंजुश्री, पूर्व पातामा महास्थान प्राप्त लोकेश्वर र सुखावती भुवनवासी अमिताभ बुद्धलाई प्रणाम गरिएको उल्लेख छ । वस्तुतः यस बेलासम्म ध्यानी बुद्धहरूको अक्षोभ्य पूर्व दीगमा, अमिताभ पश्चिम दीगमा हुनुपर्ने दार्शनिक नियम बनेको देखिएन, न त वैरोचनका मानस पुत्र रूपमा समन्त भद्रलाई मध्य दीग दिएको देखिन्छ । तापनि मध्यकालसम्म ध्यानी बुद्धको दर्शन विकसित भएर ज्ञान, भूमिस्पर्श *(प्रणिधान)*, अभय, ध्यान र धर्मचक्र मुद्रा, पाँच रंग, पंच तत्त्व दर्शनबाट बुद्ध, बुद्धधर्म र बौद्ध संस्कारमा नयाँ आयाम ल्याई सकेका देखिन्छ ।

## बौद्धहरूको निन्दा : धार्मिक असहिष्णुताको उदाहरण

लिच्छवि युगमा एकबार बुद्धधर्मलाई होच्याउने प्रयास भएको पनि स्पष्ट छ । अनुपरमले हाँडी गाउँस्थित स्तम्भ लेखमा नै नास्तिक, कुतार्किक, मूर्ख, कुमति जस्ता अपशब्द प्रयोग गरी बौद्धहरूको निन्दा गरिएको छ । अनुपरम राज्य प्रशासनमा ठूलो शक्ति सम्पन्न व्यक्ति थियो । अनुपरमका छोरा भौमगुप्त सहित अनेक गुप्तहरू शक्तिशाली शासक बनेका थिए । तसर्थ यसबेला बौद्धहरूलाई दबाव र दुःख दिएको भए कुनै आश्चर्य छैन । तर


Downloaded from http://www.dhamma.digital

यसरी धार्मिक असहिष्णुताबाट निन्दा र प्रशासन पक्षबाट बुद्धधर्म प्रति उपेक्षा भएतापनि बुद्धधर्म लोकधर्म र जन-संस्कृति रूपमा सुदृढ भइसकेको हुनाले बुद्धधर्म र बौद्ध-संस्कृतिको व्यापकतामा कुनै गतिरोध भने स्थिररूपबाट आउन सकेन ।

अशोकको धर्मदूत कार्य सम्पूर्ण बौद्ध देशहरूले अनुकरण गरे जस्तै नेपालबाट पनि उल्लेखनीय रूपमा अनुकरण भएको छ । चौथो शताब्दीमा बशुवन्धु नेपाल आएर तिब्बत गए जस्तै बलभद्र चिनपेह *(नांकिन)* आफ्नो कार्यक्षेत्र बनाई बौद्ध वाङमय चिनीया भाषामा अनुवाद कार्यमा व्यस्त भएको छ । आचार्य शान्तरक्षित र पद्म सम्भवले नेपाल र तिब्बतलाई कार्यक्षेत्र बनाए । राजा उदयदेवले राजनैतिक सम्बन्ध सुदृढ गरेर भृकुटीबाट सांस्कृतिक सेतु स्थापित गरे । यस बेला तामा र काँसका भाँडावर्तन, कस्तुरी र फलामे तलवार, पतिबहार *(पौभा:)* र विभिन्न लिखित पुस्तकहरूका साथै सा-साना मूर्ति निर्यात भई साँस्कृतिक र आर्थिक सम्बन्ध बढाए ।

लिच्छवि युगको नेपाली बुद्धधर्म र बौद्ध-संस्कृति मध्यकालीन नेपालमा अरू व्यापक विविधता पूर्ण भएको देखिन्छ । विहारहरूको संख्या वृद्धि हुँदै गए । अभिलेखमा नेपाल सम्वत्को पहिलो शताब्दीको उल्लेखित महावातीश्चल विहार, त्यस्तै दोश्रो शताब्दीको अभिलेखको 'ल्व्ह' विहार र सप्तपुरी विहार, तेश्रो शताब्दीको चाकपाटी महाविहार, परिनिर्वाण महाविहार, धर्मचक्र विहार र चित्र महाविहार, चौथो शताब्दीका धर्मधातु विहार, बुखम विहार, सन विहार, पाचौं शताब्दीको यो विहार, यङ्ग्व विहार, श्री हनाल विहार, छैठौं शताब्दीको प्रसिद्ध यम्पि विहार, गिरिवर विहार, पारावर्त विहार, रंगन विहार, श्री वच्छ विहार, श्री धर्मपिय महाविहार, राज श्री विहार, नागवर्ण महाविहार, तहछे विहारबाट बौद्ध वास्तुकलाको अटूट प्रवाहको प्रमाण दिएरहेको छ ।

Downloaded from http://www.dhamma.digital

## वज्रयान

"वज्रयान" र "वज्र भैरब" को उल्लेखबाट लिच्छवि युगमा वज्रयानको संकेत दिएको मानेता पनि बज्रयान दर्शनको फैलाब र क्रियाहरूको प्रभाव नेपाल उपत्यकामा मध्यकालीन युग देखि मात्र भएको देखिन्छ । नेपाली बौद्धहरू अध्ययन-अध्यापन, पुस्तक रचना, अनुवाद र पुनर्लिपिकरणमा व्यस्त हुन थाले । विक्रमशील विद्यापीठमा अनेक नेपाली भिक्षुहरू द्वारपण्डित भए । उदाहरणार्थ कालचक्र तन्त्र, गुह्य समाज, हेवज्रतन्त्रका ज्ञाता बागीश्वर कीर्ति, कालचक्रयान विज्ञ समन्त श्री भए, विशुद्ध दार्शनिक तन्त्रज्ञ माध्यमिक विज्ञ सुनमश्री मिश्र, विज्ञप्ति मात्रता सिद्धि तिब्बती भाषामा अनुवाद गर्न सक्ने शीलभद्र जस्ता विद्वान भए । उष्णीष विजय, पञ्चरक्षा, बसुन्धरा धारणी, कुरुकुल तन्त्र, कुजिका तन्त्र, दशक्रिया पद्धति, भैरवतन्त्र ने.सं. ८८, १८३, २४३, २७३ २९०, २९६, ३०० सम्म प्रचारमा आइसकेको देखिन्छ । त्यस्तै ने.सं. ३३८ को समाजतन्त्रानुधारिणी, गणचक्र क्रिया, ने.सं. ३५१ को खड्गपूजा, ने.सं. ४०० को कौमारि पूजा, ने. सं. ४०२ को चन्द्रमहारोषण तन्त्रपञ्जिका पुस्तकको प्रसिद्धिबाट नेपाली बुद्धधर्म कसरी परिवर्तित र परिवर्द्धित भई गतिशील रह्यो भन्ने कुरा स्पष्ट हुन्छ । रोग व्याधिको दुष्प्रभाव, अनावृद्धि र अतिवृष्टिको अनिकाल, भूकम्पको प्राकृतिक प्रकोप र विभिन्न राजनैतिक अशान्तिको अवस्थामा नाना उपाय, त्राणकारक क्रियाकलाप, शरणार्थ पूजा पाठ हुनु स्वाभाविक थियो । वंशावली अनुसारको ने.सं. २३५ मा बिफर फैलिएको, ने.सं. ३४० मा चार दिन सम्म घरबाट निस्कनै नसक्ने गरी अतिवृष्टि भएको, ने.सं. ३४४ मा दश दिनसम्म भएको भूकम्प, ने.सं. ३५२ मा तृतीयांश मानिस भोकबाट मरेको अनिकाल, ने.सं. ३६२ मा सात दिन सम्मको हिमपात, ने.सं. ४३६ मा आँप सुन्तला जत्रा असिना परेर चारखण्डको एक खण्ड मानिस मरेको वर्णनलाई बिर्सिन हुँदैन ।



Downloaded from http://www.dhamma.digital

## मध्यकालीन नेपालको बुद्धधर्म

यसरी नेपाल सम्बत्को प्रथम शताब्दीदेखि यहाँ दार्शनिक तत्त्व चिन्तन र तान्त्रिक क्रिया कर्म बढ्दै भएको स्पष्ट देखिन्छ। ने.सं. २ को कारण्डब्यूह, ने.सं २८ को लंकावतार, ने.सं. ४० को प्रज्ञापारमिता, ने.सं. ८८ को उष्णीय विजय पाण्डुलिपि यसको उदाहरण हो। यही त्यो समय हो, जुन समय अभयांकर गुप्तको देव देवीको मूर्ति, मुद्रा, साधना बारेको "निप्पन्नयोगावली" को प्रचार प्रसार भएको थियो। यही युगमा साधनामाला अनुसार वज्रयान साधना पनि भएको देखिन्छ। नेपाल सम्बत्को दोश्रो शताब्दीतिर क्षेमेन्द्रको बोधिसत्त्वदान कल्पलताबाट नेपाली जनतामा श्रद्धाभिवृद्धिमा सरस योगदान गरे, जुन अवदान कथाहरूमा पुराना पालि जातक कथाहरू, नयाँ सम्मिश्रित कथाहरू र बुद्धकालीन घटनालाई काब्यात्मक रूप दिएका कथाहरू *(उदाहरणार्थ विरुढकावदान)* संकलित भए।

## नेपालको बुद्धधर्ममा नव व्याकरणको प्रभाव

नेपाली बुद्धधर्मका दार्शनिक र तान्त्रिक पक्षका सैकडौं पुस्तकहरू मध्ये नौ वटा पुस्तकहरूको समूह नव व्याकरण रूपमा प्रसिद्ध छ। (१) अष्टसहस्रिका प्रज्ञापारमिता, (२) सद्धर्मपुण्डरीक, (३) ललितविस्तर, (४) लंकावतार, (५) सुवर्णप्रभास, (६) गण्डब्यूह, (७) तथागतगुह्यक, (८) समाधिराज र (९) दशभूमि ग्रन्थ एउटै युगको, एउटै दार्शनिक निकायको अथवा एउटै व्यक्तिको कृति नभएता पनि धर्मपर्याय 'नवधर्म' रूपमा प्रसिद्ध हुनु घटलाग्दो छ। अष्ट-सहस्रिका प्रज्ञापारमिता प्रज्ञा र शून्यता सम्बन्धी दर्शन हो भन्ने ललितविस्तर र सद्धर्मपुण्डरीक ग्रन्थ बुद्ध, बोधिसत्त्व र बुद्धयानको महत्ता सम्बन्धी वैपुल्यवादीहरूको ग्रन्थ हो। त्यस्तै 'लंकावतार' संसारको विविध स्वरूप विज्ञानकै अर्को अभिव्यक्ति मात्र मान्ने विज्ञानवादीहरूको



Downloaded from http://www.dhamma.digital

ग्रन्थ हो । सुवर्ण प्रभास सूत्र ललितविस्तरको रूपकायको अपेक्षा धर्मकायको प्रतिष्ठा बढाउन चाहन्छ । गण्डब्यूह बोधिसत्त्व उपासनाको वर्णन गर्दछ भन्ने तथागतगुह्यक विनय पालनाको कठोर संयमबाट निर्वाण प्राप्तिको ठाउँमा इन्द्रियवृत्तिलाई चरितार्थ गरेर यसै जन्ममा बोधिलाभको सहजमार्ग प्रष्ट्याउँने प्रयासको कृति हो । तथागतगुह्यक वैरोचन सत्तामा कायबाट तथागत समुह उत्पन्न हुने र यसैबाट लोचना, मामकी र पाण्डुरादि रूपान्तरण हुने अनि नैतिक सदाचरण बिना नै योगतन्त्र उपायबाट सम्बोधिलाभ हुने विधिको बोध गराउने लक्ष्यका ग्रन्थ हुन् । समाधिराज सूत्रको "सर्वधर्म स्वभाव समता" प्रज्ञापारमिताको शून्यतासंग तादात्म्य भाव राख्दछ । बुद्धकारक दशपारमिताको वैकल्पिक दर्शनभूमिको बुद्धत्त्व प्राप्तिको आधार दश भूमिको वर्णन दशभूमिश्वरको विषय वस्तु हो । नवव्याकरणमा इसवीको प्रथम शताब्दी देखि प्रसिद्ध भएका प्रज्ञापारमिता ग्रन्थदेखि गिलगिटमा प्राप्त प्रति छैठौं शताब्दीको समाधिराज सूत्र ग्रन्थ सम्म सम्मिलित छ । महायान वज्रयान दर्शन जतिसुकै विकाश भएता पनि स्वयं वज्रयान दर्शन बुद्धधर्मको मूल स्वरूपलाई अनायाश सुरक्षित गर्दै रहेको हुन्छ । भिक्षु विनयको मूल विनयलाई ४ पाराजिका भनिन्छ । वज्रयानको "मंजुश्री पाराजिका" ग्रन्थमा बोधिचित्त पाउनेलाई भिक्षु, यसको आधा शिक्षा पाउनेलाई श्रामणेर र यसको पनि आधा शिक्षा पाउनेलाई चैरक भनेर वर्गीकरण गरेको देखिन्छ । मंजुश्री पाराजिका भन्दछ भिक्षु, श्रामणेर र चैरकहरू उत्तम छन् र तिनीहरूबाट होम कार्य गर्नु हुन्दैन । एक प्रचलित उक्ति पनि छ, गुल्या लिनेले सुलपाः लिनु हुन्दैन, सुलपाः लिनेले गुल्या धारण गर्न हुन्दैन । अर्थात् यज्ञ आहुति गर्नेलाई पिण्डपात्र धारण गर्ने अधिकार छैन । वज्र र घण्टाको अभिषेक प्राप्त व्यक्तिद्वारा मात्र होमकार्य गर्न सकिने र होम कार्य वज्राचार्यबाट हुने कुरा पनि मंजुश्री पाराजिकामा उल्लेख गरेकोछ । यस अतिरिक्त मंजुश्री पाराजिकामा नेपाली बौद्ध जीवनको जन्म देखिको क्रिया कर्म बारेमा पनि शिक्षा दिएको छ ।



Downloaded from http://www.dhamma.digital

## अष्ट साहस्रिका प्रज्ञापारमिता

प्रज्ञापारमिताका संक्षिप्त र विस्तृत रूपमा लेखेका विभिन्न ग्रन्थहरू सर्वाधिक विस्तृत शतसाहस्रिका प्रज्ञापारमिता हो र संक्षिप्तमा एकवींसति प्रज्ञापारमिता अथवा सुविक्रान्त विक्रांति परिपृच्छावस्तु हो । तर प्रज्ञापारमिताको विविध संस्करण मध्येमा अष्टसाहस्रिका प्रज्ञापारमिता नै सर्वाधिक मान्य र महत्त्वको देखिन्छ । अनिच्च, दुक्ख र अनत्ता बोधहुनु नै पञ्ञा हो । पञ्ञाबाट नै पटिच्चसमुत्पाद साक्षात्कार हुन्छ । पञ्ञाको संस्कृत पर्यायवाची शब्द प्रज्ञा हो । प्रज्ञापारमिताको प्रज्ञा उच्चतम विवेक र पूर्णज्ञान रूपमा प्रसिद्ध छ । मुक्त मन रिक्तभए शून्य हुन्छ । माध्यमिक दर्शनको प्रणेता नागार्जुन, योगाचारका उद्‌बोधक मैत्रीनाथ त्यस्तै चार दार्शनिक निकायका आचार्यहरू असंग, बसुबन्धु, दिङ्नाग र हरिभद्रले आ-आफ्नो अध्ययनबाट प्रज्ञापारमिताको दर्शनभूमिलाई विशदीकरण गरिदिएको छ । नेपालमा यस ग्रन्थको पुन: पुन: लिपिकरण गर्ने काम दश शताब्दीसम्म लगातार भएको देखिन्छ । ताडपत्र, भुजपत्र, नीलपत्रादिमा रञ्जनादि विविध लिपिमा रजत र स्वर्णाक्षरमा लेखिएका अष्टसाहस्रिका प्रज्ञापारमिता मध्यकालीन नेपालको प्रारम्भ देखि आजसम्म पाठ हुँदै आएको छ ।

## विद्याध्ययनको केन्द्र र किल्ला रूपमा बौद्ध विहारहरू

मध्यकालीन नेपाल उपत्यकामा स्वयम्भु, थँबही, सांखु र फर्पिङ्ग आदि स्थान विद्याध्ययन र साधनाभ्यासको केन्द्रस्थल भएको देखिन्छ । धर्मस्वामी जस्ता तिब्बती विद्वान जिज्ञाशुले यहाँ आएर विद्या अध्ययन र साधना अभ्यास गरे । अरनिको जस्ता कलाकारले नेपालको कला र वास्तुकला तिब्बत चीनसम्म अमर रूपमा प्रस्तुत गरे ।

मध्यकालको पूर्वाद्धको अन्तातिर नेपाल उपत्यकाले पूर्व र पश्चिमबाट आक्रमणको मार सहनु परेको थियो । पश्चिमी



Downloaded from http://www.dhamma.digital

आक्रमणहरूको बेला यथोबहाल र पुल बहिल आदिबाट किल्लारूप दिइकन सुरक्षा प्रदान गरे । पूर्वी आक्रमणको बेला नेपालले सांस्कृतिक रूपबाट समेत ठूलो क्षति भोग्नु परेको थियो । पश्चिमी मल्ल आक्रामकहरू स्वयं बुद्धधर्मप्रति श्रद्धा र आस्था राख्दथे । परमसौगत दानशील परायण क्राचल्ल, अभिनव बोधिसत्त्वावतार र प्रवर महाजानजायिन परमोपासक हेवज्रचरणारविन्द मकरन्द मधुकर अशोकचल्ल, स्वयम्भू र बुंगम लोकेश्वरमा आस्था राख्ने जितारीमल्ल, लुम्बिनी र कपिलवस्तुको तीर्थाटन गरेर यहाँरहेको अशोक स्तम्भमा अभिलेख लेख्न लगाउने रिपुमल्ल, रत्न त्रय मान्ने आदित्यपाल, बुद्धको आराधनाबाट पाएको ठूलो राज्य रक्षा गर्न सक्ने परम सौगत पुण्यमल्ल यस प्रसंगमा उल्लेखनीय छ ।

## नेपाली बुद्धधर्म र बौद्ध संस्कृतिमा युगापेक्षित प्रभाव

मध्यकालीन युगको पूर्वाद्धको अन्ततिर राजनैतिक सत्ता अस्थिर थियो । तापनि नेपाली बौद्धहरू तान्त्रिक साधना, तान्त्रिक देव देवीको मूर्तिबाट सजिएका विहारहरू निर्माणमा खेतको दत्त दान गर्नुमा स्थिर र गतिशील नै रहेको देखिन्छ । जयस्थितिमल्ल पहिला बौद्धावतार कलियुगमा स्वयम्भूबाट वर प्रसाद पाएका अष्टलोकपालको अवतार भए राजा जर्याजुनको पलायन पछि त्यो रामावतार भए । शक्तियुक्त तान्त्रिक साधनामा लागेका बौद्ध आचार्यहरू यसै बेला जातिभेदको स्थिति बन्देजमा अरू जकडिए । भनिन्छ यसैबेलादेखि चूडाकर्मको अर्थात् भिक्षु श्रामणेर बनाउने विधिको नयाँ प्रकारको व्यवस्था गर्नु पर्‍यो । परिवारयुक्त सपत्नीक आचार्यबाट प्रव्रज्या दीक्षा दिन बाध्य भए । उता कुलाचार पालन नगर्ने व्यक्ति रौरव नर्कमा पर्ने भय देखाउन पर्ने स्थिति सम्म पनि आए ।



Downloaded from http://www.dhamma.digital

त्यस्तै बौद्ध आचार्यहरूबाट तान्त्रिक शक्ति साधनाद्वारा बुद्ध धर्मावलम्बीहरूलाई सुरक्षित राख्ने प्रयास पनि निक्कै भए । साँखु मणिचूड पर्वतमा रहेको उग्रताराको साधक वाचासिद्धि बज्राचार्य, फर्पिङ्ग बज्रयोगिनी साधक, आफ्नो मांसाहुतिद्वारा यज्ञ गर्ने तथा अद्वयसिद्धि आदिको लेखक ओडियनाचार्य, शोभाभगवतीको दर्शन र विद्याधरीका साधक वज्रपाद वज्राचार्य, टुंडिखेलको वज्रवीर महांकाल साधक तथा वाह्यपूजा विधि र हस्त पूजा विधिका रचयिता शाश्वतवज्र वज्राचार्य र जयम्बालाछि चर्यागीतद्वारा ब्रह्मपुत्र नदी तर्ने सुरतवज्र वज्राचार्य आदिका चर्यागीतहरू सुरक्षित छ भन्ने कीर्तिकथा सुनिन्छ, भनिन्छ । तर ऐतिहासिक कालक्रमकासाथ यस पक्षमा अध्ययन अन्वेषण गर्नु भने पूरा बांकी नै छ ।

मध्ययुगको उत्तरार्द्धको नेपाली बुद्धधर्म र बौद्ध संस्कृतिमा प्राचीन मूलतत्त्व सुरक्षित राख्दै युगापेक्षित रूपबाट शैवी, वैष्णवी र शाक्त धर्मसंग अरू सहचारी भाव राख्दै परिवर्द्धित हुन्दै गतिशील भएको देखिन्छ । देव देवीमा प्राणी बलिका निम्ति पूजा र तर्पण गरेतापनि चुडाकर्म बेला "अहं मित्थं यावज्जीवं प्राणातिपातात् प्रतिविरयामि" भन्नु चाहीं बिर्सेको थिएन । जलशुद्धि दर्शनानुरूप द्वादश तीर्थमा स्नान र पूजामा लहसिन थालेता पनि बौद्ध अवदान स्मरण विशेषतः बोधिसत्त्व आर्यावलोकेश्वरको गुणगान गर्ने प्रवृत्ति चाहिं अटूट नै रह्यो ।

## चाडपर्वमा नेपाली बौद्ध संस्कृति

चाडपर्व सांस्कृतिक जीवनको एक अभिन्न अंग हो । नेपाल उपत्यकामा प्रचलित धेरै चाडपर्वहरूमा बौद्ध दर्शन र बौद्ध संस्कृतिको नमेटिने प्रकारको छाप छ । पाटनको बुंगद्यो यात्रामा करुणामय रथारोहण देखि भोटो यात्रा सम्मको क्रियाकलाप, प्रतिदिन हुने स्त्रोत पाठ, पूजा र विशेष पाठ पूजामा बोधिसत्त्व प्रतिको आदर


Downloaded from http://www.dhamma.digital

त छँदैछ साथै अनेक घटना र ऐतिहासिक तथ्यतिर पनि ध्यान आकर्षित गर्दछ । व्हेनसांगले आफ्ना यात्रा वृत्तान्तमा पाटनको करुणामयको रथ यात्रा जस्तै बुद्ध र बोधिसत्त्वको रथ यात्रा र राजाहरूद्वारा त्यस्ता रथयात्रामा देखाउने सम्मान र पूजादिको विशद वर्णन गरेकोछ । यसकारण राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्यको आर्यावलोकितेश्वर करुणामय बारेको वंशावली वर्णन समय साक्षेप दृष्टिबाट विचारनीय छ ।

पाटनको आर्यावलोकितेश्वरको रथयात्रा जस्तै काठमाडौं 'जनबहा: द्यो' सेतो मत्स्येन्द्रनाथ यात्रा, कुमारी यात्रा र भादगाउँको विस्का यात्रा धेरै महत्त्वपूर्ण छ । त्यस्तै विपश्वी बुद्धद्वारा कमलपुष्प आरोपण गरेको स्मरणमा मनाइने ल्हतिपुन्ही *(चैत्र पूर्णिमा)* आचार्यहरूको सम्मानगर्ने गुरूपूर्णिमा, बौद्धकला र वास्तुकला प्रदर्शनीको प्राचीन स्वरूप गुन्हपुन्ही *(श्रावण पूर्णिमा)*, आकाश दीपदान शुरु गर्ने कतिपुन्ही *(आश्विन पूर्णिमा)*, कुठी पूजा गर्ने योमह्री पुन्ही *(मंसिर पूर्णिमा)* मनाउँदै आएको छ । बोधिसत्त्व अवदान कल्पलताको भूमिका अनुसार अवदान युग सम्म बैशाखपूर्णिमालाई "जिन जन्ममहोत्सव" रूपमा मानेता पनि मध्यकालको अन्त्यतिर आएर बुद्धको जन्म, सम्बोधिलाभ र महापरिनिर्वाण दिवसको महत्त्व चाहीं केही शताब्दी बिर्सिदिएको देखिन्छ ।

नेपाली पर्व दिनहरू मध्येमा गुँलाथ्व ८ अर्थात् श्रावण शुल्क अष्टमीका दिन गरिने पाटनको पञ्चदान र गुलागा: १३ अर्थात् भाद्रकृष्ण त्रयोदशिकादिन गरिने काठमाडौंको पञ्चदान, खोल्चा पाखा, प्यूखा, ताम्सीपाखामा लगनबहाल, वटु बहाल र इतुंबहालद्वारा गरिने सम्यकदान, पछि १२ वर्षमा गरिन लागेको सम्यकदान र पाटनको प्रति पाँच वर्षमा गरिने सम्यकदान प्रत्यक्ष रूपमा बौद्ध संस्कृतिसँग प्रत्यक्ष सम्बन्ध भएको दानकार्यको पर्वदिन हो । त्यस्तै बैशाखकृष्ण औंसिका दिन आमाको र भाद्रकृष्ण औंसिका



Downloaded from http://www.dhamma.digital

दिन बाबुको मुख हेर्ने, अक्षय तृतीयाका दिन पान र फलमूल दान गर्ने, पशुपति महादेवलाई हिरण्यवर्ण महाविहारबाट लगिएको बुद्ध मूर्ति भएको मुखल पहिराउने मुख: अष्टमी अर्थात् कार्तिक शुक्ल अष्टमी बौद्ध सांस्कृतिक महत्ता भएका पर्वहरू हुन् । यस अतिरिक्त बागद्वारको सपंतीर्थ मेला, सांखुको वज्रयोगिनी यात्रा र बरे कुतुं वनीगु पर्व आदि स्थानीय महत्त्वमा प्रभाव पार्ने पर्वहरू हुन् । सिठी नख: जेष्ठ शुक्ल षष्ठी इनार पनेरो सफा गर्ने चाड़ भए श्रावणकृष्ण त्रयोदशीको गथांमुग: अर्थात् घण्टाकर्ण र पौषकृष्ण दशमीको दिशीपूजा तन्त्रयानसंग सम्बन्धित चाडपर्वहरू हुन् । "गुँला धर्म" भन्ने श्रावण महिनाको पुण्यकार्य अथवा महिनाभर गरिने धर्म श्रवण र धार्मिक अनुष्ठान अथवा कृषि कार्यबाट प्राप्त अवकाशलाई सदुपयोग गर्ने क्रिया मात्र होइन विविध पक्षबाट महत्त्वपूर्ण सांस्कृतिक पक्ष पनि हो ।

## चाडपर्व एक : व्याख्या अनेक

नेपाल उपत्यकामा प्रचलित चाडपर्वहरू मध्येमा अनेक चाड पर्वहरूको व्याख्या अनेक भएको पाइन्छ । खड्गयात्रा गर्दै दशैंका दिन बौद्धहरू तान्त्रिक पूजा गर्दन्छन् भने उता रावण हत्याको विजया दशमी मानिन्छ, जब कि एक बौद्ध परम्परामा अशोकद्वारा शस्त्रत्यागको स्मरण दिन भनिन्छ । विष्णुपुराण नारायण वचनानुसार कुबेर र लक्ष्मी बनाई पूजिने गैडूपूजा रत्नावदानको वचनानुसार पांचाल देशको सुचन्द्र गृहपतिको दाम्पत्य प्रेम र उदारताको परीक्षा गर्न कुबेरले गरीब रूप लिइकन माग्न आएको अनि मान र सम्मानबाट प्रसन्न कुबेरको निर्देशन अनुसार जति लिएता पनि नरित्याइने कुठि *(धान्य भण्डार)* पूजा गर्ने योमरि पुन्ही हो । चन्द्रमाले आफ्नी कांछी स्वास्नी रेवतीलाई अपमान गर्दा दक्ष प्रजापति रिसाएर तेजहीन होस् भन्ने श्राप दिए । अनि भगवानले


Downloaded from http://www.dhamma.digital

कमसेकम एक दिन पूर्ण होस् भन्ने आशीष दिएर पूर्ण चन्द्रमा बनायो । आफ्नो असंतुलित शरीरमा व्यंग गर्दा गणेशले चन्द्रमालाई उसले देखे जति चोर होस् भन्ने श्राप दिए । चन्द्रमाले बाहिर झुलकन पनि लाज माने पछि गणेशलाई लड्डू चढाई एक दिन अर्थात् भाद्र शुक्ल चौथीका दिन मात्र पूजा होस् भन्ने वचन पाए । यस्तै कथाहरू वा पुराण कथनहरूमा विश्वास गरेर अनेक पर्व पूजा गर्नेहरूका लागि आफ्नो चन्द्रमा र नील आर्म स्ट्रगले पाइला हालेको मून (Moon) बेग्ला बेग्लै मान्नु बाहेक अर्को विकल्प नै के छ र ?

## जन-जीवन क्रिया : कर्मक्रिया

धर्म र दर्शन जति उच्च र पवित्र भएता पनि मानिसहरूका लागि जीवनको मन, वचन र कर्ममा यसको पूर्ण चरितार्थ गर्नु सजिलो कुरा होइन । यद्यपि जीवन व्यवस्था र सामाजिक संरचनामा कानूनी दण्डको भयबाट भन्दा नैतिक गुण-धर्मको नैसर्गिक रूपमा परिपालनको धर्म र संस्कृतिबाट बढी व्यवस्थित र शान्तिमय बनाई राखेकोछ तथापि भौतिक सुख सुविधा पाउने व्यस्तताबाट आज त्यो धर्म र संस्कृतिमा संप्रेरित व्यवस्था र शान्ति क्रमश: दूर्बल र अशान्त हुँदै गएको छ । नेपाली बुद्धधर्म र संस्कृति पनि केही कर्म क्रियामा सीमित हुँदै गइरहेको छ । मंजुश्री पाराजिका, नेमसूत्र पाराजिका, क्रिया संग्रहबाट नाभिक्षेदन *(पिध्यने)*, जातकर्म *(मचाबू ब्यंके)*, नामकरण *(नाँ छुये)*, अन्नप्रासन *(मचाजंको)*, कर्ण भेद *(न्हेपं प्वा: खने)*, चूडाकर्म, बज्राचार्याभिषेक, पाणिग्रहण, भीमरथ देवरथ र महारथ आरोहण जंको, मरेको मान्छेको शरीरमा फलाम राख्ने, उसको सिरान र खुट्टातिर बत्ति बाल्ने, छ्वासगालमा मृतकको वस्त्र फाल्ने, सेतो कपडाले बेर्ने *(देखापिखा तिके)* मृतक शरीर यात्रा *(सिथं यनेगु)*, फोहर मैलो फाल्ने *(पिवायेगु)*, मृतक शरीर विद्यमान अवस्थामा शमशानमा काक, श्वान र प्रेत, पिण्ड दिने, अस्ति



Downloaded from http://www.dhamma.digital

परीक्षण गर्दै सात दिनमा न्हेनुमा दिएर पाखाजा खाये *(आकाश दीप सहित खाद्य पदार्थ भुण्ड्याउने)*, दुब्यंके *(शुद्धि गर्ने)*, विभिन्न दिनमा बिशेषतः मृत्युको डेढ महीना, तेश्रो, छैठौं महीनामा पिण्ड दिने क्रियाकर्मको वर्णन गरेको छ।

## वर्तमान युगमा बुद्धधर्म र बौद्ध संस्कृति

वर्तमान युगको नेपालमा श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट नुवाकोट चैत्यको जीर्णोद्धार, १२ वर्षे सम्यक प्रथाको प्रचलन, श्री ५ राजेन्द्रबाट महासत्त्वोपाख्यानको रचना आदि भएता पनि विशेष उल्लेख्य बौद्ध क्रियाकलाप केही भएन। राणाकालको उदय पछि बौद्धहरू राजनैतिक सत्ता सम्पन्नहरूसँग अलगिएकै देखिन्छ। बौद्धहरू हिन्दू भए केही होइन, हिन्दूहरू बौद्ध भए अपराधी बन्ने व्यवस्था र अवस्था चन्द्र शम्शेरको शासनकाल देखि स्पष्टिन थाले। यता बौद्धहरू पनि आफ्ना बहाल, बहिल र चाडपर्वका त्यस्तै दैनिक क्रिया कर्मका बुद्ध धर्ममा र बौद्ध सांस्कृतिक साधनमा सीमित हुँदै गए।

आजको नेपाली बुद्धधर्म र बौद्ध संस्कृति भन्नु नै स्वेच्छाबाट अथवा लोकापवादबाट बच्ने अभिप्रायले गर्ने क्रिया कर्महरू भएका छन्। बहाल बहिलमा नित्य पूजा गर्ने, प्रातः र सन्ध्या समय स्तोत्र पाठ गर्ने र महिनाभर चोबहाल अथवा स्वयम्भूमा जाने धार्मिक क्रियामा ह्रास नै नभएता पनि प्रगति हुन सकेको देखिँदैन। विभिन्न वाद्यवादन, भजन, स्तोत्र पाठ, चर्यागीतको परम्परा आजका बुद्ध भक्तहरू पछि कसरी संरक्षित हुने हो एक समस्या भएको छ।

एशियाली राजनैतिक र सांस्कृतिक पुनर्जागरणको प्रभाव नेपालमा पनि देखा परेपछि बुद्धधर्म र बौद्ध संस्कृतिको क्षेत्रमा नवजागरण देखा पऱ्यो। स्वयम्भूको जीर्णोद्धार, क्यांछे लामाद्वारा हुनु,



Downloaded from http://www.dhamma.digital

सार्वजनिक धर्म देशनाबाट पुन: बुद्धधर्म र संस्कृतिमा नयाँ चेतना आउनु र ५ नेपाली युवकहरू महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति नाउँका लामा भिक्षु हुनु यसको उदाहरण हो । तर राणा प्रशासन विशेषत: राणा प्रशासनको वरद प्रभाव पाएका पुरोहित वर्गको प्रयासबाट यी युवक घेलुंहरूलाई देश निकाला गरे । त्यसपछि भित्रिएका र बुद्धधर्मको प्रचार प्रसारमा लागेका स्थविरवादी ८ जना भिक्षु श्रामणेरहरूलाई पनि १५ श्रावण २००१ का दिन देश निकाला गरे । अनि यसै बौद्धदमनको नयाँ समस्यासँग संघर्षरत हुन सारनाथमा "धर्मोदय सभा" को स्थापना भयो ।

नेपालमा प्रजातन्त्रको उदय भयो । धर्मोदय सभा पनि नेपाल भित्रियो । बुद्धधर्मप्रति केही सहिष्णुताको नीति देखा परे । २० कार्तिक २००८ का दिन बुद्धका अग्रश्रावकहरूका अस्थिधातु राजदरवारमा पूजित भए । नेपालको सर्वप्रथमको अन्तर्राष्ट्रिय सम्मेलन भन्न सकिने किसिमको ४२ देशहरूबाट भाग लिइएको चौथो विश्वबौद्ध सम्मेलन सम्पन्न भयो । बुद्धको जन्मस्थल यस लुम्बिनीमा स्व. श्री ५ महेन्द्रबाट बैशाखपूर्णिमाको दिन नेपाल अधिराज्यभर हिंसा गर्न नहुने शाही घोषणाको अभयदान बक्स्यो । लुम्बिनीको गुरु योजना बन्यो । धर्मोदय सभा कै तत्त्वावधानमा १५ औं विश्व बौद्ध सम्मेलन सम्पन्न भयो । यस अवधि भित्र थेरवाद बौद्ध भिक्षुहरू, अनागारिकाहरू र उपासक उपासिकाहरूको प्रयासबाट ४।५ शय बुद्धधर्म र बौद्ध संस्कृति बारेमा पुस्तक पुस्तिकाहरू लेख्ने र प्रकाशन गर्ने काम भए । दर्जनौं विहारहरू शील, समाधि र प्रज्ञा पक्षीय धर्मको प्रचारका केन्द्र हुँदै आए । अनवरत रूपमा अनेकौं सभा सम्मेलन भए । भिक्षुहरूबाट धर्मदेशना भए । परिणामत: बुद्धधर्म र बौद्ध संस्कृतिमा नयाँ शक्ति संचारित भए, नयाँ चेतना स्फूरित भए, नयाँ ज्योति प्रकाशित भए । अस्तु !

**(धर्मोदय सभाद्वारा आयोजित "दोश्रो राष्ट्रिय सम्मेलन" मा पौष १२ गते २०४६ का दिन लुम्बिनीमा प्रस्तुत गरिएको कार्यपत्र)**



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मको व्यावहारिक पक्ष

शाक्यमुनि बुद्धको उपदेशको मुख्य लक्ष्य निर्वाण हो तर जबसम्म निर्वाण लाभ हुँदैन तबसम्म बुद्धको उपदेश निर्वाण मार्ग उन्मुख सम्यक्, सार्थक र सहज व्यावहारिक शिक्षा चाहीरहन्छ । बुद्धले भिक्षुसंघलाई दिनुभएको शील, समाधि र प्रज्ञाको उपदेश अनि गृहस्थहरूलाई दिनुभएको दान, शील र भावनाको उपदेश कार्य र कारणसँग सम्बद्ध व्यावहारिक नैतिक शिक्षा हो । आचार विचारलाई संतुलित गर्ने बुद्धधर्मको व्यावहारिक पक्ष वास्तवमा मनोविज्ञान दर्शन हो ।

## मानव मर्यादामा आधारित बुद्धका व्यावहारिक उपदेश

व्यावहारिक उपदेशको प्रयोग-क्षेत्र मानव समाज हो । मानिसमा आफ्नो दायित्त्वका बोध र सामर्थ्यको जागरण नआएसम्म मानिसबाट कुनै प्रकारको उपदेशको कार्यान्वियन नै हुँदैन । बुद्ध नै इतिहासमा पहिलो उपदेशक हो जसले मानिसलाई ईश्वर र देवत्त्वको दासताबाट मुक्ति दिए । यही बुद्धधर्मको मानववादी व्यावहारिक पक्ष पनि हो । सबै बुद्धहरू मनुष्य लोक र मानुष भावमा नै भएका थिए । तण्हंकर, दीपंकर, ककुच्छन्द र कस्सप देखि लिएर शाक्यमुनि बुद्ध सम्म सबै बुद्धहरू मानिस रूपमा जन्मनु भएको वाङ्मय यसको प्रमाण हो । अर्को शब्दमा भन्ने भए पशु, अर्द्धपशु, किंवा देवरूपमा बुद्धवंश परम्परा चलेको छैन । पारमिता



Downloaded from http://www.dhamma.digital

पूरा गरेका मानिस बुद्ध हुने हुनाले स्पष्ट हुन्छ, अवतारवादसँग बुद्धको यतकिंचित पनि सम्बन्ध छैन । अर्को कुरा सबै प्रकारका देवता मनुष्यको पुण्यको प्रतिफल रूपमा हुने भन्नेकुरा बौद्ध वाङमयले वर्णन गरेको छ । यही बुद्धधर्मको मानवको महिमाको गाथा नै मानव-समाजको लागि महत्त्वपूर्ण व्यावहारिक उपदेश हो ।

बुद्धधर्मले मानवको महत्ता मात्र स्पष्ट्याउँदैन यसले उसको दायित्त्व बोध पनि गराउँछ । धम्मपदमा मानवधर्म बोध गर्न दुई ठाउँमा "अत्ताहि अत्तनो नाथो" अर्थात् "आफै आफ्नो नाथ हो" भनिएको छ (धम्मपद १६० र ३८०) । आफूले गरेका असल वा खराब कामको फलभोगी मानिस आफै हुन्छ, कोही देवदेवीको वरदान वा अभिशापसँग उसको सम्बन्ध हुँदैन । तसर्थ आर्थिक दृष्टीबाट नसक्ने गरी अथवा शरीरलाई नफाप्ने गरी समयले नभ्याउने गरी डर, त्रास र अन्धपरम्पराको फन्दामा परी देव देवीको आराधना एवं पूजामा लाग्नुभन्दा भ्रातृत्त्वपूर्ण मैत्री र करुणायुक्त आचार-व्यवहारतिर लाग्नु नै बुद्धधर्मको व्यावहारिक उपदेश हो । यही नै यथार्थतासँग सम्बद्ध मानवीय मूल्य र नैतिकता पनि हो ।

## मानवतामा आधारित नैसर्गिक व्यावहारिक धर्म

रगत-शुद्धिमा गर्व गर्ने शाक्यवंशमा जन्मनु भएका शाक्यमुनि बुद्धको मानवमात्रको मूल्य र मर्यादा जन्मतः उच्च-नीचमा निर्भर नभइ समानताको उपदेशमा निर्भर मानवतामा आधारित नैसर्गिक व्यावहारिक धर्म हो । चम्पेय तिर गइरहेका विभिन्न राज्यका पाँचशय ब्राह्मणहरूलाई भनिएको थियो, "भो सोणदण्ड, आमा-बाबुबाट सुजात, सात पुस्तासम्म जातिवादबाट दाग नलागेको, मगधराजा बिम्बिसारद्वारा पूजित, महाधनी र महायशश्वी भएकाले तपाई बुद्धकहाँ जानु उचित छैन ।" यस



Downloaded from http://www.dhamma.digital

कुरामा बुद्धको अभिनिष्क्रमण, प्रव्रजितभाव, शील र प्रज्ञाको मूल्य र मान्यता स्वीकार गर्ने सोणदण्डले उत्तर दियो, "बुद्ध आफूकहाँ पाल्नु हुने होइन, बरु आफै बुद्धकहाँ जानु उचितछ" (सोणदण्ड सुत्त, दी.नि. ४) । निघंटु केटुभ, अक्षर-प्रभेद, त्रिवेद र इतिहासविज्ञ, पदक *(कवि)* र तरुण पाँच शय ब्राह्मणहरूद्वारा प्रतिनिधि छानेर पठाइएको अस्सलायन ब्राह्मणले बुद्धकहाँ गएर भने, "ब्राह्मण नै ब्रह्माको औरस पुत्र हो, ब्रह्माको मुखबाट जन्मेको हो ।" बुद्धले अस्सलायनसँग सोध्नु भयो, "के ब्राह्मणीहरू ऋतुमती, गर्भिणी र प्रजननी हुँदैन ? हिंसा र चोरी आदि गरेको खण्डमा के ब्राह्मणलाई पाप लाग्दैन ? के नदीमा नुहाउँदा ब्राह्मणका मैलमात्र पानीबाट पखालिन्छ ? क्षत्रियादिको मैला पखाल्न सकिदैन ?" *(अस्सलायन सुत्त, म.नि. ९३)* । ब्राह्मण जाति *(जन्म)* बाट हुन्छ कि कर्मबाट हुन्छ भन्ने तर्कमा लागेका चंकि, तारुक्ख, जानुस्सोणि, तोदेय्य ब्राह्मणलाई बुद्धले भन्नु भयो, "म यथार्थ कुरा भन्छु । तृण, वृक्ष, पशु र पंक्षीमा भिन्न भिन्न जाति, लिङ्ग र गुण हुन्छन्, त्यस्तो भेद मानिस मानिसको बीचमा छैन । मानिसको निधारमा टाउको देखि लिएर औंला र नङसम्म, त्यस्तै स्वर र साससम्म कतै जन्मजात ब्राह्मणमात्र श्रेष्ठ अरू नीच भन्ने लक्षण वा प्रमाण छैन । अतः जीविका र शिल्प अनुसार मानिसलाई चिन्नुपर्दछ, मान्नुपर्दछ *(वासेट्ठसुत्त, म.नि. ९८)* । यसकारण ब्राह्मण नै श्रेष्ठ वर्ण हो भन्ने कुरा एउटा लोकघोष *(हल्ला)* मात्र हो *(मधुरिय सुत्त, म.नि. ८४)* । बुद्धकहाँ गएर शाक्यहरू नीच कुलका हुन् भन्ने अम्बट्ठ ब्राह्मण जातिको कृष्णायण गोत्रका स्वयं ओक्काकको दिसा भन्ने दासीबाट उत्पन्न उपवंशको नाउँ भएको ऐतिहासिक विश्लेषण सुनेर कायल हुनुपर्‍यो *(अम्बट्ठ सुत्त, दी.नि. ३०)* । मगधराज अजातशत्रु भन्छन्, दास होस् अथवा कृषक, जब ऊ श्रमण हुन्छ तब म उसलाई अभिवादन गर्छु, सेवा गर्छु *(सामञ्ञफल सुत्त दी.नि. २)* ।


Downloaded from http://www.dhamma.digital

## बौद्ध-दर्शनको व्यावहारिक पक्ष

मानव-क्षमता र मानव-बुद्धि अनुरूप मानवका लागि सार्थक विषय भन्दा परको उपदेश बुद्धले दिनु भएको छैन । घाउ लागेको मानिसको प्राथमिक आवश्यकता र त्यसको बुद्धिमानी पहिला घाउको उपचार गर्नुमा छ, न कि घाउको व्यथाले मरणावस्थामा पुग्ने आफ्नो स्थितिलाई वास्ता नगरिकन घाउ गर्ने को हो, त्यो कस्तो छ भन्ने तर्कादिमा दौड्नु । त्यसकारण बुद्धधर्म संसारको प्रारम्भ र अन्त, जीवन-श्रृंखलाको शुरु र समाप्ति, तथागतको महापरिनिर्वाणपछिको बुद्धको स्थिति प्रसंगमा तर्क-वितर्क सिकाउँदैन । जगत्को दु:खको यथार्थता स्वीकार गरी, दु:खको मुक्तिको बाटो अपनाई दु:खबाट छुटकारा पाउने व्यावहारिक प्रेरणा दिन्छ । यही बौद्ध-दर्शनको व्यावहारिक पक्षको प्रतिफल हो - बुद्धधर्मको अनात्मवाद र अनीश्वरवाद ।

## मंगलमय व्यावहारिक उपदेश

बुद्ध, बुद्धधर्म, बौद्ध-संस्कृति र बौद्ध-सभ्यतामा अभिशाप अर्थात् सराप दिने परम्परा कतै छैन । प्रियजनबाट नचिनियोस्, धन-सम्पत्ति नाशहोस् जस्तो सराप्ने कुरा बुद्धधर्ममा छैन । सराप्ने बितिक्कै त्यसै लाग्ने भए मानिसको शील र सदाचार त्यसै दुर्बल हुन्छ । श्रेष्ठ, पूज्य र समर्थवान व्यक्तिबाट अरूको विनाश हेर्नु बौद्ध-चरित्र भित्र आउँदैन । अर्को कुरा सराप्नु स्वयं दुश्चरित्रता हो ।

बुद्धधर्म करुणा, प्रेम र अवैरभावको धर्म हो । शीलवान हुनु, करुणावान हुनु र अरूको उपकार गर्नु जस्ता मंगलमय उपदेश नै बुद्धको धर्म हो । यसैका लागि नै यसमा केही पाठ पूजाको प्रावधान र आशीर्वचनको व्यवहार व्यावहारिक रूपमा रहेको हो । सुख दु:ख भन्नु नै कर्मको फल हो । यो विज्ञानसम्मत कुरा हो । बुद्धको



Downloaded from http://www.dhamma.digital

उपदेश यसै कर्मवादमा निहित छ । यसैले यो धर्म वैज्ञानिक र व्यावहारिक छ । जहाँ सबैको सुख र हितको प्रावधान छ, त्यही उपदेश मंगलमय हुन्छ । पण्डितजनको संगत गर्नु, पूज्यपक्षको पूजा गर्नु, बहुश्रुतज्ञ हुनु, शिल्प विद्या हासिलगर्नु, आमा बाबुको सेवा शुश्रुषा गर्नु, छोरा छोरीको संग्रह गर्नु आदि ३८ प्रकारका बुद्धको मांगलिक उपदेशमा सबैको हक र हित सुरक्षित छ । बुद्धका यी उपदेशहरू जहाँ बैज्ञानिक रूपमा मंगलमय सिद्ध छ, सबैका लागि व्यावहारिक पनि छ ।

## सर्वसाधारणले अनुशीलन गर्न सकिने व्यावहारिक धर्म

मानव-जीवन मनोमय छ । मनलाई बौद्ध वाङ्मयमा चित्त र विज्ञान भनिन्छ । चित्त, इन्द्रिय र रूपादि विषयको पारस्परिक सम्बन्धको कुरा अत्यन्त जटिल भएता पनि बुद्धधर्ममा सरल तरिकाबाट सर्वसाधारणले अनुशीलन गर्न सकिने रूपमा विवेचना गरेको छ । यसैले यो धर्म उच्च वर्णका होस् वा नीच वर्णका होस्, ज्ञानी होस् वा सामान्यजन होस् - सबैको लागि व्यवहार योग्य रहेको छ ।

हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने, झूठो नबोल्ने र लागू पदार्थ सेवन नगर्ने जस्ता पंचशीलका कुरा जो कोहीलाई पनि थाहा भएको र समाजमा विकृति आउनुबाट बच्नु पर्नेकुरा भनी महशूस गरिने कुरा हुन् र सर्वसाधारणबाट अनुशीलन गर्न सामर्थ हुने व्यावहारिक कुरा हुन् । यो बुद्धधर्ममा प्रवेश गर्ने पहिलो कदम र पहिलो सोपान पनि हो । आवश्यकतालाई नछाड्नु र अति नगर्नु भन्ने मध्यममार्गका कुरा जो सुकैको लागि पनि व्यवहारिक र मान्य छ । यज्ञ यागादि होममा र पशुबलि आदिद्वारा आफू तथा अरूलाई समेत पीडा हुने खालको क्रियाकलापबाट टाढा रहनु यस धर्मको



Downloaded from http://www.dhamma.digital

मार्मिक र व्यावहारिक पक्ष हो । दास दासीको रूपमा मानिसको शोषण गर्ने प्रथा यस धर्ममा नहुनुबाटै यसको व्यावहारिकतामा अरू सरलता भएको र अरू मानववादी भएको स्पष्ट छ ।

शील, समाधि र प्रज्ञा जस्ता गहन विषयलाई सरल उपायद्वारा दैनिक क्रियापद्धतिमा समावेशगर्न सकेकोले यो धर्म सर्वसाधारणलाई अनुशीलनको लागि सहज भएको छ ।

## स्वेच्छाबाट पालन गर्ने व्यावहारिक जीवन-पद्धति

बुद्धधर्मको प्रमुखतम विशेषताहरू मध्येमा स्वतन्त्र-चिन्तन पनि एक ठूलो विशेषता हो । स्वतन्त्र-चिन्तन त्यसै बेला चरितार्थ हुन्छ, जब त्यो मानिसको लागि स्वेच्छा-ग्रहण र पालनको विषय भएर व्यावहारिक हुन्छ । वास्तविक धर्म-दर्शनमा लकिरको फकिर हुने पद्धति हुँदैन । बुद्धधर्म यस्तो पद्धतिबाट अलग्ग रहेको हुँदा यो कट्टरवादी नभइकन व्यवहारवादी हुन गएको हो ।

बुद्धधर्म मानिसद्वारा गर्नु पर्ने कुशलकार्य यथाशक्य चरितार्थ गर्दै जाने जीवन पद्धति हो । यसैले जन्मेदेखि मरण र मरणोपरान्त सम्म यो यस्तै र यति नै भन्ने विधि विधान कहीं देखिएमा त्यो तिपिटकको सन्देश होइन भने ठान्नु पर्दछ । किनभने आजको सार्थक भनिने विधि र व्यवहार भोलिको लागि अव्यावहारिक पनि हुन सक्छ ।

बुद्धधर्ममा व्यावहारिक उपादेयतालाई महत्त्व दिइन्छ । बुद्ध आफूले प्रज्ञप्त गर्नु भएको विनयमा पनि व्यावहारिक उपादेयतालाई ध्यानदिइकन परिवर्तन गर्नुहुन्छ । भिक्षुहरूले श्रामणेरहरूलाई आफ्नै कोठामा नसुताउने विनय ज्ञापन हुने बितिक्कै स्वयं राहुल श्रामणेरले त्यो रात सुत्ने ठाउँ नपाएर शौचालयमा बिताउनु परेको थियो । बुद्धले भोलिपल्ट नै भन्नु भयो, ३ रातसम्म श्रामणेरहरूलाई



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूले आफ्नो कोठामा सुताउन सकिन्छ । आफूलाई रुचेको तरकारी आदि खाद्यवस्तु भिक्षुहरूले मागेर खानु हुन्न तर रोगी अवस्थामा यो नियम अपवाद हुन्छ र सामान्यतः मध्य प्रदेशका भिक्षुहरू जुत्ता लाउँदैनन्, तर जाडो ठाउँमा भिक्षुहरूले जुत्ता लगाएता पनि कुनै आपत्ति छैन ।

बुद्धधर्मको यसै व्यावहारिक कारणले गर्दा बुद्धधर्ममा यति यसरी नै भन्ने निश्चित प्रावधानको बन्धन हुँदैन । दानमा यति उति भन्ने प्रावधान छैन । पञ्चशील, अष्टशील र दशशील यहाँसम्म कि पाराजिकाशील *(भिक्षुशील)* सम्म पनि मानिसले यो दिन यति दिन नै पालन गर्नुपर्छ भन्ने कर छैन । आचरण धर्म यथाशक्य पालन गर्दै र वृद्धि गर्दै लैजाने धर्म हो ।

बुद्धधर्ममा परपीडा हुने यज्ञ र बलि कर्मलाई मात्र होइन, आफुलाई शारीरिक यातना हुने दुष्कर क्रिया समेत छाडेर शील, समाधि र प्रज्ञा नै शुद्धिका माध्यम मान्ने उपदेश छ । शील सबै वर्ण, सबै वर्ग र सबै जाति र प्रदेशमा सबै युगका स्त्री पुरुषले गर्न सक्ने गर्न पाउने सर्वदेशीय सर्वकालिक व्यावहारिक धर्म हो । द्वंगुल प्रज्ञा अर्थात् भात पकाउँदा चामल भन्दा दुई औला माथि सम्म पानि छ कि छैन हेर्ने महिला जातिले परमपद पाउन सकिन्दैन भन्ने अधोगामी तर्कलाई भिक्षुणी शोभा भन्छे, "जब चित्त समाहित हुन्छ, ज्ञान पाउँछ । त्यसबेला धर्मको साक्षात्कारमा स्त्रीभावले के बाधा दिन्छ ?" (सोभा सुत्त सं. नि ५.२)

## आर्थिक समुन्नतिमा व्यावहारिक उपदेश

बुद्धले गृहस्थहरूको आर्थिक सम्मुन्नतिका लागि "उट्ठान किरियाधिगता" अर्थात् उत्साही परिश्रमी भएर कमाउने, "बाहाबल परिचिता" दुबै हाथ चलाएर कमाउने, "सेदा वक्खिता" पसिना



Downloaded from http://www.dhamma.digital

बगाएर कमाउने उपदेश दिनुभएको छ । "समजीवितो" अर्थात् आमदानी अनुसार खर्च गरेर बाँच्नु, "आरक्ख सम्पदा" अर्थात् सम्पदाको आरक्षा गर्नु पनि बुद्धको अर्को आर्थिक अनुशासन हो । अप्राप्त सम्पदा प्राप्त गर्न नसक्ने अनि प्राप्त सम्पदा रक्षा गर्न पनि नसक्ने पौरुष अंधो भए, अप्राप्त सम्पदा प्राप्त गरेर पनि त्यसको रक्षा गर्न नसक्ने व्यक्ति एउटा आँखा भएको जस्तो हो । (अं.नि. तिक्क निपात) ।

## बुद्धधर्म व्यावहारिक उपदेशको एक पुञ्ज

बुद्धधर्ममा भिक्षुहरूका लागि व्यावहारिक रूपमा विनय पालन गर्दै चित्त शुद्ध गर्ने प्रावधान छ भने सबै गृहस्थहरूका लागि जीवनोपयोगी सार्थक उपदेशहरू छन् । उदाहरणका लागि सिंगालोवाद सुत्तलाई उल्लेख गर्न सकिन्छ । बुद्ध भन्नु हुन्छ, "नशालु पदार्थ सेवन गरे, कुबेलामा घुम्ने गरे, नाच तमाशामा लागे, जुवारे भए, पापी मित्रको संगत गरे, अलसी र अनुद्योगी भएमा सधैं उपभोग गर्न पाउने भोग सम्पति नाश हुनेछ ।" यी कुलतहरूमा नपर्नु जति आवश्यक छ, त्यति नै यी कुलतहरू छोड्ने धेरै सरल उपायहरू छन् । धर्म, कर्म अथवा रीतिको रूपमा पूर्व, पश्चिम, उत्तर, दक्षिण, उँभो र अँधोको ६ वटै दिशालाई स्नानादिगरी नमस्कार गर्नु सहज वाह्य चर्य्या भन्न सकिन्छ, तर यस चर्य्याबाट व्यक्तिगत वा समस्तिगत रूपमा समाजलाई केही लाभ हुने होइन । त्यसकारण बुद्धले आमा-बाबु, जहान-बच्चा, मित्र-गुरुजन, नोकर-चाकर आदि मान्य पूज्यहरूलाई नै छ वटा दिशाको रूपमा वर्णन गरेर प्राकृतिक दिशाहरूलाई होइन मानवीय व्यावहारिक रूपमा पूजा गर्ने उपदेश दिएका छन् । आमा-बाबु, जहान-बच्चा, मित्र, गुरु-शिष्य, पूज्य र सेवक-सेविकाहरूका बीचमा बुद्धले सिंगालपुत्रलाई दिए अनुसार व्यवहार गरेको खण्डमा कुनै दिशाबाट केही दुःख कष्ट कसैलाई आउने छैन भनी निश्चित रूपमा भन्न



Downloaded from http://www.dhamma.digital

सकिन्छ । जब हामी आपसमा यस प्रकारको सद्व्यवहार पालन गर्न सक्दैनौं तब सबै दिशाबाट हामीमा दुःख कष्ट आइपर्ने सम्भावना धेरै रहने हुन्छ (सिंगालसुत्त, दी.नि.३१) ।

अशोकको अनेक शिलास्तम्भ र शिलाखण्डमा कुंदिएका धम्म अभिलेखको मूलभूत विषय यही अहिंसा, प्रेम, सत्कार्य र आमाबाबुको सेवा रहेका छन् । अशोकका धर्मयात्रा, धर्मघोष, धर्ममङ्गलका सबै धर्मलिपि (अभिलेख) नै वास्तवमा पुरालिपि र पुरातात्त्विक प्रमाण सहितको बुद्धधर्मको व्यावहारिक उपदेश र आदर्श हुन् ।

## पर्यावरणको व्यावहारिक उपदेश

पर्यावरणको संरक्षण गर्ने बुद्धधर्मको अत्यन्त सरल र समयोचित उपदेश आजको विश्वको लागि धेरै नै मूल्यवान् सन्देश भएको छ । भगवान बुद्ध भन्नु हुन्छ –

**आरामरोपा वनरोपा, येजना सेतु कारका ।**<br>
**पपञ्च उपदानञ्च, ये ददन्ति उपस्सय ॥**<br>
**तेसं दिवा च रत्तो च, सदा पुञ्ञं पवड्ढति ।**<br>
**धम्मट्ठा सील सम्पन्ना, तेजना सग्गगामिनीति ॥**

फलफूलका बिरुवा रोपिएको आराम *(शान्त विस्तृत आवास)* बनाऊ, हरियो वन लगाऊ, पूल बनाऊ, इनार पोखरी बनाऊ । जसले यस्ता फलफूलको विरुवा, हरियो वन, इनार पोखरी सहित वातावरणको सुव्यवस्थाको विस्तृत शान्त-स्थल उपस्सय, बनाउँछ, यसको पुण्य दिन दुना रात चौगुना भई वृद्धि हुन्छ । यस्ता व्यावहारिक सत्कर्म गर्ने व्यक्तिहरू सुगतिगामिनी हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

बुद्धले मानिस, मानव-समाज र मानव-विश्वशान्तिमय बनाउन दिनु भएको सम्यक् आजीविकाको व्यावहारिक उपदेश उल्लेख गर्दै यो सानो परिचर्चा समाप्त गर्न चाहन्छु ।

सत्तवणिज्जा अर्थात् प्राणीहरूको व्यापार, दासवणिज्जा अर्थात् दास दासीको व्यापार, मज्जवणिज्जा अर्थात् मादक पदार्थको व्यापार, विस वणिज्जा अर्थात् वीष व्यापार, सत्थवणिज्जा अर्थात् शस्त्र अस्त्रको व्यापार मिथ्या आजीविका हो । दास प्रथाबाट असंख्य मानिसले भोगेका अनन्त कष्ट र यातनाको करुणकथा आज पनि इतिहासमा क्रन्दितै छ । आजको विश्वमा विभिन्न नशालु पदार्थको दुर्व्यसनबाट थुप्रै युवाहरू बहुलाएका छन् । शस्त्र व्यापारको अर्थनीतिबाट दुई विश्वमहायुद्ध चर्केर के कति मानव संहार भए र विश्वशान्ति खलबल्याई रहेको छ सबैमा विदितै छ । शस्त्र व्यापारको अर्थनीति रहुन्जेलसम्म विश्वमानव-समाज नै अशान्तिको समुद्री तुफानमा अस्थिर डाँवाडोरमा परिरहन्छ । अत: मानवको कल्याण नहुने व्यापारलाई बुद्धले स्पष्ट रूपमा मिथ्या आजीविका रूपमा हाम्रो अगाडि राख्नु भएको छ । यही बौद्ध-अर्थनीतिको व्यावहारिक पक्ष हो ।

मानव-जीवनको सुख, समृद्धि र शान्तिका लागि मानव सहित समस्त प्राणीहरूको र प्रकृति संरचनाको आरक्षणका लागि र विश्व-शान्तिका लागि बुद्धको व्यावहारिक उपदेश धारण र पालन हामी सबैबाट गर्न सकौं । अस्तु !

(धर्मोदय सभाद्वारा आयोजित तेश्रो राष्ट्रिय बौद्ध सम्मेलन (बु.सं. २५३५) धरानमा प्रस्तुत कार्यपत्र)



Downloaded from http://www.dhamma.digital

# पालिको अभिलेखसाहित्य

ललितविस्तर अनुसार सिद्धार्थ गौतमलाई ब्राह्मी र खरोष्ठी आदि ६४ लिपिहरूको ज्ञान थियो । सिद्धार्थ गौतमद्वारा फलेकमा अक्षर ज्ञान अभ्यास गरिरहेको शिलामय मूर्ति आज पनि पाकिस्तानको संग्रहालयमा सुरक्षित छ । अक्षर लेखेर खेल्ने र पत्राचारका अनेक प्रसंग प्राचीन पालिवाङ्मयमा उपलब्ध छ । तर यति हुँदा हुँदै पनि स्वयं बुद्धद्वारा अथवा बुद्धकालीन श्रावक श्राविकाहरूबाट धर्मका कुराहरू लेखेर संरक्षित गरिराखेको प्रसंग भने त्यतिको उपलब्ध छैन । बुद्धवचन छन्दोबद्ध गर्न चाहेको र सरस छन्दमा केही कुरा संरचना गरिएको एकाध प्रसंग भने नभएको होइन ।

पालिको अभिलेखसाहित्य श्रृंखलावद्धरूपबाट तेस्रो शताब्दी इसवी पूर्वदेखि प्राप्त हुन्छ र यो एशियाली साहित्यको संसारमा अपूर्व कुरा हो । किनभने सिंधुघाटीको सभ्यतापछि धर्म र संस्कृतिको इतिहासमा यही लिखित साहित्यको थालनी पनि हो । यो अभिलेख साहित्यस्रोत पन्ध्रौं शताब्दी इसवीसम्म धाराप्रवाहरूपमा प्रवाहित हुन्छ । अशोकका अभिलेखहरू धर्मको इतिहासमा र साँस्कृतिक निधिमा अतुल्य त छँदै छ, यस अतिरिक्त शुंगकालीन सांची र भरहूत आदि प्राचीन बौद्धस्थलहरूका अभिलेखहरू, सारनाथका कनिष्क आदि कुशाणकालीन अभिलेखहरू, गुप्तकालका मूर्तिफलकहरूका अभिलेखहरू मौगन, मण्डले र पगांका (म्यान्मार) कल्याणीका अभिलेखहरू यस्तै अरू अरू बौद्ध देशका अभिलेखहरू यसका प्रमाण हुन् ।



Downloaded from http://www.dhamma.digital

अशोकका अभिलेखहरूबाट पालिभाषाको स्वरूप र उसको साहित्यिक विकासमा धेरै प्रकाश दिन्छ । अशोकका अभिलेखहरूमा, प्राकृत वैयाकरणनियम अनुसार नभएको गुनासो गरिन्छ तर वास्तवमा त्यो त्यस बेलाको बोलचालको भाषामा लेख्ने प्रथाको प्रमाण हो । यो अभिलेख-साहित्य पालि एवं साहित्यिक प्राकृत बीचको भाषाको प्रतिनिधित्त्व गर्ने भाषाविज्ञानका लागि आधार पनि हो । अशोकले बुद्धको वचनलाई पूर्ण शिरोपर गर्नुभएको थियो । बुद्धले आ-आफ्नो भाषामा (शब्दमा) धर्म प्रचार गर्ने आज्ञा गर्नु भएको थियो र सर्वसाधारण जनताले नबुझ्ने छन्द (प्राचीन भाषामा) बुद्ध-वचन आवद्ध नगर्न भिक्षुहरूलाई विनयसमेत ज्ञापित गर्नुभएको थियो । यसै कारण अशोकको स्वयंको नाउँसमेत स्थानीय जनजिब्रोको बोलीमा लिपिबद्ध भएको देखिन्छ । देवानंप्रियेन प्रियदसिना राञा, देवानं पिये पियदसि राजा, देवानंपिये पियदषि लाजा, देवनांप्रियस प्रियद्रशि र देवानंपियस अशोक राजस यसको उदाहरण्ण हो ।

भाषा-विज्ञानको दृष्टिमा मागधी र प्राकृतको अस्तित्त्व आउनु भन्दा शताब्दीयौं अघि बुद्धवचनको भाषा “पालि” निर्धारित भइसकेको देखिन्छ । यति हुँदाहुँदै पनि अशोकका ऐतिहासिक अभिलेखहरू र त्यसमा पाएका ध्वन्यात्मक र व्याकरणका तत्त्वहरूमा विचार गर्दा हामीले सधैं यस कुरामा ध्यान राख्नुपर्दछ कमसेकम आर्यावर्तमा लेखनको यो पहिलो व्यापक क्षेत्रको प्रयास हो किनभने अशोकअघिको पूरालिपि ब्राह्मीको प्रमाण एकाधमात्र उपलब्ध छ र सिन्धुघाटीमा पाइएका लिपि निर्विवादरूपमा सर्वमान्यरूपमा आजसम्म पढ्ने र भाषा-शास्त्रीय विश्लेषण हुन सकेको छैन ।

अशोकको भाब्रु-शिलालेख अशोककालीन पालिभाषा अध्ययनको लागि साह्रै महत्त्वपूर्ण छ । यस अभिलेखमा केही पालिसूत्रहरूको स्पष्ट उल्लेख भएको बौद्धविद्वानहरू र भाषाविज्ञहरू मान्दछन् । बुद्ध, धर्म र संघप्रति आफ्नो मुटुमा कतिको गहिरो भक्ति


Downloaded from http://www.dhamma.digital

र गौरव छ भन्ने उल्लेख गर्नुहुने अशोकले सद्धर्म चिर स्थायीको निमित्त भन्नुहुन्छ, "इमानि भंते धंमपलियायानि (धर्म परियाय), विनयसमुकसे (विनयसमुत्कर्ष), अलियवसानि (आर्यवंश), अनागतभयानि (अनागतभय), मुनिगाथा, मोनेयसूते (मोनेयसुत्तं), उपतिसपसिने (उपतिष्य प्रश्न), लाघुलोवाद (राहुलवाद) उपदेश बुद्धले दिनुभएको छ । यसलाई भिक्षु भिक्षुणी उपासक उपासिकाहरू सबैले सधैं स्वाध्याय गरुन् ।" अभिलेखमा कुँदिएका यी सूत्रहरूको तिपिटकका सूत्रहरूमा तादात्म्य सम्बन्ध स्थापनार्थ अनेकौं विद्वान्हरूबाट प्रयत्न भएका छन् । विनयसमुकसे" (विनय-समुत्कर्ष) पातिमोक्ख "अलियवसानि" (आर्यवंश) अंगुत्तरनिकायको पंचकनिपतको पाँच अनागतभय, "मुनिगाथा" सुत्तनिपातको मुनिसूत्त, मोनेयसुते (मोनेयसूत्रं), सुत्तनिपातकै नालकसूत्त," सुत्तनिपातको "उपतिसपसिने" (उपतिष्य प्रश्न) सुत्तनिपातकै सारिपुत्तसूत्त, "लाहुलोवाद" (राहुलवाद) मज्झिमनिकायको अम्बलट्ठिक राहुलोवादसूत्र तिपिटकको परम्परागत पालि भाषा र अशोकको समयमा स्थानीय जनजिभ्रोमा रहेको पालिभाषाको तुलनात्मक अध्ययनबाट भाषा साहित्यको इतिहासमा ठूलो योगदान गर्दछ ।

भरहूतस्तूपमा जातककथाहरूका चित्रहरू अंकित छन् । साथै जातककथाहरूको नाउँ पनि उल्लेख भएका छन् । यसबाट पनि शुंगकालीन जनजिभ्रोको र पालिभाषाको तुलनात्मक अध्ययन गर्न सहयोग गर्दछ । "वितुर पुनकिय" विधुर पण्डित, "मिग" निग्रोध "मृग निग्रोध, "मुगयकय" मूगपक्ख, "लतुवा" लटुकिक, "छन्दन्तिय" छद्दन्त, "किनर" किन्नर, "जनोकोराजा" जनकराजा (महाजनक राजा)"सुजतो"(सुजात), "कसकसट" कुक्कुट, "भिस" भिस अभिलेख यसको उदाहरण हो । यस्तै सांचीका स्तूपहरूको शिलावेष्टनी का अभिलेखहरू, अजंता कण्हैया गुहा (गुफा)का चित्रसँगैका अभिलेखहरू यस अध्ययनका लागि ठूला स्रोतहरू हुन् ।


Downloaded from http://www.dhamma.digital

कुषाणकालीन पालिभाषाको अध्ययनका लागि सारनाथस्थित बोधिसत्त्वको मूर्तिसँगै कुँदिएका कनिष्कको तेस्रो शासनवर्षको "धम्मचक्कपवत्तन" सूत्रांश सारै महत्त्वपूर्ण छ । त्यस्तै कुषाणकालीन मूर्तिहरूको फलकका अभिलेखहरूबाट पादपीठका अभिलेखहरूबाट त्यस युगको पालिभाषा र प्राकृतभाषाको अध्ययन गर्न सकिन्छ । जब हामी पाँचौ छैठौं इसवी शताब्दीको म्यान्मारको मौंगन नाउँको ठाउँमा रहेको दुई स्वर्णपत्रहरूका पालिभाषाको अभिलेख पढ्छौं तिपिटकको परम्परागतरूपमा हस्तान्तरित हुँदै आएको पालि पाउँछौं र प्रथम स्वर्णपत्र अभिलेखका शब्दहरू श्लोकाकारमा राख्दा हुनेछ :-

***ये धम्मा हेतुप्पभवा तेसंहेतु तथागतो आह***
***तेसं च यो निरोधो एवंवादी महासमणा ।***

पहिलो अभिलेखमा यस गाथाका साथै चत्त्वरि सम्मप्पधाना, चत्त्वरि अरियसच्चानि, पञ्चन्द्रियाणी, सत्तबोज्झंग, अरियो अट्ठगिको मग्गो, नवलोकुत्तर धम्मा, दसकलानि, अट्ठारस बुद्धधम्मा" आदि उल्लेख गरिएका छन् भने दोस्रो स्वर्णपत्रमा पहिलो अभिलेखमा जस्तै "ये धम्मा ··· " गाथापछि बुद्धका नवांगगुण उत्कीर्ण गरिएको छ । आज पनि नेपालसहित थेरवादी परम्पराका बौद्ध देशहरूका समस्त बौद्धहरू यही बुद्धका गुणांग अनुशरण गर्दछन् । "इतिपिसो भगबा अरहं सम्मासम्बुद्धो विज्जाचरणसम्पन्नो सुगतो लोकविदू अनुत्तरो पुरिसदम्मसारथी सत्थादेवमनुस्सानं बुद्धो भगवां ति ।" अर्थात् उनी भगवान् अर्हत् सम्यक्सम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविदू, अनुत्तर पुरुष दम्य सारथी, देवमनुष्यका शास्ता, (राग, द्वेष र मोह भग्न भएका) भगवा, बुद्ध हुन् । म्यान्मारको पगां विश्वमा नै सर्वाधिक रूपमा सानाभूक्षेत्रमा थुप्रै चैत्य स्तूपहरूको श्रद्धा र पुरातात्त्विक महत्त्वका अवशेष र जीवित श्रद्धापुञ्ज भएको महत्त्वको ठाउँ हो । यहाँ ७७७७ चैत्यहरू भएको र उन ठाउँमा तौगद्विन प्रान्तको राज्यपालले १४४२ इसवीमा थुप्रै पालिग्रन्थहरू भिक्षुसंघलाई प्रदान गरेको थियो ती दान दिइएका ग्रन्थहरू २९५


Downloaded from http://www.dhamma.digital

प्रकारका छन् र अभिलेखमा ग्रन्थहरूको नाउँ कुँदिएकोले सबै महत्त्वपूर्ण सूचना प्रदान गरिएको छ । यही विशेषता पेगू (म्यान्मा) को १४७६ इसवीको राजा धम्मचेतिको "कल्याणी अभिलेख" मा पनि छ । १८७१ इसवीमा राजा मैडोंद्वारा ४१० वटा संगमरमर पाटामा सूत्रपिटक, १११ मा विनयपिटक र २०८ मा अभिधर्मपिटक कुँदिएको थियो । सम्पूर्ण पालितिपिटकमा यत्किंचित् पाठभेदबाहेक संयुक्त म्यान्मार, श्रीलंका, थाइलैण्ड, लाओस र कम्बोडियाको पालितिपिटक एउटै प्रकारको छ । म्यानमारको छट्ठसंगायन १९५४ देखि १९५६ सम्ममा पाठभेद मिलाई सबै स्थविरवादी बौद्धदेशहरूका भिक्षुसंघ संगीतिकारहरूबाट स्वीकृत गराई बर्मीअक्षरबाट सम्पूर्ण तिपिटक मुद्रण गरिएकोछ । यसैलाई आधार बनाई केन्द्रीय भारतसरकार र विहार राज्यसरकारको सहयोगले सिरिनवनालंदा महाविद्यालयबाट देवनागरी लिपिमा पूरा तिपिटक साहित्य सम्पादित भई प्रकाशित भएको छ । यसरी पच्चीसशय वर्षपछि ब्राह्मीको उत्तराधिकारी देवनागरिलिपिमा पालि तिपिटक पूर्णरूपमा प्रकाशित र उपलब्ध हुनु स्वयंमा एक अतुल्य र ऐतिहासिक गौरवको कुरा हो । जब हामी श्रीलंका, कम्पोचिया र थाइलैण्ड आदि देशका पालिको अभिलेखसाहित्यको यस्तै क्रमिक अध्ययन गर्छौं तब बुद्ध, बुद्धधर्म, बौद्धसाहित्य वाङ्मयप्रतिको श्रद्धा र आस्था झन सुदृढ र गहन हुन्छ ।


Downloaded from http://www.dhamma.digital

# पालि साहित्यको संक्षिप्त परिचय

## प्रस्तावना : शाक्यमुनि बुद्धको युगमा मज्झिमपदेस

जम्बूदीप आर्यावर्तको मज्झिमपदेस मध्य-प्रदेश सबैले बोल्ने र बुझ्ने एउटा भाषा थियो। मज्झिमपदेसका पूर्वमा महाशाल वन अगाडी रहेको कंजगल नगर, दक्षिण-पश्चिममा सतकण्णिक नगर, पश्चिममा थून गाउँ र उत्तरमा उसिरधज पर्वत छ। यो तीन शय योजन लम्बाई दुई शय पचास योजन चौडाईको मानिएको छ। यस भू-क्षेत्र भित्र प्रसिद्ध सोह्र महाजनपदहरू मध्येमा उत्तरापथको गंधार र कम्बोज दुई जनपद बाहेक १६ महाजनपदहरू छन्। बुद्धको चारिकाको क्षेत्र मज्झिमपदेसमा बोलिने भाषा बुद्धले र बुद्धका श्रावक श्राविकाहरूले आफ्नो चारिका र धर्मदेशनाको क्रममा कुनै अनुवादकको सहारा विना बोलिने भाषा हो। मज्झिमपदेसको (मध्यम प्रदेशको) त्यस भाषाको नाउँ के हो र कुन प्रदेशको मूल भाषा हो भन्ने बारेमा स्पष्ट रूपबाट प्रमाण उपलब्ध छैन। राजनैतिक सम्प्रभुताको प्रभाव भाषिक जगतमा पर्छ। बुद्धको समयमा मगध र कोशल आदि राजतन्त्रात्मक राज्य भए, मल्ल, पावा, वैशाली स-साना गणतन्त्रात्मक राज्यहरू थिए। कुरु जनपद देखि मगधं र विन्ध्या देखि हिमवंत सम्म बोलिने सम्झिने एउटा माध्यम भाषा मगधको मागधी भाषा भन्नु पनि निर्विवाद छैन। उता बुद्धको शासनमा सम्पूर्ण मज्झिमपदेसको विभिन्न जाति वर्णका मानिसहरू श्रावकश्राविका र उपासक उपासिकाहरू छन्। सम्पूर्ण मज्झिमपदेसमा यत्किंचित शब्द र क्रियाभेदको स्थानीय प्रभाव भएका एक भाषा नै बुद्ध-धर्मको वा बुद्धशासनको माध्यम भाषा हो।



Downloaded from http://www.dhamma.digital

**जनभाषा र प्रान्तीय बोलिको प्रभाव** : यमेलु र तेकुल भिक्षुको दृष्टिमा 'सकायनिरुति' (आ-आफ्नो स्थानीय शब्द र क्रियाको मिश्रण भएको भाषा) मा भिक्षु भिक्षुणीहरू बुद्धको उपदेश दिनु बुद्ध वचन दूषण गर्नु हो । त्यसकारण तिनीहरूले बुद्धमा प्रार्थना गरे, "हन्दमयं भन्ते, बुद्ध वचनं छन्दसो आरोपेमाति" अर्थात् "भन्ते, हामी बुद्ध-वचनलाई छन्दस्मा आवद्ध गर्छौं ।" तर बुद्धले यसो गरेमा दृष्कृत अपराध लाग्नेछ भन्ने विनय ज्ञापन गर्दै आज्ञा गर्नु भएका थिए, "अनुजानामि, भिक्खवे सकायनिरुत्तिया बुद्धवचनं परियापुणितुं" अर्थात् "भिक्षुहरू, आ-आफ्नो भाषामा बुद्धवचन सिक्ने अनुज्ञा दिन्छु ।" बुद्ध महापरिनिर्वाण पछिको पहिलो धर्म र विनयको संगायनमा त्यही मज्झिमपदेसमा सबैले बुझ्ने यसै भाषालाई माध्यम बनाएको थियो । त्यस पछिको भाषा स्वयं बुद्ध-वचनको भाषा रूपमा प्रख्यात भयो र पछि पालि भाषा रूपमा स्वीकारियो । अशोकले आफ्ना अभिलेखमा बुद्धको महत्वपूर्ण सूत्र उपदेशको अनुशरण गर्ने प्रेरणा दिँदै यसलाई "धम्मपलियाय" "धर्मपरियाय" भनेको छ ।

**पालिशब्दको निरुक्ति** : "पालि" शब्दको निरुक्तिमा विभिन्न धारणाहरू छन् । तर भिक्षु सिद्धार्थको संस्कृत शब्द "पाठ" को "पाळि" हुँदै "पालि" भएको अथवा पण्डित विधुशंकर भट्टाचार्यको "पंक्ति" को "पालि" (पालि) भएको अथवा डा. मैक्समूलरको पाटलि (पाटलिपुत्रको भाषा) को पालि भएको तर्क भन्दा परियाय > पलियाय > पालि भएकोमा धेरै ऐतिहासिक र भाषिक सत्य शक्ति छ । बुद्धको धर्मदेशना पछि भिक्षुहरू बुद्धमा बिन्ति गर्थे, "भगवता अनेक परियायेन धम्मो पकासितो" अर्थात् "भगवानबाट अनेक पर्यायहरूका धर्म प्रकाशित भएछ ।" यसलाई के नाउँको परियायबाट हामी चिनी राखौं ? जवाफमा बुद्ध त्यस धर्मदेशनाको परियायको रूपमा शीर्षक दिनु हुन्थ्यो । यसरी परियायको अर्थ नै "बुद्ध-वचन" हुन गयो । अशोकको भाब्रू स्थित शिलालेखमा "पलियाय" शब्द उत्कीर्ण गरेको छ, त्यहाँ यसको अर्थ पनि बुद्ध-



Downloaded from http://www.dhamma.digital

वचन हो । अशोक चाहन्छ सबै भिक्षुभिक्षुणी र उपासकउपासिकाहरू यस "धम्मपलियाय" लाई सबैले सुनोस् र धारण गरोस् ।

**पलियाय** > **पलि** : "पलियाय" को "पलि" उपसर्गको पहिलो अक्षर दीर्घ भएर "पालियाय" भयो । यसै पालियायको संक्षिप्त रूप नै "पालि" भएर बुद्ध-वचन अथवा मूल तिपिटकको अर्थमा प्रयोग भयो । चौथौं इसवी शताब्दीको आचार्य बुद्धघोषले "पालि" को यसै अर्थमा प्रयोग गर्नु भएको छ । "इमानि ताव पालियं" यहाँ पालिमा "नेव पालियं न अट्ठकथायं आगतं" अर्थात् "यो न पालिमा आएको छ, न अट्ठकथामा आएको छ" "नेव पालियं न अट्ठकथायं दिस्सति" अर्थात् "न यो पालिमा नै देखिन्छ, न अर्थकथा नै देखिन्छ" । यस्तै चौथौं इसवी शताव्दीको दीपवंस, पाँचौं शताव्दीको परिवर्द्धित महावंसको, छैठौं शताव्दीको परमत्थदीपनी देखि लिएर १३ औं शताव्दीको चुल्लवंस सम्ममा 'पालि' मूल तिपिटक अर्थमा प्रयोग भएको छ ।

पालिमा विविध पदावलि हुनु स्वाभाविक छ । कारण बुद्धले स्वयं भन्नु भएको छ "पात्र" लाई कुनै जनपदमा "पाति" कुनैमा "पत्त" कुनैमा "वित्थ" कुनैमा "सराव" शब्द प्रयोग हुन्छ भने भिक्षुहरूले एउटै शब्दलाई मात्र स्वीकार र धारण गरेर यो नै प्रयोग ठीक छ अरू जम्मै गलत छ भन्नु हुन्न । यी स्थानीय भाषा र बोलिको आदर गर्ने बुद्धको उपदेशको प्रतिफलबाट पालि भाषामा विभिन्न प्रान्तीय भाषाको प्रभाव रहन गयो ।

**वैदिक र पालि भाषा** : वैदिक भाषाको उत्तराधिकार संस्कार गरिएको संस्कृत भाषाले अपेक्षा गरेका शब्द पनि जन जीब्रोमा रहेको शब्द पालिले स्वीकारेको छ । वैदिक भाषामा अकारान्त शब्दको तृतीया वचन "देवेभि" "कर्णेभि" जस्ता रूपलाई, जसलाई कि संस्कृतले छाडेको छ, पालिले 'देवेभि' 'देवेहि' 'कण्णेभि' 'कण्णेहि' रूपमा लिएको छ । उत्तम पुरुष बहुवचनको वैदिक प्रत्यय 'मसि' पालिमा 'मसे' (मयमेत्थ यमामसे) को रूपमा सुरक्षित छ ।


Downloaded from http://www.dhamma.digital

पालिको सिम्बल (कपासको बोट) संस्कृतको शाल्मलीबाट लिएको होइन । बरू वैदिक शिम्वल (कपासको फूल) बाट लिएको हो । प्राकृतको मागधी, अर्द्धमागधी, शौरसेनी र पैशाचीसँग पालिको ध्वनि-समूहमा एउटा मिल्दो जुल्दो स्वरूप छ। ह्रस्व "ए" र 'ओ' को प्रयोग पालि र प्राकृतमा समान छ, दुबैमा विसर्गको प्रयोग छैंन । श र ष को ठाउँमा मागधी प्राकृतमा छाडेर सबै प्राकृत र पालिभाषामा "स" मात्र हुन्छ । मूर्द्धन्य ध्वनि "ळ" पनि पालि र प्राकृत दुबैमा पाइन्छ ।

साधारण रूपमा संस्कृत ह्रस्व 'अ' 'इ' र 'उ' पालि र प्राकृतमा सुरक्षित छ । जस्तै वधू: > वधू, प्रिय > पिय, मुखम् > मुखं, तर 'अ' संयुक्त व्यंजन भन्दा अघि आएमा पालिमा ए ह्रस्व पनि हुने गर्दछ । जस्तो :-फल्गु > फेग्गु र शय्या > सेय्या । त्यस्तै संस्कृतमा इ र उ संयुक्त व्यंजन अगाडि भए पालिमा ए र ओ हुन्छ । जस्तै : निष्क > नेक्ख, उल्कामुख > ओल्कामुख, पुष्कर > पोक्खर । संस्कृतमा संयुक्त व्यञ्जन भन्दा अगाडिको दीर्घ स्वर पालिमा ह्रस्व हुन्छ जस्तो :- चैत्य > चेतिय, मौर्य > मोरिय । ऋ को ठाउँमा पालिमा 'अ' 'इ' वा 'उ' हुने गर्दछ जस्तै: ऋक्ष > अच्छे, हृदय > हदय, मृग > मिग, ऋण > इण, ऋषभ > उसभ, पृच्छति > पुच्छति ।

**पालि साहित्य भाषाको स्वरूप र विकासक्रम** :- पालि साहित्यको स्वरूप र विकासक्रमलाई विचार गर्दा यसको चार भिन्नता देखापर्दछ । (१) तिपिटकको गाथा साहित्य भाषाको सुत्तनिपात (२) एक रूपताक्रम तिपिटकको गद्य भाग 'जातक' (३) उत्तरकालीन पालि गद्य साहित्य (मिलिन्दपञ्हो र अट्ठकथा) । (४) लेखकहरूद्वारा आ-आफ्नो रुचि अनुसार रचिएका प्राचीन रूप अनुकरण गरेका रूप जस्तो :- महावंस, दीपवंस र तेलकटाह गाथा यसको उदाहरण हो ।


Downloaded from http://www.dhamma.digital

**पालि तिपिटक** : पालि साहित्यको मूल आधार 'तिपिटक' हो । तिपिटकमा समस्त बुद्ध-वाणी नै संग्रहित छ त भन्न सकिंदैन तापनि सर्वाधिक र प्रामाणिक रूपमा बुद्ध-वाणी तिपिटकमा नै सुरक्षित छ । पालि साहित्यबाट भन्दा बढ्ता अरू कुनै भाषा साहित्यबाट हामीलाई बुद्धको नजीक पुऱ्याउन सकिंदैन ।

बुद्धका श्रावक-श्राविकाहरू बुद्धवाणी सुनेर याद गर्दथे । जब भिक्षु सोणले सोधदा अष्टकवर्गलाई सरसर पुरा सुनायो बुद्धले भन्नुभयो, "साधु भिक्षु ! सोह्र अष्टकवर्गलाई तिमीले राम्ररी स्मरण गरेकाछौं, राम्ररी धारण गरेकाछौ । तिम्रो भन्ने तरिका पनि राम्रो छ, स्पष्ट छ, निर्दोष छ, अर्थलाई खुलस्त देखाउने किसिमको छ ।" यसरी सुत्तधर वा सुत्तन्तिकले सूत्र पिटक, विनयधरले विनय पिटक र मात्रिकाधरले मात्रिकाहरू धारण गर्दथे । बुद्धको महापरिनिर्वाण पछि महाकाश्यप, आनन्द र उपालिको प्रमुख सहयोगमा बुद्धका उपदेशहरू धम्म र विनय रूपमा संकलन वा सम्पादित गरियो । १०० वर्ष पछि सिङभर नून संचित गरि राख्ने र मध्यान्हको दुई औंला घामको छायाँ हुने बेलासम्म विकालभोजन गर्ने आदि १० ( दश) प्रकारबाट विनयको केही सुधार गर्ने कुरामा विवाद हुँदा यो सुधार नमान्ने वयस्क भिक्षुहरूले तिपिटकको दोस्रो संगायना गरे । अशोकको समय बुद्धको परिनिर्वाणको २३६ वर्षपछि विभज्जवादी दृष्टिकोणबाट त्यसबेला सम्म भएका १८ निकायहरूलाई एक बनाएर तृतीय संगायना गर्दा सम्म तिपिटक अलिखित रूपमा रह्‌यो । श्रीलंकामा राजा वट्टगामनि अभय (२९-१७ ई.पू.) को समयमा चतुर्थ संगायनामा तिपिटक ताडपत्रमा पूर्णरूपमा लिपिवद्ध भए । तिपिटकको प्रथम लिपिवद्ध भएको ताडपत्र वाङमय देख्न सकेको छैन, तर आश्चर्य यसको परम्परागत लिपिकरणको प्रवाह यतिको अपरिवर्तित रूपमा चालु रह्‌यो र फैलियो कि आजसम्म श्रीलंका, म्यानमार, थाइलैण्ड, लाओस र कम्बोडिया लिपिका तिपिटक अत्यन्त यचकिंचित पाठभेद छाडेर सम्पूर्ण तिपिटक समान रूपमा सुरक्षित छ ।



Downloaded from http://www.dhamma.digital

पालिसाहित्य अत्यन्त विशाल छ । यसको परम्परा पच्चीस शय वर्षदेखि छ । मौखिक पिटक साहित्य रूपमा विस्तार भए । लिखित पिटक साहित्यको अट्ठकथा संरक्षण र संवर्द्धनमा श्रीलंका, म्यानमार, थाईलैण्ड, लाओस र कम्वोडियामा भएको छ । साथै, अनुपिटक साहित्यको विकास क्षेत्र पनि श्रीलंका, म्यानमार र थाइलैण्डमा नै भएको छ ।

**तिपिटक साहित्य** :- "पालि तिपिटक" सुत्त-पिटक, विनय-पिटक र अभिधम्म-पिटक हुन् । सुत्त-पिटकलाई दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, अंगुत्तरनिकाय र खुद्दकनिकाय गरी पाँच निकायहरूमा विभक्त गरिएका छन् । दीघनिकायमा अन्य निकायमा भन्दा लामा लामा ३४ वटा सूत्रहरू छन् । मज्झिमनिकायमा मझ्यौला प्रकारका १५२ सूत्रहरू छन् । संयुत्तनिकायमा ५६ सूत्रहरू भए अंगुत्तरनिकायमा संख्यावद्ध रूपमा एकक र दुक निपात गरी ११ निपातहरू छन् । यता खुद्दकनिकायमा भने १५ वटा स्वतन्त्र पुस्तिका वा संग्रहहरू छन् । ती १५ वटा पुस्तिकाहरू हुन् :- १. खुद्दकपाठ, २. धम्मपद, ३. उदान, ४. इतिवुतक, ५. सुत्तनिपात, ६. विमानवत्थु, ७. पेतवत्थु, ८. थेरगाथा, ९. थेरीगाथा, १०. जातक, ११. निद्देस, १२. पटिसम्भिदामग्ग, १३. अपदान, १४. बुद्धवंस र १५. चरिया पिटक ।

पालि सुत्त पिटकमा जस्तै सर्वास्तिवादको सूत्र विभंगमा दीर्घागम, मध्यमागम, संयुक्तागम, अंकोत्तरागम र क्षुद्रकागम गरी पाँच आगमहरू छन् । क्षुद्रकागममा धर्मपदम्, उदानम्, सुत्र-निपात, स्थविर गाथा र बुद्धवंशम् पुस्तिकाहरू छन् । यस्तै नै निकायहरूका सूत्र संख्या भन्दा आगमहरूको सूत्र संख्या बढी छन् । सम्पूर्ण निकायले सारांश उल्लेख गर्नु सम्भव छैन । तापनि यतकिंचित कुरा इंगित गर्न सकिन्छ । दीघनिकायको ब्रह्मजाल सुत्तमा बुद्धकालीन दर्शन जालको चित्रण महापरिनिर्वाण - सूत्रमा बुद्धको अन्तिम यात्रा वर्णन, बुद्धको अन्तिम भोजन, बुद्धको अन्तिम शयन, महापरिनिर्वाण


Downloaded from http://www.dhamma.digital

पछिको अवस्थाको रूपमा वर्णन सजीव छ । त्यस्तै सुभ-सुत्तमा आनन्दसँग माणवक सुभको वार्तालाप र सक्कपञ्ह-सूत्रमा शक्रसँगको प्रश्नोत्तर छ । मज्झिमनिकायको सतिपट्ठान-सूत्तमा स्मृति प्रस्थानको व्याख्यान, महाराहुलोवाद-सूत्तमा बुद्धले राहुललाई दिनुभएको उपदेश छ । सूत्र-तिपिटकमा बुद्धको उपदेश श्रावकश्राविकाहरूबाट गरिएका धर्म सम्बन्धी परिचर्चाका सार्थ पाँच शताब्दी इसवी पूर्वको सामाजिक जीवन, साधारण जनताको उद्योग व्यवसाय, रीतिहरू, नारी-स्थिति, दास वा नोकरहरूको अवस्था, नैतिक-स्तर, बुद्धकालीन श्रमण ब्राह्मण र परिव्राजकहरूको जीवन र सिद्धान्त, बुद्धद्वारा प्रतिपादित जीवन चरित्र र सिद्धान्तप्रतिको प्रतिक्रिया, गाउँ, नगर, निगम, जनपदकोको चित्रण, नदी र पर्वत आदिको भौगोलिक र प्राकृतिक विवरण आदि पाउँछौं । उपदेश दिँदै सदा गाउँ-गाउँ, नगर-नगर, निगम-निगम, जनपद-जनपदमा चारिका गर्ने बुद्धको उपदेशमा त्यही त्यही उपदेश अनेक सूत्रमा पुनरुक्ति हुनु पनि स्वाभाविक छ । दीघनिकायको सामन्य-फल, अम्बट्ठ, सोणदण्ड, कूतदन्त, महालि, पोट्ठपाद, केवट्टसुभ, चक्कवति सीदनाद । संगीति परिपाय सूत्रमा, त्यस्तै मज्झिमनिकायको भय भेरव, द्विधावितक्क, महाअस्सपुर, चूलहत्थिपदोपम, देवदह सूत्रहरूमा, अंगुत्तरनिकायको वेरंजक ब्राह्मण सूत्त र संयुत्तनिकायको ज्ञान संयुक्तमा आएको चार ध्यानको वर्णन यसको उदाहरण हो । पालि पिटकको उपमा जीवनको रहेक क्षेत्रबाट लिएका हुन्छन् र यसबाट उपमाहरू मार्मिक हुनुका साथै श्रोताको लागि अर्थ स्पष्ट गर्न सार्थक हुन्छन् । धम्मपदको पहिलो उपमामा हो, आफ्नो पापको भोग गाडा तान्ने गोरुको पछि पछि पांग्रा गुडे जस्तै गुडेर आउनेछ । पुण्यको फल भए छायाँ जस्तो हलुका भई पछि आउनेछ । धम्मपदका पहिला र दोस्रो त्यस्तै दृढताका लागि हुरिबतासबाट शैल पर्वत अचल हुन्छ, दूर्बल जडाको रुखलाई हुरिबतासबाट ढाल्ने छ । आ-आफ्ना अतीत जीवनको संस्मरण संवेगका साथै वर्तमान श्रावकश्राविकाको जीवनको अनुभूतिहरू व्यक्त गर्न थेरगाथा र



Downloaded from http://www.dhamma.digital

थेरीगाथाहरूमा पनि यस्तो सरल सरस उपमाहरू प्रशस्त छन् । मज्झिमनिकायको परिब्बाजक वग्गमा हामी परिव्राजकहरूको दृष्टिकोण, बुद्धको उपदेश सुनेर हृदय-परिवर्तन हुने कुरा स्पष्ट पाउन सक्छौं । मज्झिमनिकायको चूल सुभदको सुञ्ञता र महासुञ्ञता सूत्त नै माध्यमिक निकायको शून्यवादको आधार हो । संयुक्त निकायको भार-संयुक्त र भिक्खुनी संयुक्त आख्यानात्मक काव्यको एउटा राम्रो उदाहरण हो । संयुत्तनिकायको पाँच वर्गमा ५६ संयुक्तहरू छन् । यसै निकायमा धम्मचक्क पवत्तन सुत्त र बहुजनको हित र सुखको लागि लोकमाथि अनुकम्पा राखेर दुई जना एउटै बाटो नगई आदि, मध्य र अन्त कल्याणकारी धर्म उपदेश गर्न जाने बुद्धको आज्ञा यसै निकायमा पाउँछ । जरा-सूत्तमा बुद्धको वृद्धावस्थाको सजीव चित्रण छ । ध्यान पछि घाममा बसिरहनु भएका बुद्धमा आनन्दले बिन्ति गरे, "भन्ते ! भगवान् अद्भूत छ । भगवान्को छालाको रङ्ग त्यतिको परिशुद्ध छ । त्यतिको पर्यवदात छैन । शरीर अगाडि तिर झुकेको छ । आँखा, नाक र कान आदि इन्द्रियहरू पनि विपरिणाम देखा परेको छ ।" जवाफमा बुद्धले भन्नुभयो, "आनन्द ! यो (शरीर) यस्तै हुने हो । यौवनमा जरा-धर्म, आरोग्यमा व्याधि-धर्म र जीवनमा मरण-धर्म हुन्छ ।"सारिपुत्र महास्थविरको निर्वाणको चुन्द समणुद्देसले ल्याएको खबर सुन्दा आनन्दलाई दीशा नै शून्य भए जस्तो लाग्यो । बुद्ध आनन्दलाई भन्नु हुन्छ, "आनन्द ! मैले तिमीलाई अघि नै भनेको छैन र सबै मनपर्ने स्थितिबाट कुनै न कुनै अवस्थामा अलगिने समय आउँछ । त्यसकारण आनन्द ! धम्मदीप, धम्मसरण, अपरालम्वी भएर विहार गर । अंगुत्तरनिकायमा एकक्क देखि लिएर एकादशक निपात सम्म जम्मा २३०८ सूत्रहरू छन् । चतुक निपातमा चतुआर्यसत्य र चार श्रामण्यफल जस्तो संख्यामा चार चार भएका उपदेश छन् । त्यस्तै अट्ठक निपातमा आर्यअष्टाङ्गिक मार्ग, आठ आरण्य वस्तु, आठ अभिभू आयतन, आठ विमोक्ष जस्तो संख्यामा आठ आठ प्रकार आठ आठ अंग भएका बुद्धका उपदेशहरू छन् । त्यस्तै दशक-निपातमा दश



Downloaded from http://www.dhamma.digital

तथागत बल, दश आर्यवास र एकादशक निपातमा निर्वाण लाभको एघार उपाय जस्ता अंग र संख्यामा एघार र एघार तत्त्व भएका तत्त्व उपदेशहरू संकलित छ । अंगुत्तरनिकायको "एतदग्ग वग्ग" सारै महत्वपूर्ण छ । किनभने यसै सूत्रद्वारा हामी रात्रज्ञमा ज्ञात कोण्डिन्य, महाप्रज्ञामा सारिपुत्र, ऋद्धिमा महामौद्गल्यायन, धुतांगमा महाकाश्यप, दीव्यचक्षुमा अनिरुद्ध, मधुरो स्वरले उपदेश दिनुमा लकुण्टक भद्दिय, श्रद्धावानमा वक्कलि, प्रतिभामा वंगीस भिक्षु अग्र भएको सूचना पाउँछौं । त्यस्तै एउटा एउटा कुरामा एक एक जना अग्रतम् भएकी भिक्षुणीहरू र उपासक उपासिकाहरूबारेमा पनि उल्लेख छ ।

खुद्दकनिकायमा १५ वटा स्वतन्त्र पुस्तिकाहरू छन् । खुद्दकपाठमा त्रि-शरण, दश शिक्षापद र मंगल-रतन-तिरोकुट्ट सूत्तहरू छन् । "धम्मपद" बौद्ध साहित्यमा सर्वाधिक लोकप्रिय र सर्वाधिक भाषामा अनुदित भएको ग्रन्थ हो । धम्मपदका आधा भन्दा बढ्ता गाथा संख्या तिपिटकमा छरिएको अवस्थामा उपलब्ध छ र लिखित पुस्तिकाको रूपमा पाइएका पुरातात्त्विक रूपमा सबैभन्दा र पुरालिपि (खरोष्ठी) प्राकृत भाषामा धम्मपद खोतानको उत्खननमा पाइएको छ । पालि धम्मपदमा २६ वर्गहरू र ४२३ गाथाहरू छन् भन्ने चिनियाँ भाषामा अनुदित धम्मपदमा ३९ अध्याय र ७५२ गाथाहरू छन् । उदानको पृष्ठ भूमिमा बुद्धको मैत्री करुणा मुदितादि अवस्थाको प्रीतिमय, संवेगमय र कल्याणकारी वचनहरू छन् । स्नान र होममा अभिरत व्यक्तिहरूलाई देखेको बेला बुद्धको उदान वाक्य प्रकट गर्नुभयो, "स्नान त सबैले गर्दछन्, तर पानीबाट कोही पनि शुद्ध हुँदैन । जसमा सत्य छ त्यो नै धर्म हो, त्यही शुद्ध हो ।" विम्बिसार कोशलराज र प्रसेनजितको सम्पत्तिको परिचर्चा गरिरहेका भिक्षुहरूलाई देखेर बुद्धले उदान प्रकट गर्नु भयो, "भिक्षुहरू ! श्रद्धापूर्वक घर त्यागेर प्रव्रजित हुनेहरू यस्ता अनुचित चर्चामा व्यस्त हुनु हुँदैन । जम्मा भएर तिमीहरूले कि त धार्मिक कुरा गनु पर्छ कि



Downloaded from http://www.dhamma.digital

त आर्यमौन भएर बस्नु पर्छ । "इतिवुत्तक" मा बुद्धबाट यस्तो भन्नु भएको छ, अर्हत्ले यस्तो भनेको थियो । प्रसंगबाट धर्मको व्याख्या गरेका ११२ सूत्रहरू छन् । 'सुत्तनिपात' को बारेमा केही चर्चा माथि भइसकेको छ । भाषाको छन्दको दृष्टिबाट सर्वाधिक प्राचीन शैलीमा बुद्धको जीवनीबारेको धेरै उपलव्ध प्रसंग र अशोकको अभिलेखमा स्मरण गर्न प्रेरणाका साथ सर्वाधिक रूपमा उद्धृत गरेको तथ्यबाट "सूत्त-निपात" को महत्व स्पष्ट हुन्छ । "थेरगाथा" र "थेरीगाथा" बुद्धकालीन स्थविर र स्थविराहरूको आ-आफ्नो अतीत जीवनको संस्मरण अनि वर्तमान अवस्थाको शान्त स्थिर विरज विमल स्वानुभूर्तिका उद्गार गाथाहरू छन् ।

बुद्धले निर्वाण लाभको लागि कतिसम्म सराग चित्तमाथि बलात् विराग थोप्न सकिन्छ भन्ने प्रयोगका लागि आफ्ना भाई नन्दलाई लिनु भयो । भरखर विवाह गरेको आफ्नी जनपदकल्याणीसँग बसिरहेका नन्दलाई पात्र थम्याइकन विहार लैजानु भयो र त्यहाँ संकोचवश मात्र "हुन्छ म भिक्षु हुन्छु" भन्ने बितिक्कै उसलाई भिक्षु बनाइ दिए । चीवर धारणगरेर नन्द छटपटिन लाग्यो । आफ्नी जनपदकल्याणी सुन्दरीको सम्झनामा रुदन कन्दन गर्न लागे । पछि त्यही नन्द आफ्नो अतीतको स्मरणगरी गाथामा भन्नुहुन्छ, "नराम्रो चिन्तनमा लागिरहेर पहिले म यस कायालाई श्रृंगार साधनमा लागिरहन्थे । म उद्धत, चपल र कामवासनाबाट नराम्रो सित व्यथित थिएं । सौभाग्यवश आदित्यवन्धु बुद्धले उपाय गरेर उपदेश दिएर मलाई सद्मार्गमा ल्याईदिनु भयो । अब मेरो चित्त संसारमा अनाशक्त भई सकेको छ ।" भिक्षुणी अम्बपालि आफ्नो शरीरमा प्रत्यवेक्षण गरेर थेरी गाथामा भन्नु हुन्छ, कुनै बेला मेरो कपाल कालो भमराको रंग जस्तो कालो अनि अगाडिको कपाल घुँघुरो थियो । तर आज उही कपाल जरा वस्थामा जीर्ण नालुको डोरी जस्तो छ । नवयौवनको अवस्थामा मेरो सुकोमल, उन्नत र समरूप नासिका आज सुकेको र च्याप्टो जस्तो


Downloaded from http://www.dhamma.digital

भइसक्यो । "यस्तै हृदय स्पर्शी ७३ थेरीहरूको गाथा नै थेरीगाथा भए २६४ थेरहरूको गाथा थेरगाथा हो । जम्मा ३३७ थेरथेरीहरूको गाथाहरूमा उपलब्ध अतीत जीवनको संस्मरणमा थुप्रै सामाजिक, साँस्कृतिक, धार्मिक, राजनैतिक र नैतिक कुराहरू छन् । जातक बुद्धको पूर्वजन्म सम्बन्धी कथाहरू हुन् । वर्तमान् पालि जातकको उपलब्ध संख्या ५४७ भएता पनि ५५० जातक भएको समन्तपासादिका र अट्ठसालिनीमा उल्लेख छ । अझ कथारूपमा आएका अन्तरकथाहरू समेत गणना गर्दा ३ हजार जति कथाहरू हुन्छन् । यी कथाहरू मध्येमा साँची भरहूत स्तूपको पाषाण वेष्ठीमा, बोरोवुदूरको शिला-पेटीमा, अजंताको भिट्टामा कुंडिएका र रंगाएका थुप्रै कथाहरू छन् । यी जातक कथाहरूमा बोधिसत्त्वको पारमिता धर्म कथाहरू हुन्छन् । साथै, यसमा नीति, हास्यव्यंग्य, रोमांच, प्रज्ञा र करुणाको कुराहरू हुन्छन् । निद्देस सूतनिपातको अर्थ व्याख्या भए पटिसम्भिदामग्ग अर्थातको प्रतिसंधि बारेको ज्ञान हो । अपदानमा ५४७ बौद्ध भिक्षुहरू र ४० भिक्षुणीहरूको पूर्वजन्मको कथाको रूपमा गरिएको सत्कर्मको परिचर्चा हो । बुद्धवंसमा गौतम बुद्ध र त्यसभन्दा अगाडिका २४ बुद्धहरूको जीवन चरित्रहरू छन् । चरियापिटकले दश पारमितालाई दान, शील, नैष्क्रम्म, अधिस्थान, सत्य, मैत्री र उपेक्षा रूपमा सात पारमिताको चर्चा र सात पारमिता पूर्ण गर्दाको बोधिसत्त्व चरित्रको वर्णन गरेको छ ।

**विनय-पिटक** : मूलत भिक्षुसंघ र भिक्षुणीसंघको विधिविधान वा नियम हो । विनयहरू पाप भोगको गुरुत्व लघुत्वको दृष्टिबाट क्रमवद्ध गरेका होइन अपितु संघशासनको चिरस्थिति लक्ष्य गरी प्रज्ञप्ति गरेको हो । संघ व्यवस्था, संघको लागि विधान, उपसम्पदा विधि, देसना नियम, वर्षावास, भोजन वस्त्र पथ्य औषधि सम्बन्धी नियम संघ संचालक प्रक्रिया नै विनयपिटकको विषय हो । पालि विनयपिटकमा भिक्षुहरूका लागि २२७ विनयहरू छन् भन्ने महासांघिक विनयपिटकमा २५० विनयहरू छन् । पालिमा पाचित्तिय


Downloaded from http://www.dhamma.digital

१२ भए महासांघिकको संस्कृत विनयपिटकमा चिनियाँ भाषामा १० मात्र छन् । चीवर लाउने, गृहस्थहरूको घरमा जाने, खाने, बस्ने, धर्मदेशना गर्ने, दिशा पिशाव गर्ने जस्ता शिष्टताको निम्ति सिक्नु पर्ने पालन गर्नु पर्ने पालि "सेखिय" धम्म ७५ भए महासांघिकमा "शैक्ष्य" १०० छन् । अझ तिब्बती अनुवादमा शैक्ष्य धर्म १०६ प्रकारका छन् । मैले परिमण्डल (गोलो आकारमा समानुपातिक उचाईमा) चीवर लाउने छु, म शुरुशुरु आवाज आउने गरी खान्न, म उफ्री उफ्री जान्न, मैले आफू निम्न आसनमा बसीकन उच्चासनमा बसेकोलाई धर्मको उपदेश दिन्न भने जस्तो बाह्य शिष्टाचार नै सेखिय (शैक्ष्य) धर्मको विषय हो । विनय पिटकका विनयहरू सांघिक शक्ति संरक्षण, प्रतिष्ठा प्रतिष्ठापन र संघको एकता संवर्द्धनको दृष्टिबाट तह तह गरी विभाजित गरेका छन् । स्त्री-मैथुन (पशुपंक्षीसँग समेत) नगर्ने, चोरी नगर्ने, मानिसको हत्या नगर्ने नगराउने, पूर्ण ज्ञान र दर्शन नपाएता पनि पाएको जस्तो भन्ने र यसबाट लाभ सत्कार पाउने चार नियम नै भिक्षुत्त्वको मूल विनय हो । यी चारमध्ये जुनसुकै एउटा विनय मात्र उल्लंघना भएता पनि त्यो भिक्षुको भिक्षुत्व रहने छैन । त्यसलाई संघबाट निकाली दिने छ । कुनै पनि विधिद्वारा प्रायश्चित गर्दै त्यसलाई पुन: भिक्षु बनाउन सक्ने छैन । तेह्र संघादिसेस पाराजिक भन्दा तल्लो तहको विनय हो । काम तृष्णावश स्त्री-स्पर्श, तृष्णावश वार्तालाप, विना संघ अनुमती आफ्ना लागी विहार बनाउने, रिस गरेर कुनै भिक्षुलाई निराधार "पाराजिक" भएको दोष लगाउने आदि तेह्र प्रकारका संघादिसेस विनय मध्ये जुनसुकै एउटा विनय नियम भंग गरेता पनि ६ दिनसम्म संघबाट निष्काशित गर्नेछ र त्यस भिक्षुले एकान्त बास गरी मानत्त (तपस्या) गर्नु पर्नेछ । त्यस्तै दुई 'अनियत धम्म', तीस "निस्सगिय पाचित्तिया" धम्म, "पचहत्तर" "सेखिय धम्म" र सात "अधिकरणसमथा धम्मा" गरी जम्मा २२७ विनय नियम भिक्षुहरूका लागि छन् । यी २२७ भिक्षु विनयहरू अमावास्या (चर्तुदशी) र पूर्णिमाको दिन भिक्षुहरू जम्मा भएर संगायना (पाठ)



Downloaded from http://www.dhamma.digital

गर्दछन् । यही पातिमोक्ख अर्थात् आ-आफ्नो मुख (प्रतिमुख) बाट आफूद्वारा विनय नियम पालन गर्न स्वीकारोक्ति हो । विनयपिटकको खन्धक अन्तरगत महावग्ग र चुल्लवग्ग गरी दुई भागमा ब्याख्या गरेको छ । महावग्गमा बोधिसत्त्वद्वारा सम्बोधि पाएदेखि पहिलो संघ स्थापना सम्मको इतिहास छ । यस इतिहास भित्र नै बुद्धको पहिलो चरित्र, धर्मचक्र प्रवर्तन, पंचवर्गीद्वारा धर्माभिवोध, यश र उसका ५५ साथीहरूको प्रव्रज्या, तीन जटिल काश्यप बन्धुहरू र उनीहरूको एक हजार शिष्यहरूको प्रव्रज्या, बिम्बिसारसँग बुद्धको भेंट, सारिपुत्र मौद्गल्यायन अस्सजितद्वारा बोध भई बुद्धकहाँ आइ भिक्षु भएको त्यस्तै बुद्धको पहिलो कपिलवस्तु फर्केर मात्र नन्द र राहुललाई प्रव्रज्या, कौसम्बीका भिक्षुहरू बीचको कलहको वर्णन महावग्गमा छ । चुल्लवग्गमा अनाथपिण्डिकको दीक्षा, जेतवन दान, प्रजापती गौतमीको प्रव्रज्याबाट भिक्षुणी परम्पराको संस्थापनको वर्णन गरिएको छ । 'परिवार' पालिमा विनय सम्बन्धी प्रश्नोत्तर र महेन्द्र महास्थविरदेखि विनय परम्परा कायम गर्ने २९ भिक्षुहरूको नाउँ उल्लेख गरेको छ । यसका अतिरिक्त विनयकै प्रसंगबाट बुद्धकालीन औषधि उपचारको बयान पनि गरिएको छ । बुद्धद्वारा भिक्षुसंघलाई ज्ञापित विनयको मूलभूत उद्देश्यहरू हुन् । (१) संघको हित, (२) संघको सहज सरलता, (३) उच्छृंखल इन्द्रियको निग्रह, (४) भिक्षुहरूको शान्त सुख विहार, (५) यस जन्मको चित्तमल निवारण, (६) जन्मान्तरका चित्तमल नाश, (७) अप्रसन्न हुनेहरूलाई प्रसन्न गर्ने, (८) भएका प्रसन्नता झन अभिवृद्धि गर्ने (९) सद्धर्मको चिरस्थायी र (१०) सहायता (अनुग्रह) यही १० मुख्य कुरा विनयको मूल उद्देश्य हो ।

अभिधम्मपिटक सूत्रपिटकको उपदेश र विनयको संयम रूपलाई तत्वरूपमा विवेचन गर्दछ । बुद्धको उपदेशको वर्गीकरण र विश्लेषण तात्त्विक र मनोवैज्ञानिक रूपमा व्याख्या गर्ने कार्य अभिधर्मले गर्दछ । अभिधर्मको उपदेश बुद्धले सारिपुत्रलाई दिएका



Downloaded from http://www.dhamma.digital

थिए र त्यसपछि भद्दजी सोणितदेखि सोणक र रेवतसम्म अभिधर्मको उपदेश याद गर्ने हस्तान्तरित भई श्रीलंकासम्म पुग्यो र सूत्र र विनय साथै अभिधम्म पनि वट्टगामणि अभयको राज्यकालमा लिपिवद्ध गरियो । अशोकको गुरु मोगलिपुत्त तिस्सद्वारा रचित (कथावस्थु) पनि तिपिटक अन्तर्गत राखे ।

सम्पूर्ण अभिधर्म पिटक (१) धम्मसंगिणि, (२) विभङ्ग, (३) धातुकथा, (४) पुग्गलपञ्ञति, (५) कथावत्थु, (६) यमक र (७) पठान रूपमा विभाजित गरिएका छन् । धम्मसंगिणिमा मानसिक र भौतिक जगतको अवस्थालाई गणना र प्रश्नात्मक वर्णन गरिएको छ । चित्त र चेतसिकको कुशल, अकुशल र अव्याकृत रूपमा विश्लेषण गरेको छ । कुशल, अकुशल र अव्याकृत धम्म स्वयं अपवित्रता नभएर अपवित्रतासँग आलम्बित हुने, स्वयंमा अपवित्र नभएर अपवित्रतासँग आलम्वित पनि नहुने, धम्म जस्तै तीन तीन बुँदामा दृष्टिबाट तत्त्वको विवेचना गर्दछ । त्यस्तै त्यस्तै हेतु नहेतु, सहेतु अहेतु, सपच्चया अपच्चया, ससंख्या असंख्या आदि दुई दुई बुँदाबाट धम्मका तत्त्वको विवेचना गर्दछ । धम्म (चित्त) को विस्तृत रूपबाट विभाजन गरेर वर्णन गर्ने काम 'विभंग ले गर्दछ । धम्मसंगणिको विश्लेषणलाई क्रमवद्धरूपमा व्याख्या गर्दछ । धम्मसंगणिको विषय धम्मका विश्लेषणलाई विभंग, स्कन्ध, आयतन, धातु, सच्च (सत्य), इन्द्रिय पच्चयाकार, सतिपट्ठान, सम्यकध्यान इत्यादि रूपबाट स्पष्टयाउने काम विभंगबाट हुन्छ । स्कन्ध, आयतन र धातुको १८ विभंगको सूक्ष्म अध्ययन धातुकथामा हुन्छ । पुग्गलपञ्ञतिमा बुद्धवचनको आधारमा अंगुत्तरनिकायमा जस्तै एक एक विशिष्टता व्यक्त गर्दै क्रमशः दस दस प्रकारको व्याख्या गरेको छ । उदाहरणका लागि चार चार विशिष्टता भएको व्यक्तिको कुरा प्रस्तुत गरौं । बोल्ने तर केही नगर्ने, केही गर्ने तर नबोल्ने, बोल्ने र गर्ने, केही नबोल्ने र केही गर्न पनि नगर्ने यी चार किसिमका व्यक्ति छन् । यसलाई गर्जने तर नवर्षने, वर्षने तर नगर्जने, गर्जने र वर्षने पनि, नगजर्ने न वर्षने



Downloaded from http://www.dhamma.digital

बादलको उपमा दिएर वर्णन गरेको छ । कथावत्थु मोग्गलिपुत्त तिस्सको रचना हो । यसमा अशोक कालसम्ममा १८ निकायहरूमा विभक्त भएका बौद्ध निकायका मत विभिन्नता निराकरण गर्दै विभज्जवादी रूपमा समीकरण प्रयास छ । 'यमक' ले अभिधम्ममा प्रयोग भएका शब्दावलीको निश्चित व्याख्या गर्दछ । यसबाट अभिधर्मलाई निश्चित पारिभाषिक शब्दकोषको जस्तै महत्वपूर्ण दर्शाउँछ । पट्ठानमा प्रतीत्यसमुत्पादनको व्याख्या छ । अभिधर्म दर्शन सम्बन्धी ज्ञानको लागि यो महत्वपूर्ण रचनात्मक योगदान हो । हेतु, आलम्वन, अधिपति, अनन्तर, समनन्तर, सहजात, अन्योल, निःश्रय, उपनिःश्रय, पूर्वजात, पश्चात्‌जात, आसेवत, कर्म, विपाक, आहार, इन्द्रिय, ध्यान, मार्ग, सम्प्रयुक्त, विप्रयुक्त, आस्ति, नास्ति, विगत र अविगत प्रत्यय रूपमा २४ प्रत्ययहरूको दार्शनिक विवेचना यसमा गरेको छ ।

**पालि अट्ठकथा साहित्य** : तिपिटक साहित्यपछि पालि साहित्यमा अट्ठकथा युगको थालनी हुन्छ । भिक्षु बुद्धदत्त, बुद्धघोष र धम्मपालले पालि अट्ठकथा साहित्यबाट पालि तिपिटकको अर्थ खोल्ने मात्र होइन तिपिटक पालि सँग सम्वद्ध व्यक्ति वा घटना पछाडिका कथा पनि उल्लेख गर्दछ । "नेत्तिपकरण" बुद्ध-वचन हृदयंगम गर्न मार्ग दर्शिका भए 'पेटकोपदेस'बाट मूलतः आर्यसत्यको आयामबाट बुद्धवचनलाई स्पष्ट र सरलरूपमा विवेचना गर्दछ । मिलिन्दपञ्हो तिपिटकमा आएका प्रसंग र तथ्य, जुन विरोधाभास जस्तो लाग्छ को आधारमा राजा मिलिन्द र भिक्षु नागसेन बीचको प्रश्न र उत्तरको उपमा उपमेयद्वारा, परिस्थिति र बस्तुस्थितिको आधारद्वारा स्पष्ट गर्ने पुस्तक हो । भाषाको स्पष्टता, सरलता र तीखोपन यस साहित्यको विशेषता हो ।

आचार्य बुद्धघोष महास्थविरको दीघ, मज्झिम, संयुक्त र अंगुत्तरनिकायको सुमङ्गलविलासिनी, पपंचसूदनी, सारत्थपकासिनी र मनोरथपुरणी अट्ठकथा मूल पालि साहित्यको कथात्मक व्याख्या हो ।


Downloaded from http://www.dhamma.digital

अर्को, विनयपिटकको अट्ठकथा समन्तपासादिका यति महत्वपूर्ण छ, उनकै समकालीन बुद्धदत्तबाट विनय .बिनिच्छय र उत्तरविनिच्छय नाउँबाट पद्यमय साहित्य सृजित भए । बुद्धघोष महास्थविरले रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान तरिकाबाट धर्म (तत्त्व) को विवेचन गरेका थिए भने बुद्धदत्तले "अभिधम्मावतार" मा चित्त, चेतसिक, रूप र निर्वाण रूपमा विवेचना गरे । बुद्धघोष महास्थविरको परमथजोतिका, अट्ठसालिनी, सम्मोहविमोदनी, पञ्चप्पकरणट्ठकथा, जातकट्ठवण्णना, धम्मपदट्ठकथा क्रमशः खुद्दकपाठ र सुत्तनिपातको, धम्मसंगिनीको, विभंगको, धम्मसंगिनी र विभंग अतिरिक्त अभिधर्मको, जातकको र धम्मपदको अट्ठकथा हो । बिसुद्धिमग्ग संयुक्तनिकायको दुई गाथाको व्याख्या रूपमा रचित शील, समाधि र प्रज्ञाको दिग्दर्शन गर्ने ग्रन्थ हो । चौथो शताब्दीको बुद्धघोष महास्थविरको अट्ठकथा साहित्य शताब्दी शताब्दीसम्म मान्य व्याख्या रूपमा ग्राह्य भएको कुरा बाह्रौ शताव्दीमा उनका अट्ठकथाहरूमा टीका साहित्य निमार्ण भएको तथ्यबाट स्पष्ट हुन्छ । बुद्धघोष महास्थविरले आफ्नो अट्ठकथा सिंहली भाषाका विभिन्न अट्ठकथाको आधारमा पालिमा रचेका थिए र पछि टीका पनि पालिका संरचित भए । सारत्थमंजूसा र परमत्थप्पकासिनी अट्ठकथा टीका यसका उदाहरण हुन् । तेह्रौं शताब्दीको वैदेह स्थविरको "रसवाहिनी" सरस सरल भाषाको बुद्ध प्रति श्रद्धा जगाउने कथा साहित्य हो । चौथौं शताब्दीमा बर्माका भिक्षु सद्धम्मञाण छन्द शास्त्र र काव्य शास्त्र संरचनामा व्यस्त भएको देखिन्छ । सोह्रौं शताब्दी म्यान्मारका "दीपनी" साहित्यको युग हो । पट्ठान-दीपनी, मंगल-दीपनी र मंगलत्थय्यदीपनी यसका उदाहरणहरू हुन् । सत्रौं शताब्दीमा तिपिटकालंकारको वीसतिवप्पना रचना गरे तिलोक गरुले वण्णना ( वर्णना) पालि साहित्यको विकास गरे । उनको धातुकथा, टीका वण्णना, यमक वण्णना पट्ठान वण्णना यसकी उदाहरण हो । यस्तै अठारौं शताब्दीको मानाभिवंस, ञाणवर र सारदस्सी पालि-साहित्य वर्द्धक भए । उन्नाइसौं शताब्दीको देन गन्धवंस र सासनवंश भए


Downloaded from http://www.dhamma.digital

यसै शताब्दीको उत्तरार्द्ध देखि यूरोपका विद्वत्जन पालि साहित्यको पठन पाठन र संवर्द्धनमा अग्रसर भए ।

पालि साहित्यको संसार विषय व्यापकताको दृष्टिबाट अग्रसर छैन । किनभने पालि साहित्यको लक्ष्य लौकिक होइन लोकुत्तर हो । यति हुन्दा हुन्दै पनि जीवनको हरेक भौतिक र आध्यात्मिक पक्षतिर पालि साहित्य फैलिएको छ । ऐतिहासिक क्रमवद्धताका साथ पच्चीस शताब्दीको जम्बूद्वीपको जनजीवन र जनसंस्कृति अध्ययन गर्न कुनै विश्वस्त माध्यम साहित्य हुन सके त्यो पालि साहित्य मात्रै हुन सकिन्छ ।

नेपालको पालि साहित्यको प्राचीन इतिहास खोज कै विषय हो । लिच्छविकालको अभिलेखबाट नेपालको प्रामाणिक इतिहासको थालनि भन्दा अगाडी नै मल्ल, वृजिक (वज्जि), शाक्यहरू र लिच्छविहरू राम्रै बसोबास गरी सकेकोले तिनीहरूसँगैं पालि साहित्य पनि नेपाल उपत्यकामा पुगेको हुनु पर्दछ । परन्तु पछि यहाँ संस्कृत भाषा माध्यमबाट बौद्ध दर्शन र संस्कृतको प्रचार-प्रसार बढी भएकोले यो अतीतको महत्व गर्भ भित्र समाधिस्थ भयो । तर बौद्धिक जगतका लागि नै अत्यन्त कौतुहल र आश्चर्यको विषय भएको छ, आजसम्म भेटाइएका पालिका पाण्डूलिपिहरूमा नेपालको अभिलेखालयमा अपठनीय अवस्थामा छरिएका पाण्डूलिपिका थुम्काबाट विनय पिटकका चार पन्ना भेटियो । यसलाई OSKAR V. HINUBER ले The oldest Pali Monuscript (Fourtolios of the Vinaya Pitaka from the National Archives, Kathmandu.) रूपमा पुस्तिका प्रकाशमा ल्याउनु भएको छ ।

**नेपालमा पालि साहित्य** : नेपालमा स्थविरवाद पुन: प्रवेश सँगै पालि साहित्यको पनि पुन: प्रकाश फैलिन लाग्यो । स्व. धर्मादित्य धर्माचार्यद्वारा सम्पादित "बुद्ध-धर्म" आदि पत्रिकामा पालि भाषा साहित्यको किरण र त्यस साहित्यको नेपाल भाषानुवाद प्रकाशनको थालनि भयो । तर पूरा पालि भाषाको प्रकाशन २४८२



Downloaded from http://www.dhamma.digital

बु.सं. संघमहानायक प्रज्ञानन्दद्वारा सम्पादित नेपाल भाषानुवाद सहित परितसुत्त (परित्राण), आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा नेपाल भााषनुवाद सहित पालि भाषाको त्रिरत्न वन्दना प्रकाशित पछि भयो, त्यसपछि धर्मचक्र सूत्र, धम्मपद, महासतिपट्ठान सुत्त, महापरित्राण आदि, अनेकौं पालि सूत्रहरूको साथै दीघनिकाय, सुत्तनिकाय, मिलिन्दप्रश्न आदि नेपाल भाषानुवाद पालि साहित्यको प्रकाशन भए। पालि साहित्यको नेपाली अनुवादको जहाँसम्म कुरा छ, आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरको बुद्धकालीन ग्रन्थमाला विशेष उल्लेखनीय छ।

**(वैशाख महोत्सव, बु.सं. २५४०)**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# नेपालमा स्थविरवाद

बुद्धको महापरिनिर्वाणको १०० वर्षपछि द्वितीय संगीतिमा विनय सम्बन्धी जुन मत विभिन्नता देखा पऱ्यो त्यसैबाट भिक्षुसंघमा दुई निकायको सृजना भयो । स्थविरवादी भिक्षुहरू बुद्धद्वारा उपदेशित विनयमा केही पनि परिवर्तन नचाहने पक्षधर थिए भने अर्कोपक्ष केही केही परिवर्तनका पक्षघर थियो र यसपक्षमा बहुसंख्यक भिक्षुहरू पनि थिए । यसैबाट स्थविरवाद र महासांघिकको उद्‌गमनको कारण बन्यो ।

नेपालका स्थविरवादको प्राचीन इतिहास पर्ण स्पष्ट छैन । तैपनि कपिलवस्तुका स्थविरहरू स्थविरवादसँग सम्बन्धित भएको हुनाले र कपिलवस्तुमा व्हेनसाँगको समयसम्म पनि यो निकाय कायम भएकोले यस बीचमा कपिलवस्तुका भिक्षुहरूसँग कोलीय, शाक्य र वज्जीहरू काठमाडौं उपत्यकामा आएर बसिसकेको हुनाले नेपालमा स्थविरवादी बुद्धधर्म भएको संकेत दिन्छ । नेपाल *(उपत्यका)* को इतिहास, संस्कृति र साहित्यको निर्माणको थालनिदेखि यिनीहरूको देन भएको प्राप्त अभिलेखहरूबाट स्पष्ट हुन्छ । यहाँ स्थविरवादी बौद्ध वाङमयको किन्नरजातक उत्कीर्ण गरिएको छ । व्हेनसांगको यात्रा वृत्तान्त अनुसार नेपाल उपत्यकामा हीनयान र महायानका ३/३ हजार भिक्षुहरू भएको स्पष्ट छ । पालिको सर्वाधिक प्राचीन पाण्डुलिपि नेपालको राष्ट्रिय अभिलेखालयबाट प्राप्त भएको छ । श्री ओसकार (Oskar V. Hinuber) ज्यूले नेपालको राष्ट्रिय अभिलेखालयबाट प्राप्त विनय पिटकका ४ पन्ना पाण्डुलिपिका पन्नाहरूलाई "The oldest Pali Manuseriji" नाउँबाट अन्वेषण अध्ययन गरीकन पुस्तिका प्रस्तुत



Downloaded from http://www.dhamma.digital

गर्नुभएको छ । सुर्खेत उपत्यकामा पाइएको एक अभिलेखमा "सूत्रधार" शब्द पाइएको छ । यसको वास्तविक अर्थ हो – सुत्तपिटकलाई कण्ठ गर्ने परम्पराका भिक्षुहरू । यस्ता स्थविरवादका प्राचीन सांकेतिक प्रमाणहरूको अन्वेषण र कलाकृतिका विशेषत: पाटनका थूर र ससाना श्रद्धाचैत्यहरूको विश्लेषण आदि गर्नु बाँकी नै छ ।

स्थविरवादको पुन: प्रवेश भने बीसौं इसवी शताब्दीको प्रारम्भमा भएको हो । भारतमा बुद्धधर्मको पुनरुद्धारक मानिएका अनागारिक धर्मपालज्यूले कलकत्तामा अध्ययनका लागि आएको एक शाक्यभिक्षु श्री जगतमान जस्ता नवयुवकलाई देख्ने वित्तिकै शुद्ध बुद्धधर्मको संदेशवाहक हुने आशा गर्नुभयो । श्री शाक्यज्यूले नेपालबाट छात्रवृत्ति लिएर कलकत्ता विश्वविद्यालयमा वाणिज्यशास्त्र अध्ययन गर्दै स्थविरवाद पनि अध्ययन गरे । बौद्ध साहित्यरत्न हुँदै पहेंलो रंगको कोट लगाउन थाले । त्यो नवजागरणप्रति शंकाको दृष्टिबाट हेर्ने प्रशासन र राणा सत्ताको बलमा बुद्धधर्मको प्रचार प्रसार नचाहिने तत्त्वप्रति सतर्क भएर उहाँले बुद्धधर्मको पुस्तकहरू संरक्षित गर्ने, बौद्ध उपासक उपासिकासंघ स्थापित गर्ने, विहार, चैत्य आदिको रक्षा र जीर्णोद्धार गर्ने, लुम्बिनीको रक्षा गरेर लुम्बिनीका यात्रीहरूको मदत गर्ने उद्देश्य राखेर बुद्धधर्म उद्धार संघ, नेपाल नामक संस्था स्थापना गर्नुभयो । आफ्नो अध्ययनकालको बीच बीचमा नेपालमा आउनुहुँदा धर्मचक्र प्रवर्तनका दिन बुद्धसम्बत् २४६७ (१९२३ इसवी) मा बुद्ध, धर्म र संघको शरण जान्छु भन्ने वाचा गराएर पंचशीलको प्रचार गर्दै नेपाल बुद्धोपासक संघ नाउँको संघ स्थापना गर्नुभयो । त्यस्तै केही दिनपछि महिलाहरूका लागि पाटनमा नेपाल बुद्धोपासिका संघ स्थापना गर्नुभयो । यी दुबै संघका मूल प्रचारक उहाँ आफै भए । बुद्धधर्म पत्रिका प्रकाशित गरी बैशाख-पूर्णिमाको महत्त्व देखाउनुभयो । बुद्धसम्बत् २४७० देखि नेपालमा बुद्धको जन्म, बोधिप्राप्ति र महापरिनिर्वाण दिवस बैशाख-


Downloaded from http://www.dhamma.digital

पूर्णिमाको उत्सव सार्वजनिक रूपमा फेरि शुरु भए । ने.सं. १०४८ देखि किण्डोलमा बैशाख पूर्णिमा संगठित रूपबाट मनाउन लागे ।

नेपालमा बुद्धधर्मको पुनर्जागरणमा महायान *(केरुंग तिब्बतबाट प्रवाहित भएको)* धर्मको देन भए जस्तै स्थविरवादको पुनर्जागरण र पुन: स्थापनामा पनि श्रीलंका *(महाबोधि सोसाइटीको माध्यमबाट)* र म्यान्मारका भिक्षुहरूको देनबाट शुरु हुन्छ । चिकंमुगल, काठमाण्डौंका एक श्रेष्ठ कुलका नानीकाजी पल्देन शेर्व *( महाप्रज्ञा)* रूपमा प्रव्रजित भयो । तर पल्देन शेर्व आदि पाँच नेपाली युवकहरू घेलुं भएको धेरै समय नबित्दै उनीहरूलाई तत्कालीन कट्टर पुरोहितवादी ब्राह्मणहरूको चुकलीमा राणा सरकारबाट देश निकाला गरिदिए । यहाँबाट महाप्रज्ञा घेलुं बुद्धको महापरिनिर्वाणस्थल कुशीनगरमा पुग्नुहुँदा पुन: स्थविरवादी श्रामणेर महाप्रज्ञा हुनुभयो । तिब्बतमा औषधि उपचार गर्न गएका इतुंबहालका वैद्य कुलमानसिंह वि.सं १९८४ मा थीले छुल्यान *(कर्मशील)* नाउँबाट घेलुं भए । कर्मशील बौद्ध तीर्थाटनका क्रममा कुशीनगर पुग्नुभयो र भदन्त उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्त्वमा ने.सं. १०५० (१९३० इसवी) मा स्थविरवादी नियम अनुसार श्रामणेर हुनुभयो । अनि महाप्रज्ञाले नै उहाँलाई नेपाल उपत्यका रक्सौलसम्म पुऱ्याइ पनि दिनुभयो ।

श्रामणेर कर्मशील बीरगंज भंसारबाट राहदानी लिनुभई नेपाल प्रवेश गर्नुभयो । यसरी स्थविरवादको इतिहारमा नेपालमा स्थविरवादको पुन: जागरणको घटनामा पहिलो नेपाल प्रवेश गर्ने स्थविरवादी भिक्षुसंघको प्रतिनिधि रूपमा श्रामणेर कर्मशील संघ महानायक भिक्षु प्रज्ञानन्द महास्थविर हुनुभयो । उहाँ काठमाडौं उपत्यकाको छ्वोकदोलमा बस्नुभयो । अनि बान्हांसाहु धर्मालोक महास्थविर भिक्षुको निमन्त्रणा अनुसार किण्डोल विहारमा बस्नुभयो । यसरी जगतमान शाक्यभिक्षुले पहिले स्थविरवाद धर्मदर्शनको प्रचार शुरु गर्नुभएको स्थल र बाह्रांसाहुबाट चीवरवस्त्र र भिक्षापात्र राखेर



Downloaded from http://www.dhamma.digital

स्थविरवादको प्रतीक चिन्ह पूजा गरिएको ठाँउमा जीवित स्थविरवादी श्रामणेर कर्मशील विराजमान हुनु भयो ।

इसवी १९३७ (वि.सं. १९९३ पौष) तिर धर्म प्रचारको निमित्त पहिलो स्थविरवाद श्रामणेर महाप्रज्ञा र इसवी १९३६ मा श्रामणेर हुनु भएका अमृतानन्द श्रामणेरको भोजपुरमा भेटघाट भयो । महाप्रज्ञाज्यूले माटोको सुन्दर बुद्धमूर्ति बनाई धुमधामसँग रथयात्रा गरी शाक्यमुनि विहार भोजपुरमा स्थापना गर्नुभयो । यसरी बुद्धधर्मको प्रचार प्रसार भएको र धर्मको चहचकि देखेर अनि अघि नेपालबाट निष्काशित गरिएको व्यक्ति त्यही महाप्रज्ञा हो भनी थाहा पाई त्यहाँका तत्कालीन बडाहाकिमले वहाँलाई भोजपुर जेलमा थुनियो । श्रामणेर अमृतानन्दलाई भोजपुरबाट फर्केर जान भनियो तर श्रामणेर अमृतानन्द जवाफ थियो "म जन्मदेखिको बौद्ध हुँ । म आफ्ना गुरुलाई छाडेर कहिं पनि जान सक्दिनँ, म पनि उहाँकै साथ जेल जान्छु ।" परिणामत: दुबैजनालाई भोजपुर जेलमा थुनियो केही महीनापछि महाप्रज्ञा र श्रामणेर अमृतानन्द जेलबाट भारतको सीमानासम्म सिपाहीसाथ लगाई देश निकाला गरे साथै फेरि कहिल्यै नेपाल नआउनु भनी हुकुम सुनायो । त्यसबेला श्री ३ जुद्ध शम्शेरको शासनकाल थियो ।

यता नेपालका बौद्ध युवकहरू विशेषत: शाक्यकुलबाट प्रव्रजित भएका श्रामणेरहरू श्रीलंका र म्यान्मार गई बुद्धधर्म अध्ययन गर्दै थिए र २० वर्ष पुगेपछि उपसम्पन्न हुँदै गए । यिनीहरूबाटै बुद्धधर्मको प्रारम्भिक ज्ञान दिने, किताबहरू लेख्दै, छपाउँदै, प्रचार हुँदै गए । काठमाडौं, स्वयम्भूको किण्डोल विहारमा भिक्षु, श्रामणेर र अनागारिकाहरू बस्दै थिए । धर्मप्रचारको कार्य हुँदै गयो । यता देशको राजनैतिक स्थिति र वातावरण परिवर्तनको पर्खाइमा थियो । शासकवर्ग यस स्थिति र वातावरणदेखि बढी सशंकित थियो । शुक्रराज शास्त्री सहित चार जना नेपाली सपूतहरू शहीद भएका थिए । पाँचजना मानिसहरू एकत्रित हुन नपाउने जंगी



Downloaded from http://www.dhamma.digital

कानून पनि लागू थियो भन्ने जनधारणा छ। यस्तो अवस्थामा किण्डोल विहारमा बुद्धधर्मको पुनर्जागरणमा उत्साहित अनुयायीहरूको जमघट बढ्दै गयो। स्वयम्भूको पर्वत सरस्वती स्थानमा कार्तिक महीनाभर प्रतिदिन बिहान बिहान बुद्धधर्मको उपदेश भिक्षु अमृतानन्दबाट भयो। धर्मोपदेश सुन्न हजारौंको संख्यामा मानिसहरू एकत्रित हुनथाले। एक महिनाको धर्मदेशनाको परिसमाप्तिको अवसरमा चारजना भिक्षुहरूबाट पहिलो पटक अहोरात्र महापरित्राण पाठ पनि सुसम्पन्न भयो। यसरी बौद्ध भिक्षुहरूको संख्यामा बृद्धि र स्थविरवादको जागृतिको लहर नै उर्लेर आएको थियो। यसै प्रसंगमा बौद्ध महिलाहरूको कपाल खौरेर अनागारिका बन्ने परम्परा पनि शुरु भयो। यस्तै नै पाटनकी एउटी महिला अनागारिका बन्ने विचारले दार्जिलिंग पुगेकी थिइन्। उक्त महिलाको घरका मानिसको तर्फबाट सरकारमा उजुरी पऱ्यो। कट्टरपंथी पुरोहित पक्षलाई श्री ३ जुद्ध शम्शेरमा यी बौद्धहरूबाट सरकार र समाजमा नचाहिंदा खलल पार्न र राजनैतिक जागरण ल्याउँदै छ भन्ने विश्वास दिलाउनमा सफल भयो। श्री ३ जुद्ध शमशेरले काठमाडौंमा भएका सबै भिक्षुहरूलाई सिंहदरवारमा बोलाई मानिसहरू भेला गरीकन धर्मदेशना नगर्ने, बुद्धपूजा नगर्ने र भिक्षु अनागारिका नबनाउने आदेश दियो। भिक्षुहरूबाट बुद्धको धर्मोपदेश नगर्ने हुकुम भिक्षुहरूको धर्म पालन र उपदेश दिने आदर्शको अनुकूल नभएका कुरा व्यक्त गरिए। त्यसरी धर्म उपदेश नगर्ने हुकुम नमान्ने भएपछि सोही कुराको आधार बनाई भिक्षुहरूलाई देशबाट निकाला गर्ने हुकुम भयो।

यसरी बुद्धको जन्मभूमि नेपालबाट नेपालकै स्थविरवादी भिक्षुहरू र श्रामणेरहरूलाई देशनिकाला इसवी १९४४ (वि.सं. २००१) मा भएको थियो। निष्काशनमा परेका भिक्षु तथा श्रामणेरहरू हुन् –



Downloaded from http://www.dhamma.digital

१) भिक्षु प्रज्ञानन्द महास्थविर
२) भिक्षु धर्मालोक महास्थविर
३) भिक्षु सुबोधानन्द महास्थविर
४) भिक्षु प्रज्ञारश्मि
५) श्रामणेर प्रज्ञारस
६) श्रामणेर रत्नज्योति
७) श्रामणेर अग्गधम्म
८) श्रामणेर कुमार काश्यप

स्थविरवादी भिक्षु तथा श्रामणेरहरूको देशनिकालाबाट अर्न्तराष्ट्रिय जगतमा ठूलो तहलका मच्चियो । निष्काशित भिक्षु तथा श्रामणेरहरू बनारसमा भेला भए । प्राय: नेपाली भिक्षुहरूका प्रव्रज्याको उपज्झाय उ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा नेपालका र अन्य देशका भिक्षुहरूको मिटिंग भयो । अनि त्यसबेला सारनाथमा बसिरहेका भिक्षु अमृतानन्द महास्थविरको विशेष प्रयासबाट धर्मोदय सभाको स्थापना भयो । यस सभाको सचिव पदमा उहाँनै चुनियो । उहाँले भारतमा भएका समस्त बौद्ध संघ संस्थाहरूसंग नेपाली भिक्षुहरूको देश निकालाको विरुद्ध आवाज उठाउन अपील गरे । तर श्री ३ जुद्ध शम्शेरको सरकारको एउटै मात्र जवाफ थियो, नेपालका भिक्षुहरू नेपाल प्रवेश गर्न सक्छन् तर धर्म प्रचार गर्न भने पाउने छैन । भिक्षु अमृतानन्दको धेरै प्रयासपछि इसवी १९४६ को अप्रैल महीनामा भिक्षु नारद महास्थविरको नेतृत्त्वमा भिक्षु अमृतानन्द सहित ५ सदस्यीय श्रीलंकाली शिष्ट मण्डल नेपाल ल्याउन सफल भए । त्यसबेला श्री ३ पद्मशम्शेरको राज्यशासन चलेको थियो । भिक्षु अमृतानन्दबाट श्री ३ पद्मशम्शेरसँग विशालनगर दरवारमा भेंट हुँदा निष्काशित भिक्षुहरूलाई फकाई पाउँ भनी बिन्ति गरे । श्री ३ पद्मशम्शेरको जवाब थियो "म भर्खर प्राइमिनिष्टर भएको हुँ, जुद्ध शम्शेर अहिलेसम्म छँदैछ ।" भिक्षु अमृतानन्दले फेरि अनुरोध गरे त्यसो


Downloaded from http://www.dhamma.digital

भए धर्मालोक भन्ने एक वृद्ध भिक्षुलाई मात्र फर्काई पाउँ । यसमा हुन्छ भनी हुकुम प्रमांगि भयो । भिक्षु धर्मालोक इसवी १९४६ जूनमा नेपाल फर्कनु भयो । उहाँको शब्दमा "भिक्षु अमृतानन्दले निभिसकेको बत्तिलाई पुनः बालीदिनु भयो ।"

श्रीलंकाका भिक्षु नारद महास्थविर पछि फेरि १९४७-४८ मा नेपाल आउनु भयो । पहिलो आगमनमा भगवान् बुद्धको पवित्र अस्थिधातु र बोधिवृक्षको बिरुवा उपहारको रूपमा ल्याउनु भएको थियो । पछिल्लो आगमनमा अस्थिधातु निधान गरिएको श्रीलंका चैत्य (आनन्दकुटी विहार) को समुद्घाटन गर्नु भयो । श्री ३ मोहन शम्शेरसँग बैशाखपूर्णिमाको दिन सरकारी छुट्टि गरि दिनु हुन सुझाव दिनु भयो र बौद्ध कर्मचारीको लागि सार्वजनिका छुट्टीको घोषणा पनि गरियो । उहाँको पछिल्लो आगमनको एक उल्लेखनीय उपलब्धि हो, आनन्दकुटीमा स्थविरवाद बुद्धधर्मको एक सांघिक अंग भिक्षु बनाउने विनय सम्मत पवित्रस्थान "सीमा गृह" उपोसथागार संस्थापन । "सीमागृह" भनेको स्थविरवादी बुद्धधर्मको निम्ति नभई नहुने एक सांघिक स्थल हो जस विना कसैलाई स्थविरवादी नयाँ भिक्षु बनाउन चाहेको खण्डमा बगीरहेको नदीको बीचमा सीमाबद्ध गरी भिक्षु बनाउनु पर्दथ्यो । यतिमात्र होइन भिक्षुहरूको प्रत्येक पक्षमा गर्नुपर्ने "पातिमोक्ख" भन्ने विनयकर्म पनि "सीमागृह" विना उदकसीमा (नदी) मा गरिरहनु परेको थियो ।

१९५१ इसवीको फरवरीमा भिक्षु नारद महास्थविरकै विहारका भिक्षु मदिहे पञ्ञासिंह महास्थविर र पण्डित ञाणरतन महास्थविर काठमाडौं आउनुभयो । त्यसबेला देशमा प्रजातन्त्र स्थापना भैसकेको थियो । श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवसँग नारायणहिटी राजदरवारमा भेटघाट पछि मौसूफको सुस्वास्थ्यको कामना गरेर बाहुलीमा परित्राण सूत्र बाँधियो र स्थविरवाद भिक्षुसंघलाई स्वतन्त्र रूपमा धर्म प्रचारको वातावरण उपलब्ध भयो । यसै साल अक्टोवर महीनामा भगवान् बुद्धका अग्रश्रावकहरू



Downloaded from http://www.dhamma.digital

सारिपुत्र र महामौद्गल्यायनको अस्तिधातु कलकत्ता महाबोधि सभाबाट नेपाल ल्याइयो । यी अस्थिधातुहरूको ३१ तोपको सलामी दिई राजकीय सम्मानका साथ एकरात नारायणहिटी राजदरवारमा राखेर सम्मानगरी आनन्दकुटी आदि विहारहरूमा लाखौं श्रद्धालु उपासकोपासिका नेपालीहरूद्वारा दर्शन र पूजा कार्यहरू भए । यसै वर्ष भिक्षु अमृतानन्द महास्थविरको सक्रियतामा २००७ वि.सं. मा अखिल नेपाल भिक्षु महासंघ भन्ने स्थविरवादी भिक्षुहरूको एक महासंघ पनि स्थापना भयो ।

१९५२ इसवी बैखाख-पूर्णिमाका दिन बिहान श्री ५ महाराजाधिराज त्रिभुवन र श्री ५ युवराज महेन्द्रको सुस्वास्थ्यको कामना गरी भिक्षुसंघबाट आनन्दकुटी परित्राण पाठ गरियो । त्यसै दिन बिहान श्री ५ त्रिभुवनको अध्यक्षतामा स्वयम्भू भुईखेलमा बैशाख-पूर्णिमाको सार्वजनिक सभा पनि भयो । त्यस सभामा भिक्षु अमृतानन्द महास्थविरबाट निवेदन गरे जस्तै श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवबाट बैशाख-पूर्णिमाको दिन अधिराज्यभर सार्वजनिक छुट्टीको घोषणा गरिबक्सियो । वि.सं. २०१२ फागुण ७ गतेका दिनमा श्री ५ महेन्द्र वीर विक्रम शाहदेव लुम्बिनीमा सवारी होइबक्सेको थियो । त्यहाँ सम्पन्न भएको विशाल सार्वजनिक सभामा बैशाख-पूर्णिमाका दिन नेपाल अधिराज्यभर हिंसा गर्न नपाइने पनि घोषणा गरिबक्सियो । लुम्बिनीको विकासतिर श्री ५ को सरकारबाट सहयोग हुन थाले ।

यसरी प्रजातन्त्रको पुनर्जागरणसँगै नेपालमा स्थविरवादी बुद्धधर्मको व्यापक प्रचार प्रसार हुन थाल्यो । निष्काशित भिक्षुहरू मात्र होइन देश विदेशबाट अध्ययन गरेर फर्केका भिक्षुहरू पनि यस प्रचार प्रसारको अभियानमा शरीक भए । भिक्षु संघको संख्यात्मक र गुणात्मक विकास भयो । स्थविरवादी भिक्षुहरूबाट नेपालका धार्मिक, साहित्यिक, सामाजिक र साँस्कृतिक विकास कार्यमा शरीक भएर स्थविरवाद बुद्धधर्मका व्यापक रूपमा प्रचार प्रसार भयो ।


Downloaded from http://www.dhamma.digital

अहिले नेपालमा स्थविरवादी भिक्षुहरू र श्रामणेरहरू डेढ शयजति छन् । सयकडौं श्रद्धालुहरू दुर्लभ प्रव्रजित *(अस्थायी श्रामणेर)* भइसकेका छन् । अहिले सांघिक विहारहरू २१ वटा छन् भने भिक्षु श्रामणेर अनागारिकाहरूबाट धर्म प्रचार प्रसारकालागि प्रयोगमा ल्याइएका विहार र धर्मस्थलहरू २० वटा छन् । यी प्रचार प्रसारका केन्द्रहरू मध्येमा आधा भन्दा बढी काठमाडौं उपत्यकामा छन् भने अरू बाँकी बनेपा, बुटवल, पनौति, पोखरा, तानसेन, लुम्बिनी, कपिलवस्तु, नारायणघाट, हेटौडा, बीरगंज, त्रिशुली, भोजपुर, चैनपुर, बाग्लुंग, चत्तरा, धरान, धनगढी, उर्लावारी, विराटनगर र झापा आदि ठाउँमा फैरिएका छन् ।

नेपालमा स्थविरवादी भिक्षु, श्रामणेर र अनागारिकाहरू र स्थविरवादबाट प्रभावित उपासक उपासिकाहरूबाट पालि, तिपिटकका दर्जनौ पुस्तक पुस्तिकाहरू नेपालभाषा र नेपाली लगायत थारु र तामांग भाषामा पनि प्रकाशित भएका छन् । बुद्धधर्म र बौद्ध संस्कृतिबारेमा शयकडौं पुस्तकहरू प्रकाशित भएका छन् । यस प्रसंगमा भिक्षु अमृतानन्द महास्थविरको बुद्धकालीन ग्रन्थमाला, यस पंक्तिका लेखकको धार्मिक ऐतिहासिक एवं साहित्यिक कृतिहरू, भिक्षु ञाणपूर्णिक महास्थविरका बर्माभाषाबाट अनुदित विपश्यनादि विषयका पुस्तकहरू उल्लेखनीय छन् ।

नेपालका स्थविरवादी भिक्षुहरूमा दुई जना ब्राह्मण कुलका, एक जना क्षेत्री कुलका, एक जना खड्गी कुलका छाडेर प्राय: सबै जन्मजात बौद्ध कुलका विशेषत: शाक्य, वज्राचार्य, महर्जन, तामाङ, गुरुङ, मगर आदि कुलका हुन् । नेपालमा प्रचलित परम्परागत बुद्धधर्म र आचरणसँग तादात्म्य सम्बन्ध राख्दै प्रचार प्रसार गरेको हुनाले नेपालमा स्थविरवाद धर्म प्रचार हुन गाह्रो भएन । आजकल अन्तरजातीय विवाहबाट उत्पन्न सन्तानका व्रतबन्ध र गुफा बस्नेको रूपमा अल्पकालीन श्रामणेर र ऋषिणी बनाउने त्यस्तै आर्थिक



Downloaded from http://www.dhamma.digital

कारणबाट श्राद्ध भोजको ठाउँमा परित्राण गर्ने काम स्थविरवादी बुद्धधर्मबाट हुँदै आएको छ ।

नेपालका स्थविरवादी भिक्षु, श्रामणेर र अनागारिकाहरूबाट शैक्षिक जागरण र सांस्कृतिक संबर्द्धनमा ठूलो योगदान भइरहेको छ । पहिलो नेपाल भाषाको र साहित्यको विकासमा जुन योगदान भएको छ त्यो उल्लेखनीय त छँदैछ साथै आजकल नेपाली भाषाका साथै जनजातीको भाषामा समेत प्रचार गर्नेतिर अग्रसर भएको छ । थारुभाषाको "शाक्यमुनि बुद्ध", थारु र तामाङ भाषामा अनुवाद सहितको "धम्मपद" यसको उदाहरण हो । नेपालको स्थविरवादको आर्थिक आधार श्रद्धादानमा नै निर्भर भएता पनि यत्किंचित् बौद्ध देशबाट पनि सहयोग पाएका छन् । स्थविरवादी विहार वा धर्मस्थलमा आधारित सक्रिय र सामाजिक भजन र उत्सव आदि गर्ने संस्थाहरू ४५ वटा छन् भने स्कूल स्थापना गर्दै शैक्षिक उन्नतिमा योगदान गर्दै पालिभाषा र स्थविरवाद बुद्धधर्म अध्ययन गर्ने परियत्ति शिक्षाका १६ वटा केन्द्रहरूसाथ विगत २६ बर्षदेखि शैक्षिक परीक्षा व्यवस्था र पाठ्यक्रमका साथ अघि बढ्दै छन् । स्थविरवादी बुद्धधर्मको प्रचारका साथै बौद्ध तीर्थाटन र बौद्ध देशहरूका भ्रमण कार्यक्रमबाट पनि नेपाली बौद्धहरूको वृद्धि र विश्वास फराकिलो हुँदै गएको छ ।

स्थविरवादी बुद्धधर्मको प्रभावबाट नेपाली बौद्धमा जुन नवजागरण ल्यायो त्यसैको प्रभावबाट जन्मजात बौद्ध जनजातिमा पनि जागरणको शुभप्रभात आएको छ । शेर्पा, तामाङ, गुरुङ, र मगरहरू मात्र नभई थारुहरू समेत आफ्ना देशलाई बुद्धको जन्मभूमि भन्ने गर्व अनुभव गर्नुका साथै "हिन्दू अधिराज्य"को विरोधमा धर्मनिरपेक्ष अधिराज्य बनाउने राजनैतिक क्षेत्रमा अघि बढेका छन् ।


Downloaded from http://www.dhamma.digital

**सन्दर्भ पुस्तक :-**


१. विश्वय् बुद्धधर्म (भाग १), भिक्षु सुदर्शन, काठमाडौं बु.सं. २५११

२. नेपालमा स्थविरवादी बुद्धधर्मको संक्षिप्त इतिहास, आचार्य भिक्षु अमृतानन्द महानायक, आनन्दकुटी विहार, काठमाडौं, ईसवी १९८२

३. नेपालय् बुद्धधर्म (भाग १), भिक्षु सुदर्शन, काठमाडौं, बु.सं. २५२६

४. नेपालय् स्थविरवाद गुकथं व:गु ख: ? बैकुण्ठ प्रसाद लाकौल, काठमाडौं, वि.सं. २०४३


(२५४० औं बुद्ध जयन्ती स्मारिका, काठमाडौं)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# फाहियानको यात्रावृत्तान्तमा स्थविरवाद

बुद्धधर्मको सभ्यता, संस्कृति र इतिहास अध्ययन गर्नलाई चिनिया यात्रीहरूको यात्रा विवरण पनि एक महत्त्वपूर्ण श्रोत हो । श्रीलंकाका महावंस, चुल्लवंस, दीपवंस, धातुवंस, निकायसंग्रह, पूजाबलिय, थूपवंस, सद्धर्म-रत्नाकर र कतिकावतका विवरणको पनि आफ्नै शैली र विशेषताहरू भए चीनका यी बौद्ध भिक्षुहरूको यात्रा विवरणको आफ्नै शैली र विशेषताहरू छन् ।

यस रचनामा फाहियानका यात्रा विवरणको आधारमा मूल बौद्ध निकाय स्थविरवाद (हीनयान) बारेमा मात्र केही अध्ययन गर्छु । यद्यपि सम्राट मिंगटोबाट धर्मयात्रा गराउनु भए देखि तीन-चार शय वर्षभित्र फाहियानलाई बाटो कोरेर जाने उनका पूर्वगामी चिनिया यात्रीहरूको विवरण र उनका पछिल्ला अनुयायीहरू व्हेनसांग र इत्सिंग आदि चिनिया यात्रीहरूका यात्रा विवरण समेतको अध्ययन प्रस्तुत गर्नसके साह्रै राम्रो हुने थियो ।

फाहियानको यात्रा-उद्देश्य आफ्नो अध्ययन अवस्थामा धर्ममा देखा परेको अपूर्ण र अस्पष्ट-क्रमबद्धताको खाड पुर्नु विशेषत: विनय पिटकको पूर्ण, स्पष्ट र क्रमबद्ध अध्ययन गरेर विनय पिटक चीनमा ल्याउनु थियो । यात्रा विवरण तयार गर्न उहाँले यात्रा गरिएको थिएन । यति हुंदाहुंदै पनि महत्त्वपूर्ण यात्रा विवरण छाडेर जाने चिनिया यात्रीहरूमा फाहियानको आफ्नै महत्त्वपूर्ण स्थान छ ।

फाहियान आफै पनि पहिला श्रामणेर अनि उपसम्पन्न भएको थियो । आफ्नो यात्रा कालमा फाहियान वर्षावास बस्थ्यो ।



Downloaded from http://www.dhamma.digital

चांग आन (Chang-an), लुंग (Lung), कीनक्वीई (Kien-swei) मा पुग्दा उनले वर्षावासहरू गरे त्यसपछि यांग लु (Yang-lu) भएर चीनको सामान पश्चिम तिर निकासा हुने चांग येन (Chang-yen) पुग्दा आफू जस्तै यात्रा गर्न हिंडेका अरू पाँच चिनिया भिक्षुहरू संग उनको भेंट भयो । तिनीहरू संगै १७ दिन हिंडेर गोबीमरूभूमि पार गरेर फाहियान शेनशेन (Shen-shen) मा पुगेको थियो । यहीं सर्वप्रथम चार हजार भन्दा बढ्ता स्थविरवादी (Little Vehicle) भिक्षुहरू संग फाहियानको भेंट भयो । फाहियान बुद्धधर्मका विभिन्न निकायबाट परिचित थियो र यथार्थतालाई संकेत गर्नुमा उहाँ चुक्दैनथ्यो । त्यहाँबाट १५ दिन उत्तर पश्चिम लाग्दा उए (wu-l) पुग्नु भयो । यहाँ पनि उनले ४००० स्थविरवादी भिक्षु संघ भएको संघारामहरू देखे । त्यहाँका भिक्षुहरूको विनय निष्ठताबाट फाहियान सारै प्रभावित भएको थियो । फाहियानले भिक्षुहरूको आचार-विचार दृढ र कठिन भएको कुरालाई आफ्ना संक्षिप्त यात्रा वृत्तान्तमा कोर्न बिर्सेन । फाहियान दुई महीना केही दिन त्यहाँ बसेर कीचा (kie-sha) पुगेको थियो । त्यस बेलाको त्यहाँका विशेषताहरूको जुन विवरण फाहियानले उल्लेख गरेको थियो त्यसबाट बौद्ध संस्कृतिको प्रवाह र फैलाव अध्ययनका लागि ठूलो आधार दिन्छ ।

खुतानमा त्यस बेला रथ यात्रा हुन्थ्यो । रथ ४ पांग्रा भएको ३० हाथ लामो थियो । रथ यात्रा हाथले तानेर गर्दथ्यो । रथमा बुद्ध र दाँया-बाँया बोधिसत्त्वहरूको मूर्ति प्रतिष्ठापित भएको हुन्थ्यो । यस प्रकारको मूर्ति मूल बुद्धधर्म र विकसित बुद्धधर्मको संयोजन युगको प्रारम्भिक कलात्मक उपज हो । नेपालमा पनि लिच्छवि युगको प्रारम्भमा यस्ता मूर्तिहरू बनेका थिए । ती मूर्तिहरूमा दाँया-बाँया विराजमान भईकन बोधिसत्त्व द्वयबाट बुद्धमा चरम हम्काई रहेको हुन्छ । बुद्ध भन्दा बोधिसत्त्वहरूलाई महत्त्व दिइएको मूर्ति बन्ने युग प्रारम्भ हुनु अहिले केही समय टाढा नै थियो । बुद्धको यस्तो रथयात्रा परम्परा अन्यत्र पनि पछि सम्म कायम नै थियो । परन्तु वर्तमान



Downloaded from http://www.dhamma.digital

युगमा नेपालमा बाहेक अन्यत्र कतै यस्तो तानेर गर्ने बौद्ध रथयात्रा परम्परा अब विद्यमान छैन । खुतानको रथयात्रा चौथो महीनाको पछिलो तिथि देखि प्रारम्भ भएर १४ औं दिनमा समाप्त हुन्थ्यो । यो चौथो महीना आजकल कुन महीना पर्छ भन्नेबारे समीक्षा गर्नु बांकी नै छ, तर पनि नेपालको पद्मपाणी बोधिसत्त्वको (मूलतः बुगंमा रहने हुनाले "बुंगद्यो" रूपमा प्रसिद्ध) रथयात्रा अक्षय तृतीयाको दिन र रथारोहण गरेको भोलिपल्ट रथ तान्ने परम्परालाई यहाँ निर् सम्भना हुन्छ ।

खुतानबाट फाहियान जब कीचा (kie sha) पुग्नु भएको थियो, त्यहाँ उनले अर्को बौद्ध सांस्कृतिक र धार्मिक कार्य देख्नु भयो । जनपदका अधिपतिद्वारा प्रति पाँच वर्षमा एक पंच-वार्षिक धर्म सम्मेलनको आयोजना हुन्थ्यो । त्यसबेला भिक्षुहरू वर्षादमा आकाशमा बादल छाउने जस्तै चारै दिशाबाट त्यस सम्मेलनमा एकत्रित हुन आउँथे । एकत्रित हुने भिक्षुहरूलाई विहार गर्न ठाउँको र भोजन गर्न भिक्षाको राम्रो प्रबन्ध हुन्थ्यो । राजा, राजपरिवार र मंत्रीहरूबाट पूजा सम्मान हुन्थ्यो । यो पंच-वार्षिक सम्मेलन वसन्त ऋतुको प्रारम्भका साथ शुरू हुन्थ्यो । सम्मेलन हुञ्जेल श्रद्धालुहरू आफ्ना बन्धु बान्धवहरूलाई समेत बोलाई बोलाइकन भिक्षु संघमा दान मान गर्दथे । फाहियानले यस सम्मेलनमा गरिने दानको खूब वर्णन गरेकोछ । फाहियानको वर्णन अनुसार त्यहाँ बुद्धको दन्त धातु निधान गरिएको शारीरिक स्तूप (चैत्य) र बुद्धको पीकदान निधान गरिएको परिभोग स्तूप (चैत्य) पनि थियो । बुद्धको पीकदानको प्रसंग पालि वाङ्मयमा प्रसिद्ध छैन । फाहियानको यात्रा वृत्तान्त अनुसार त्यसबेला कीचामा एक हजार भन्दा बढ्ता स्थविरवादी भिक्षुहरू थिए र यी भिक्षुहरू विनयको पालनमा पूरा ख्याल राख्दथे । यसै कारण विनयप्रेमी फाहियानलाई समेत यी कीचामा विहार गरिरहेका स्थविरवादी भिक्षुहरूको विनय वर्णनातीत रूपको निशेधात्मक विधिजस्तो अनुभव भयो ।


Downloaded from http://www.dhamma.digital

कीचाबाट एक महीना पश्चिमोत्तर यात्रा गर्दै गृष्म ऋतुमा समेत हिउँपर्ने संुगलिंग पर्वत माला (tsung ling range) पार गर्दै फाहियान तोले भन्ने जनपद पुग्नु हुँदा फेरी उनको स्थविरवादी भिक्षुहरू सँग भेंटघाट भयो । त्यहाँ एक अर्हत् भिक्षुले एक कर्मीलाई तुषित देवलोकमा लगिकन देखाएर बनाउन लगाइएको एक भव्य मैत्रेय बोधिसत्त्वको मूर्तिको दर्शन फाहियानले गरेको थियो । त्यो ८० हाथ ऊँचाईको र बसिरहेको आसनस्थ काष्ठमय मैत्रेय बोधिसत्त्वको मूर्ति थियो र उसको घुंडाबाट अर्को घुंडा ८ हाथसम्म थियो । उपोसथको दिन यस प्रतिमाको पूजा हुन्थ्यो । त्यसबेलासम्म प्राय: मैत्रेय बुद्धको मूर्तिहरू उभिएका वा दुई खुट्टा तल झारेर बसेका हुन्थ्यो । शायद "तोले" को यो मूर्ति मैत्रेय बुद्धको प्रतिमा निर्माणको प्रारम्भिक युगको मूर्ति थियो । त्यसपछि फाहियानले आफ्ना यात्राकालमा उद्यान (उद्योग) मा पाँच शय संघारामहरू देखे । ती सबै संघाराम स्थविरवादीहरूका थिए । त्यहाँ प्रत्येक आगन्तुकलाई तीन दिनसम्म अतिथि रूपमा सम्मान र व्यवहार हुन्थ्यो । अनि चौथो दिन देखि आगन्तुकलाई नैवासिक सरह व्यवहार हुन्थ्यो अथवा आगन्तुकले आफ्नो लागि अर्को आश्रम स्थान खोज्नु पर्थ्यो । यो व्यवहार आज पनि प्रत्येक स्थविरवादी विहारमा कायमै छ । उद्यानमा बुद्धले चीवर सुकाउनु भएको १४ हाथ लामो २० हाथ चौडाईको एकातिर चिप्लो भएको एउटा ढुंगा भएको कुरा पनि फाहियानले वर्णन गरेको छ ।

उद्यानबाट सुहोतो भई पाँच दिन यात्रा पछि गांधार पुग्दा फाहियानले त्यहाँ भिक्षुहरू मात्र होइन सबै जनपदवासीहरू नै स्थविरवादका अनुयायी भएको पाइयो । यसको कारण यहाँ अशोकको एउटा राजकुमार, फाहियानका अनुसार धर्मवर्द्धनको शासन रहेको थियो । राजकुमार धर्मवर्द्धन यद्यपि इतिहासको लागि अध्ययनकै विषय हो किनभने धर्मवर्द्धनको बारेमा पालि वाङ्मययमा केही चर्चा गरिएको पाइन्दैन, न त संस्कृत वाङमययमा नै त्यतिको प्रसिद्धि छ ।


Downloaded from http://www.dhamma.digital

त्यस पछिको फाहियानको यात्रा विवरणमा नेपाली बौद्ध वाङ्मय वा धारणादेखि फरक भएको एक प्रसंग आउँछ । गांधारबाट ७ दिन पूर्व लागेर उनि तक्षशिला पुग्नु भयो । त्यहाँबाट पनि २ दिन पूर्व लागेपछि फाहियान त्यस ठाउँमा पुग्नु भयो जहां बोधिसत्त्वले क्षुधापीडित बघिनीलाई आफ्नो शरीर दान गर्नु भएको थियो । त्यहाँ एउटा स्तूप पनि बनाइएको थियो । राजा र मंत्रीहरूबाट यहां पूजा हुन्थ्यो र यहाँ दियो बाल्नेहरूको संधैं घुंईंचो लागेको हुन्थ्यो । यो महासत्त्वको दानकथा संस्कृतको जातकमालामा "व्याघ्रकथा" रूपमा प्रसिद्ध छ । नेपाली बौद्ध साहित्य र बौद्धहरू यो घटना मनोबुद्धमा भएको मान्दछ ।

फाहियानको पुरुषपुर (आजकलको पेशावर) को वर्णन भिक्षुहरूको मध्यान्ह पूर्वको भिक्षाटनको वर्णन पालि विनय सम्मत प्रकारको छ । हेलो (आजकलको हिड्डा) स्थित बुद्धको ललाट (कपाल) धातुको वर्णन पनि पालि विवरणसंग मिल्दो जुल्दो छ ।

दुर्लंघ्य हिउँको पर्वत पार गरेर लोइ (रोही कुरम नदी नजिकैको ठाउँ) मा पुग्दा फाहियानले अन्दाजी ३ हजार महायानी र स्थविरवादी भिक्षुहरूलाई देख्यो । लोइमा वर्षावास गरेर १० दिन दक्षिण तिर लागेपछि पोना ( पन्नू पंजाब ) जनपदमा फेरि ३ हजार स्थविरवादी भिक्षुहरूसँग फाहियानको भेंटघाट भयो । यहाँबाट ३ दिन पूर्व लागेर हिंतू नदी पार गरेर जब फाहियान पीतू जनपदमा पुग्यो फेरी उनको भेंटघाट महायान र स्थविरवादका भिक्षुहरूसँग भयो । दक्षिणपूर्व तिर ८० योजन पार गरेर फाहियान मताउला (मथुरा) पुग्यो । त्यहाँ अहिले सम्म सारिपुत्र, महामौद्गल्यायन र महाकाश्यपका स्तूपहरूको गन्धमालाबाट खूब पूजा हुन्थ्यो । रातरात भर बत्ति बालिन्थ्यो । सारिपुत्र, महामौद्गल्यायन र महाकाश्यप गौतम बुद्धको प्रथम, द्वितीय र तृतीय अग्रश्रावकहरू भएको पालि विवरण यहाँ स्मरणीय छ ।



Downloaded from http://www.dhamma.digital

गांधारबाट १८ योजन दक्षिण पूर्व लाग्दा फाहियान संकाश्य जनपद पुग्यो । आफ्नो आमा (महामाया) लाई त्रायत्रिंश देवलोकमा जानुभइ अभिधर्मको उपदेश दिएर यसै ठाउँमा मनुष्यलोकमा गौतम बुद्धले पर्दापण गर्नु भएको थियो । फाहियानको यो वर्णन पालि वाङ्मयको वर्णन सँग ट्वाक्कै मिल्दछ । फाहियानले राजा अशोकद्वारा स्थापित यहाँ १६ हाथको बुद्ध मूर्ति र विहार पछाडि ३० हाथ ऊँचो स्तम्भ देखेको थियो, जुन स्तम्भमाथि सिंह मूर्ति थियो । संकाश्यमा अहिले पनि त्यो अशोक स्तम्भ खडा नै छ । फाहियानले यहाँ संघ भण्डारबाट स्थविरवादी र महायान भिक्षुहरूलाई भोजन भिक्षा पाउने व्यवस्था भएको वर्णन गरिएको छ, तर त्यो स्पष्ट छैन यो भोजन वितरण गर्ने संघ भण्डार बेग्ला-बेग्लै थियो वा एउटै संघ भण्डार ।

संकाश्य स्थित नाग विहारमा वर्षा काटेर ७ योजन दक्षिण पूर्व लागेपछि फाहियान कान्यकुन्ज नगरमा पुग्यो । यहाँ स्थविरवादी भिक्षुहरूका दुई संघारामहरू थिए । यहीं बुद्धबाट जीवनको क्षणिकता र जीवन पानीको फोका जस्तो क्षण भंगूर भएको उपदेश दिनुभएको बेहोरा फाहियानले प्रस्तुत गरेकोछ । बुद्धको यो उपदेश आज पनि स्थविरवादी भिक्षुहरू अनित्यानुस्मृतिको प्रसंगमा दिनौं पाठ गर्दछन् ।

फाहियानको श्रावस्तीको यात्रा विवरणबाट पालि श्रावस्ती वर्णन सँग मिल्दछ । फाहियानले महाप्रजापति गौतमी बस्नु हुने विहारको ठाउँ, सुदत्त (अनाथपिण्डक) को विहारको ठाउँ र अंगुलिमाल अर्हत्भई निर्वाण भएको ठाउँमा बनाई राखेको स्तूपको वर्णन गरिएको छ । फाहियानले सुदत्तको विहारको पूर्वीद्वारनिर दुई शिलास्तम्भ पनि देखेको थियो जुन दुई स्तम्भहरू मध्येमा दाहिने स्तम्भको टुप्पामा वृषको र बायाँ स्तम्भको टुप्पामा चक्र विद्यमान थियो ।

फाहियानको श्रावस्तीको यात्रा विवरणबाट महायान दर्शनको पूर्ण विकास अघि नै बुद्धको मूर्ति बनिसकेको कुरा प्रमाणित



Downloaded from http://www.dhamma.digital

हुन्छ । बुद्ध त्रायतिंश देवलोकमा वर्षावास गर्नु भएको बेला राजा प्रसेनजितले बुद्धको दर्शनार्थ एउटा चन्दनको बुद्ध प्रतिमा बनाउनु भएको थियो । पाकिस्तानको संग्रहालयमा एउटा यस्तो प्राचीन शिलामूर्ति आजपनि छ, जसमा बुद्ध, बुद्धको मूर्ति र प्रसेनजित एक साथ उत्कीर्ण गरिएको छ । हालैको सिल्क रोडमा गरिएको अध्ययन-अन्वेषणबाट प्रमाणित हुन्छ, बुद्ध मूर्तिको विकास कसरी प्राचीन कालमा नै भइसकेको थियो । यस उसले इंगित गर्दछ, गांधार र मथुरा शैलीमा बुद्ध मूर्तिको व्यापक रूपमा प्रचार प्रसार हुनु अगाडि नै बुद्ध मूर्तिको विकासमा स्थविरवादीहरूको पनि हाथ थियो । बुद्धको दीर्घकाल विहार भएको जेतवन देख्दा फाहियानको हृदय करुणा र वेदनाले मर्माहित भयो । माता विशाखाको विहार र चिंचमाणविकाद्वारा बुद्धमा दोषारोषण भएको ठाउँको वर्णन पनि फाहियानले राम्ररी गरिएको छ ।

फाहियान श्रावस्ती नगरबाट दक्षिण पश्चिम दिशामा १२ योजन जांदा 'व पी किया' भन्ने गाउँमा पुगेको थियो । यहां ककुच्छंद बुद्धको जन्म, पिता पुत्र दर्शन र महापरिनिर्वाण भएको स्थानमा स्तूप बनाइएको थियो । यी स्तूपहरू वर्तमान कपिलवस्तु (तिलौराकोट) जिल्लाको कुदान र गोटिहवामा फैलिएका छन् । गोटिहवामा आज पनि अशोकको शिलास्तम्भ र स्तूपावशेष विद्यमान छ ।

फाहियानले त्यहाँबाट उत्तर लागेर एक योजन पनि यात्रा गरेको थिएन, कनकमुनि बुद्धको जन्म स्थान आइपुग्यो । यो ठाउं आजकलको निग्लीहवा हो, जहाँ आज पनि कोनाकमन (कोणागमन-कनकमुनि) बुद्धको स्तूप भएको अशोकले वर्णन गरेको शिलास्तम्भ विद्यमान छ । यहाँबाट एक योजन जति हिंड्दा फाहियान कपिलवस्तु राजधानीमा पुगेको थियो । फाहियानले वर्णन गरेको छ, "नगरमा राजा छैन, प्रजा छैन । केवल उजाड खंडहर छ । केही श्रमणहरू र दश घर घरवासीहरू छन् । शुद्धोदनको महलमा अब



Downloaded from http://www.dhamma.digital

कुमार र आमाको मूर्ति राखिएको छ । कुमारले श्वेत हस्ती भएर आमाको कोखमा प्रवेश गरेको र कुमारले नगरको पूर्वीद्वारबाट निस्कंदा रोगीलाई देखेर रथ फर्काएको ठाउँमा स्तूपहरू बनाएका छन् ।" त्यस्तै फाहियानको वर्णन अनुसार त्यस बेला असित ऋषिले राजकुमारको लक्षण देखेको, महाप्रजापति गौतमीबाट संघाती प्रदान गरेको, विरूढकले शाक्यहरूलाई निर्जीव गर्न प्रयास गरेका ठाउँहरूमा बनाइएका स्तूपहरू त्यस बेला सम्म विद्यमान थिए । नगरको बाहिर पूर्वोत्तर दिशामा राजा शुद्धोदनबाट खेती गरको र त्यसबेला कुमार एउटा रूखमुनि बसेको ठाउं फाहियानको यात्राकाल सम्म यहीं हो भन्ने निश्चित थियो । फाहियानको यस यात्रा विवरणबाट स्थविरवादी वाङ्मयको ऐतिहासिक पक्ष राम्ररी पुष्टि हुन्छ । भद्रकल्पावदानको काल्पनिक कथाको प्रसंगसँग मिल्ने कुनै स्मारक फाहियान देखेको छैन, न त व्हेनसांगको कपिलवस्तुको यात्रा विवरणमा यसको कुनै उल्लेख छ । यदि यथार्थमा गोपालाई पानीको पोखरीमा, अग्निकुण्डमा, पहाडको टुप्पाबाट पहाडमुनि खसालेको नै भए यसका स्मारकहरू कपिलवस्तुमा अवश्य पनि हुनु पर्ने हो ।

फाहियानले कपिलवस्तु नगरको पूर्वतिरबाट ५० लि पर रहेको राजाको लुम्बिनी भन्ने बगैंचामा पुग्दा महारानी (मायादेवी) ले स्नान गरेको कुँड देखेको थियो । कुँडबाट २० पाइला उत्तर लाग्दा पूर्वाभिमुख भई कुमार (सिद्धार्थ) लाई जन्माइएको ठाउं छ भनेर फाहियानले वर्णन गरेको छ र दुई नागहरूद्वारा कुमारलाई नुहाइएको ठाउँमा इनार बनेको र त्यस इनारबाट अहिले पनि भिक्षुहरू पानी पिउने गरेको वर्णन गरेको छ ।

फाहियानले बुद्धको जन्मस्थलबाट ५ योजन जांदा "राम" जनपद पुगेको थियो । फाहियानको यस यात्रा विवरणमा ५ योजन कुन दिशा तिर जांदा भन्ने स्पष्ट उल्लेख नभएकोबाट "राम" स्थान केही विवादास्पद भएको छ । फाहियानको "राम" भन्ने ठाउं पालि



Downloaded from http://www.dhamma.digital

वर्णनको "रामग्राम" हो । नवलपरासीको स्थलगत वस्तुस्थिति, सम्भवत विहार आदिका अवशेष खंडहरहरू, स्तूपको अवशेष थुम्कोबाट रामग्रामको ऐतिहासिक स्थलको अब पहिचान भइसकेकोछ । फाहियानले रामग्राम स्थित स्तूपको जुन वर्णन गरेकोछ, त्यो महावंसको वर्णन संग तादात्म्य सम्बन्ध राख्दछ ।

फाहियानले रामग्रामबाट बुद्धको महापरिनिर्वाण स्थल पुग्दा बुद्धको परिनिर्वाणको वर्णन कुँदिएको शिलास्तम्भ पनि देखेको थियो । त्यहाँबाट १० योजन पूर्व लाग्दा फाहियान वैशाली पुगेको थियो । अम्बपाली गणिकाको श्रद्धादान भएको ठाउँमा रहेको स्तूपको वर्णन र एक शय वर्ष पछि विनयको संगायना र पारायण गरेको फाहियानको यात्रा विवरणबाट पालि वाङ्मयको प्रामाणिकतामा योगदान भएको छ ।

फाहियान त्यसपछि आनन्द महास्थविरको परिनिर्वाण स्थलको यात्रा गरेर मगध जनपदको पुष्पपुर (पाटलिपुत्र, पटना) पुग्यो । त्यहीं फाहियानले अशोक स्तूप नजिकै एउटा स्थविरवादी विहार पनि देखेको थियो, जस्मा ७-८ शय भिक्षुहरू थिए । तिनीहरूको आचार-विचार, पठन-पाठन विधि फाहियानलाई देख्नै पर्ने देख्ने योग्य किसिमको प्रभावोत्पाद भएको थियो । मंजुश्री भन्ने आचार्य महायानी र स्थविरवादी भिक्षुहरूका लागि आदरणीय थियो । फाहियानको यात्राकालमा पाटलिपुत्रमा पनि २० हाथ लामो ४ पहिया भएको रथयात्रा प्रचलित नै थियो । त्यस रथमा पनि बुद्ध र बुद्ध संगै बोधिसत्त्वका मूर्तिहरू थिए । यस्ता २० रथयात्राहरूको प्रतिस्पर्धा हुने र रथयात्रा कालमा बत्ति बाल्ने फाहियानको विवरण वर्णन सारै पठनीय छ ।

फाहियान पाटलिपुत्रबाट राजगृह नाल (नालंदा) ग्राम जानु भएको थियो । सारिपुत्रको जन्मस्थल र बुद्धमा आक्रमण गर्न नालागिरी हात्ति छाडिएको स्थान त्यसबेला सम्म यही हो भन्ने निश्चित थियो । फाहियानले सप्तपर्णी गुफा र संगायनको वर्णन


Downloaded from http://www.dhamma.digital

पनि गरिएको छ तर त्यस संगायनामा सारिपुत्र र मौद्गल्यायनको समुपस्थितिको वर्णन भन्ने पालि विश्वास संग मेल खान्दैन । फाहियानले जीवनको अनित्यता उपदेश सुनेर भिक्षुहरूबाट आत्मघाट गरेको ठाउँको वर्णन पनि यहीं निर भएको निर्दिष्ट गरेको छ ।

गयामा फाहियानले बुद्धद्वारा ६ वर्ष तपस्या गरेको ठाउँमा स्तूप र मूर्तिहरू रहेको वर्णन गरेको छ । फाहियानको यात्राकाल सम्म प्रसिद्ध क्षीरदानको स्थान, पूर्वाभिमुख भई बोधिसत्त्वबाट क्षीर भोजन गर्नु भएको ६-६ हाथ लम्बाई चौडाई भइ २ हाथ ऊँचो ढुंगा विद्यमान थियो ।

फाहियानले आफ्नो ऋषिपत्तन मृगदावको यात्रा वृत्तान्तमा पंचभद्रवर्गीद्वारा बुद्धमा पहिले अविश्वास गरेको र पछि बुद्धप्रति उपेक्षित भई रहेने आफ्ना निर्णयमा टिक्न नसकेको, अन्ततः कौण्डिन्य आदि यी पंचभद्रवर्गीद्वारा बुद्धको पहिलो उपदेश श्रवण गरेको चर्चा गरेको छ । त्यसबेला मृगदाव विहारबाट १३ योजन पश्चिमोत्तर दिशामा रहेका 'गोक्षीर वन' विहारमा प्रायः स्थविरवादी भिक्षुहरू नै बसिरहेका थिए ।

**उपसंघनायक भिक्षु शाक्यानन्द महास्थविर अभिनन्दन समारोह स्मारिका**
**बि.सं. २०४५ फागुण)**



Downloaded from http://www.dhamma.digital

# ह्वेनसाङ्गको यात्रावृत्तान्तमा स्थविरवाद

बौद्ध इतिहास, संस्कृति र पुरातत्त्वका स्रोतहरूमध्ये चिनियाँ यात्रीहरूको यात्रा वृत्तान्त पनि एक प्रमुख स्रोत हो । यहाँ चिनिया यात्री भिक्षुहरू मध्ये ह्वेनसाङ्गको यात्रावृत्तान्तको आधारमा पालि स्रोत र स्थविरवादी बौद्ध निकायसँग सम्बद्ध कुराको चर्चा गरिन्छ ।

ह्वेनसाङ्गलाई क्वान च्याङ्ग, ह्वेन काङ्ग अथवा सुयेन च्वाङ्ग आदि पनि भनिन्छ । अग्ला जिउ भएका ह्वेनसाङ्ग आठ फिट अग्लो भनिन्छ । बाक्लो आँखिभौका साथै प्रभावशाली आँखा भएका ह्वेनसाङ्ग आमा बाबुको चौथो र कान्छो छोरो थियो । हूल र होहल्लाको वातावरण नरुचाउने ह्वेनसाङ्गलाई उनका माहिलो दाजु भिक्षुले संघाराममा लिएर गए । लोयाङ्गमा राजकीय भरण पोषणको लागि चौधजना भिक्षुहरू छानिन लागेको बेलामा शयौं प्रार्थना पत्रहरू आए । उमेरबाट छनौटमा भागलिन नपाउने भएतापनि ह्वेनसाङ्ग छनौट हुने ठाउँमा बस्न गए । विषयाधिकारीले उनलाई देखेर सोधियो 'तिमी को हौ ?' "किन तिमी पनि प्रतियोगितामा भाग लिन आएकाछौ ?" ह्वेनसाङ्गले जवाफ दिए – "म पनि यस प्रतियोगितामा भाग लिन चाहन्थें तर उमेर नपुगेकोले प्रतियोगितामा भाग लिन लगाएनन् ।"

"तिमी भिक्षु भएर के गर्छौं ?"

"भिक्षु भएर तथागतको धर्म प्रकाश सबै तिर चहकिलो पार्ने मेरो विचार छ ।"



Downloaded from http://www.dhamma.digital

जवाब सुनेर ह्वेनसाङ्गलाई कम उमेरको भएता पनि सरकारी भरण पोषण (छात्रवृत्ति) मा छानियो । उनी तेह्र वर्षको उमेरमा धर्म व्याख्यानमा प्रसिद्ध भए । वू, शू, खिङ्ग र त्सू प्रदेशमा उनको उपदेश नसुन्ने कोही बाँकी भएन । उनी बीस वर्षको उमेरमा "शिङ्गतू" मा उपसम्पन्दा भए र त्यसबेला सम्ममा उनी शाक्यधर्मको बाटो देखाउने भनी प्रशंसाको पात्र भइसकेका थिए । ह्वेनसाङ्गको विचारमा भने 'आचार्यहरू आ-आफ्नो विचारमा अलभ्भिएका छन्, शास्त्रको सार यी आचार्यहरूको धारणा भन्दा फरक छ ।' त्यसैले पश्चिम देशमा फाहियान र चि-येनले जस्तै धर्म अन्वेषण गर्न जाने उनको विचार भयो । तर् त्यसबेला भने कोही पनि व्यक्ति देश बाहिर जान पाउन्नथे ।

ह्वेनसाङ्गलाई बाहिर जान नपाउने निषेधाज्ञाले रोक्न सकेन । चें क्वानको तेश्रो वर्षको (ई.६३०) आठौं महीनामा आफ्नो छब्बीस वर्षको उमेरमा यात्रा आरम्भ गरी उनी "चिन-चाउ" पुगे । 'मेरो शरीरको मासु टुक्रा टुक्र भएर गएतापनि म फर्केर आउने छैन' भनी प्रतिज्ञा गरी ह्वेनसाङ्ग घोडाको गोबर र मृत प्राणीहरूको हाडको चिन्ह नै बाटो बनाएर उनी बिस्तारै अगाडि बढे । यात्रामा उनलाई कुनै भय, कठिनाई र धर्म प्रेमको मानमर्यादाले रोक्न सकेन । वैपुल्य धर्मको अमृतवर्षा कपिला (कपिलवस्तु) मा मात्र होइन, पूर्व (चीन)मा पनि होस् भन्ने उनको मनसाय थियो । महायान र स्थविरवाद धर्मबारे परिचित ह्वेनसाङ्गको मनमा योगशास्त्रप्रति पनि श्रद्धा थियो । यात्रामा उनले वल्क (बलख) नगर उजाड भइराखेको देखे । तैपनि १०० वटा संघारामहरू र तीन हजार स्थविरवादी भिक्षुहरू त्यसबेला त्यहाँ थिए । यहाँ कै नव-संघाराममा बुद्धको दन्तधातु पनि थियो । दन्तधातु सेतो पहेँलो रङ्गको थियो । संघारामको उत्तरमा २०० फूट अग्लो एउटा स्तूप, पोली नगरमा दुईजना व्यापारीलाई बुद्धले बुद्धगयामा चिन्ह स्वरूप दिनु भएको नङ र केश राखी बनाइएको दुईवटा स्तूपहरू छन् भन्ने कुरा ह्वेनसाङ्गको वर्णनमा छ । नव संघाराममा तीनवटै पिटकहरू पढेका



Downloaded from http://www.dhamma.digital

ता-मो-पि-लो (धर्मप्रिय), ता-मो-कि-ली (धर्मकर) र प्रज्ञाकर भन्ने तीनजना स्थविरवादी भिक्षुहरू पनि त्यहाँ बस्नु भएको रहेछ । प्रज्ञाकर भिक्षुले ह्वेनसाङ्गको कोष र विभाषादिमा भएका शङ्काहरू हटाइ दिए । ह्वेनसाङ्ग यहाँ एक महीना बसी भिक्षु प्रज्ञाकरसँग विभाषा शास्त्रको गम्भीर अध्ययन पनि गरे । फेरि वहाँसंगै बाल्हीक देखि यात्रा गरेर ह्वेनसाङ्ग कोइची (गज) जनपदसम्म पुगे ।

त्यहाँबाट बामियान (अफगानिस्थान) को प्रधान नगरमा पुग्दा ह्वेनसाङ्गले दशवटा जति धर्मका ठूलठूला केन्द्रहरू देखे । यहाँ लोकोत्तरवादी (स्थविरवादी) हजारौं भिक्षुहरू बसोवास गरीरहेका थिए । दुईजना महासांघिक विद्वान भिक्षुहरू आर्यदास र आर्यसेनले टाढैदेखि आएका ह्वेनसाङ्गलाई प्रेमपूर्वक स्वागत गरे । नगरको उत्तर-पूर्वस्थित पहाडको पाखामा १५० फूट अग्लो बुद्धको प्रतिमा थियो । यहाँबाट पूर्वको संघाराममा तामा हालेको १०० फूटको ढुङ्गाको शाक्यमुनि बुद्धको मूर्ति अनि निर्वाण-मुद्राको १००० फूट लामो मूर्ति छ भनी ह्वेनसाङ्गको यात्रावृत्तान्तमा लेखिएको छ । ह्वेनसाङ्गको यात्रावृत्तान्त अनुसार यी मूर्तिहरू अति नै भावपूर्ण छन् ।

Dhamma.Digital

कपिशा नगरको उत्तरमा हिमालय रहे जस्तै एउटा स्थविरवादी विहार पनि थियो । विहारलाई ह्वेनसाङ्गले "शलोकिय" भनी उल्लेख गरेको छ । यहाँको स्थविरले ह्वेनसाङ्गलाई भने – 'यो विहार हान् सम्राटको छोराले बनाउन दिएको हो, फेरि तपाई पनि त्यही देशबाट आउनु भएको रहेछ, त्यसैले यही विहारमै बस्नुहोस् ।' त्यसैले महायान भिक्षुहरूलाई ह्वेनसाङ्ग यहाँ बसेको मन नपरे तापनि चिनिया राजकुमारले बनाएको विहार भनी उनी त्यही विहारमा बसेका थिए । ह्वेनसाङ्गको भनाई अनुसार यस विहारमा पहिले देखि चल्दैआए जस्तो अहिले पनि वर्षावासमा संघ जम्मा हुने काम र धर्मग्रन्थको सङ्गायना जस्तै पाठ गर्ने काम भइराखेको छ । ह्वेनसाङ्गले जनश्रूति अनुसार चीनी राजकुमारले विहारको सम्भारको



Downloaded from http://www.dhamma.digital

लागि जम्मा गरी राखेको भनेको ठाउँमा शयौं सूनका टुक्रा र कौडाहरू भेट्टाए । अनि यसै विहारमा वर्षावास पनि बसे ।

ह्वेनसाङ्गले ना की लो हो (नगरहार) जनपदमा शाक्य बोधिसत्त्व (सुमेधले) जेन तङ्ग फो (दीपंकर)बुद्धसँग बुद्धत्त्व प्राप्त गर्न प्रार्थना गरेको ठाउँमा ३०० फूट अग्लो स्तूप बनाई राखेको देखे ।

ह्वेनसाङ्ग उ चङ्ग न (उद्यान) बाट यता सु पो स तु (सुभा वस्तु) नदीको छेउमा १८००० भिक्षुहरू बस्ने १४०० संघारामका खण्डहरूमा पुगे । नगरको पूर्वमा ५ ली (करीव १ ली = ११० मिटर) पर खन्तिवाद जातक अनुसार कलाबू राजाले आफ्नो हात खुट्टा काटी दिएता पनि सहेर बसेका क्षान्तिवादी ऋषिको स्मरणमा बनाइराखेको एउटा ठूलो स्तूप थियो ।

ह्वेनसाङ्गको यात्रा वृत्तान्त अनुसार तक्षशिलाबाट उत्तरी सीमा नाघेर सिंधु नदी पारी दक्षिण-पूर्वतिर २०० ली गएपछि पहाडको पाखा पाखा भेट्टाए । यहाँ आफ्नो मासु काटी भोकाएकी बघिनी र सात वटा डमरूहरूलाई दान दिएको भनिन्छ । अझ यहाँको माटो र रूखका पात समेत रातो देखिन्छ । महासत्त्वको रगतको कारणले यस्तो भएको भनी मानिसहरू भन्छन् । फाहियानले महासत्त्वको चर्चा गरेको ठाउँको वर्णन गरी राखेको कुरा पनि यहाँ स्मरणीय छ । यद्यपि नेपालको विश्वासमा सो स्थान नमोबुद्ध (नमुरा) हो ।

ह्वेनसाङ्गको यात्रावृत्तान्त अनुसार मो तु ली (मथुरा) मा शाक्यमुनि बुद्ध, उनका शिष्य सारिपुत्र, महामौद्गल्यायन, पूर्ण मैत्रायणी पुत्र, उपाली, आनन्द, राहुल र मञ्जुश्रीको धातुस्तूपहरू छन् । यी स्तूपहरूको पूजा भिन्न भिन्न निकायकाहरूले विशेष रूपमा गर्दोरहेछ । अभिधर्मका अनुयायीहरूले सारिपुत्रको धातुस्तूप, विनय पक्षकाहरूले उपालीको धातुस्तूप, भिक्षुणीहरूले आनन्दको



Downloaded from http://www.dhamma.digital

धातुस्तूप, श्रामणेरहरूले राहुलको धातुस्तूपको पूजा विशेषरूपमा गर्छन् भने महायानका अनुयायीहरूले बोधिसत्त्वको धातुस्तूपको पूजा गर्दा रहेछन् ।

ह्वेनसाङ्ग आफ्नो यात्रा क्रममा मतिपुरमा १० वटा संघाराम र ८०० भिक्षुहरूले सर्वास्तिवादी निकायको स्थविरवादको अध्ययन गरी राखेको ठाउँमा पुगे । यात्रा वृत्तान्त अनुसार उनले नगरबाट दक्षिणतर्फ ४/५ ली पर जांदा सानो विहारमा ५० जना भिक्षुहरूलाई भेटे । तिनीहरूमध्ये गुणप्रभ भन्ने भिक्षुले १०० वटा जति शास्त्रहरूको रचना गरेका थिए । गुणप्रभ पर्वत निवासी महायानी भिक्षु थिए । तर पछि स्थविरवादको अनुयायी भए । गुणप्रभ भिक्षु बस्ने यस विहारबाट ३/४ ली दक्षिणमा एउटा संघाराममा २०० स्थविरवादी भिक्षुहरू बस्ने गरेका थिए । यहाँका आचार्य काश्मीर निवासी संघभद्र भिक्षुको मृत्यु भएकोले आम्रवाटिकामा स्तूप बनाई राखे । यहीं नै पाँचवटै द्वीपको भ्रमण गरी सकेका सर्वास्तिवादी निकायका अनुयायी, तिपिटकका ठूला विद्वान विमलमित्र भिक्षुको स्तूप भएको कुरा पनि यात्रावृत्तान्तमा उल्लेख गरिइ राखेको छ ।

ह्वेनसाङ्गले पनि फाहियानले जस्तै कपिथमा बुद्धले आफ्नो आमालाई उपदेश दिएर मनुष्य लोकमा ओर्लनु भएको ठाउँको वर्णन गरी राखेकोछ । यहाँ ७० फूट लामो भऱ्याङ्ग नजिकै अशोक महाराजको ७० फुट अग्ला एउटा शिलास्तम्भ छ ।

ह्वेनसाङ्गको यात्रा कालमा कान्यकुब्जमा १०० वटा संघाराम र १०,००० भिक्षुहरू थिए । यी भिक्षुहरूले दुईवटै यानको अध्ययन गर्थे । यही कुरा आ यु तो (अयोध्या) जनपदको बारेमा पनि हो । यहाँ १०० जति विहारहरू छन् । फेरि यहाँ भएका हजारौं भिक्षुहरूले स्थविरवाद र महायानको अध्ययन गर्थे । ह्वेनसाङ्गको यात्रावृत्तान्तबाट थाहा हुन्छ भिक्षुहरूले निकाय परिवर्तन पनि गर्ने गर्दथे । जसरी वसुबन्धु जस्ता दर्शन-शास्त्रका विद्वानहरूले गरे ।


Downloaded from http://www.dhamma.digital

कौशम्बीको संघाराममा बुद्धको ६० फूट अग्लो उदयन महाराजले बनाएको चन्दनको बुद्धमूर्ति आदि भएको कुरा फाहियानको यात्रावृत्तान्तसँग मिल्दो जुल्दो छ।

ह्वेनसाङ्ग पि सो किया (विशाखा) जनपदमा पुगेको बेला त्यहाँ २० वटा संघराममा सम्मितीय निकायका ३००० स्थविरवादी भिक्षुहरू रहेका थिए । शि लो फू शी ती (श्रावस्ती) को ६०० ली भूमिमा छरिएका शयौं संघाराममा पनि यी नै स्थविरवादी भिक्षुहरू बास गरीरहेका थिए । महाप्रजापति गौतमी बस्ने विहारभने स्मारक स्तूपको रूपमा परिवर्तन भई सकेको थियो । सुदत्तको जेतवन विहार भट्किएको थियो, तर विहारको पूर्वपट्टिका ढोकामा दायाँ बायाँ ७० फूट अग्ला अशोक स्तम्भहरू त्यसबेलासम्म विद्यमान थिए । विहारको पछाडी अलि पर विधर्मी आइमाईलाई मारेर बुद्धलाई गलत अभियोग लगाएको ठाउँको उल्लेख पनि ह्वेनसाङ्गको यात्रावृत्तान्तमा पाइन्छ । यी विधर्मी आइमाई पालिको सुन्दरी परिव्राजिका हो । अशोकले काश्यप बुद्धको शरीर धातु निधान गरेर स्तूप पनि बनाई राखेको थियो । यहाँबाट दक्षिण-पूर्व ८०० ली पर गएपछि कपिलवस्तु पुगेका ह्वेनसाङ्गले भन्नु भएको छ, कपिलवस्तु जनपदको परिधि ४००० ली छ । मुख्य नगर र १००० वटा गाउँ नष्ट भइ सकेका थिए । नगरको भित्रको भाग १५ ली छ । यहाँ चारैतिर पर्खाल छ । यहाँ महाराज शुद्धोदनको राजदरबारको अवशेष र खण्डहरको एउटा विहारमा राजाको मूर्ति छ । त्यस्तै मायादेवीको सुत्ने कोठामा बनाइ राखेको विहारमा बोधिसत्त्वको गर्भप्रवेशको कुरा देखाउने मायादेवीको चित्र राखिएको छ । ह्वेनसाङ्गले यो घटनाको बारे यात्रावृत्तान्तमा लेखि राखेको छ । स्थविरवादीहरूले यो घटना उ तन तो अन शन च (उत्तराषाढ) को अन्तिम तिथिको सन्ध्या समयमा भएको भन्दछन् ।

हामी (चिनियाहरू) ले पाँचौं महीनाको पूर्णिमाको आठौं दिनमा पर्दछ, भनि मान्दछौं । अरूहरूले फेरि तेइसौं दिन भन्छन् ।



Downloaded from http://www.dhamma.digital

जुन हिसाब गर्दा चीनको हिसाबले पाँचौं महीनाको आठौं दिनमा पर्न आउँछ ।

कपिलवस्तुको उत्तर पूर्वमा असित ऋषिले शाक्य कुमारलाई हेरेको ठाउँमा एउटा स्तूप छ । राजधानीको दायाँ बायाँ शाक्य कुमारले आफ्नो पुरूषार्थ देखाएको ठाउँ, शाक्यकुमारले घोडा चढेर बाहिर निस्केको ठाउँ, राजकुमारले नगरको चारवटा ढोका बाहिर आई वृद्ध, रोगी, मूर्दा र सन्यासी देखेको ठाउँ पनि ह्वेनसाङ्गको यात्रा कालसम्म निश्चित यहीं हो भनी भन्न सकिने अवस्थामा थियो । यहाँबाट अलिकति वन पार गरेर ह्वेनसाङ्ग राम जनपद (रामग्राम) पुगे । त्यहाँ बुद्धको अस्थि धातु रक्षा गरी राखेको १०० फीट अग्लो स्तूप छ । यससँगै रूप बदलेर स्तूप घुम्ने नाग बस्ने एउटा कुण्ड छ । त्यहाँ संघाराममा एउटा श्रामणेर छ । संघारामबाट १० ली पूर्वमा सिद्धार्थले आफ्नो वस्त्र र गहना फुकाली छंदकलाई दिएको ठाउँ र केश काटेको ठाउँमा अशोकले बनाइराखेको दुईवटा स्तूपहरू थिए ।

ह्वेनसाङ्ग यहाँबाट कुशीनगर पुगे । यहाँ उत्तरतिर शिर पारी परिनिर्वाणावस्थाको बुद्धमूर्ति थियो । विहारसँगै अशोकको स्तूप र परिनिर्वाणको विषयमा लेखिएको मिति उल्लेख नभएको अशोकको स्तम्भ थियो । ह्वेनसाङ्गलाई त्यसबेला त्यहाँका मानिसहरूले भने – ८० वर्षको उमेरमा वैशाख शुक्ल पूर्णिमाको दिनमा बुद्ध निर्वाण हुनु भयो । हामी चीनको हिसाबले यो घटना दोश्रो महीनाको १५ औं दिनमा मान्छौं । सर्वास्तिवादीहरूले कार्तिक शुक्ल पक्षमा भन्दछन् । यो हाम्रो हिसाबले नवौं महीनाको आठौं दिन पर्छ । ह्वेनसाङ्गले बुद्धको महापरिनिर्वाण भएको १५००, १२००, १०००, ९०० वर्ष भयो भन्ने विभिन्न भनाइको उल्लेख पनि यात्रावृत्तान्तमा गरीराखेको छ । स्पष्ट रूपमा यसबाट प्रमाणित हुन्छ । बुद्धको महापरिनिर्वाण बारेमा त्यसबेला पनि थरी थरीका धारणा बनी सकेका थिए ।


Downloaded from http://www.dhamma.digital

कुशीनगरबाट ५०० लीको जङ्गल पार गरी ह्वेनसाङ्ग वो लो नी सी (वाराणसी) पुगेको बेलाको वर्णनमा त्यसबेला मुख्य नगरमा ३० वटा संघाराम भएको र फेरि त्यहाँ स्थविरवाद भिक्षुहरू र उपासकहरू भएको कुरा उल्लेख छ। वो लो नी सी नदी पारी उत्तर-पूर्वमा १० ली गएपछि मृगदाव विहार पुगे। त्यहाँका संघारामहरू अग्ला अग्ला थिए र त्यहाँ बरण्डा पनि थियो। यहाँ भएका १५०० भिक्षुहरूले सम्मतीय निकायको स्थविरवाद अध्ययन गरी राखेको थियो। यहाँ धर्मचक्रप्रवर्तन मुद्राको बुद्धको प्रतिमा थियो। विहारको दक्षिण-पूर्वमा १०० फूट अग्लो अशोक स्तूप अनि त्यसको अगाडि ७० फूट अग्लो स्तम्भ रहेछ। यहाँ नै बुद्धले सर्व प्रथम धर्मचक्रप्रवर्तन गर्नु भएको थियो।

ह्वेनसाङ्गको समयसम्म बुद्धले परिनिर्वाण पूर्व यहाँ आउनु भएर उपदेश दिनु भएको ठाउँ र फर्केर यो तथागतको अन्तिम वैशालीको दर्शन हो'भनेर भन्नु भएको ठाउँ यहीं हो भन्न सकिन्थ्यो। ह्वेनसाङ्ग पाटलीपुत्रबाट राजगृह गए। विहारको उत्तरमा ३० फूट अग्लो अशोकको दानको चर्चा गरिएको एउटा स्तम्भ थियो।

ह्वेनसाङ्गले बुद्धगयामा श्रद्धाको आँसु बगाएको बेलामा त्यहां वर्षावास बस्नु भएका हजारौं भिक्षुहरू थिए। तर यी भिक्षुहरू कुन निकायका थिए भन्ने कुरा यात्रावृत्तान्तमा स्पष्ट उल्लेख छैन।

ह्वेनसाङ्गको यात्रावृत्तान्तमा नालन्दामा मौद्‌गल्यायनको गाउँ, राजगृहको जीवकको विहारमा स्तूप अनि महाकाश्यपको नेतृत्वमा सङ्गायनाको प्रसङ्गमा आनन्द महास्थविर अर्हत हुनु नभएकोले यहाँ बसेर धर्म र संघ दुषित नपार्नु भनी भन्दा संवेग उत्पन्न भई अर्हत् हुनु भएको कुराको पनि चर्चा भई राखेको छ। सङ्गायनामा आनन्द महास्थविरबाट सूत्रको अनि उपालि महास्थविरबाट विनयपिटकको सङ्गायना पछिको "पीतो" ताडपत्रमा लेखेर भिक्षुहरूलाई वितरण गरिएको वर्णन भने पालि परम्परा अनुसार मिल्दैन यो वर्णन श्रीलंकाका महाराज वट्टगामिणीको पालामा



Downloaded from http://www.dhamma.digital

भएको जस्तो देखिन्छ । ह्वेनसाङ्गको यात्रा विवरण अनुसार महाकाश्यपको नेतृत्त्वमा भएको सङ्गायनामा भित्रिन नपाएका धेरै भिक्षुहरू मिलेर अलगै सूत्र, विनय, अभिधर्म, संयुक्त र धारणी पिटकको सङ्कलन गरेको वर्णन पनि छ । यिनीहरूलाई नै महासांघिक भनिन्छ ।

ह्वेनसाङ्गका अनुसार हिरण्य जनपदमा १० वटा संघाराम थिए, अनि त्यहाँ भएका ४००० भिक्षुहरू स्थविरवादको अध्ययन गर्थे । यिनीहरू सर्वास्तिवादीका अनुयायीहरू थिए । यहाँ सर्वास्तिवादी निकायका तथागत गुप्त र शान्तिसिंह भन्ने दुईजना विद्वान भिक्षुहरू थिए । यहाँ नै एक वर्ष बसेर ह्वेनसाङ्गले विभाषा र न्यायनुसार शास्त्रादि अध्ययन गरे ।

यहाँबाट ह्वेनसाङ्ग गङ्गा नदीको दक्षिण तटबाट ३०० ली गई चम्पा जनपदमा पुगे । यहाँ त्यसबेला १० वटा संघारामहरूमा ३०० स्थविरवादी भिक्षुहरू थिए । यु न फ तन न (पुण्डुवर्धन) को १२ वटा संघारामहरूमा भने ३०० भिक्षुहरू भएकोमा स्थविरवाद र महायानका अनुयायीहरू थिए । फेरि कि लो न सु फ ल न (कर्ण सुवर्णन) मा १० वटा संघारामहरूमा सम्मितीय निकायका स्थविरवादी भिक्षुहरू र उपासक उपासिकाहरू थिए । यहाँ संगै रहेको दुईवटा विहारका भिक्षुहरू दूध र नौनि समेत खाँदैनथे । तिनीहरूलाई देवदत्तको परम्पराका भनिन्थे । यहाँबाट दक्षिणमा समस्तर जनपदमा २० वटा संघारामहरू थिए । त्यहाँ भएका भिक्षुहरू थेर निकायका थिए । ह्वेनसाङ्गको अभिप्राय: शायद शुद्ध स्थविरवादसँग थियो । यहाँबाट अलि पर रहेको एउटा संघाराममा ८ फूट अग्लो नीलो-हरियो-रातो रङ्ग मिलेको ढुङ्गाको एउटा राम्रो बुद्ध मूर्ति थियो ।

ह्वेनसाङ्ग ताम्रलिपि जनपदमा पुगेको बेला समुद्र किनारमा १० वटा संघारामहरूमा १००० भिक्षुहरू बसोवास गरीरहेका थिए । समुद्र बिच रहेको सिंहल देशमा स्थविर निकायका अति नै विद्वान



Downloaded from http://www.dhamma.digital

भिक्षुहरू थिए अनि दक्षिण-पूर्व यात्रा यहाँबाट नजिक छ भनी यात्रावृत्तान्तमा लेखिएको छ । सिंह आमा र मनुष्य पिताका सन्तान भएको कारणले सिंहल भनिएको र सिंहल भन्ने व्यक्तिले राक्षसहरूलाई काबूमा लिई देश वृद्धि गरेकोले सिंहल देश भनेको हो भन्ने दुई किसिमका लोककथा पनि यात्रावृत्तान्तमा उल्लेख छ । यहाँ पहिला बुद्धधर्म थिएन । अशोकको सानो भाई (छोरा ?) महेन्द्र प्रव्रजित भई आएर यहाँ धर्मको इतिहास शुरू गरेको हो । त्यसबेला यहाँ १०० संघारामहरू थिए । १०००० भिक्षुहरू थिए । यी १०००० भिक्षुहरू थेर निकायका भए पनि यिनीहरूलाई महायानको कुरा पनि थाहा थियो । दन्तस्तूपको टुप्पोमा भएको रत्न आकाश सफा भएको बेला मज्जाले टल्किन्थ्यो । श्रीलङ्काबाट दक्षिण-पश्चिम यता को मु तो (कोन्पोव) फेरि यता कलिङ्ग जनपद थियो । कलिङ्गका १० वटा संघारामहरूमा थेर निकायका ५०० भिक्षुहरू भएको कुरा यात्रा-वृत्तान्तमा उल्लेख छ । यहाँबाट पनि उत्तर-पश्चिममा दक्षिण कोशलमा १०० वटा संघारामहरूमा बसेका १०,००० भिक्षुहरू भने कुन निकायका थिए स्पष्ट छैन । धान्यकटकमा ह्वेनसाङ्गले सुभूति र सूर्य भन्ने दुईजना महासांघिक निकायका तिपिटकको व्याख्यानमा पारङ्गत भिक्षुहरूलाई भेटे । यहाँ धेरै महीना बसी ह्वेनसाङ्गले मूल अभिधर्मको अध्ययन गरे । अनि उनीहरूले ह्वेनसाङ्गबाट महायानको अध्ययन गरे । कि न ना पोलो (कोकणपुर) का १०० वटा संघारामहरूमा भएका भिक्षुहरू स्थविरवादी र महायानका थिए । महाराष्ट्रमा भएका १०० वटा संघारामहरूका ५००० भिक्षुहरू पनि दुईवटै यानका थिए । मो ला पो (मालव) जनपद ललितकला प्रेमीहरूको जनपद थियो । यहाँका १०० वटा संघारामहरूमा स्थविरवादी २०,००० भिक्षुहरू थिए । यहाँ "अहिंसा" धर्म पालन गर्ने राजाको आज्ञा अनुरूप घोडा र हात्तिलाई खुवाउने पानीमा समेत किरा नपरोस् भनी होश राख्दो रहेछ । यहाँबाट फर्कने बाटोमा कीचा भएर फ ला पी (बल्लभी) जनपद पुग्दा १००० संघारामहरूमा सम्मितीय निकायका स्थविरवादी भिक्षुहरू थिए भनी



Downloaded from http://www.dhamma.digital

यात्रावृत्तान्तमा लेखिएको छ । यहाँका राजाले हरेक वर्ष संघलाई आमन्त्रण गरी सात दिनसम्म सबै भिक्षुहरूलाई आदर पूर्वक भोजन परिस्कार र धन दान गर्ने गर्थे । पो ला स्सी (फारस) मा दुइवटा वा तीनवटा संघारामहरूमा शय जति थेर निकायमा स्थविरवाद मान्ने भिक्षुहरू थिए । यस देशको राजधानीमा बुद्धको भिक्षापात्र थियो । फोलिन राज्यको अधीन एउटा स्त्री राज्यमा स्त्रीहरू मात्र हुने अनि फोलिनको राजाले त्यहाँ तिनीहरूको सहवासको लागि पुरूषहरू पठाउने, पुरूषहरू जन्म्यो भने पालन नगर्ने अद्‌भूत कुरा यात्रा-वृत्तान्तमा उल्लेख गरिएको छ ।

ह्वेनसाङ्गको यात्रावृत्तान्तमा कहाँ कुन समयसम्म थेर निकाय स्थविरको विविध प्रभाव छ स्पष्टनै छ । साथै बौद्ध तीर्थ स्थलको क्रममा ऐतिहासिक ठाउँ चिनेर राखेको पनि धेरै जसो पालि वर्णनसँग धेरै मिल्दछ । यस्ता वृत्तान्तमा विभिन्न प्रकारको सपना, सपनाको कुरा जीवनमा यथार्थमा परिवर्तन हुने, आपद अवस्थामा अवलोकितेश्वरादि स्मरण गर्ने प्रकरणले र विभिन्न संघाराममा महायानी भिक्षुहरू भएको वर्णन भने महायान धर्मबारे र संस्कृतिको बारे जान्न बुझ्न ठूलो स्रोत साधन भएको छ । प्रस्तुत रचना स्थविरवाद, धर्म र संस्कृतिको दृष्टिबाट संक्षिप्त रूपमा परिचर्चा गरेको मात्र हो ।

**(धर्मकीर्ति ७/१ : २०४६ जेष्ठ)**



Downloaded from http://www.dhamma.digital

# महामानवको जन्मस्थल : लुम्बिनी

नेपाल अधिराज्यभित्र निग्लिहवा, गोटिहवा र लुम्बिनीमा गरी तीन भिन्न भिन्न ठाउँहरूमा अशोकका शिलास्तम्भहरू पाइएका छन् । निग्लिहवामा अशोक-स्तम्भ दुई टुक्रा रूपमा रहेकोछ जसमध्येमा एउटामा अशोकको अभिलेख छ र अर्कोमा रिपुमल्लको नाउँ कुँदिएको छ । गोटिहवाको खडा अवस्थाको शिलास्तम्भको अवशेष स्तम्भमा भने कुनै अभिलेख देखिन्दैन ।

लुम्बिनीस्थित शिलास्तम्भ आफ्नो मूल थलोमा नै खडा अवस्थामा छ र अक्षत अवस्थाको ब्राह्मी अभिलेख सहितको छ । यो शिलास्तम्भ भेटिंदा यस घटनालाई उन्नाइसौं इसवी शताब्दीको महानतम् पुरातात्त्विक उपलब्धि मानेकोछ र यसका धेरै कारणहरू छन् । बुद्धको जन्म, सम्बोधिप्राप्ति तथा तथागतको महापरिनिर्वाणको पवित्र स्मृति दिने बैशाख-पूर्णिमाको सन्दर्भमा केही यसका विशेषताहरूबारेमा विचारगर्ने यस लेखको उद्देश्य छ ।

लुम्बिनीस्थित शिलास्तम्भमा दोहरिएर बुद्धको जन्मको कुरा उल्लेख भएकोछ । "हिदबुधेजाते सक्यमुनीति" अर्थात् "यहाँ शाक्यमुनि बुद्ध जन्मनुभएको छ" र "हिदभगवंजातेति लुंमिनिगामे उबलिकेकटे" अर्थात् "यहाँ भगवं जन्मनु भएकोले लुम्बिनी गाउँमा बलिमुक्त गरे ।" लुम्बिनीको यस स्तम्भबारेमा वर्णन गरेर यसको टुप्पाको शीर्षभागमा घोडाको मूर्ति भएको र वज्रपात (कुपित नाग) को कारणबाट स्तम्भ टुक्रिएको वर्णन गरेता पनि अभिलेख बारेमा केही उल्लेख ह्वेनसाङ्गले गरेन जब कि फांग चिहले स्तम्भको वर्णन विषय बुद्धको जन्मसँग सम्बद्ध छ भन्नु भएकोछ ।



Downloaded from http://www.dhamma.digital

बैशाख-पूर्णिमासँग सम्बन्धित बुद्धको जन्म, सम्बोधिप्राप्ति र महापरिनिर्वाणका घटनाहरूमध्येमा यही बुद्धको जन्म सम्बन्धी विवरण नै मौर्यकालीन अभिलेख साक्षी भएको छ र अहिलेसम्म यही एक मात्र यस्ता प्राचीनतम अभिलेख पाइएकोछ । किनभने ह्वेनसाङ्गले देखेको बुद्धको महापरिनिर्वाण सम्बन्धी वर्णन भएको अशोकस्तम्भ अहिलेसम्म भेटिएको छैन न त चार प्रमुख संवेनीय स्थानहरू मध्येका ह्वेनसाङ्गले देखेको पहिलो धर्मचक्र प्रवर्तनको वर्णनयुक्त ७० फूटको सारनाथको अशोकस्तम्भनै उत्खननमा पाइएको छ । सम्बोधिप्राप्ति बारेको वर्णन भएको अशोक-स्तम्भबारे चिनिया यात्रीहरू मौन छन् र बुद्धगयामा पाइएको स्तम्भको बुद्धत्वप्राप्तिको वर्णन छैन । अशोकले आफ्नो अभिषेकको १० वर्षपछि संबोधि (सम्बोधि) दर्शनार्थ गएको वर्णन शहबाजगढी र मानसेराको आठौं अभिलेखमा वर्णन गरेकोछ । यसबाट अनुमान हुन्छ, चिनियाँ यात्रीहरूले नदेखेता पनि अहिलेसम्म नभेटाएता पनि बुद्धगयामा पनि अशोकले सम्बोधिलाभको वर्णन सहितको आफ्नो शिलास्तम्भ स्थापना गर्नु भएको थियो । यस उसले बुद्धको जीवनको प्रमुख चार घटनाहरूमध्येमा लुम्बिनीको घटना एक मात्र मौर्यकालीन अभिलेख साक्ष्य भएको सार्थकताले गर्दा पनि लुम्बिनीको "हिदबुधेजाते" अभिलेख उद्घोषण सारै नै महत्त्वपूर्ण भएकोछ ।

हिदबुधेजाते अर्थात् यहाँ बुद्ध जन्मनुभएकोछ भन्ने वाक्य वास्तवमा प्राचीनतम संस्मृति कै नयाँ अभिव्यक्ति हो । महापरिनिर्वाण सूत्रमा उल्लेख गरिएको छ, "आगमिस्सन्ति खो आनन्द, सद्धा भिक्खू भिक्खुनियो उपासक उपासिकायो इध तथागतो जातोति" अर्थात् "आनन्द, श्रद्धालु भिक्षु भिक्षुणी उपासक उपासिकाहरू यहाँ तथागत जन्मनु भएको हो भनी (यहाँ संवेजनको लागि) आउने छन् ।" बुद्ध आफूलाई इंगित गर्दा "म" शब्दको प्रयोग गर्नु हुन्न, तथागत शब्दको प्रयोग गर्नुहुन्थ्यो । यसर्थ बुद्धको मुखबाट उच्चरित "इध तथागतो जातो" यहाँ तथागत जन्मनुभयो भन्ने वाणी नै प्राचीन परम्पराको गणना अनुसार दुईशय अठतीस वर्ष



Downloaded from http://www.dhamma.digital

पछि ब्राह्मी लिपिमा लुम्बिनीस्थित अशोक स्तम्भमा लिपिबद्ध भए । बुद्धको समयमा पनि लिपि ज्ञान थियो नै । ललितविस्तर अनुसार सिद्धार्थलाई ज्ञान भएका ६४ प्रकारका लिपिहरूमध्येमा ब्राह्मी लिपिको ज्ञान प्रथम स्थानमा छ । तापनि त्यसबेला धर्मका कुरा लिपिबद्ध रूपमा राख्ने बलियो परम्परा थिएन । यसरी बुद्धको जन्मबारेको प्राचीनतम उल्लेख यही लुम्बिनीस्थित अशोक स्तम्भको उल्लेख हो । हुल्सको विचारमा यही कुरा दिव्यावदानले उपगुप्तको मुखबाट उच्चरित गराएको हो । उपगुप्तले अशोकलाई लुम्बिनीमा पुग्दा आफ्नो दायाँहाथ फैलाएर भन्नुभएको हो, "अस्मिंन् महाराज, प्रदेशे भगवानजात:" अर्थात् "महाराज, यही ठाउँ (प्रदेश) मा बुद्ध जन्मनु भएको हो ।" यसरी ऐतिहासिक रूपबाट क्रमबद्ध रूपमा एउटै श्रद्धा एउटै ध्वनिमा "यहाँ बुद्ध जन्मनु भयो" भंन्ने उल्लेख हुनुबाट पनि लुम्बिनीको अभिलेखको महत्त्व स्पष्ट हुन आएकोछ ।

अशोकका शिलाभिलेखहरू, शिलास्तम्भाभिलेखहरू र गुहाभिलेखहरूमा छरिएर रहेका बुद्धवचनहरू कुन कुन सूत्रको अंश हो भन्ने बारे थुप्रै अध्ययन-अन्वेषण भएका छन् । सेनार्टले धम्मपदसँग सम्बद्ध अशोकका शिला अभिलेखमा उल्लेख भएका बुद्ध-वचनको राम्रो विश्लेषण गर्नु भएकोछ । धम्मपदको १९४ औं श्लोकको पहिलो पाद हो, "सुखो बुद्धानं उप्पादो" अर्थात् "बुद्धको जन्म सुखकर छ ।" बुद्धको जन्म नै प्राणीहरूको हित र सुखको कल्याण र शान्ति (निर्वाण) को लागि हो । यही बुद्धको जन्मको उद्देश्य र महत्ता नै बुद्धको जन्मको बार-बार संस्मरणको मुख्य कारण हो ।

बुद्धको जन्म बारेको यो अभिलेख पाउनुभन्दा अघिसम्म स्वतन्त्र-चिंतक र वैज्ञानिक पद्धतिका तत्त्वचिंतकहरू बुद्धलाई पनि एक पौराणिक आदर्शको व्यक्तित्त्व मान्दथे । जब लुम्बिनीस्थित अशोक-स्तम्भले "हिदबुधेजाते सक्यमुनि", "हिदभगवंजाते" घोषणा गरे, अनि स्वीकारिन लागे बुद्ध पौराणिक मर्यादापुरूषोत्तम व्यक्तित्त्व



Downloaded from http://www.dhamma.digital

होइन, अपितु पृथ्वीमा एक दिन विचरण गर्नु भएका, प्राप्त भिक्षान्न ग्रहण गर्नु भएका, वर्षमा एकबार जुलाब गर्नु भएका, कुशीनगरमा अनुपादिशेष महापरिनिर्वाण हुनु भएका एक महामानव हुन् ।

शाक्यमुनि बुद्धको जन्मस्थान लुम्बिनी, सम्बोधिप्राप्ति स्थान बुद्धगया र महापरिनिर्वाण स्थान कुशीनगर हुन् भन्ने कुरा पालि तिपिटक त्यस्तै प्राचीन पालि तथा संस्कृत वाङमयबाट प्रमाणित हुन्छ । तर जहाँसम्म मौर्यकालीन शिलाभिलेखको प्रमाण छ, स्पष्ट रूपमा लुम्बिनीस्थित अशोक-स्तम्भले मात्र बुद्धको जन्मस्थलको नाउँ लुंमिनि, (वर्तमान रूप लुम्बिनी) को नाउँ प्रमाणित गरेको छ । यसरी बैशाख-पूर्णिमाको दिन घटेका घटनाहरूमध्येमा लुंमिनि एक स्थानको मौर्यकालीन शिलाभिलेखको प्रमाण साक्ष्य पाउनु पनि ठूलो गौरवको विषय हो ।

वस्तुत: बुद्धको जन्मस्थल लुम्बिनीबाटै फेरि एकबार शाक्यमुनि बुद्धको ऐतिहासिक महामानवत्त्वको महत्ता सिद्ध गरे । यसै स्थानमा रहेको शिलास्तम्भ अभिलेखबाट जन्मस्थल लुंमिनि नाउँ सिद्ध भए । दुई हजार दुई शय अठ्तीस वर्षसम्म पनि आफ्नो स्थापनाको मूल थलोमा खडा शिलास्तम्भले उद्घोषणा गरे हिद अर्थात् त्यो यहीं हो, जहाँ शाक्यमुनि बुद्ध जन्मनु भएको थियो । भगवं जन्मनु भएको ठाउँ यहीं हो ।

**(गोरखापत्र : २५ बैशाख २०४५ शनिवार)**



Downloaded from http://www.dhamma.digital

# बुद्धको जन्म, सम्बोधि लाभ र
## महापरिनिर्वाण स्थल

बैशाख-पूर्णिमा, बुद्ध-जयन्तीको दिन बुद्धको जन्म, सम्बोधिलाभ र महापरिनिर्वाणको तीन सुसंयोग जुटेको दिन हो । महापरिनिर्वाणको पूर्वसन्ध्यामा बुद्धले श्रद्धालु कुलपुत्रहरूका लागि चार दर्शनीय र संवेजनीय स्थानहरूबारेमा भन्नु भएको थियो । ती चार स्थानहरूमध्येमा तीन लुम्बिनी, बुद्धगया र कुशीनगर हुन् ।

लुम्बिनी देवदह र कपिलवस्तुको मध्यवर्ती शालवन एक रमणीय उद्यान हो । अशोकले आफ्नो राज्याभिषेकको बीसौं वर्षमा त्यहाँ धर्मयात्रा गरी शिलास्तम्भ खडा गर्नुका साथै स्तम्भअगाडि उभिएर यताउति नघुमीकन फोटो हेरे जस्तै हेर्दै पढ्न सक्ने रूपमा पाँच हरफको एउटा अभिलेख कुंदन लगाउनु भएको थियो । त्यस अभिलेखको दोश्रो हरफमा 'हिदबुधेजाते सक्यमुनीति' ( यहाँ शाक्यमुनि बुद्ध जन्मनुभएको हो ), चौथो हरफमा 'हिदभगवंजातेति लुंमिनिगामे' ( यहाँ भगवान् जन्मनुभएको लुम्बिनी ग्राममा ) भनी बुद्धको जन्मको बारेमा दुई बार उल्लेख गरिएका छन् । सुत्तनिपात र बुद्धवंस आदि पालि तिपिटकका पुस्तकहरूमा, ललितविस्तर र बुद्धचरित आदि प्राचीन संस्कृत बौद्ध वाङमयमा लुम्बिनी र बुद्धको जन्मबारेमा विषद् चर्चा श्रद्धाका साथ गरिएकोछ । फाहियानले 'लुनमिन'मा सिद्धार्थ र महामायाको स्नानबाट प्रसिद्ध पोखरीदेखि सिद्धार्थको जन्म भएको शालवृक्षको दूरीसम्म २० पाइला नापेका थिए भने ह्वेनसांगले 'ल-फ-नि' मा अशोकस्तम्भको चर्चा गरेका थिए । देवदह सुत्तवण्णना अनुसार बुद्ध एकपटक देवदहमा भिक्षाटन



Downloaded from http://www.dhamma.digital

गर्दै लुम्बिनीमा बस्नुभएको थियो । अशोकस्तम्भमा नै रिपुमल्ल जस्तो राजाको नाउँ पनि खोपि राखेका तथ्यबाट सन् १३१२ सम्म राजादेखि नेपाली श्रद्धालुहरू लुम्बिनीको यात्रा गर्दथे भन्ने प्रमाणित हुन्छ । श्री ५ राजेन्द्र वीर विक्रम शाहका राज्यकाल वन, गज, रत्न साल अर्थात् नेपाल सम्बन् ९८९ मा रचेको बुद्धको लुम्बिनी यात्राको भजनगीत प्रसिद्ध नै छ । लुम्बिनीको जन्मस्मारक (मायादेवी मन्दिर) को उत्खनन्मा पाइएका वस्तुहरू र वास्तुशैलीबाट मौर्य, शुंग, कुषाण र गुप्तकालदेखि निरन्तर रूपमा लुम्बिनीको निर्माण, पुनर्निर्माण हुँदैआएको स्पष्ट हुन्छ । दुई तीन शताब्दी लुम्बिनीको यात्राक्रम र संस्मरण श्रृंखला टुटे तापनि लुम्बिनी अभिलेखको प्रकाशनपछि अर्थात् १८९६ इसवीदेखि पुनः लुम्बिनीको महत्त्व बढेकोछ । 'यहाँ शाक्यमुनि बुद्ध जन्मेको' 'यहाँ भगवान् लुम्बिनीमा जन्मेको' भन्ने अभिलेख प्रमाणको शिलास्तम्भ पाउनु नै उन्नाईसौं शताब्दीको सबैभन्दा ठूलो पुरातात्त्विक उपलब्धि मानिन्छ । किनभने यसै अभिलेखबाट बुद्धलाई एक महान आदर्शको पौराणिक व्यक्तित्त्व होइन् अपितु यस धरतीमा परिभ्रमण गर्नुहुने सासफेर्नु हुने महामानव भन्ने कुरा प्रमाणित गरे । लुम्बिनी, बुद्धगया र कुशीनगर त्यस्तै बुद्धको जन्म स्मारकको उत्खनन क्रममा पाइएको सिद्धार्थका श्रीचरणबाट प्रथम भूमि स्पर्श भएको स्थान इङ्गित गर्ने ढुंगाको प्राप्ति बौद्ध पुरातात्त्विक इतिहासमा बीसौं शताब्दीको ठूलो उपलब्धि हो ।

आज सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त गरेको दिन हो । बोधिज्ञान प्रतीत्यसमुत्पादको श्रृंखलामय हेतुवादमा हामी पाउँछौं । जस्तो दुःख छ, त्यस्तै दुःखको कारण जन्म-मरण, संस्कार, संसार तृष्णा र अविद्यामा निहित छ । हाम्रो कायिक, वाचिक र मानसिक सबै काम नै हाम्रो संस्कारको मूल हेतु हो । 'जवन विथि' क्रियामा, कर्मफल बन्न नपाउने प्रकारको काय, वाक र चित्तको अवस्था क्रियाशीलता र गतिशीलताको स्थितिमा पुग्दा दुःखबाट मुक्त



Downloaded from http://www.dhamma.digital

बोधिमा हामी पुग्दछौं । यसैका लागि अष्टाङ्ग मार्ग हो । अशोक आफ्नो अभिषेकको दशौं वर्षमा 'सम्बोधि'मा पुग्नुभएको थियो । शाहबाजगदीस्थित अशोकको अष्टम् शिलालेखमा उल्लेख गरिएकोछ – 'सो देवानंप्रियोप्रियद्रशिरज दशवर्ष विसितो सतं निक्रमि सबोधि' अर्थात् 'उहाँ देवानांप्रिय प्रियदर्शी राजा आफ्नो अभिशेषको दशौं वर्षमा सम्बोधिमा जानुभयो ।' यही कुरा मानसेरास्थित आठौं शिलालेखमा पनि उल्लेख गरिएको छ, 'से देवनप्रिये प्रियद्रशिरञ दशवषभिसिते संतं निक्रमि सबोधि' दुबै अभिलेखको अभिप्राय एउटै छ । अशोकले बुद्धको वचनानुसार स्थानीय भाषालाई महत्त्व दिने हुनाले यहाँ केही भाषा भेद मात्र भएको देखिन्छ । बुद्धगयामा पाइएका शिलास्तम्भमा भने यस कुराको केही उल्लेख छैन ।

बुद्धत्त्व प्रतिको आदरसम्मान बुद्धगया मन्दिरमा प्रतिविम्बित हुन्छ । अशोकको राजधानी पटनाको कुमराहको उत्खनन गर्दा बोधगयाको प्रतिकृति माटोको मुद्रामा पाइएको छ र यो अहिले पटनाको संग्रहालयमा सुरक्षित छ ।

बोधगया मन्दिरको प्रतिकृति चीनमा ४७३ इसवीमा निर्माण भएकोछ । व-ते-स्जे (wa-t'a-sze) रूपमा बेइजिङको चिडियाखाना पछाडि अहिले पनि विद्यमान छ । यस्तै बर्मामा नन्दोगम्या (nandaugmya) इसवी १२१०-१२३४ मा बनाएका महाबोधि चैत्य त्यत्तिकै प्रसिद्ध छ । श्रीलंकाको बोधिवृक्ष संसार प्रसिद्ध बौद्ध आस्थाको प्राचीनतम् वृक्ष हो र त्यहाँ पनि सानो बोधगया देगलको प्रतिकृति छ । थाइलैण्डस्थित महाबोधि चैत्य मिन-दम फ्रा खाट (MUEN DAM PHRA KHOT) लाई इसवी १४४५ मा नमूना लिन पठाई राजा तिलोकरतले बनाउनु भएको हो, जुन आजसम्म चिगमाइमा प्रतिष्ठित छ । नेपालका बौद्धहरू पनि लुम्बिनीका साथै बोधगयादि बौद्ध संवेजनीय स्थानहरूमा पुग्दथे । लुम्बिनी र कपिलवस्तुमा पश्चिमी नेपालका राजा रिपुमल्लको नाउँ शिलास्तम्भमा कुंदिएका कुरा माथि उल्लेख भइसकेको छ ।



Downloaded from http://www.dhamma.digital

बुद्धगयामा पवर महायान अनुयायी परमोपासक महाराज अशोक चल्ल देवले राघव महिषूकाललाई पठाएर बुद्धमूर्ति सहितको विहार लक्ष्मनसेनको राज्य गुमेको सं ५१ भाद्र २९ गते बनाएका थिए । यी राजाले बुद्धगयामा गरेको धर्म र कीर्तिको वर्णन तिब्बती वंशावलीमा पनि उल्लेख छ । त्यस्तै प्रवर महायान अनुयायी परमोपासक हेवज्रको पदकमलमा भमरा जस्तै मडराउने सपादलक्ष (सवालाख) पर्वत खस प्रदेशको महाराजाधिराज श्री अशोक चल्लको कांछा भाइ श्री दशरथको सेवक भंडारी क्षत्रीय कुलको बत्ति जस्ता श्री सहनपालले श्रीलक्ष्मणसेन देवले राज्य गुमाएको ७४ रौं वर्ष बैशाख कृष्ण द्वादशी वृहस्पतिका दिन बुद्धगयामा दानधर्म गरेको अभिलेख्य प्रमाण छ । पाटनस्थित श्री शिवदेव संस्कारित श्री रूद्रवर्ण महाविहारका पण्डित अभयराजले बोधगयाको यात्रा गर्दै नेपाल फर्केपछि बोधगयाको प्रतिकृति महाबुद्ध बनाउन लाग्नुभएको थियो । जुन तीन पुस्ताका श्रद्धा र श्रमपछि ने.सं. ७२१ मा पूरा भई राजा शिवसिंह मल्लबाट उद्घाटित गरिएको थियो ।

उनकै वंशज महाबोधि विहार निवासी पं. अमृतानन्दले बोधगया यात्रा गर्दा त्यहाँको बुद्धपाद ने.सं. ९३४ मा छापेर ल्याएका थिए । त्यो बुद्धपादको पतिविहार (पौभाः, तांका) बनाइ पूजा गर्ने गुठी बनाइएको थियो । जुन गुठी हालसम्म चालुनैछ । यसबाट बुद्धत्त्वप्राप्ति र बोधगया प्रतिको नेपाली श्रद्धालुहरूको अखण्ड श्रद्धाक्रमको ऐतिहासिक रूपरेखा स्पष्ट गर्दछ ।

आजकै दिन तथागतको महापरिनिर्वाण भएको थियो । कुशीनगरको दुई शालवृक्षको बीचमा भएको तथागतको महापरिनिर्वाण भएको वर्णन संवेगमयी भाषामा महापरिनिर्वाण सूत्रमा गरिएको छ । दिव्यावदानअनुसार अशोकले यहाँ पनि धर्मयात्रा गरेका थिए । अशोकले स्थापना गरेका शिलास्तम्भ ह्वेनसांगले देखेका थिए । उनले त्यस स्तम्भमा महापरिनिर्वाण वर्णन भएको कुरा उल्लेख गरेका छन् तर आजसम्म उत्खनन्मा भने भेटाउन


Downloaded from http://www.dhamma.digital

सकेको छैन । अशोकले बनाएका स्तूपमा गुप्तहरूले श्रृंगारेको ठूलो चैत्य जीर्णोद्धार रूपमा आज पनि कुशीनगरमा छ । महापरिनिर्वाण शय्यामा अवस्थित बुद्धको ठूलो प्रतिमा आज पनि चिर संवेगदायी छ । दुई शालवृक्षबीचका बुद्धको प्रतीक चिन्ह भएको माटोको दाह अवस्थाको मञ्जुषा र श्रीमुकूट बन्धनको अभिलेख सहितको माटोको मुद्रा धर्मचक्रप्रवर्तन चक्र मृगदावका मृगहरू मुनि श्रीमहापरिनिर्वाण विहार अभिलेखयुक्त माटाका मुद्राहरू त्यहाँ प्रशस्त पाइएका छन् ।

**(गोरखापत्र : २१ वैशाख, २०५३, शुक्रबार)**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चार संवेजनीय स्थानका मूर्तिहरू

पूर्ण मूर्ति श्रद्धामयी आँखाका लागि पढ्न र बुझ्न सक्ने भाषा हो । मूर्ति स्वयंमा मूल यथार्थता होइन, तापनि मूर्ति यथार्थताको नजिक पुग्ने धर्मको बाटो हो । तस्बीर आफु होइन, आफुलाई चिन्ने आधार अवश्य हो । बुद्ध र बुद्ध-मूर्ति अलग अलग जीवन र वस्तु हो बुद्ध-मूर्ति सामु हामी नतमस्तक हुन्छौं । यस्तै नै, बुद्धगयाको मुख्य देगलको मूल स्थलको वज्राशनस्थ बुद्धको मूर्ति, सारनाथको पुनर्निर्मित मूल गन्धकुटी स्थित *(सारनाथ संग्रहालयमा रहेको जस्तै)* धर्मचक्र मुद्राको बुद्धको मूर्ति र कुशीनगरको देगल भित्र रहेको महापरिनिर्वाण शैय्यामा सुतिरहनु भएको बुद्धको मूर्ति र लुम्बिनीको मूलत: स्मारक माथिको ज्ञात वा अज्ञात कारणवश बन्न गएको देवल *(जस्लाई अबौद्ध संस्कारको भाषामा र अबौद्ध अभिरुचिको शैलीमा आजकल महामायाको मन्दिर भनिन्छ)* मा अवस्थित सिद्धार्थ गौतमको जन्म सम्बन्धी मूर्ति जुनसुकै बौद्धहरूको लागि पढ्न सक्ने, बुझ्न सक्ने र धार्मिक-संस्कारका लागि स्वयं स्पष्ट अर्थको मूर्ति हो ।

बौद्ध स्थलहरूको उत्खनन् क्रममा जन्म, सम्बोधिलाभ, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाणका घटना बोधक प्रतीकहरू वा मूर्तिहरू एउटै शिलाखण्डमा कुँदिएका पनि पाइएका छन् । जहाँसम्म लुम्बिनी र कपिलवस्तु क्षेत्रका उत्खननको विवरण उपलव्ध छ, त्यस्ता चारै प्रमुख घटना बोधक मूर्ति फलक आजसम्म पाइएको छैन, यद्यपि यस पद्धतिबाट नेपाल कलापक्ष पूर्ण अपरिचित भने



Downloaded from http://www.dhamma.digital

छैन । पाटनस्थित मयूरवर्ण महाविहारको एउटै ढुङ्गामा कुँदिएको बुद्ध-जीवनी र लोककीर्ति महाविहारको बार्दलीमा कुँदिएको काष्ठमय बुद्धजीवनीका घटनाहरू, काष्ठमण्डपको पूर्व दिशाको बाँयातिर कुँदिएका काष्ठमय बुद्धजीवनीका घटनाहरूमा जन्म, सम्बोधिलाभ, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण दर्शाएका छन् ।

बुद्धगयाको देगलको चारै दिशामा अनेकौ श्रद्धाचैत्यहरू (Votive stupa) छन् । देगल पूर्वतिरको एउटा शिलामय श्रद्धाचैत्यमा सिद्धार्थको जन्म, सम्बोधि लाभ, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण मूर्तिहरू स्पष्ट देखेकोछु । यी मूर्तिहरू नेपालको चैत्यमा पञ्चबुद्धको मूर्ति स्थापना गर्ने परम्परा भन्दा अघिका हुन् । चैत्यको रित्त गवाक्षमा पहिला बुद्ध जीवनीको चार प्रमुख घटनाका मूर्तिहरू स्थापित भए । पछि चार दिशामा पञ्चबुद्ध स्थापित गर्ने प्रचलनमा पञ्चबुद्ध मध्ये चार बुद्ध स्थापित भए र फेरि पूर्व दिशामा अभिताभ बुद्ध पनि स्थापित गरे – जस्तो स्वयम्भू र श्रीघः विहारको महाचैत्य र चैत्यमा । सारनाथस्थित संग्रहालयमा रहेको यस्तै सिद्धार्थको जन्म, सम्बोधिलाभ, धर्मचक्र प्रवर्तन र महापरिगिर्वाणका मूर्तिहरू भएको शिलामय श्रद्धाचैत्यलाई परिचय पंक्तिमा श्रद्धाभिव्यञ्जक चैत्य भन्ने उल्लेख गरिएको छ । लुम्बिनी र कुशीनगरको उत्खननमा बुद्धगया र सारनाथको उत्खननको तुलनामा धेरै कम मूर्तिहरू पाइएका छन्, शिलामय श्रद्धाचैत्यहरू त पाएकै छैन भनेता पनि अनुपयुक्त हुँदैन । इँटाको श्रद्धाचैत्यहरू मात्र पाइएका छन् र बुद्धका सम्बोधि र धर्मचक्र मुद्राका मूर्तिहरू पाइएका छन् ।

बुद्धको जीवन चरित्र क्रम नैं स्पष्ट गर्न सक्ने मूर्तिहरूमा नागार्जुन कोंडा, तक्षशिला र बोरोबुदुरका मूर्ति अविस्मरणीय छ । सिद्धार्थ जन्म सम्बन्धी, सम्बोधिलाभ सम्बन्धी, धर्मचक्र प्रवर्तन सम्बन्धी र महापरिनिर्वाण सम्बन्धी मूर्तिहरू बारेमा अन्वेषण गहन



Downloaded from http://www.dhamma.digital

रूपमा भएको छैन । बुद्धको जीवनसँग सम्बद्ध एउटै घटना मात्रको समग्र रूपमा कलात्मक मूर्तिहरूको अध्ययन अन्वेषण गरेता पनि, मलाई लाग्छ, यसबाट वाङमयको वर्णन समीक्षा सम्यक रूपमा हुन सघाउ पुऱ्याउनेछ र बौद्ध कलाको विकास क्रम स्पष्ट रूपमा ठम्याउन सकिनेछ ।

**(धर्मकीर्तिः पूर्णांक ७४, २०४७)**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# कपिलवस्तु

कपिलवस्तु २९ वर्ष सम्म बोधिसत्त्वको जीवन ब्यतीत भएको शाक्य राज्य हो । यसको पश्चिमी सीमा कोशल अधिराज्यको श्रावस्ती नगर भए पूर्वतिर कोलियहरूको देवदह राज्य रोहिणी सीमा नदी थियो । यसको उत्तरमा हिमवन्त भए दक्षिण-पूर्वमा छ, मल्लहरूको गणराज्य । पालि साहित्यमा यसलाई कपिलवत्थु भनिएको छ भने संस्कृत बौद्ध साहित्यमा कपिलवास्तु, कपिलाह्वयपुर र कपिलपुर पनि भनिएकोछ ।

कपिलवस्तुमा शाक्यहरूको संथागार (संस्थागार - संसद जस्तै एक सभा भवन) छ । शायद पुरानो संथागार भवन जीर्ण भएकोले एउटा नयाँ संथागार भवन बुद्धको समयमा बनाइयो । मज्झिमनिकायको सेख-सुत्त र संयुत्तनिकायको अवस्सुत-सुत्त अनुसार शाक्यहरूले भगवानसँग प्रार्थना गरे, "भन्ते भगवान ! हामीहरूले यहाँ एउटा भरखर तयार गरेको संथागार छ । त्यसको पहिलो परिभोग भगवानबुद्धबाट होस् । भगवान बुद्धबाट परिभोगपछि हामी शाक्यहरू यसको परिभोग गर्नेछौं ।" शाक्यमुनि बुद्धबाट उनीहरूको प्रार्थना स्वीकार गर्दै नयाँ संथागार भवनको परिभोग भयो । नयाँ संथागारको परिभोग पछि बुद्धले सेख-सुत्त र अवस्सुत्त-सुत्त उपदेश दिनु भएको थियो । महावस्तु अनुसार यही संथागारमा "शाक्य परिषद्" बैठक हुन्थ्यो ।

जातक अनुसार कपिलवस्तु दरवार "अट्ठावसहट्ठुब्भेदं पाकारं" १८ हाथ उँचाइका प्राकारले घेरिएको भए महावस्तु अनुसार सात प्राकारबाट घेरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

हिमालय स्पष्ट देखिने भागीरथी नदी किनारामा अवस्थित, प्राकारका अवशेष तथा पूर्वी र पश्चिमी प्रवेशद्वार भएको, नगर भवनका जग अवशेष (चतुष्कोष प्रकारका वस्ति अवशेषका भन्दा भिन्न किसिमको) पाइएको, नगर सभ्यतासँग संबद्ध मुद्रा, गहना, खिलौना, औजार, माटाका सा-साना मूर्तिहरू र प्रिंटेड ग्रे वेयर आदि उत्खनन्मा पाइएकोले वर्तमान् तिलौराकोट नै प्राचीन कपिलवस्तु नगरको केन्द्र भएको सिद्ध हुन्छ । चिनियाँ यात्रीहरूको विवरण अनुसार ट्वाकै मिल्ने दूरीमा यहाँबाट पूर्वोत्तरमा कोनाकमन बुद्धको स्तूप बारेको उल्लेख उत्कीर्ण गरिएको अशोकको शिलास्तम्भ भेटिएको तथा दक्षिणतिर ककुच्छन्द बुद्धको स्तूपावशेष तथा अशोकको शिलास्तम्भ भेटिएकोले पनि तिलौराकोट कपिलवस्तु भएको स्पष्ट हुन्छ ।

सम्बोधि प्राप्तिका लागि दुष्कर तपस्यादि अफाप सिद्ध भएपछि बोधिसत्त्वको मनमा लाग्यो, "कतै मैले शैववकालमा कपिलवस्तुको जामुन वृक्षमुनि गरेको ध्यान नै सम्बोधितिर लैजाने बाटो त होइन ?" नभन्दै त्यो नै सम्बोधि उन्मुख बाटो सिद्ध भयो । पिप्पलको रूखमुनि बैशाख-पूर्णिमाका दिन बस्नु भएका बोधिसत्त्वबाट ध्यान भयो । क्रमश: माथिल्लो स्तरको ध्यान समाधि विपश्यना गर्दै उनले प्रतीत्यसमुत्पादबाट अन्तत: सम्बोधिज्ञान पाए । यो गहनतम तथ्य र महत्त्वलाई त्यसबेला सबैले बुझेका थिए । त्यसकारण मूर्तिकारले पनि यसलाई बिर्सन सकेन । बुद्धको दुष्कर चर्य्याको प्रसिद्ध अस्थिपञ्जरमय मूर्ति (जुन अहिले पाकिस्तानको संग्राहालयमा सुरक्षित छ) मा यसको फलकमा यही शिशु सिद्धार्थले कपिलवस्तुको राजकीय खेतनिर जामुन वृक्षमुनि ध्यान गरिरहेको मूर्ति चित्र कुँदिएको छ ।

बुद्धत्वको प्राप्ति पछि भगवान बुद्ध धर्म प्रचारको कार्यमा संलग्न भए । यता राजा शुद्धोदन आफ्ना छोराको मुख हेर्न ब्याकुल



Downloaded from http://www.dhamma.digital

भयो । शुद्धोदनले धेरै पटक बुद्धलाई बोलाउन पठाइ सकेपछि सबैभन्दा पछि पठाइएका सिद्धार्थको समान उमेरको अमात्य कालुदायीले मगधमा पुग्नु भई महाराजा शुद्धोदनको बिन्ति बुद्धकहाँ पुऱ्यायो । बुद्ध आफै बोधिज्ञान पाएको ठीक एक वर्ष पछिको बैशाख-पूर्णिमा कै दिन कपिलवस्तुमा आउनु भयो । बुद्ध यस बेला निग्रोधाराममा बस्नु भएको थियो । बुद्धको यस पहिलो कपिलवस्तु आगमन बेला नै सिद्धार्थलाई दूध खुवाई हुर्काउने महाप्रजापतिबाट जन्मेका कान्छी आमाको छोरा राजकुमार नन्द र सिद्धार्थपुत्र राहुल कुमार भिक्षु र श्रामणेर भए । कपिलवस्तुको राजमहलमा भएको बुद्धको उपदेश सुनेर राजा शुद्धोदन सकृदागामी र महाप्रजापति गौतमी श्रोतापन्न भएका थिए ।

भगवान बुद्ध बैशालीको कूटागारमा पाँचौं वर्षावास बस्दै हुनुहुन्थ्यो । जिनत्थपकासिनी अनुसार राजा शुद्धोदन बिसन्चो भइरहेको खबर पाएर बुद्ध ५०० भिक्षुहरू सँगै कपिलवस्तु आउनु भयो । रोगी शय्यामा बस्नु भएका राजा शुद्धोदनलाई बुद्धले उपदेश दिनु भएको थियो र बुद्धको उपदेश सुनेर राजा अर्हन्त (क्षीणाश्रव) भए । अर्हत्त्व पाइ निर्वाण हुने बुद्धकालीन समयका राजाहरूमा शुद्धोदन नैं एक मात्र राजा हुनुहुन्थ्यो ।

शाक्य र कोलियहरूको बीचमा रोहिणी नदीको पानीलाई लिएर रक्तपात पूर्ण झगडा कलह हुने लागको बेला भगवान बुद्धले बाँच र बाँच्न देउ सिद्धान्त अनुरूप पानी बाँडेर लिने उपदेश दिनुभएको थियो । यसरी बुद्धको दोश्रो कपिलवस्तु आगमनको बेला एकतिर आफ्नो बुबा प्रति प्रत्युपकार भएको देखिन्छ भने अर्कोतिर शाक्यबन्धुहरू र मावलीका कोलियहरूलाई रक्तपात पूर्ण कलह युद्धबाट बचाउनु भएको थियो ।

भगवान बुद्धको तेश्रो कपिलवस्तु आगमन साऱ्है महत्त्वपूर्ण छ । बुद्धको कपिलवस्तु आगमनहरूमा शायद यही बेला लामो समय


Downloaded from http://www.dhamma.digital

सम्म बुद्ध कपिलवस्तुमा बस्नु भएको थियो । बुद्धको पन्ध्रौ वर्षावास कपिलवस्तुमा भएको थियो । यसबाट सिद्ध हुन्छ, बुद्ध कमसेकम तीन महिनासम्म कपिलवस्तुमा बस्नु भएको थियो ।

बुद्धको अर्को कपिलवस्तु आगमन उनको ७८ बर्षको उमेरमा भएको थियो । कोशल राजकुमार विडुडभ आफ्नो अपमानको बदला लिन मारकाट गर्न ससैन्य कपिलवस्तुमा आइलागेको थियो । बुद्ध आफ्ना पूर्व गुरुभाई भरण्डुकालामको आश्रममा रात काटेर कपिलवस्तु सीमाको पारको छहारी नभएको एउटा रूखमुनि बस्न आउनु भयो । जब कि उता नजिकै कोशल सीमा स्थित भूमिमा भ्वाम्म छहारी भएको एउटा रूख थियो । हमला गर्न आएको विडुडभले बुद्धलाई अनदेखा गर्न सकेन । बुद्धकहाँ गएर अभिवादन गऱ्यो । अनि सोध्यो "भन्ते भगवान, उ त्यो छायामयी रूखमुनि नबस्नु भई किन यो पात नभएको सुकेको रूखमुनि बस्नु भएको हो ?" भगवान बुद्धले उत्तरमा भन्नुभयो, "यो रूखमा पात नभएता पनि यहाँ छहारी नभएतापनि आफ्ना ज्ञातृबन्धुहरूको छहारी अत्यन्त शीतल हुन्छ ।" विडुडभले कुरा बुझिहाले । बुद्धको वरद आशीर्वाद कपिलवस्तुमा छ । विडुडभ बिना कपिलवस्तुमा जाइलागिकन ससैन्य कपिलवस्तुबाट फर्केर गए । यो बुद्धको महापरिनिर्वाण हुनु भन्दा दुई वर्ष अघिको घटना थियो ।

यसरी कपिलवस्तु राजकुमार सिद्धार्थको २९ वर्षसम्मको विचरण र वसोवासको भूमि हो । सिद्धार्थको जीवनसँग महत्त्वपूर्ण घटनाहरूको अनेक पुण्य स्मारकहरू यहाँ बनेका थिए । राजा अशोकले ती स्मारकहरूको दर्शन पूजन गरेको वर्णन दिव्यावदानमा उल्लेख गरिएको छ । चिनिया यात्री ह्वेनसाँगको यात्राकालसम्म ती स्मारकहरूका अवशेषहरू चिन्नसक्ने रूपमा विद्यमान नै थिए । आज पनि कपिलवस्तु जिल्लामा पुरातात्त्विक दृष्टिबाट पहिचान र अनुमान गर्न सकेका ५८ वटा पुरात्तात्त्विक स्थलहरू गौरव गाथा गाइरहेका छन् । अतः वादविवादमा अथवा वाक्युद्धमा पर्नुभन्दा


Downloaded from http://www.dhamma.digital

हाम्रो राष्ट्रीय हित यसैमा छ, हामी ती महत्त्वपूर्ण ऐतिहासिक पुरातात्त्विक स्थलहरूको उत्खननमा लागौं ।

अतीतका गौरव गाथालाई रुदन क्रन्दनबाट सांस्कृतिक संगीत रूपमा गाउन पाउने अवस्थामा ल्याऔं । बोधिसत्त्वको २९ वर्षको वसोवास भएको विचरण भूमि, भगवान बुद्धको कमसेकम ४ बार सम्मको आगमन र उपदेश भएको पुण्यभूमि, प्रथम भिक्षुणी महाप्रजापती र नन्दा प्रमुख अनेकौं भिक्षुणीहरूको जन्मभूमि, बुद्धको उपदेश सुनेर पहिलो अर्हत् हुने भिक्षु कोण्डञ्च सहित सयकडौं भिक्षु संघको जन्म र कर्म भूमि कपिलवस्तुको गौरव गाथा गाउने अवस्थामा हामी अगाडी बढौं ।

Dhamma.Digital


Downloaded from http://www.dhamma.digital

# कपिलवस्तुका बुद्धकालीन थेरहरू

कपिलवस्तु (वर्तमान तिलौराकोट, तौलिहवा जिल्ला, लुम्बिनी अञ्चल, नेपाल) सिद्धार्थ गौतमको शिशुकालदेखि २९ वर्षसम्मको युवाजीवन सम्म व्यतीत भएको ठाउँ हो । शाक्यमुनि बुद्धप्रतिको श्रद्धाबाट कपिलवस्तु ऐतिहासिक र पावन स्थल भए जस्तै कपिलवस्तुका अनेकन थेर-थेरीहरूबाट यो ठूलो महत्वपूर्ण स्मरण-स्थल बनेको छ ।

कपिलवस्तुका थेरहरू ( भिक्षुहरू ) मा अग्रणी भूमिका कौण्डिन्यले लिएको छ भने कौण्डिन्य नै बुद्धको पहिलो त्यो श्रावक हो, जसले बुद्धको धर्मलाई सर्वप्रथम अवबोध गरेको थियो । सिद्धार्थ जन्मेको पाँचौ दिनमा नामारकणका लागि १०८ ब्राह्मणहरूलाई निम्त्याइएको थियो । तिनीहरूमध्येमा विशिष्ट ज्योतिषाचार्यको रूपमा राम, ध्वज, लक्ष्मण, मन्ती, कौण्डिन्य, भोज, सुयाम र सुदन्तलाई राजप्रासादमाथि लगेर नामाकरण गर्न लगाइएको थियो । ती ब्राह्मणहरूमध्ये ७ जनाले दुई दुईवटा औंला ठाडो पारी सिद्धार्थ गृहस्थीमा बसे चक्रवर्ती राजा र गृहत्यागी भएमा बुद्धहुने कुरा ब्याख्या गरे । तर तिनीहरूमध्ये उमेरमा सबभन्दा कान्छो कौण्डिन्यले भने एउटा मात्र औंला ठाडो पारी सिद्धार्थले गृहत्याग गरेर बुद्ध नै हुने छन् भनी भविष्यवाणी गरेको थियो । साथै सिद्धार्थ प्रव्रजित भएपछि आफू पनि प्रव्रजित हुने दृढ निश्चयगरी समयको प्रतीक्षामा बसेको थियो । जब सिद्धार्थले गृहत्याग गरेर उरुवेल वनमा बस्नु भएको छ भनी खबर सुन्यो राम र ध्वज आदि मरिसकेको भंएता पनि ती ब्राह्मणहरूका घरघरमा गएर उनका



Downloaded from http://www.dhamma.digital

छोराहरूलाई सिद्धार्थको अनुशरण गरेर प्रव्रजित हुन जान आग्रह गऱ्यो । यदि सिद्धार्थले गृहत्याग गरे तिमीहरू पनि पछि लाग्नु भनी आफ्ना बुबाहरूले भनेर गएको कुराको आदर गर्दै र कौण्डिन्यको आह्वानलाई स्वीकार गर्दै भद्दिय आदि चार ब्राह्मण-पुत्रहरू पनि प्रव्रजित भए । यसरी कौण्डिय, भद्दिय, वप्प, महानाम र अश्वजीत प्रव्रजित भएर बोधिसत्त्व सिद्धार्थको खोज गर्दै उरुवेल वनमा आइ पुगे । तिनीहरूले बोधिसत्त्व बस्ने ठाउँमा बढार्ने, मुख धुनको लागि पानी र दतिवन ल्याइदिने आदि सेवा शुश्रूषा गरे । परन्तु जब बोधिसत्त्वबाट शारीरिक पीडा दिने दुष्कर तपस्या त्यागेर स्थूल आहार ग्रहण गर्नुभयो ती पंचवर्गीय अनुयायीहरू निराशभई बोधिसत्त्व तपश्चर्याबाट भ्रष्ट भए भनी ठानेर उनलाई छाडेर बाराणसीतिर लागे । परन्तु तिनीहरू अलग्गीएर गएको महिना दिन नबित्दै बैशाखपूर्णिमाको दिन बोधिसत्त्व बुद्ध भए । बुद्धत्व प्राप्तिको दुई महिनापछि आषाढपूर्णिमाको साँझतिर बुद्धले कौण्डिन्य सहित ती पंचवर्गीय भिक्षुहरूलाई वाराणसी ऋषिपतन मृगदावनमा भेट्न जानु भयो । पूर्व दिशाबाट आषाढपूर्णिमाको चन्द्रोदय भइरहेको समयमा बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभयो । रात्रीको पहिलो याममा कौण्डिन्यले बुद्धको धर्मलाई अवबोध गरे । अनि प्रव्रज्या उपसम्पदा पनि पाए । बुद्धको त्यस उपदेशको क्रमको अन्त्यतिर कौण्डिन्यले "जे जति समुदय धर्म (स्वभाव) छन् र ती सबै निरोध धर्म हुन्" भन्ने आफ्नो अवधारणा अभिव्यक्त गर्ने बितिक्कै बुद्धले "आहा ! कौण्डिन्यले बुझे कौण्डिन्यले ज्ञात गरे" भन्ने उद्‌गार प्रकट गर्नुभयो । वास्तवमा त्यसैकारण उनको नाउँ नै कौण्डिन्य (अञ्ञा कोण्डञ्ञो) हुन गरेको छ । त्यसपछि वप्प र भद्दियले अनि महानाम र अश्वजीतले समुदय धर्मको निरोध धर्मलाई साक्षात्कार गरे । तिनीहरू पनि उपसम्पन्न भए । यसरी बुद्धको धर्मोपदेश सुन्ने, बुझ्ने र अर्हत् प्राप्तगर्ने पाँचैजना कपिलवस्तुका भिक्षुहरू भए । ज्ञात कौण्डिन्यले आफ्ना जन्मभूमि कपिलवस्तुको आफ्नो द्रोण ब्राह्मण गाउँमा आइकन आफ्नी बहिनीको छोरा पूर्णलाई पनि प्रव्रजित हुन प्रेरणा दिए ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि कौण्डिन्य केरा, कटहर, आँप र जामुनका रूख र मन्दाकिनी पोखरी भएको बनमा १२ वर्षसम्म एकान्तबास गरेर निर्वाण भए।

यसरी कपिलवस्तुका शाक्यमुनि बुद्धबाट कपिलवस्तुकै पाँचजना ब्राह्मण भिक्षुहरूको धर्मबोध र प्रव्रज्या पछि बुद्ध, धर्म र संघको व्युत्पतिसँग कपिलवस्तुको महत्व रहन गएको हो। यति मात्र होइन, बुद्धधर्ममा पहिलो भिक्षुणी हुने जो पछि थेरी भइन् सिद्धार्थ गौतमको पालन पोषण गर्ने उनकी सानी आमा महाप्रजापति गौतमी थिइन्। बुद्धधर्ममा भिक्षु हुन जीवनमा पहिलो प्रवेश चरणको अभ्यास जीवन जस्तो श्रामणेर बन्ने राहुल पनि स्वयम् सिद्धार्थ गौतमको छोरो थियो।

यस्तै नै कपिलवस्तुका गौरवगाथा कपिलवस्तुकै हजारौ थेर-थेरीहरूका जीवनगाथाबाट प्रतिध्वनित छ। एकताका कपिलवस्तुमा यस्तो पनि समय आएको थियो यदि कुनै घरबाट कोही एक व्यक्ति भिक्षु भएन भने त्यो घर छिमेकी घरको लागि अप्रतिष्ठाको विषय बन्न गयो।

कपिलवस्तुका हजारौं निवासीहरू बुद्धको समयमा नै भिक्षु भएको कथात्मक वर्णन पालि साहित्यमा उपलब्ध छ। तर ती भिक्षुहरू मध्येमा महत्वपूर्ण चरित्र भएका थेरहरूबारेमा हामी थेरगाथाबाट जानकारी पाउन सक्दछौं।

पुञ्ञ भन्ने स्थविर बुद्धको उपदेश ब्याख्यान गर्नमा सबै भिक्षुहरूभन्दा अग्रगामी थियो। बुद्धको जीवन अवस्थामा यो अग्रगामीत्व पाउनु साधारण कुरा होइन। पुञ्ञ स्थविर भनिरहनु हुन्छ "देख्नै नसक्ने गम्भीर गम्भीर रूपको महान अर्थयुक्त बुद्धको उपदेशलाई मैले हृदयंगम गरी अभिव्यक्त गर्दैछु।"



Downloaded from http://www.dhamma.digital

ब्राह्मण कुलीन वनवच्छ स्थविर राम्रो, शीतल र सफा पानीको दहमा प्रतिविम्ब गर्दै भन्नुहुने उदान साह्रै आकर्षक छ। वनवच्छ स्थविरकै भानिज शिवक स्थविर लेटेरै बस्नुपरेता पनि बनमा बस्न मनपराउनु हुन्छ। शाक्य कुमार नन्द भन्नु हुन्छ, क्षीणास्रव माथि आक्रमण गर्नु मारले आफै आफूलाई दुःख दिइरहनु मात्र हो। सिद्धार्थलाई कपिलवस्तुमा रोक्न नसके जस्तै अर्को एक शाक्य राजकुमार लोशकलाई कति प्रयत्न गरेर पनि रोक्न सकेन। मेघिय स्थविर भन्नु हुन्छ, निर्वाण लाभनै (दुःखबाट मुक्त हुनुनै) अन्ततः बुद्धशासन पूरा गर्नु हो।

सिद्धार्थको सारथी छन्द पछि बुद्धको शिष्य भए तर उसमा राजकुमारसँगको सन्निकटताको ठूलो अभिमान थियो। उसको अभिमान हो "मैले नै सिद्धार्थलाई रोगी, वृद्ध, मृतक र श्रमणको चार निमित्त देखाएको थिएँ। मैले नै कन्थकका साथ सिद्धार्थलाई महाभिनिष्क्रमण गर्न मद्दत पुऱ्याएँ। यस अहं भावबाट उनले बुद्ध जीवित रहुन्जेलसम्म निर्वाण प्राप्त गर्न सकेन। बुद्धले परिनिर्वाणको बेला उसलाई ब्रह्मदण्ड दिनुभयो। ब्रह्मदण्डको अर्थ भिक्षुसंघबाट व्यवहारमा उपेक्षा गर्नु हो। बुद्धको महापरिनिर्वाणपछि एक त उसको अभिमानको सहारा रहेन अर्को भिक्षुसंघबाट उपेक्षित व्यवहार सहनु पऱ्यो। त्यसपछि मनको अहम्लाई त्यागेर धर्मको यथार्थ चिन्तन मननमा ध्यान दिन थाल्यो र अन्ततः उसले पनि निर्वाण पदको साक्षात्कार गऱ्यो। यही आफ्नो जीवन गाथा र आफ्नो त्रुटि आफ्नो निर्वाणको उपलब्धि आफ्नो उदानमा अत्यन्त सजीव रूपमा अभिव्यक्त गरेकोछ।

शाक्यकुलबाट प्रव्रजित नागित स्थविरको चुनौति छ, अन्यान्य मतले देखाउने मुक्ति अष्टाङ्गमार्गको मुक्ति जस्तो छैन। एकशय प्रकारको सूप व्यञ्जनसँग भोजन गर्ने शाक्य राजकुमार परिपुञ्जक स्थविर भन्नु हुन्छ अमृतरस नै श्रेष्ठ रस हो।


Downloaded from http://www.dhamma.digital

श्रोत तृष्णा धेरै नै डरलाग्दो हुन्छ तर यसलाई देख्नसकेको खण्डमा मुक्ति पाउनको लागि ठूलो प्रेरणा दिन्छ भन्ने कुरा उलिय स्थविरको चरित्रबाट स्पष्ट हुन्छ ।

महाप्रजापति गौतमी आफ्नो पुत्र नन्दप्रति भगवान् बुद्धले जुन त्याग जीवनको प्रयोग आदर्श देखाउनु भयो, त्यो राग र विराग, त्यो सांसारिक सुखभोग र मुक्तिको तलुनात्मक काव्य लेख्नेहरूका लागि कथा लेख्नेहरूका लागि आकर्षक विषय वस्तु भएको छ ।

सोण स्थविर भद्दिय युवराज प्रव्रजित हुनेबित्तिकै आफू मात्र किन घरमा बस्ने भनेर निस्कियो । उ भद्दिय राजकुमारको सेनापति थियो । भिक्षु भैसकेपछि निर्वाण लाभ गरे । उनको अतीतको विचार हो, “पराजित भएर बाँच्नुभन्दा संग्राम भूमिमा मरेर जानु जाति छ ।” प्रव्रजित भैसके तापनि हरियो रंगको चीवर वस्त्र लाएर हात्ती चढी भिक्षा माग्न जाने (स्वप्न देख्ने) उसभ स्थविरको जीवनी कम विवेचनीय र विश्लेषणीय छैन । यसबाट स्पष्ट हुन्छ बुद्धको शासनमा त्यसबेलाका कपिलवस्तुवासीहरू कसरी प्रवेश भए । सबैको घरबाट एक न एक भिक्षु हुनुपर्ने प्रतिस्थाको विषय हुन गए । अन्यथा हरियो रंगको चीवर लाएर हात्ती चढी किन भिक्षा माग्न जान्थ्यो ? शाक्यकुलको नाउँ उपालि बुद्ध शासनमा विनयधर भिक्षुहरूमा सर्वश्रेष्ठ छ ।

गौतम स्थविरले निर्वाण लाभपछि आफ्नो अनुभव आफ्ना आफन्तलाई सुनाउँदै भन्नुहुन्छ “स्मृतिवानले नै शान्ति लाभ गर्न सक्छ ।” नागसमाल स्थविरले बाटोमा नाचिरहेकी आईमाई देख्ने बित्तिक्कै त्यसैलाई सामुन्ने राखेर अनित्य भावना गर्नुभयो र मुक्ति साक्षात्कार गर्नुभयो । भग्गु स्थविर निद्रा आयो कि चंक्रमण गर्दथ्यो । तर एकदिन चंक्रमण गर्दा गर्दै नै निदाएर लड्यो । यसैबाट उसलाई एउटा ठूलो संवेग उत्पन्न भयो । यसै संवेगमा उद्योगी भई साधनामा लागेर निर्वाणलाभी भए ।


Downloaded from http://www.dhamma.digital

राजा शुद्धोदनका पुरोहितपुत्र सप्पदास स्थविरले जति प्रयत्न गरे तापनि आफूलाई संयमित गर्न नसकेर काम वितर्कमाथि विजय पाउन नसकेर आत्महत्या गर्न लागेकै थियो तर त्यसैबेला वास्तविक कुरा बुझ्यो र कृतकृत्य अर्थात् मुक्त भयो । कालुदायी सिद्धार्थ जन्मेको दिन जन्मेको र सिद्धार्थकै साथी थियो । सिद्धार्थ बुद्ध भइसकेपछि बुद्धलाई कपिलवस्तु निम्त्याउने स्थविर पनि उहाँ नै थियो ।

उदायी स्थविरको बुद्धलाई नागको रूपमा रूपकमय भाषामा स्मरण गर्ने उदानहरू पढ्दा हाम्रो मन अत्यन्त आनन्दविभोर तुल्याउँछ । शाक्य राजा भद्दिय स्थविर भैसकेपछि अहा कति सुख अहा कस्तो सुख भनी एकान्तमा शान्त स्थानमा बसी भनिरहन्थ्यो । यो सुनेर माथिल्लो तहबाट विचार गर्ने भिक्षुहरूले भन्न थाले "भद्दिय स्थविर भिक्षु भइसकेता पनि राजदरवारको सुख सम्झना गर्दैछ ।" जुन कि वास्तवमा भद्दियले मुक्ति सुखलाई अहा कस्तो सुख भनिरहेको थियो, सुख विलासको सुखलाई होइन ।"

"छैन" भनिने शब्दको अर्थ नै थाहा नहुने अनुरुद्ध भन्ने शाक्यकुलबाट प्रव्रजित हुने व्यक्ति अन्ततः बुद्धधर्ममा क्षीणास्रव भए ।

आनन्द स्थविर अमृतोदन शाक्यको छोरो हो । अर्को शब्दमा सिद्धार्थ गौतमको काकाको छोरा हो । भिक्षु भैसकेपछि २५ वर्षसम्मको (बुद्धको ५५ वर्षको उमेरदेखि ८० वर्षको उमेरमा महापरिनिर्वाणको बेलासम्मको) अनवरत सेवा गर्ने भिक्षु थियो । आनन्द स्थविर धर्म भण्डागारिक थियो । उहाँ सबै भिक्षुहरूभन्दा श्रेष्ठ बहुश्रूतवान्, स्मृतिमान, धृतिमान र बुद्धिमान थियो ।

कपिलवस्तुबाट यसरी थुप्रै युवा-युवतीहरू बुद्धशासनमा प्रव्रजित भएका थिए । सिद्धार्थ गौतमका पितृकुल र मातृकुलका



Downloaded from http://www.dhamma.digital

मानिसहरू रोहिणी नदीको पानीको विवादमा झण्डै काटमारमा उत्तेजित उन्मत्त हुन लागेको बेला "बाँच र बाँच्न देऊ" उपदेश दिएर सम्झौता गराउँदा प्रभावित भई प्रव्रजित भएका उभयपक्षका युवकहरू मात्रै पाँचशय थिए । यसरी कपिलवस्तुबाट बुद्ध भए, धर्मको उद्घोषण पनि सर्वप्रथम कपिलवस्तुबाट प्रव्रजित भएका पञ्चवर्गीयको सामुने भए र बुद्ध शासनको सुसंगठनका लागि हजारौं संघ सदस्य थेर-थेरीहरू पनि कपिलवस्तुबाट भए ।

(धर्मकीर्ति वर्ष १३ अंक १० ।)


Downloaded from http://www.dhamma.digital

# अरनिकोको श्वेतचैत्य

पालि वाङमयमा श्रद्धा र पूजा स्थल बुझाउने शब्दहरू मध्येमा 'थूप' र 'चेतिय' दुई शब्दहरू पनि हुन् । थूपको अशोककालीन पर्यायवाची शब्द थुबे हो । निग्लीहवामा रहेका चार हरफको अशोकको शिला स्तम्भाभिलेखको दोश्रो हरफमा उत्कीर्ण गरिएको छ, "बुधस कोनाकमनस थुबे" अर्थात् "कोनाकमन बुद्धको थुबे ।" थुबेलाई हामी "थूर" पनि भन्छौं । जस्तो कि पाटनको चार थूर (प्यंग: थूर) ।

"चेतिय" शब्दको संस्कृत पर्यायवाची शब्द चैत्य हो । बुद्धको समयमा 'चेतिय' धार्मिक र सामाजिक आस्था भएको आशा र संकल्पको रमणीय स्थल हो । चापाल चेतिय, वन चेतिय, उदयन चेतिय, गोतमका चेतिय, वन चेतिय र रुक्ख चेतिय त्यसका केही उदाहरणहरू हुन् । स्थूपको माटोको थुम्को रूप वास्तुकलात्मक रूपमा ईंटा, ढुङ्गा र धातुमय स्वरूपमा विकास भए पनि बौद्ध स्तूपको अर्को शब्द चैत्य बन्न पुग्यो । स्वयम्भू महाचैत्य, खास्ति (बौद्ध) महाचैत्य, चायबहिल र कीर्तिपुर चिलंचो स्थित महाचैत्य र नमुरा (नमोबुद्ध) नागार्जुन पर्वतमा रहेका चैत्यहरू यसका प्राचीन नमूनाहरू हुन् ।

बौद्ध जगत्मा असंख्य स्तूप, महाचैत्य र चैत्यहरू छन् । तर इतिहास र कलाकारको प्रतिभा बारेमा समेत प्रामाणिक ब्यहोरा दिने अनि देशको साँस्कृतिक मैत्रीको सम्झना दिने रूपमा बेइजिन श्वेत चैत्य (ह्वाइट पेगोडा) को आफ्नै विशेषता छ ।



Downloaded from http://www.dhamma.digital

कपिलवस्तुमा जन्मेका भिक्षु बुद्धभद्रबाट पाँचौं शताब्दीको शुरूदेखि नेपालप्रतिको आकर्षण र आस्थाको जरो चिनीया जनमानसमा क्रमशः पलाउँदै गएको थियो । व्हेनसांग निपोलो अर्थात् नेपालका मानिसहरू कलामा सिद्ध हस्त भएको र दुई हजार भन्दा बढ्ता स्थविरवादी तथा महायानी भिक्षुहरू एक साथ रहने गरेको तथ्यबाट मात्रै परिचित थिएन अपितु बौद्ध राजा अन् चु फ मो अर्थात् अंशुबर्माले "शब्द विद्या" पुस्तक लेखेको व्यहोराबाट समेत परिचित थियो । एघारौं शताब्दीमा चिन्ब्हे भिक्षुको नेतृत्त्वमा तीन शय बौद्ध भिक्षुहरू नेपाल आएका थिए । पाटनको पण्डित महाबोधि र जगतानन्द जस्ता अनेकौं विद्वान्हरूले थुप्रै तिब्बती भिक्षुहरू शिष्य बनाएका थिए । तेह्रौं शताब्दीमा धर्मस्वामिनले स्वयम्भू र थँबहिलमा बसेर अनेक तन्त्र विद्याको अध्ययन गरेको छ । तसर्थ यस्तो विद्या र कलाको प्रभा प्रतिभा फैलिएको युगमा धर्मस्वामिनको २५/२६ वर्षपछि इसवी सम्बत् १२६० तिर पाहसपालाई तिब्बतमा सूनको चैत्य बनाउनु पर्दा नेपाली कलाकारको याद हुनु स्वाभाविकै थियो ।

भिक्षु पाहसपा र अरनिकोको जीवनी र कृति बारेमा चीनको युआन राजवंशको इतिहास खण्ड २०३ को प्रामाणिक अंश नै प्रकाशनमा आएको छ । त्यहाँ भनिएको छ, अरनिको "निपोलो" अर्थात् नेपाल देशको मानिस हो । त्यस देशका मानिसहरू उसलाई पालुपु पनि भन्ने गर्दछन् । सानै उमेरदेखि उनको बुद्धि अरू बच्चाहरूको तुलनामा तेजिलो थियो । केही हुर्के पछि उनले बुद्धधर्मको अध्ययन गऱ्यो । उनमा सुनेर कण्ठ गर्ने क्षमता थियो । उमेर बढे पछि चित्र र मूर्ति बनाउने काममा अरनिको निपुण भयो । उनले धातुको मूर्ति ढाल्ने काम पनि गर्न सक्थ्यो । युआन राजवंशका सम्राट होपिलीले आफ्नो शासनको पहिलो वर्ष अर्थात् सम्राट् कुबलाई खांको राज्याभिषेकको पहिलो वर्ष थूफान अर्थात् तिब्बतमा सूनको चैत्य बनाउने आदेश दिए । निपोलो देशबाट त्यो चैत्य बनाउन एक शय कालिगढहरूलाई आमन्त्रण गरियो । परन्तु



Downloaded from http://www.dhamma.digital

अस्सीजना मात्र जाने इच्छा भएका कालिगढहरू निस्के । अस्सी जना कालिगढहरूको नेतृत्त्व गर्ने नायक पाउन सकिएन । अरनिको सत्र वर्षको थियो । उनले भन्यो, "म नायक भएर जानपाए हुन्छ ।" अरूहरूले उनलाई भरखरको जवान भन्न लागे । तर उनले जवाब दिए, "म उमेरमा कमको भएता पनि मेरो मन कमलो छैन ।" त्यसपछि उनलाई नेता बनाइ पठाएको रहेछ । सम्राट्का गुरूले उनलाई देख्ने बित्तिकै अचम्म माने । अनि उनलाई एउटा सूनको चैत्य बनाउने आज्ञा भयो । दुई वर्षमा त्यो सूनको चैत्य बनाउने काम पूरा भयो । अरनिकोले "म आफ्नै देश फर्कन्छु" भन्ने अनुरोध गऱ्यो । तर सम्राट्का गुरूले आफूसँगै चीन लैजान्छु भनेर कपाल खौरेर (चूडाकर्म गरेर) आफ्नो शिष्य बनायो र आफूसँगै सम्राट् कहाँ तातु अर्थात् वेङजिन् लगियो ।"

यो थियो चिनीया भाषामा रहेको ऐतिहासिक वर्णनको केही अंश । चिनीया सम्राट्हरूको इतिहासमा प्रतिभावान् तर साधारण दुनियाँदारको वर्णन विरलै हुन्थ्यो तर अरनिकोले त्यहाँ पनि ठाउँ पायो । यसैबाट अरनिकोको विशिष्ठ प्रकारको गुण भएको स्पष्ट हुन्छ । चीनको दरबारमा "तिमीलाई यस्तो ठूलो देशमा आउन डर लागेन ? भनी सोध्दा अरनिकोले बिन्ती गरे – 'सरकार सबैको पालन पोषण गर्ने दुनियाँको बुबा हुनुहुन्छ र छोरो बाबु कहाँ आउँदा डराउनु पर्ने कुनै कारण छैन ।' सम्राट्ले चीनमा आएको कारण बारेमा सोधनी गर्दा उनले बिन्ती गरे, "मेरो घर नेपाल हो । भोटमा सुवर्ण चैत्य बनाउन आएको थिएँ । दुई वर्षमा सो काम पूरा गरें । ल्हासामा फौजले दुनियाँलाई ज्यादै दुःख दिइएका छन् । सरकारमा यो बिन्ती पुगेमा दुनियाको दुःख हट्छ भन्ने विश्वासले दश हजार लीको बाटोलाई पनि टाढा नसम्झेर दुनियाको केही भलाइ गर्न सकुंला भनी यहाँ आएको छु ।" सम्राट्बाट योग्यता बारेमा प्रश्न गर्दा चित्रकला, मूर्तिकला र कुंड्ने-ढाल्ने काम सिकेको बेहोरा बिन्ति गरे । त्यसपछि सम्राट्ले सुङ साम्राज्य कालमा उपहार पठाइएको


Downloaded from http://www.dhamma.digital

नशा समेत देखिने आनफु भन्ने दर्जाको वाङ्चो भन्ने मान्छेको मूर्तिको हात मर्मत गर्ने काम दिए। अरनिकोले त्यो मूर्ति मर्मत गरि दिए अझ जोडनी र नशा सबै बढी स्पष्ट देखिने गरी त्यही मूर्तिको एउटा नयाँ प्रतिकृति पनि बनाइदिए। अरनिकोको योग्यताको प्रशंसा भयो। पछि उनले धेरै मूर्तिहरू बनाए। बेइजिङ र नानचिङका थुप्रै विहारहरूमा ती मूर्तिहरू राखिए। अरनिकोले भित्तामा रहेको चित्र हेरी रेशमी धागोबाट चित्र काढेर बनाउँथ्यो। अरनिकोको थुप्रै कृतिहरू युआन वंशको शियालको आठौं वर्ष अर्थात् १२७१ इसवीमा शुरू गरेर ८ औं वर्ष अर्थात् १२७९ मा पूर्ण भएको श्वेत चैत्य नै सर्वाधिक अमर कृति भएको छ। तातको शीश भन्ने ठाउँमा रहेको श्वेत चैत्यलाई पाउथो भन्दो रहेछ। १९६३ मा मैले श्वेतचैत्य हेर्ने इच्छा गर्दा यसको प्रतिकृति वेहाइ पार्कको चैत्य देखाएको थियो, जहाँ रञ्जना लिपिको सप्ताक्षरी कूटाक्षर चैत्य देवताको रूपमा राखिएको छ। पछि श्वेतचैत्य पर्यटकहरूका लागि देख्न पाउने भयो। थिङयान्मीन स्क्वायरबाट सजिलै त्यहाँ पुग्न सकिन्छ। साँघुरोबाट भएर प्रदेश-टिकट लिएँ। टिकटमा श्वेतचैत्यको रेखाचित्र देख्ने बित्तिकै मन प्रसन्न भयो। म्याउमिंग स विहारबाट भित्र गएर चोकमा रहेको यो बिशाल चैत्यबारे त्यहीं रहेको सूचना पाटीले श्वेतचैत्यको गौरव गाथा सुनाउँछ। म्याउमिंग स महाविहारको श्वेतचैत्यको निर्माण युआन वंशमा भएको मानिन्छ। १२७१ मा निर्माण कार्य थालनी गरी आठ वर्ष लगाएर १२७९ मा पूर्ण गरिएको विवरण पाइन्छ। त्यस बेलाको सामन्ति शासकवर्गले शाक्यमुनिको अस्थिधातु राख्न र त्यसको पूजा गर्न श्वेतचैत्यको स्थापना गरेको थियो। यस श्वेतचैत्यको निर्माण कार्यमा त्यसबेला चीनमा आएका नेपालका विभूति कलाकार अरनिकोको हात रहेको वर्णन छ। गगनचुम्बी, शानदान र भव्य रूपमा उभिएको त्यो श्वेतचैत्यको शैलीको मौलिकता नेपालको बौद्ध महाविहारबाट प्रभावित भएको छ र श्वेतचैत्यले चीनको बौद्धचैत्यको शुरूआतको प्रतिनिधित्त्व गरेको छ। श्वेतचैत्यको मचानको क्षेत्रफल १४२२ वर्ग मिटर छ अग्लाइ



Downloaded from http://www.dhamma.digital

५०.९ मिटर छ । त्यसको कमलाकार ९ मिटरको छ भने छत्रको घेरा ६.७ मिटर छ । तामाको ३६ वटा झल्लरले त्यो छत्र बनेको छ र हरेक झल्लरमा तामाको एक एक घण्टी झुण्डयाएको छ । घण्टा युक्त छत्रमाथि देदिप्यमान सुनको गजूरको अग्लाई ४.२ मिटरको छ चिनियाँ जनताको बीचमा (प्राचीनकालदेखि) नै रहि आएको परम्परागत मितेरी सम्बन्धको प्रतीक स्वरूप उभिएकै छ । सन् १९६१ मार्च ४ तारिखका दिन चीनको राज्य परिषद्ले म्याउमिंग स महाविहार चीन भरिका महत्त्वपूर्ण रूपमा संरक्षण गर्ने पुरातात्त्विक सम्पदाहरूमध्ये एक हो भन्ने कुरालाई प्रस्तुत गरेको छ ।

श्वेतचैत्य चिनीया जनतामा कतिको भिजिएको रहेछ भन्ने कुरा यस सम्बन्धी अनेक लोककथाबाट स्पष्ट हुन्छ । सधैं पानि निस्केर तातू (पेइजिङ) लाई जलमग्न बनाउने सम्भावना रहेको समुद्रको प्वाल टाल्न यो अजङ्गको चैत्य अरनिकोले बनाएको लोककथा अति रोचक छ । छाया नहुने यो चैत्यको (पाइथा यङ इयम्) बारेको लोककथाबाट प्रस्तुत वास्तुकलाको विशेषतातिरको संकेत सारै महत्त्वपूर्ण छ । सम्राट्को शासन सुदृढ गर्ने प्रतीकको रूपमा प्रभाश्वर भएको प्रकाशको पुंज रक्षागर्न यो श्वेतचैत्य बनाइ प्रकाश छोपेको लोककथाबाट ज्योतिरूप स्वयम्भू निर्माण गरेर ज्योतिपुंज छोपेको धारणाको याद दिलाउँछ ।

श्वेतचैत्यको गर्भ फुलेर आई फुट्न लागेको र जनताको अनिष्टको आशंका राजा कहाँ बिन्ती जाहेर गर्दा नेपालबाट आएको कलाकार अरनिकोको कलाकृति जगैदेखि पुनर्निर्माण गर्न मिल्दैन भन्ने तर्क दिइएको कुरा जति घटलाग्दो छ, चैत्यगर्भ फुटेको खण्डमा हुने आशंका बारे चमेना पसल पसलमा समेत चर्चा भएको र चमेना गृहमा देखा परेको एक वृद्धले फलामे पटुका बाँधेर फुट्न लागको चैत्यगर्भ स्वात्तै कसिएर पूर्ववत् गरेको लोककथाको विवरण सारै आनन्ददायक छ ।


Downloaded from http://www.dhamma.digital

अरनिकोको जीवनचरित्र बारेमा भनिएको छ, अरनिकोको कलात्मक कुशलता र प्रशासनिक क्षमता देखेर उनलाई भिक्षुत्त्वबाट गृहस्थ बनाइ दिए । उनी "ल्यू ताइफु" र "नाश फु" जस्ता स्तरीय पदबाट समेत विभूषित भए । सम्पूर्ण देशको निर्माण विभागको उच्च पदमा आशीन भए । उनको मृत्यु हुँदा उनका छ जना छोराहरू थिए । सियाङ श्वह गाउँको नजीक युयान पींग जिल्ला पेइचिङ्गको चिहानमा भएको अभिलेखमा उनका छोराहरूलाई आसेनको, आसुला, आन्युको, आपोर्का, आकाउमे, आचिल भनिएको छ । चीनमा मरेको मानिसलाई उसको योग्यता अनुसार उपनाम दिने चलन छ र उनलाई "मिंग हाइ" प्रत्युत्पन्नमति (प्रतिभाशाली) भन्ने उपनाम दिएको छ । उनको समाधिमा उनको देहावसानको सातौं दिनमा विशिष्ट रूपमा क्रिया गरेको तथ्यबाट नेवार जातिको "न्हेनुमा" राख्ने रीतिलाई याद दिलाउँछ ।

श्वेतचैत्यप्रतिको चिनीया जनमानसमा परेको प्रभावको ज्वल्लन्त उदाहरण हो, सांस्कृतिक क्रान्तिको ज्वाला श्वेतचैत्यमा पुग्न नसकेको । श्वेतचैत्यको सम्भार सम्बन्धी पुरातत्त्वविद बू मेनमिल्ले ठीकै भन्नु भएको छ, "श्वेतचैत्य चिनीया र नेपाली जनता बीचको विकसित मित्रताको नासो हो ।"

श्वेतचैत्यको पेटी, गर्भगृह, हरमिका, त्रयोदश भुवन र अमलक आदिको मात्र नेपाली चैत्य शैलीसँग श्वेतचैत्यको तादात्म्य सम्बन्ध देखाउँदैन, यसको मूलमा रहेको योसिँ, त्यहीं प्रदर्शनमा राखिएका देवदेवीका मुकूटहरू, रञ्जना लिपिका अभिलेख पछिका मूर्तिबाट दुई देश बीचको कला, वास्तुकला, चित्रकला र धार्मिक आस्था आदिमा समेत एकात्मभाव दर्शाउँछ । आजकाल श्वेतचैत्य दर्शन गर्ने पर्यटकहरू थुप्रैछन्, तर जब ती पर्यटकहरू मध्येमा कोही नेपाली पनि छन् भन्ने थाहा पाइन्छ श्वेतचैत्यको रेखदेख गर्ने अथवा संग्रहालयका अधिकारीहरूको व्यवहार नै मैत्रीको न्यानो



Downloaded from http://www.dhamma.digital

वातावरणमा परिवर्तन हुन्छ । चियापान गराउने र प्राप्य पर्चा पुस्तिकाहरू उपहार रूपमा दिन उनीहरू अगाडि बढ्छन् ।

अरनिकोले ११ मार्च १३०६ का दिन अनित्य देह त्यागे तर चीन र नेपालको सांस्कृतिक सेतु रूपमा उनि सधैं प्राणवान् नै हुनुहुन्छ । अरनिको हाम्रो राष्ट्रिय विभूतिहरू मध्येमा एक हुनुहुन्छ । उनको सम्झनामा ६६६ वर्ष पछि सञ्चार मंत्रालय श्री ५ को सरकारले श्वेतचैत्य र उनको मूर्त चित्रसंगै डाक टिकट प्रकाशन गरेको छ ।

**(आनन्दभूमि : १५/७ : वि.सं. २०४४)**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अजन्ताको चित्रकला यसो हेर्दा

अजन्ताका २९ वटा ढुंगे गुफाहरू एक पछि अर्को हेर्दै जाँदा हामीलाई बौद्ध वास्तुकला, मूर्तिकला र चित्रकलाको सागरमा पहिलो पल्ट पौडी खेलिरहेको जस्तो अनुभव हुनेछ । जब बौद्ध श्रद्धा र प्रज्ञाका दुबै हातफैलाई हामी डुब्की लगाउँछौं तब हाम्रो अंजुलीभरि अनमोल मोतिहरूको हुनेछन् । अनि पुण्यबाट सफा, सेतो र शुद्ध ती चम्केका मोतिहरू माला उनेर लगाउन सके हामी निःक्लेशी भएर परम शान्तिको अनुभव पनि गर्न सक्नेछौं ।

यहाँ अजन्ताको चित्रकलाको विषयवस्तु बुद्धजीवनी र जातक कथा बारेमा यत् किंचित् वर्णन गर्दैछु, त्यो पनि कलाको महत्त्व र चित्रकलाको ऐतिहासिक विकास क्रमको दृष्टिबाट होइन, अपितु क्रमशः आजको अजन्ता दर्शन गर्दै जाने आजको उपलब्ध बाटोको क्रमबाट अजन्ताको गुफा विहारको भित्तामा, शिलिंगमा र स्तम्भहरूमा भएका चित्रहरूले हामीलाई बुद्धको सन्देश सुनाइरहेको दृष्टिबाट र बोधिसत्त्वको आयामबाट आदर्श देखाइरहेको रूपमा हामी जहाँ मानिसको प्रवृत्ति र संसारको प्रकृति अजन्ताको चित्रमा नाचिरहेको देख्दछौं त्यहीं आसपासका माटो, रूख, विरूवाको, काठपात र जड अनि ढुंगाको धुलो रंगबाट बनेको दुई हजार बर्ष अगाडिदेखि तेह्र शय वर्ष अघिसम्मका चित्रहरू आजसम्म रहिरहनु रंग विज्ञानको कुरा कम महत्त्वको कुरा होइन । गोबर, भूस, ढुंगाको धुलो र माटाको आधा इञ्च जतिको लेप लगाई सकेपछि त्यसमा सेतो चुनको पातलो वज्रलेप लगाइकन चित्रित गरिएका अजन्ताका चित्रहरूबाट हाम्रो घर दैलोमा विवाह, व्रतबन्ध, बहालपूजा,



Downloaded from http://www.dhamma.digital

वृद्धहरूको जंको आदि पर्वमा पंचबुद्धको चित्रका साथै पूर्ण कलश र हरियो सुगादि लेख्ने चित्रकला शैलीको संस्मरण गराउँछ।

अजन्ताको पर्वत श्रृंखलाको किनारामा नै रहेको गुफा विहार यस्तो चित्रमय छ कि, त्यहाँ हामी चित्र नभएको ठाउँमा एउटा औंलाले छुन खोजे पनि त्यहाँ ठाउँ पाउन गाह्रो हुन्छ। भित्ता, शिलिंग र स्तम्भहरू समयको प्रभाव र सम्भारको अभावको कारणले गर्दा अस्पष्ट भइसकेका छन्, तापनि चित्रकलाको सजीवताको उदाहरण प्रस्तुत गर्न कैयौं चित्र आज पनि सशक्त छन्। मुकूट लाएका बोधिसत्त्व हेर्दै रहँदा हाम्रो हृदय करुणा र प्रेमबाट आल्हादित हुन्छ। कमलको फूल लिनुभएका बोधिसत्त्वको दायाँ हात हेर्दा हेर्दै हामी श्रद्धा विभोर हुन्छौं। यसै गुफा विहारमा रहेको अवलोकितेश्वरको मुकूटमा हामी ध्यानी बुद्ध अमिताभको प्रारम्भिक स्वरूप देख्दछौं। शायद पद्मपाणि बोधिसत्त्वकै प्रारम्भिक स्वरूप देखाउने यो पहिलो चित्र हो। कमल फूल लिनुभएका पद्मपाणि बोधिसत्त्वको भन्दा विलंक्षर प्रभावको आँखा भएका अवलोकितेश्वर अवलोकनगर्दा संसारका दुःखी प्राणीहरू प्रति हाम्रो हृदय करुणातुर हुन्छ। बोधिसत्त्वको नजिक भएका पुरुष चित्रको मुखमुद्रामा आश्चर्यजनक श्रद्धा देखिन्छ भने महिला चित्रमा श्रद्धा र भक्तिको विनम्रता देखिन्छ।

बुद्धजीवनी संग सम्बद्ध चित्रहरूमा राजदरवारको दृश्य र सिद्धार्थको महाभिनिष्क्रमणको दृश्यहरू स्पष्ट छन्। सिद्धार्थको बुद्धत्व-प्राप्ति पूर्वको चित्रहरूमा मार पुत्रीहरूको सौन्दर्यमा जति सम्प्रभुता छ, त्यति नै शिष्टताको उच्चतम अभिव्यक्ति छ। स्थूल उन्नत स्तन, विस्तृत नयन अनि विचित्र विचित्रका केश विन्याश अजन्ताको त्यो विशेषता हो, जसले युग युगसम्म पनि यस शैलीको प्रदर्शनले पनि यसलाई कसैले उछिन्न सकिएको छैन। यस गुफा विहारमा चित्रित गरिएका दुई सुन्दरीहरूलाई जनपद कल्याणी र उनकी सखी भन्ने गरेता पनि घडाबाट पानी खन्याइरहेको दृश्यबाट



Downloaded from http://www.dhamma.digital

भने वाङ्मयका कथासंग तादात्म्यक सम्बन्ध राख्दैन अपितु आनन्दलाई अछूत कन्याको पानी दान प्रसंगको स्मरण गराउँछ । बुद्धजीवनीसंग सम्बद्ध अर्को चित्र हो, बुद्धद्वारा श्रावस्तीमा ऋद्धि प्राप्तिहार्य प्रदर्शन ।

यस गुफा विहारको भित्तामा भएका जातक कथा सम्बन्धी चित्रहरूबाट जातक कथा त भन्दछ नै साथै कथाको कुन अंशलाई चित्रकारले प्रमुख वस्तु बनाएको छ, त्यो पनि विचारणीय छ । चित्रमा भएका भेष-भूषा र भाव-भंगिमाबाट त्यस बेलाको समाजलाई छर्लंग देखाउँछ । तराजु, राजा र परेवाको चित्र संयोजनबाट "सिविजातक" लाई जीवित तुल्याएको छ । शंखपाल नागराजाको धर्म-श्रवण, शंखपाललाई सपेराहरूबाट दिइरहेको दु:ख कष्टका चित्रहरूबाट हाम्रो मनमा "संघपाल जातक" को अमिट छाप लगाइदिन्छ । कथा सुनिरहेकी एक महिलाको चित्र हेर्दा हेर्दै हाम्रो मुखबाट भनि हाल्नेछ, कस्तो सजीवता ! महाजनकको अभिषेक पूर्वको स्नान र राजकीय सुख ऐश्वर्य, शिवलीले महाजनकलाई सांसारिक सुखमा आकर्षित गरिरहेको, महाजनक हात्ती चढीकन धर्म उपदेश सुन्न गइरहेको, पछाडिबाट राजवैभव नत्याग्न आग्रह गर्दा गर्दै पनि महाजनकले एकान्त वासका लागि दृढ प्रतिज्ञा गरेको, अन्तत: महाजनकको वैराग्य-निर्णयबाट शोकाकूल शिवली र उनका स्वजनहरूको शोक विह्वल मुखमुद्राबाट हाम्रो मुटुमा "महाजनक जातक" गहिरो गरी कुँडिदिन्छ । चम्पेय नागराजा र वाराणसी राजा, चम्पेयसंगै तलतिर बसिरहेकी सुमना र नागिनी विशेषत: नागलोक पुग्नु भन्दा अघि हात्तीबाट ओर्लिरहेको वाराणसी राजा र चम्पेय नागराजाको चित्रबाट "चम्पेय जातक" स्पष्ट गर्छ । सपेराले सर्प रूपका चम्पेय नागराजालाई वाराणसी राजाको दरवारमा नचाउन लग्यो । चम्पेयको जहान नागिनीले राजामा बिन्तिभाव गरी चम्पेयलाई मुक्ति दिलाइन् । अनि वाराणसी राजालाई कृतज्ञता स्वरूप नागलोकमा लगेर सेवा गरिन् । राजालाई उपहार सहित वाराणसी फर्काइन् । यस नागलोक र मनुष्यलोकको कुरालाई



Downloaded from http://www.dhamma.digital

चित्रकारले नागको फन प्रभामण्डल जस्तो लगाएका मानव रूपमा चित्रण गरेको छ ।

अजन्ताको यस पहिलो गुफा विहारको शिलिंगमा थुप्रै प्रकारका चित्रहरू छन् । हाँसहरू, रूख बिरूवामा बसिरहेका हाँसका बच्चाहरू, महिष टाउको भएको मानव-आकृति, आधा जिउ मानिस भएर तल्लो आधा शरीरांश चरा चुरूंगी भएका आकृतिहरू, बाजा बजाइ रहेका किन्नरहरू, गोरू, कमलको फूल, हात्ती, पुड्के पुडकी पुरूष स्त्री, विदेशी (पर्सियन्) भेष भूषका मानिसहरू यहाँका शिलिंगका चित्रहरू उल्लेख्य देखिन्छ ।

दोश्रो गुफा विहारमा पनि बोधिसत्त्व, बुद्धको जीवन-चरित्र र जातक सम्बन्धी चित्रहरू छन् । राजा शुद्धोदन र महामाया उच्च आसनमा बसिरहेको अनि यता तिर बसेर महामायाको स्वप्न फल वर्णन गरिरहेका ब्राह्मणहरू, दायाँ तिर बायाँ खुट्टा भुईमा टेकेर पछाडि तिर उठाइ राखेको बायाँ खुट्टा स्तम्भमा टिकाइ रहेकी र बायाँ हातको चोर औला र बुढी औला जोडेर केही विचार गरि रहेकी महामाया, नजिकै एउटा पुरूष उभिरहेको र अर्को चाहीं माथि हेरिरहेको चित्र समूहबाट लुम्बिनीमा सिद्धार्थको जन्म-प्रसंगको याद दिलाउँछ । सात पाइला चालिरहेको शिशु सिद्धार्थ, श्रावस्तीको ऋद्धि प्रातिहार्य चित्र संगै भएका थुप्रै धर्मचक्र मुद्राका चित्रहरू हेर्न लायकको छ । यी धर्मचक्र मुद्राका चित्रहरूमा दुबै हातका हत्केलाहरू छाति निर भएता पनि औंलाका मुद्रा चाहिं फरक फरक प्रकारका छन् ।

दोश्रो गुफा विहारमा कमल-पोखरीमा हाँस समाउन गइराखेको, सिंहासनमा स्वर्ण हंस बसिरहेको, वाराणसीका राज-दम्पत्ति स्वर्ण हंसको उपदेश सुन्न बसिरहेको, हंस बोधिसत्त्व मानवरूपमा चित्रित गरिएका चित्रहरूबाट "हंस जातक" मा सजीवता दिन्छ । विधुर पण्डितको जातक चित्रण यस गुफा विहारको अर्को आकर्षक चित्र समूह हो । नागकी छोरी इरंदती



Downloaded from http://www.dhamma.digital

राजमहलमा पिंग खेलिरहेकी, नौकर पूर्णाक आइकन उसको अगाडि उभिरहेको छ । यहीं नाग नागिनीहरू कसरी विधुर पण्डितलाई नागलोकमा ल्याउने भन्ने बारेमा छलफल गरिरहेको हुन्छ । अर्को चित्र समूहमा विधुर पण्डितले धर्मचक्र मुद्रामा नाग दम्पतिलाई उपदेश दिइहेरेको छ भने नाग-दम्पति हात जोडेर अनिमेष आँखाले विधुर पण्डितमा हेरेर उपदेश सुनिरहेका छन् । यता विधुर पण्डित पछाडितिर नागपुत्री इरंदती र यक्ष सेनापति पूर्णाक बसिरहेका छन् । माथितिर आमा छोरी वार्ता गरिरहेको चित्र छ भने बार्दलीमुनि कोठामा अरू दुईजना धर्मदेशना बारे कुरा गरिरहेको चित्र छ । यी चित्रहरूमा पनि पाँच नागहरूको फन्दा प्रभामण्डल जस्तो लाएका मानव चित्रबाट स्पष्ट गरेका छन् । यस गुफा विहारको अर्को उल्लेखनीय चित्र "खन्तिवाद जातक" का चित्रहरू हुन् । आफ्ना आमा बाबुको देहावसान पछि सबै धनसम्पत्ति गरीब दुःखीमा बाँडेर प्रव्रजित भएका बोधिसत्त्व एक वन उद्यानमा बसिरहेको थियो । त्यही बेला नर्तकी आइमाइहरू लिएर एक राजा वन विहारको लागि आएको थियो । वन विहार गर्दै थाकेर राजा जब निदाएको थियो उदेक मन भएकी  ती आइमाइहरू यसो घुम्दै फिर्दै त्यस ऋषि बोधिसत्त्व भएको ठाउँमा आई पुगिन् । तिनीहरू बोधिसत्त्व कहाँ उपदेश सुन्दै रहेकी थिइन । यता राजाको नीद्रा खुल्यो । तर त्यहाँ कोही पनि थिएन । राजा नर्तकीहरूले बोधिसत्त्वको उपदेश सुनिरहेको ठाउँमा आइपुग्यो । नर्तकीहरूले बोधिसत्त्वको उपदेश सुनीरहेको देख्दा राजालाई निक्कै रीस उठ्यो । राजाले सोध्यो, "तिम्रो वाद के हो ?" "क्षान्तिवाद" राजालाई बोधिसत्त्वले जवाब दियो । हेरौंला तिम्रो क्षान्तिवाद भन्दै राजाले ऋषिको हात काट्न लगायो । फेरि सोध्यो, "अब तिम्रो बाद के हो ?" बोधिसत्त्वले जवाब दियो – "क्षान्तिवाद ।" राजाले क्षान्तिवाद होइन र भन्दै खुट्टाहरू काट्न लगायो । नाक र कान काट्न लगायो । परन्तु जत्ति शारीरिक कष्टदिएता पनि किंचित पनि क्रोध नगरी बोधिसत्त्वले आफू



Downloaded from http://www.dhamma.digital

क्षान्तिवादी नै भएको कुरा बताए, अन्ततः राजा आफै कायल भए। साथै फर्केर जाँदा बोधिसत्त्वको आँखाले नदेखिने क्षेत्रमा पुग्ने बित्तिकै जमीन चिरेर राजाको पतन भयो। यस जातकको चित्रणका साथै यस गुफा विहारको सिलिंगमा पनि अनेक चित्रहरू रंगाएका छन्। विभिन्न वेष भूषाका मानिसहरूको चित्रहरू, हरियो अनुहारका साथै राक्षसी दांत र नङ्‌ भएको क्षपःको पूर्वरूप चित्र, कमलको फूल र राजहंसको चित्र, पूजा देवी, फूल बुट्टा सजाएको मण्डल र मण्डलको बाहिर चारै कुनाका युगल मूर्तिहरूको चित्र निक्कै राम्रो छ।

छैठौं विहार-गुफाका चित्रहरू धेरै नै धुलमिलिसकेका छन्। ता पनि भित्र कोठामा मार-विजय र श्रावस्तीको ऋद्धि प्रातिहार्यको चित्रहरूबाट विषय वस्तु ठम्याउन सक्ने अवस्थामा विद्यमान छ। बुद्धको ठूलो चित्रको दायाँतिर घुंडा टेकेर बसेको एक भक्त छ। त्यसको उँचाई बुद्धको घुंडा सम्मको छ। उसको दायाँ हाथमा खोलिएको बिर्को भएको एउटा बट्टा छ, यो धूपबट्टा हुनु पर्दछ। उसले बायाँ हात उठाएर तीनवटा कमल फूलहरू समाइरहेकोछ।

अजन्ताका गुफाहरू मध्येमा नवौं-चैत्य-गुफा एउटा सारै पुरानो गुफा हो। यो ईसाको पहिलो शताब्दीको गुफामा चित्रका दुई तहहरू छन्। पुरानो वा अघिल्लो चित्र राम्ररी नमेटिकन त्यसै माथि अर्को चित्र लेख्ने परम्परा रहेछ। प्रथम शताब्दीको चित्र माथि छैठौं शताब्दीमा लेखिएको दुई भिक्षुहरूको चित्र विशेष उल्लेखनीय छ। यहीं पछिल्ला चित्रहरू मेटेर पुरानो चित्रहरूको अध्ययन क्रममा नाग राजाहरूको चित्र पनि पाइएको छ। यी नागहरू धर्मश्रवण गर्न बसिरहेका हुन्। अतीत बुद्धहरूका चित्र र स्तूप पूजार्थ बसिरहेका अनुहारको चित्र विशेष उल्लेखनीय छ।

दशौं चैत्य-गुफा दुई शताब्दी इसवी पूर्वको गुफा मानिन्छ। चैत्यको दायाँतिर अगाडि वासिठी पुत्त र कटहारिको श्रद्धा अभिलेख यहाँ मेटिएको छ। यहाँ पनि पुरानो चित्र र त्यसमाथि फेरि



Downloaded from http://www.dhamma.digital

चित्रित गरिएका नयाँ चित्रहरूबाट खपटिएको देखिन्छ । पुराना चित्रहरू इसवीपूर्वका भएकोले जहाँ महत्त्वपूर्ण छ, त्यहीं बोधिवृक्ष र बोधिवृक्ष पूजा गर्न सेना, नर्तकी, संगीतकारका साथ आइरहेका राजपरिवारहरूको यो प्राचीन चित्र हेर्न लायकको छ । श्रद्धाबाट विस्फारित विनम्र आंखाहरू र मयूरको कल्की जस्तो देखिने कपालको सजावट, कपालमा नै मयूरको लचक भएको केशविन्याश, सौम्य शान्त मुखमुद्राको चार पूजार्थीहरूको चित्र अहिले पनि स्पष्ट छ । यस गुफा चित्रका पुराना चित्रहरूमा "साम जातक" स्पष्ट देखिन्छ । बायाँ कुममा पानीको गाग्रो बोकीकन गइरहेको साम कुमार, आफ्नो परिषद संगै शिकारका लागि अघि बढी रहेको वाराणसी राजा, उलि यता वाणले सामलाई बिंढेकोले पश्चाताप गरिरहेको राजा, आफ्ना कुटीमा आफ्नो छोरा साम समयमा नफर्केकोले चिन्तित भएका साममा अन्धा आमा र बुबा, साम फेरि स्वस्थ भएर उठेका चित्रबाट "सामजातक" पूरा गरिदिन्छ । यसको दायाँतिर छद्दन्त जातक चित्रित भएको छ । यस चित्रमालाका धेरै चित्रांश अस्पष्ट भएता पनि छद्दन्तको हिमाली जीवन, केराको बोट, कमल फूलको पोखरी, महासुभद्रालाई कमल फूल दिइरहेको चित्रहरू गहिरिएर हेर्दा आज पनि स्पष्ट देखिन्छ ।

एघारौं गुफा-विहारमा चार जिउ एउटै मात्र टाएकोको तर जताबाट हेरे पनि मृगको पूर्ण रूप देखिने मृगसमूहको चित्र उल्लेखनीय छ । बोधिसत्त्वको ठूलो चित्रका दायाँ बायाँका मूर्तिसंगैको चित्रहरू रंग उडेर झनझन धमिलाउँदै गएकोछ ।

सोह्रौं गुफा-विहार अजन्ताका राम्रा गुफा विहारहरू मध्येमा एउटा गुफा विहार मानिन्छ । ईसाको पाँचौं शताब्दीको अन्ततिर वाकाटक राजा हरिशेणको मंत्री वराहदेवको श्रद्धा दानको अभिलेख यहाँ पाइएको छ । यहांका चित्रहरू सारै धमिलिएका छन् ता पनि महामाया देवी सुतिरहेकी, स्वप्नको फल वर्णन राजा शुद्धोदनलाई सुनाइरहेको, असित ऋषिको भविष्यवाणी, वप्प मंगलको बेला जामून



Downloaded from http://www.dhamma.digital

वृक्ष मुनि सिद्धार्थले ध्यान गरेको, सिद्धार्थ विद्यालयमा गइरहेको, खेतमा जोत्ने गोरूको घांटीबाट रगत आइरहेको, सिद्धार्थले वृद्ध, विरामी, मृतक र संन्यासी तथा दिनको तातो पोल्ने घाममा खेतीको काम गरिरहेको देखेको, सिद्धार्थ बोधिसत्त्वको भिक्षाटन, सुजाताको क्षीर दान र तपस्सु भल्लिकको दान सम्बन्धी चित्रहरू पहिल्याउन सकिन्छ। त्यस्तै धेरै नै नोक्सान भएता पनि नन्दको कथा प्रसंगलाई इंगित गर्ने चित्रहरू जति हेरे पनि हेरौ हेरौं जस्तो लागिरहन्छ। दैलोमा टाउँको भुकाएर बसिरहेको मयूर दु:खी जस्तो देखिन्छ, पात सुकेर लत्रिएको केराको बोट, यसो अढेस लिइकन बसिरहेकी जनपद कल्याणी शोक विह्वल देखिन्छ। एक परिचारिकाले अगाडि उभेर अर्को परिचारिकाले पछाडिबाट तिनलाई शान्त्वना दिइरहेको देखिन्छ। बुद्धको ऋद्धि प्रातिहार्यलाई यहां पनि कलाकारले चित्रित गरेको छ। हस्ति जातक, महाउमग्ग जातक र महासुतसोम जातकबाट पनि यो गुफा विहार सिंगारिएको छ।

सत्रौं गुफा-विहार पनि वाकाटक राजा हरिशेणको अमात्यको दान हो। चित्रकलाको दृष्टिबाट यो विहार गुफा अत्यन्तै भव्य छ। भविष्यमा हुने मैत्री बुद्ध सहित यस भद्रकल्पका सात बुद्धहरू आ-आफ्ना (विभिन्न जातका रूखको) बोधिवृक्ष मुनि ध्यानस्थ देखिन्छ। धर्मदेशना, श्रावस्तीको प्रातिहार्य प्रदर्शन, संकाश्यमा अवतरण बेला ब्रह्मा र शंकरले दायाँ बायाँ बसी बुद्धमा छाता ओढाइरहेको, देवदत्तले दारू पिलाएर छोडिएको मात्तिएको नालागिरि हात्तीलाई बुद्धद्वारा दमन, यशोधराले राहुललाई अगाडि राखी भिक्षाटनमा आउनु भएको बुद्धसंग भेटीरहेको प्रसिद्ध चित्र पनि यही विहार-गुफामा छ। कपिलवस्तुको भिक्षाटनको चित्रमा बुद्धको दायाँ हातमा भिक्षापात्र छ। बायाँ हातबाट चीवरको टुप्पा समाइरहेको छ। पात्रको मुनितिर अलिकति अगाडि टाउको पर्ने गरी उभिरहेकी यशोधराले राहुललाई दुबै हातबाट बुद्धतिर उन्मुख गराई रहेको स्पष्ट देखिन्छ। अनि यसरी राहुललाई अगाडितिर घचेट्दै बुद्धलाई हेरिरहेकी यशोधराको चित्रात्मक अभिव्यंजनलाई शब्दचित्रण



Downloaded from http://www.dhamma.digital

दिन खोज्दा भाषा नै लाटो भएको जस्तो अनुभव हुन्छ। यशोधराको आंखाको भाषा शब्दबाट अभिव्यक्तगर्नु सम्भव छैन, स्वयं चित्र नै आवश्यक छ । यस अतिरिक्त सत्रौं गुफा-विहारमा धेरै जातक कथाहरू चित्रित गरिएका छन्। ती मध्येमा छद्दन्त जातक, महाकपि जातक, हस्ति जातक, हंस जातक, विश्वन्तर जातक, सुतसोम जातक, सरभमृग जातक, मातिपोसक जातक, मच्छ जातक, साम जातक, महिस जातक, बलाहस्स (सिंहल) जातक, सिवि जातक, रूरू जातक र निग्रोध मृग जातक उल्लेखनीय छ। आफ्नो खोपिमा सुतिरहेकी रोगी जस्तो भाउ गरेकी रानीले छद्दन्त हात्ती मार्न लगाउन मन मनै गुन गुनिएको चित्र, छद्दन्तलाई समात्न गएका मानिसहरूको खोजमा व्यस्त आँखाको हेराई, अनि छद्दन्त हात्तीको सुंढ र दन्त देख्ने बित्तिकै रानी मरेको र राजाले रानीलाई यसो सम्हालिइ रहेको चित्रण यस छद्दन्त जातक चित्रमालामा छ। ढोका र भ्यालको बीचको रित्त ठाउँमा चित्रित महाकपि जातकमा ज्यान बचाउन पारी बनमा जान आफ्ना स्वजन बान्दरहरूका लागि बोधिसत्त्व महाकपिले यता वारीको रूखमा पुच्छर बाँधेर उता पारीको रूख दुई हातले समाइकन आफुलाई भोलुङ्गेपुल जस्तो गरेको र ज्यान जोगाउन पारी तिर पुगिरहेको बान्दरहरू अनि राजा र राज सैन्य सहितको राजपरिषद्को चित्रणबाट महाकपि जातकलाई स्पष्ट्याएको छ। दैलोको छेउ तिर भोकाएर हिंडिरहेका हात्तीहरूसंगै हस्ति जातक चित्रित गरेको छ। आकाश तिर उन्मुख भइ उडिरहेका हंसहरू, कमलको पोखरीमा दुई राजहंसहरू, वाराणसी रानी खेमाले बोधिसत्त्व हाँसबाट कथा सुनिरहेको चित्रबाट हंसजातक स्पष्ट गरेको छ । विश्वन्तर जातकको चित्रमा विश्वन्तरले मंगल हस्ति दान गरेको अनि राजकुमारलाई देश निकाला गरेको खबर सुनेर दायाँ हात चिउंदोमा राखिकन बायाँ हात पृथ्वीमा टेकेर बसिरहेकी अत्यन्त गहन चिन्तामा डुबिरहेकी मद्दीदेवीको चित्र साह्रै नै गहन र मर्मस्पर्शी छ । विश्वन्तरले आफुलाई देशबाट निर्वासनको दण्ड दिएपछि आफ्ना छोरा छोरी र रानी साथै राजदरवारबाट निस्की



Downloaded from http://www.dhamma.digital

रहेको र ब्राह्मणहरू यहाँ पनि दान लिन आइरहेको यो दृश्य घरको झ्यालबाट हेरिरहेको चित्रण साह्रै मार्मिक छ। जुजुक ब्राह्मण राजा संजयको सामुन्ने पुग्न गएको, अनि ब्राह्मणद्वारा दयनीय भावबाट राजामा सफाईको लागि बिन्ति गरिरहेको चित्र हेर्नै लायकको छ। सुदासको राज्याभिषेकं, सुदास शिकारमा गएको, सिंहनीले सुतिरहेको सुदासको पाइतल्ला चाटिरहेको, सुलीमा राखी मारेको, मान्छेको छाला काटिरहेको, मानिसको मासु पकाइरहेको, सुदासलाई ख्वाइरहेको, नर मांस खान पल्केको सुदासलाई त्यो अमनुष्य स्वभाव छाड्न नसक्ने भई बरू जंगलमा नै जान स्वीकार गरेकोले सुतसोम बोधिसत्त्वले सुदासलाई बोध गरिरहेको जातकीय अभिव्यक्ति चित्रकारले राम्ररी चित्रण गरेको छ। शिकारी वाराणसी नरेश जंगलको ठूलो खाल्टोमा खसेको अनि सरभंग मृगले त्यस खाल्टोमा ढुंगा बिस्तारै खसालेर खाल्टोको गहिराई कम गरेको, त्यस पछि आफू खाल्टोमा गइकन राजालाई उचालिएर खाल्टोबाट निकालिएको चित्र र यस पछिको घटनाक्रम चित्रपट्टबाट स्पष्ट्याउन सकेन। चित्रको दायाँ तिर मच्छ जातक चित्रित गरेको छ भने मिग जातकको मुनितिर मातिपोसक जातकको चित्र छ। समातेर लगिकन राजदरवारको हस्तिशालामा मीठो मीठो दाना दिएता पनि जंगलमा आफ्नो आश्रयमा निर्भर अन्धी आमाको सम्झनामा दाना नखाई रोईरहेको मातिपोसक हात्तीको चित्र साह्रै हृदयस्पर्शी छ। राजा आफै आईकन हात्तीलाई ख्वाउन कोशिश गर्दा पनि असफल भए पछि राजाले त्यस हात्तीलाई छाडी दियो। हात्तीले जंगलमा पुगी अन्धी आमालाई नुहाई दिए। यसरी मातृसेवालाई चित्रकारले मूर्त रूप दिएको छ। आमा बाबु बोकिरहेको साम, घडा लिएर पोखरीबाट पानी लिन लागेको साम, आफ्नो धनुषको वाणबाट मूर्च्छित सामलाई राजाले लगिरहेको र सचेत भईसकेपछि सामले राजालाई उपदेश दिइरहेको चित्रक्रमबाट साम जातकको मातृ सेवा प्रेरणा दिन्छ। रूखमुनि बसिरहेको महिस बोधिसत्त्वमा रूखमाथि बसेको बाँदरले हगि दिएता पनि केही भएन, तर त्यस्तै एक महिस



Downloaded from http://www.dhamma.digital

(राजा) लाई हगि दिन्दा मौका छोपेर त्यो बाँदरलाई मारिदियो । एउटा महिसको आँखामा क्रोध देखाई राखेको र अर्कोतिर मरेको बाँदरले बोधिसत्त्व महिसको आँखातिर हात राखेको चित्र चित्रण गरिकन अजन्ताका चित्रकारले चित्रमा नै क्रोध र सहिष्णुताको तुलनात्मक गहनता अभिव्यक्त गरेको छ । यसै गुफा विहारमा भएको एउटा अर्को जातक चित्रणलाई कसैले बलाहक जातक भनिएको छ त कसैले यसलाई सिंहल जातक भनेको छ । कोठामा एकातिर सुन्दरी आइमाई र अर्कातिर कपाल फैलाएका आफ्नो ठूलो मुख बाएको राक्षसनीको चित्र छ । सुन्दरी आइमाईसंग लसिएको लोग्ने मान्छेको चित्र चिन्न नसकिने गरी बिगरी सकेको छ । अनि बोधिसत्त्व यक्षणीहरूको जालबाट मुक्त भएर यी यक्षणीहरूमाथि विजयी भइसकेपछि राजा बनाउन हात्तीमा राखेर सिन्दूर यात्रा गरेको चित्रबाट यो कथा नेपालको सिंहलसार्थबाहुको कथा जस्तो लाग्छ । भेषधारी अन्धो याचक ब्राह्मणलाई राजा शिविले आफ्नो आँखा दान गरेको शिवि जातकको आँखा दान, यस दानबाट शोकाकूल भएकी आईमाईहरू, शक्रले अन्ततः आँखा फिर्ता दिएर राजालाई अघि जस्तै आँखाबाट हेर्न सक्ने अवस्थामा ल्याउँदा सबै मानिसहरू हर्षले गद्गद् भएको यस गुफाको चित्र हेर्नै लायकको छ । पुनः नेत्रज्योति पाएको शिवि राजाको साम्‌ नाच्दै आइरहेकी दुई नर्तकीहरूको गतिमा अझ पनि नृत्य गति तरंगित भएको छ । यस गुफाभित्रको रूरू जातकका धेरै चित्रांश अस्पष्ट भइरहेको छ । तापनि बोधिसत्त्वले महाजनपुत्रलाई बचाएको र राजाले बोधिसत्त्व रूरूलाई रथमा राखेर ल्याएको दृश्यबाट जातकलाई स्पष्ट गर्न सजिलो भएको छ । राजाका भान्छामा रहेको मृग-वद्ध गर्ने ठाउँमा प्राण उत्सर्ग गर्न आएको सुवर्णमय निग्रोध मृग, घुंडा टेकिरहेको मान्छे, अनि सिंहासनमा बसेर राजालाई उपदेश दिन लागिरहेको चित्रपटबाट बोधिसत्त्वको परार्थ आफ्नो प्राण सत्सर्ग गर्ने आदर्श स्पष्ट गरेको छ । जातकको चित्रणमा यो गुफा-विहार जति महत्त्वपूर्ण, त्यति नै यहांको शिलिंग चित्र पनि आकर्षक छ ।



Downloaded from http://www.dhamma.digital

टाउकोदेखि अर्द्धांशसम्म मानिस र त्यसपछि चरा भएका किन्नर, आधा शरीर मात्र देखिने गन्धर्व, टाउको बोकाको जस्तो शरीर ड्रायगन जस्ता प्राणी, विभिन्न प्रकारका फूलबुट्टाहरू भएको यो गुफा-विहारबाट हामीलाई चित्रकलाका लागि अनेकौं आदर्श र नमूना प्रदान गरिरहेको छ।

(२५३७ बुद्धजयन्ती स्मारिका)



Downloaded from http://www.dhamma.digital

# कामाकुरा डाइबुत्सु हेर्दाहेर्दै

कामाकुराको महान् अमिताभ बुद्धको प्रतिमा दर्शन गरें । ३० वर्षपहिले, त्यसबेला प्रतिमा देख्नासाथै मनमा लागेको कुरा लेखेको थिएं । 'धर्मोदय' को बु.सं. २४९८ को श्रावण अंकमा प्रकाशित पनि गरें । त्यसपछि एक दुई वर्ष गरेर २३ वर्षको जीवन बित्यो । १९७६ इसवीमा जापानमा विश्वशान्तिका लागि भएको एशियाई बौद्ध सम्मेलनमा भाग लिन गएं । हिरोशिमा र नागासाकीको प्रथम मानवसंहारक परमाणु विष्फोट परिणामबाट मेरो मानस संसारमा एक किसिमले ठूलो वितृष्णा ल्याएको थियो । कामाकुरा डाइबुत्सुको छायामा बस्न पाएकोले मनमा शीतलता र शान्ति भएर आयो । ७ वर्षभन्दा बढी भयो, शीतल अनुभव भइरहेको । अहिले पनि त्यो छायामा परें भने शीतलता अनुभव गर्दछु । बुद्धानुस्मृति भावना गर्न आँखा बन्द गर्नासाथ मेरो आँखा अगाडी कुशीनगरका ऐतिहासिक महापरिनिर्वाण बुद्धमूर्ति अगाडि आएको हुन्छ । अनुराधापुरको ऐतिहासिक महत्त्वले भरिएको बुद्धमूर्ति र प्वाल प्वाल राखेर बनाएको ठूलो श्रद्धाचैत्य भित्र रहेका इण्डोनेशियाको बुद्धमूर्ति लहरै अगाडि बस्न आएको हुन्छ ।

त्यसबेला अर्थात् ७ वर्ष पहिलेको आफ्नो डायरीमा मेरो आँखा पर्नासाथ झस्किन्छु बुद्धप्रतिमा विकास भएर कहाँबाट कहाँसम्म पुगेको ! मारलाई भूमि साक्षि राखेर दशपारमिता पूर्ण गर्दा बस्नु भएका बोधिसत्त्वको आसन नै वज्रासन भयो । यो कुरा यो कथानै कलाकारबाट भूमिस्पर्श मुद्रामा ल्याइदियो । बुद्धगयाको मुख्य प्रतिमाबाट यो तथ्य अहिलेसम्म पनि स्पष्ट गरिइरहेको छ । ध्यानी बुद्धले पूर्व दिशा हेरेर भूस्पर्श गरेर बस्नुभएको यही ऐतिहासिक स्थल



Downloaded from http://www.dhamma.digital

बुद्धजीवनी सम्बन्धी बुद्धमूर्तिको विकास स्थल त होइन ? मार भागेर गइसकेपछि गौतम बुद्धले ध्यान गर्नु भएको थियो । यस समयको चिन्तन मननको बारेमा सुत्तनिपातमा राम्रै वर्णन गरिएको छ । सिद्धार्थले आफ्नो शैशव कालका जामुन रुख मुनि "वप्पमङ्गल" भइरहेको खेतछेउ ध्यानसम्म गर्नुभएको थियो । उरुवेलमा पनि यसै ध्यानपछि पूर्वानुस्मृति, च्युत्तोत्पत्ति, प्रतीत्यसमुत्पाद ज्ञानमा डुब्नुभयो, वहाँ बुद्ध हुनुभयो । वहाँ त्यसबेला वज्रासनमा बस्नुभएको थियो । यसको अर्थ अधिस्थान हो । दुबै पाइताला काखमाथि परेको आसन साँच्चै नै अधिक हुन्छ तर त्यसबेला वहाँको दुबै हत्केला काखमा नै राखिएको थियो भन्ने प्राचीन प्रामाणिक वाङ्मय वर्णन कहाँ छ होला ? जे भएपनि यही नै ध्यान, ध्यानी बुद्धको र अमिताभ ध्यानको रूपमा साकार हुन आएको होला ।

सात वर्षअगाडिको मेरो सोचाई "नेपालमा जे गरेपनि हुन्छ" (नेपालय् न्ह्यागु या:सां ज्यू) अहिलेसम्म उस्तै नै छ भने पनि हुन्छ । किनभने बुद्ध र बोधिसत्त्वहरूको हस्तमुद्राको धेरै किताब पढें । त्यहाँ रीतिपद्धतिको कुरा छ । प्रतीकको कुरा उल्लेख गरिएको छ । साँच्चै राम्रो र सुहाउँदो रुपमा मुद्राको लहरै विकास क्रम उल्लेख भएको पुस्तक अहिलेसम्म पढ्नपाएको छैन ।

बौद्ध-परम्पराले बुद्धप्रतिमाको विकासक्रमलाई बुद्धको जीवनकालदेखि नै सम्बन्ध देखाउँछ । बौद्ध परम्परामा बुद्धको जीवनकालमा नै बुद्धको मूर्ति भइसकेको कुरा भनिन्छ । ऋद्धिबाट आफै दुईजना भएर प्रश्नोत्तर गरेको उल्लेख भन्दा पनि यस कथनमा आधार छ ।

बुद्ध आफ्नो अगाडि नहुने बेलामा पनि बुद्धको मुहार हेरिरहे जस्तै बुद्धलाई हेरिरहन एउटा मूर्ति बनाउन कोशलका राजाले बुद्धसँग अनुमति माग्यो । बुद्धले अनुमति पनि दिनुभयो । अनि कोशल राजाले रातो श्रीखण्डको बुद्धजस्तो प्रतिमा बनाउन


Downloaded from http://www.dhamma.digital

लगाएपछि कोशलराजाको दरबारमा पाल्नुहुँदा बुद्ध आफैले बुद्धप्रतिमा हेर्नु भयो । अझ यहाँसम्म कि भिक्षुहरूले बुद्धजस्तो बुद्धको मूर्तिमा वन्दना पनि गरे । यस कुराको वर्णन कोशल बिम्बवर्णनमा लेखिएको छ । महासांघिकहरूको अंगुत्तरनिकायमा लेखिएअनुसार सबभन्दा पहिले ५ फीट अग्लो श्रीखण्डको बुद्धप्रतिमा वत्स देशका उदयनले बनाएको थियो । अनि कोशल राजा प्रसेनजितले यसको प्रतिकृति बनाएको थियो । मूल सर्वास्तिवादीहरूको विनयअनुसार भने पहिलो बुद्धमूर्ति मगधका राजा बिम्बिसारले बनाएको थियो । कलिंग बोधिजातक (४७९) अनुसार अनाथपिण्डकले बुद्धचारिका निम्ति जानुहुँदा पनि जेतवन विहार पूज्य स्थान गर्न महाबोधिको बिउबाट महाबोधि रोपेर जेतवनमा परिभोग चैत्य बनाए । अनि रातभरि त्यस महाबोधि बोधिवृक्षमुनि बुद्धत्त्व प्राप्तिको बेलामा जस्तै नै बुद्धले ध्यान गरेर बस्नुभएको थियो । त्यसपछि कोशल राजादेखि सबैले त्यस महाबोधिको पूजा गरे । यसलाई नै "आनन्दबोधि" भनिएकोछ । यस प्रसंगबाट बुद्धको जीवनकालमा अहिले बुद्धको प्रतिरूप भएको केही संकेतसम्म पनि दिन्दैन । तर पेशावरको म्यूजियममा भएको दोस्रो शताब्दीतिरको एउटा शिलामय बुद्ध मूर्तिको वस्तुस्थितिबाट श्रीखण्डमय बुद्ध-मूर्तिको कुरामा सहमत जनाएको छ । जापानका प्रसिद्ध मूर्तिहरूमध्येमा सिरोजी (Sciroji Khoto) का शाक्यमुनि बुद्ध मूर्ति पनि हो । निहोन्जी र्याकु (Nihongi Ryaku) को भनाइ अनुसार यो उदयनले बनाएको प्रसिद्ध श्रीखण्डमय बुद्धमूर्तिको प्रतिकृति हो । यो प्रसिद्ध मूर्ति छोटेन (Choten) को निम्ति बनाइएको हो । फेरि यो प्रतिकृति भएतापनि यसमा धातु सूत्र राखिएका छन् । छोटेनका निम्ति बनाइएको यो मूर्ति जापानमा ९८७ इस्वीमा ल्याएको थियो ।

ह्वेनसांगले कोशाम्बीको पुरानो दरबारमा ६० फीट अग्लो विहारमा श्रीखण्डको बुद्धमूर्ति देखेका थिए । ह्वेनसांगले यो मूर्ति बनाउने उदयन (u-to-yen-a) भनेर मात्र वर्णन गरिएको थिएन, धेरै राजाहरूले यो मूर्ति यताउता लैजान कोशिस गरेको वर्णन पनि



Downloaded from http://www.dhamma.digital

गरिएको छ । बुद्ध आफूलाई जन्म दिने आमालाई उपदेश दिन संकाश्यमा जान लागेका थिए । राजा उदयनले ३ महीनासम्म बुद्धको दर्शन नगरी बस्न सकिएन । त्यसैले महामौद्गल्यायनलाई एक जना कलाकार पठाएर अलौकिक शक्तिबाट बुद्धजस्तो मूर्ति बनाउन प्रार्थना गरे । प्रार्थना अनुसार बुद्धमूर्ति बनाउने कार्य पनि गरे । ३ महीनापछि बुद्ध फर्कनुभयो, अनि त्यस अलौकिक शक्तिबाट बनाएको बुद्धमूर्तिले वन्दना गरे । बुद्धले आज्ञा गर्नुभयो, "तिमीले उचित तरिकाबाट आचरण गरेकोछ र अब भविष्यमा तिमीले यसरी नै धर्मको बाटो देखाऊ ।"

श्रीलंकाको परम्पराबाट पनि अहिलेसम्म भेटिएका बुद्धमूर्तिभन्दा तीन चार शताब्दीपहिले देखिनै बुद्धमूर्ति भएको कुरा स्पष्ट हुन्छ । देवानंपियतिस्स राजाले थूपाराममा राखिएको बुद्धमूर्ति नै राजा जेट्ठतिस्स (२६७-२७७ इ.) ले पसिनतिस्स पब्बतमा स्थापित गरिएको भनी भनिन्छ । दुट्ठगामिनी अभय (१६१-१३७ इ.पू.) ले पनि महाथुपमा अस्तिधातुको ठाउँ बनाएको बेला त्यहाँ अस्थि अवशेषसँगै टलटल टल्केको सुनको बुद्धमूर्ति पनि राखिएको थियो । रेशमी मार्गको अन्वेषणबाट बुद्धमूर्तिको प्राचीनतामा अझ नयाँ आयाम विस्तार गरिरहेको छ ।

मनमा लाग्यो यी श्रद्धाभिव्यक्तिमा पुरातात्त्विक प्रमाण कसरी क्रमशः प्रस्तुत गर्ने ? कामाकुरा डाइबुत्सुको चीवरशैलीसम्म कसरी कहाँ बुद्धमूर्ति निर्माण कलाको विकास हुँदै यो अवस्था सम्म पुऱ्यारो सोच्न सकिएको छैन । अहिलेसम्म पढ्न सकेको बौद्धसंस्कृति सम्बन्धी पुरानो अभिलेख मध्येमा प्रियहवाका जस्ता केही अभिलेखलाई छोडे अशोकको अभिलेख नै सबभन्दा पुरानो अभिलेख हो । अशोकले कुनै गोलाकार, लामो लामो र अझसम्म पनि नबिग्रिने किसिमबाट पालिस भएको ढुंगाको स्तम्भ बनाउन सकिन्छ भने बुद्धको मूर्ति किन बनाउन लगाउन सकिदैन ? कम्मरमा कम्मर जोडिरहेका चार दिशातिर हेरिरहेका सारनाथको अशोक स्तम्भको


Downloaded from http://www.dhamma.digital

टुप्पाको अशोककालीन सिंह कतिको सजीव छ ? स्मिथको विचारमा “संसारमा कुनै पनि देशका प्राचीन पशु मूर्तिका सुन्दरताबाट यसलाई छुन सकिदैन ।” जोन मार्शलका शब्दमा “शैली र निर्माण पद्धतिबाट हेर्दा यति सुन्दर मूर्ति प्राचीन जगत्मा अरु कहीं छैन ।” यस्तो अमर कलाकारहरूले चाहेको भए बुद्धमूर्ति अवश्य बनाउन सकिन्छ । अर्को कुरा चार दिशामा चारवटा सिंह देखाएर तल धर्मचक्र देखाएको कलाकृतिबाट मनमा धर्मप्रचारको आकांक्षा छ, अर्कोतिर कलात्मक अभिव्यक्तिबाट भनिरहेकै छ, कुरा लिपिबद्ध भाषागत प्रमाण भएको धर्मप्रचारको मेहनतमा प्रकाश दिइरहेको छ । यति हुँदाहुँदै पनि अहिलेसम्म कसैले भन्न देखाउन सकिरहेको छैन, यो अशोककालको बुद्धमूर्ति हो ।

अशोकको स्तूपमा ढुंगाको रेलिंग, प्रदक्षिणा पथ, तोरण र तोरणद्वार वृद्धि हुन आयो । धर्मचक्रसँग बोधिवृक्ष, बोधिवृक्षको तल वज्रासन, पाइतालाको छाप देखापऱ्यो । स्तूपको प्रतिकृतिसमेत ढुंगामा कुँडिए । तर त्यहाँ पनि बुद्ध शरीर प्रतिमा रूपमा हामीलाई दर्शन हुन्दैन । धेरै धेरै जातकको कथा प्रतिमा ढुंगामा देखा परिसकेर पनि धेरे कालसम्म बुद्धमूर्तिको दर्शन पाइएन ।

कलकत्ता संग्रहालयमा ल्याइराखिएको भरहूत स्तूपका वेष्टनीमामात्र पनि ४० वटाभन्दा बढी जातक कथाहरू खोपिएका छन् । साँचीको स्तूपअगाडिको ढुंगाको ढोकामा अशोकको समयको ऐतिहासिक घटनाक्रम अर्थात् दोस्रो शताब्दी इ.पू. देखि अशोक पछिका प्रथम शताब्दीसम्मको कलाकृतिहरु छन् । मानव आकृति त्यसैबेला ढुंगामा कुँदे । तर बुद्धको जीवनी प्रतीकको रूपमा मात्र देखाए । शान्ति सन्देश सुनाए । ५०० वर्षसम्म बौद्धमूर्तिकला अगाडि बढाए । ५०० वर्षको गरगहना, घर र घरका आवश्यक सामानहरु, युद्धका हतियारहरु, मानिसहरूले अनेक काममा ल्याउने सामानहरू, मानिसले वाहन रूपमा चढ्ने पशु पंक्षी र नाचगानसमेत ढुंगाको प्रतिमामा देखाए । तर पनि साँची र भरहुतका कलात्मक आसनमा



Downloaded from http://www.dhamma.digital

कलात्मक पृष्ठभूमिमा मानवरूपको बुद्धको दर्शन गर्न पाइएन । कनिंघमले भरहूतबाट लगेर १८७९ इस्वीमा नै लण्डनको संग्रहालयमा पुऱ्याइएको मूर्तिमा नै चारिकामा हिंडीरहनु भएका बुद्धको अवस्थिति भाव हामी दर्शन गर्छौं । १५ सिंढी भएको भऱ्याङबाट तल ओर्लन लागेको (बुद्धको) पाइलाको एउटा पाइतला सबभन्दा माथिको सिंढीमा छ, अनि यस धरतीमा पाइला टेक्न लागेको पाइतला सबभन्दा तलको सिंढीमा छ । दाहिने रुखमुनि बुद्धको वज्रासनमा मानिसहरूले हात बिन्ती गरे वहाँलाई पर्खिरहेको छ । मलाई लाग्यो, यो कलाकृति नै बौद्धकलाकारहरूको इतिहासमा बुद्धलाई मानवाकारमा ल्याउन महान् श्रद्धाको प्रथम प्रतीक प्रयास हो कि ? अन्धकार रातलाई चिरेर सूर्य उडाउन लागे जस्तै मूर्तभावका अमूर्त प्रतिभाबाट मूर्तरूप बुद्धप्रतिमाको श्रीचरण यहाँ नै पहिलो दर्शन हुन्छ ।

अनि बुद्धको सबभन्दा पहिलो मानव आकारको मूर्तिको दर्शन भयो, हुविष्क र कनिष्क (७८-१२८ ईसवी) को मुद्रामा । अहिलेसम्म पनि वहाँका अनुयायी भिक्षुहरूले श्रीलंका, बर्मा र थाइल्याण्डमा भिक्षाटनका समयमा त्यसै गरेर चीवर लगाइरहेका छन्, जस्तो पहिलो बुद्धप्रतिमा यी मुद्राहरू देखिन्छ । दाहिने हात अभय मुद्रामा निकालिंदा चीवर ठीक त्यस्तै नै दाहिने हातका कुहिना झुण्डिएर घुमाउरो हुन्छ । अन्तरवासक लगाइ हेर्दा भिक्षु र श्रामणेरहरूलाई ७५ वटा सेखियधम्ममा चीवराकार अर्थात् तल माथि नहुने गरी लगाएने तरिका बारेको विनय शिक्षाको सम्झना हुन्छ । कनिष्कलाई धन्यवाद छ । मुद्रामा बुद्धको प्रतिमासँगै मुद्रामा नै बुद्धप्रतिमाको दाहिनेतिर बोददो (Boddo) भनेर पुरा ग्रीक अक्षरको अभिलेख पनि कोरिदिए, नत्र कुरौटेहरूले त्यस प्रतिमाको पनि के के नाम राख्ने हो भन्न सकिन्न । यसलाई बुद्ध नभनिकन यस मूर्तिलाई अर्कै पनि भन्न सकिन्थ्यो ।


Downloaded from http://www.dhamma.digital

यसपछि गन्धारमा बुद्धमूर्तिको निर्माण क्रम सललल अगाडि बढ्यो । मथुराबाट पनि तुरुन्त नै कलात्मक बुद्ध प्रतिमा निर्माणमा स्पर्धा गऱ्यो । जे होस् मलाई गन्धार कलाका विशेषज्ञ फोसर (Foucher) को विचार स्पष्ट लाग्यो "पूर्वतिर देखेर अगाडि बढिरहेको यूनानी कलानुराग र शैली त्यस्तै बुद्धमा विचरणभूमि पश्चिमोत्तरतिर हेरेर अगाडि बढिरहेको धर्मको प्रभावमा गांधारकलाको उत्पत्ति र विकास भयो । पहिलेको बुद्धमूर्तिको सरलताबाट पछि विस्तारै महायान दर्शनमा बुद्धमूर्तिको निर्माणमा विविधता र विशेषता ल्यायो र यी मूर्तिहरूको कलामा मथुराशैली झन प्रख्यात भयो । कुशीनगरको महापरिनिर्वाण बुद्धमूर्तिको ५ औं शताब्दीको अभिलेखबाट यो पुष्टी हुन्छ तर यो कस्तो अचम्मको कुरा, यही नै मथुराभूमि कृष्णको लीलाभूमिरूपबाट मात्र आज हाम्रो अगाडि राख्न ल्याइदियो । आज मथुरा संग्रहालयमा ३२ लक्षण र ८० व्यंजनयुक्त बुद्धमूर्ति संरक्षित नभएको भए मथुराको बौद्ध सांस्कृतिक सुगन्ध सुघ्न पनि पाउँदैनौ होला । दाठा धातु विहार जगन्नाथ मन्दिर भए जस्तै वा बौद्धस्मारकको लट्ठा र स्थल कपिलेश्वर भए जस्तै मथुराका ती मन्दिरहरू अतीतका कुन कुन विहार हुन भनेर कसैले सोचेको छ र ? गंधारका विहार नष्ट भएर गए । त्यहाँका हजारौ हजार मूर्ति पेशावर, पेरिस, लण्डन, वर्लिन र भारतका संग्रहालयमा पुगे ।"

बुद्धमूर्ति बुद्धधर्म पुगेको ठाउँसम्म स्तूप बनाएर पूजा गरेको ठाउँसम्म पुगे । १७५ फीट अग्लो अफगानिस्तानको बामियानमा रहेको बुद्धप्रतिमाको तस्वीर हेर्नासाथ स्पष्ट हुन्छ, महापुरुष लक्षणको अभिव्यक्ति । यहाँको नै सातौं शताब्दीका फन्दुकिस्तानमा रहेको बुद्धको धर्मचक्रमुद्रा असाध्यै राम्रो छ । यसले सारनाथको प्रसिद्ध धर्मचक्रमुद्राको संम्झना दिलाउँछ । श्रीलंकामा चौथो शताब्दीमा नै अनुराधापुरशैली विकास भएको मानिन्छ । सातौं शताब्दीसम्म थाइल्याण्डको द्वारावतीयुगमा पनि सारनाथशैली आफ्नै तरिकाबाट



Downloaded from http://www.dhamma.digital

अगाडि बढेको देखिन्छ । तोपा तारतार (Topa Taratars) हरूबाट इसवी ३८६ मा नै उत्तरी चीन बुद्धमूर्तिको दर्शन गरिसकेको थियो । अझ परम्परागत तरिकाबाट इसवी ३६६ मा नै हजारवटा बुद्ध भएको गुफा टुन हांग (Tun-Huang) मा बनाएको भनिन्छ । जापानको परम्परागत विश्वास हो, इसवी ५५२ मा बुद्धधर्म पुग्नुको साथ साथै कोरियाको कुदार (Kudara) को राजाबाट उनीहरूले बुद्ध (मूर्ति) को दर्शन गरे । अहिले होरियूगीको ईसवी ६०७ को बुद्ध मूर्ति प्राचीनताको दृष्टिबाट अत्यन्तै प्रसिद्ध छ ।

थाइल्याण्डमा नखोम रचासिन (Nakhon Rachasina, Korat) मा दोस्रो र तेस्रो शताब्दीतिरको अमरावती शैलीको बुद्धमूर्ति भेटिएको छ । उभिरहेको बुद्धको दाहिने हात अभय मुद्रामा चोर औंला बुढींऔला जोडिएको छ । यो समयसम्म थाइल्याण्डमा द्वारावती मूर्तियुग राम्ररी अगाडि बढिसकेको थियो ।

नेपालमा रहेको बुद्धमूर्तिहरूको राम्रोसँग शैली स्वरुपबाट तुलना गरेर अध्ययन हुनु बाँकी नै छ । राष्ट्रिय संग्रहालयमा रहेको बोधिसत्त्व मूर्तिलाई जान्ने बुझ्नेहरूले समेत यक्ष गरि सकेको छ । कनिष्कको मुद्रा नेपालखाल्डोमा भेट्टिएता पनि मानदेवका बाजे बराजुहरू नजन्मिएको बेलामा नै नेपाल खाल्डो भारत, तिब्बत चीनसम्म जोडिएको देश भएर पनि इसवी शताब्दीको शुरु शुरुमा नै बौद्ध धर्मदूत धर्माचार्यहरू यहाँ आएतापनि यहाँका बुद्धमूर्तिको इतिहास भन्ने सकेसम्म सजिलो तरिकाले पछि सार्न प्रयत्न गर्ने व्यक्तिहरूको यहाँ कमी छैन । लिच्छविकालको चैत्यमा भएको अनेक मुद्राका बुद्धहरू एक दुई शताब्दी नयाँ नगरीकन मन नै मान्दैन कि ? अझ कसै कसैका प्राचीन नेपाल मूर्तिकलाको इतिहासमा बुद्ध र बोधिसत्त्वको मूर्ति नै समावेश हुँदैन । सातौं आठौं शताब्दीका बुढानीलकण्ठको विष्णुमूर्ति दोस्रो शताब्दीको भनिन्छ, नंसाः बहालको सूर्यलाई हजार वर्ष फरक हुने गरी पुरानो गर्नेहरू अन्तिम मल्ल युगको मूर्ति पनि लिच्छवीकालको सिद्ध गर्ने नियतबाट प्रयास



Downloaded from http://www.dhamma.digital

नभएको होइन । यता बौद्धहरूले स्वयम्भूको वायव्य कुनामा रहेको चैत्यको मूर्ति, ललितपुर चप:टोल र भक्तपुरको ब्यासी टोलमा रहेको मूर्तिको राम्ररी अध्ययन गर्न सकेको छैन ।

नेपालमा भने, कति पुरानो कहाँ कति बुद्धमूर्ति छन् – यतातिर अध्ययन नै भएको छैन । "प्राचीन नेपाली मूर्तिकलाको इतिहास" लेख्ने काम भएर पनि एकातिर हेर्नेहरूलाई भन्छ, बुद्ध र बोधिसत्त्वको मूर्ति खोज्न समय नै छैन । भै-भगडा नगर्ने सुगत शासनपक्षपाती राजोत्तम वृषदेवको समयभन्दा अगाडिका बुद्धमूर्ति, गुंविहार, सीनगु विहार, श्रीमान् विहारको बुद्धमूर्ति खोज्ने काम अझै बाँकी नै छ । चायबहिलको अभिलेखमा जुन बुद्धको पूजार्थ जग्गा दान गरिएका थिए त्यस महामुनि बुद्धको दर्शन हामीहरूले गर्न पाएको छैनौ । अहिलेसम्म लेख्ने गरिए अनुसार चप: टोलका दुईवटा बोधिसत्त्वहरूले चमर हम्काई रहेको बुद्धमूर्ति नै सबभन्दा पुरानो हो । त्यसो त साखूंको ढलौटको उभिरहेको बुद्धलाई पनि पाँचौ ईसवी शताब्दीको भनिन्छ ।

कामकुरा डाइबुत्सु दर्शन गर्न गएको मान्छेको मन कता कता गएको यो ? कस्तो अग्लो बुद्ध अभिताभ ? बर्माको पेगुमा दर्शन गरेको बुद्धभन्दा वहाँ अग्लो नै हुनुपर्छ । स्वयम्भूको सिंढीमा रहेको ढुंगाबाट बनाइराखेका बुद्धहरू उहाँको अगाडि सारै सानो देखिन्छ । उहाँको शरीर किताबमा लेखिए अनुसार ४४ फीटको छ तर किताब चिन्ह राख्ने कागजको सूचनामा ४२ फीटमात्र लेखिएको छ । आँखाको लम्बाइ ३.३ फीट, कान ६.६ फीट इसवी १२४३ मा बनाइएको काठको अग्लो बुद्ध पाँच वर्षमा नै बिग्रेपछि भिक्षु जोमोको सहायता लिएर पछि हट्ने साहस नभएको उपासिका इनादनो (Inadano) इसवी १२५२ मा ढलौतको महान् अमिताभ बुद्ध बनाइन् ।

इसवी १२४८, १३३५, १३६८ र १४९५ गरेर चार पटकसम्म कामाकुरा डाइबुत्सु रहेको विहार जीर्णोद्वार गरियो ।



Downloaded from http://www.dhamma.digital

तापनि १४९५ इसवीदेखि आकाश मुनि स्वच्छ हावामा टल्किने प्रकाशमा, पानी पर्ने बेला पानीमा रुझेतापनि बुद्धमूर्तिको सौन्दर्य अक्षुण्णै छ। २९.७६ पाउण्डको शुद्ध चाँदीको बनाइराखेको उण्हलोम अहिलेसम्म आजकालको उण्ह वर्णको बौद्ध झण्डाको रश्मि र भाव प्रेरणा निस्के जस्तो लाग्यो।

चारैतिर रहेको खुल्ला पाटी जस्तो भएको विहार घर अनि मूल ढोकाको अगाडि सीधा रहेको दिशामा वहाँ अमिताभ बुद्ध बहालको मूल ढोकाबाट भित्र पस्नासाथ बुद्ध मूर्ति भएको देखिन्छ। नाराको अग्लो बुद्ध रहेको विहार पनि यस्तै होला नि ! किताबमा तस्वीर र यस्तै देखिन्छ। नारा बुद्ध प्रतिमा वैरोचन बुद्ध जस्तै आसनमा बसी दाहिने हात अभय मुद्राको छ। अवतंशक सूत्रमा वैरोचन बुद्धलाई बुद्ध तरिकाबाटै वर्णन गरिएको पनि त छ नि ? यहाँका बुद्ध कामकुराको भन्दा अग्लो। शरीरको उचाइ ५३.१ फीट, आँखाको लम्बाइ ३.८ कान ८.२ अझ भनिन्छ, वंगुआं गुफामा बसिरहेको ढुंगाको बुद्धमूर्ति ६० फीट अग्लो छ। यस अर्थमा धातुको बनाइएको धेरै बुद्धमूर्ति मध्ये नाममात्रको बुद्ध अग्लो भयो। आठौं इसवी शताब्दीको मध्यतिर ४३७ टन ढलौट, २८८ पौण्ड सुन राखेर यो मूर्ति बनाइएका थियो। यस मूर्ति निर्माणको पछाडि रमाइलो कथा पनि छ। शायद मैले "विश्वमा बुद्धधर्म" किताबको "जापानमा बुद्धधर्म" रचनामा यस कथाको अनुवाद गरेको छु। अनि के कामकुरा डाइबुत्सु विहार पनि यो नाराको काठको तोदाइजी (Todaiji) विहार जस्तै नै सिङ्गै मूर्तिबाट नै विहार भरिएको छ कि ? अगाडिको भाग पूर्व पश्चिम १८७ फीट चौडाइ, उत्तर दक्षिण १६५.५ फीट, उचाइ १५९.६ भएको यस बिहारका बसेर पनि यस विहारभित्र ५३.१ फीट अग्लो बुद्धका सामु होला जस्तो लाग्दैन। सानो भएर पनि विहार भित्र ठूला बुद्धमूर्ति रहेको बुद्धबारी र महाबुद्धको विहारको सम्झना हुन्छ। उत्तरी नेपालका गुम्बाका बुद्धमूर्तिहरू त देखेकै छैन। त्यस्तै नेपालमा भएका बुद्धमूर्तिहरू मध्ये


Downloaded from http://www.dhamma.digital

ती दुईवटा बुद्धमूर्ति मैं सबभन्दा अग्लो बुद्धमूर्ति जस्तो लाग्यो । अझ बुद्धबारीको पद्मासनमा रहेको बुद्धमूर्ति भन्दा नेपालको अग्लो बुद्ध मूर्ति नै महाबौद्धको बुद्धमूर्ति हो ।

नाराको बुद्धमूर्ति अग्लो भएतापनि तस्वीर लिन असजिलो छ भनी राखेको सम्झना आयो । अनि अगाडि उभिएर एउटा दुईवटा तस्वीर खिचें । तस्वीर खिचिसकेपछि फेरि एक पटक कामाकुरा डाइबुत्सुलाई वन्दना गरें । बुद्धका सम्पूर्ण शरीरबाट शीतल प्रकाश दिए जस्तो लाग्यो, निर्वाणको सागरको गम्भीरता शान्त नीवरता अनुहार हेर्दाहेर्दै म आफू नै हराएँ । कामाकुरा डाइबुत्सु हेर्दा हेर्दै म त्यहाँ भएन । यहाँ पनि भएन, त्यहाँ पनि भएन, केही पनि नभएर आफू नै हराएँ ।

**(नेपाल भाषामा प्रकाशित पुरानो रचनाको अनुवाद श्रामणेर दीपकीर्तिबाट भएको हो । धर्मोदय २५४२ बुद्धजयन्ती अंक ।)**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चीनको चार हजारभन्दा बढी बौद्ध गुफाहरू जहाँ असंख्य चित्र र असंख्य बुद्धमूर्तिहरू छन्

नुद्धधर्म जहाँ जहाँ मानिन्छ। त्यस त्यस देशको सभ्यता र संस्कृतिको उत्थान गर्न बुद्धधर्मले ठूलो मद्दत पुऱ्याएको छ। रेशम मार्ग (Silk Road) बाट चीनमा इसवीका प्रथम शताब्दीमा बुद्धधर्म पुग्यो अनि धर्म सँगसँगै पुगेको बौद्ध सभ्यता र संस्कृति मध्येमा यहाँको गुफा भित्रको उत्कृष्ट कला र वास्तुकलाको बारेका अद्भुत तथ्यहरू यहाँ प्रस्तुत गर्ने विचार गरेको छु। चीनको गुफाभित्र रहेका कला र वास्तुकलाका विशालता, विविधता र विशेषताहरू साँच्चै भन्ने हो भने अजन्ता र एलोराको भन्दा कम छैन। नेपाली बौद्धहरू मध्ये धेरै अजन्ता र एलोरा पुगेका छन्, अनि त्यहाँका मूर्तिकला, चित्रकला र वास्तुकला हेरेर आश्चर्य भएका छन्। तर साँच्चै नै भन्ने हो भने चीनको गुफाभित्रको मूर्तिकला, चित्रकला र वास्तुकलाका बारे पनि केही जानकारी नलिई हुँदैन जस्तो लागेर "चीनका झलक" र "१२० बौद्ध गुफाएँ" पुस्तिकाको मुख्य तथ्यहरू यहाँ सम्पादन गर्ने विचार गरें। अझ मुख्य तथ्यहरू मूर्तिकला, चित्रकला र वास्तुकलाको विकासक्रम उल्लेख गर्ने विचारले नभई बरु कहाँ कति अग्लो मूर्ति र चित्रकलाको ठूलो ढुकुटी छ भन्ने कुरा मात्र यहाँ दर्शाउन खोजेको छुँ।

१. शिनच्याङको पाएछड काउन्टीको किजील जस्ता बस्तीबाट सात किलोमीटर दक्षिण पूर्वमा रहेको किजील गुफालाई "हजार बुद्ध गुफा" भनिन्छ। यहाँ २३६ वटा गुफाहरू छन्। चौधौं गुफामा बुद्ध-जीवनीको चित्रण गरिएको छ। सत्रौं गुफाको सिलिङ्मा बुद्धको ३८ वटा जीवन कथा सम्बन्धित चित्रहरू छन्। कूचा



Downloaded from http://www.dhamma.digital

काउण्टीबाट ३० किलोमिटर दक्षिण-पश्चिममा रहेको वेइकान नदीको किनारामा ६ वटा ठूल-ठूला गुफाहरू छन् । अहिले पनि यहाँ स-साना ७२ वटा गुफाहरू बाँकी छन् र गुफाको भित्तामा चित्रहरू छन् ।

शिनच्याङको नै तूरफान शहरबाट ५० किलोमिटर उत्तर-पूर्वमा पाएजी करीक गुफा समूह छ । यहाँ ६४ वटा गुफाहरू छन् । प्रथम शताब्दीदेखि चौधौं शताब्दीसम्मका चित्रकलाहरू धेरै बिग्रिसकेता पनि बुद्धका मूर्तिहरू भने राम्रै देख्न सकिन्छ ।

२. कानसू प्रान्तका आन्शी काउन्टीबाट ७५ किलोमिटर दक्षिण-पश्चिम ट्वीलिन नदीको दुबै किनारा छेउमा ४१ वटा गुफाहरूको लहर छ । १,००० वर्गमिटरको भित्तामा असंख्य चित्रहरू छन् र १०० वटा रंगीन बुद्धमूर्तिहरू पनि छन् । २५ वटा गुफाको स्वर्गनृत्य भन्ने चित्रहरू वास्तवमा विविध मुद्राबाट पूजा आराधना गरिरहेको दृष्य हेर्दा मनमा नै आनन्द र शान्तिको लहर उर्लन्छ । कानस प्रान्तकै अशान काउन्टीको उत्तर-पूर्वमा लाशाओ गुफा समूह छ, जहाँ ११ वटा गुफाहरू सुरक्षित छन् । यहाँ ५५९ इसवीमा बनाएको ४० मिटर अग्ला बुद्धमूर्तिको अवशेष छ ।

कानसू प्रान्तकै ट्वीकूतमा स्वायत काउन्टी नदीको पश्चिमतिर माफी गुफा समूह छ । यहाँ उत्तर माथी विहार, दक्षिण माथी विहार, चिन्या विहार, करुणादेवी विहार र हजार बुद्धका गुफाहरू छन् । कानसू प्रान्तकै युङचिङ काउन्टीबाट ५० किलोमिटर पश्चिममा रहेको ह्वाङडो नदीको उत्तरमा पिङलिङ गुफाहरू छन् । छिन वंश (४०२-४२८ ई.) मा निर्माण भएका गुफाहरू मध्येमा १८३ वटा गुफाहरू अहिले पनि छन् । यहाँ ६७९ वटा ढुँगाका मूर्तिहरू, ८२ माटाका मूर्तिहरू ९०० वर्गमिटर ठूला भित्तामा चित्रहरू छन् ।



Downloaded from http://www.dhamma.digital

कानसू प्रान्तकै बुनह्वाङ काउन्टीबाट २५ किलोमिटर दक्षिणपूर्वमा मोकाओ गुफाहरू छन् । गोथी रेगिस्तानको हरियो यस क्षेत्रमा ८ देखि १४ औं शताब्दीसम्मका गुफाहरू छन् । आज पनि यहाँ ४९२ गुफाहरू २००० वटा रंगीन मूर्तिहरू ४५,००० वर्ग मिटरमा फैलिएको भित्ते चित्रहरू हेर्न लायकको छ । १५९ औं गुफाको बोधिसत्त्व र बोधिसत्त्वको प्रतिमा शान्त दान्त भएर अति नै प्रभावशाली देखिन्छ । यी मूर्तिहरू चाङ वंश कालीन भनिन्छ । १७२ औं गुफामा अमिताभ बुद्ध सुखावति भुवनमा बसिरहनु भएको थाङयुगको चित्रण हो । २९६ औं गुफामा रेशम मार्गमा आउने जाने गरेको बेलाको सार्थवाहहरूको आउने जाने रहेको चित्र छ ।

कानसू प्रान्तकै थ्येन शहरको दक्षिणपूर्वमा माएचिशान पर्वत छ । यहाँ छिन राजवंश (३८५-४१३ ई) मा थुप्रै गुफाहरू बनाएको थियो । आजकल १९४ गुफाहरूमा ढुंगा र माटोको गरेर ७,००० मूर्तिहरू र १,३०० वर्गमिटरमा फैलिएका भित्ते चित्रहरू छन् ।

आन्थ्वेको भिरालो पहाडमा बनाइराखेको शाक्यमुनि बुद्धको २३ मीटर अग्लो निर्वाण मूर्ति छ तर यो निर्वाण दुबै हात सीधा मूर्ति शरीरमा राखेर फैलाइएको छ अर्थात् प्राय: प्रचलित महापरिनिर्वाण मूर्तिहरू जस्तै दाहिने हात सिरानमा राखेको छैन । पछाडीको पृष्ठभागमा ११ जना भिक्षुहरू छन् ।

यहीं नै ह्वायेन, पीलु, य्वानच्वे हवाकुं असाध्य भव्य छ । यसको निर्माण सुङ राजवंशले गरेको हो । यहाँ रहेको वैरोचनका चित्र आज पनि स्पष्ट र सुन्दर छ ।

३. यही प्रान्तका ३ सद्द्वाल प्रान्तका आनथ्वे काउन्टीका थाकि पहाडको फिलू भन्ने ठाउँमा नीलो रंगको बाँसबाट बनाएको दक्षिणी सुङ युगका अवलोकितेश्वरको भव्य मूर्ति छ । सछ्वान प्रान्तको नै क्वाङथ्वान शहरका अरर्यच्यालिङ नदीको पूर्व



Downloaded from http://www.dhamma.digital

म्याङ्थ्वानमा हजार बुद्धमूर्तिहरू अहिले पनि सुरक्षित छन् । यी गुफाहरू र मूर्तिहरू मध्ये धेरै जसो थाङ राजवंश कालमा निर्माण भएको थियो ।

यही नै प्रान्तको प्वाङ्थ्वान शहरको नजिक च्यालिङ नदीको पश्चिम छेउमा ह्वाङच गुफा समूह छ । भिरालो पर्वतको ३४ वटा गुफामा १,००० वटा बुद्धमूर्ति अहिले पनि सुरक्षित छन् । यी गुफाहरू र मूर्तिहरू उत्तर पश्चिमी राजवंशबाट नियन्त्रण गर्छ र थाङ सुङ राजवंशले बनाएको थियो ।

यही प्रान्तको ताचू काउन्टी केन्द्रबाट उत्तरपूर्व पाओ तिङ पहाडमा १३ वटा पर्वत लहरमा लाखौं मूर्तिहरू छन् । ताचू र पाओतिङ पहाडको पर्वतमा खोपिएका यी लाखौं मूर्तिको निर्माण दक्षिणी सूङ राजवंश (११७९-१२४९ इ.) कालमा बनाएका थिए । यही सछ्वान प्रान्तको लोशान शहरको लिङ्थुन भन्ने एउटा पहाड छ । यसै पहाडको मिनच्याङ, छिङच्याङ र तातू भन्ने ३ वटा नदीहरू मिलेर संगमस्थल भएको ठाउँ संसारको सबभन्दा अग्लो ढुंगाको खुट्टा तल झारेर बसिरहनु भएका सुखासनको बुद्धमूर्ति स्थल भएको छ । यो विशाल बुद्धमूर्ति थाङ राजवंशमा (इसवी ६१३ देखि ७०३ सम्म बिताएर) ९० बर्ष लगाएर बनाएको थियो । यो मूर्ति ७१ मीटर अग्लो छ । मूर्तिको शिर मात्रै १४-७ मीटरको छ, एक काँधबाट अर्को काँधसम्मको चौडाइ २४ मीटरको छ । शय जना जति मानिस खुट्टामा उभिएर बस्नलाई अट्टाउने ठाउँ छ ।

यही प्रान्तको ताचू काउण्टीबाट उत्तर पश्चिममा परेशान पर्वतमा २९० वटा गुफाहरू छन् । थाङ पाँच र सुङ राजवंशमा बनाएका यी गुफाहरूमा २४५ वटा अमिताभ बुद्धका मूर्तिहरू छन् ।

४. चच्याङ प्रान्तका हाङचऔ शहरमा लिङउन विहारको अगाडि रहेको पर्वतमा पाँच राजवंशमध्ये सुङ र खान राजवंशका ३८० बुद्धमूर्तिहरू छन् । ४७ औं गुफामा तोलरो (चक्षु) बोधिसत्त्वको मूर्ति छ ।



Downloaded from http://www.dhamma.digital

५. यूनान प्रान्तका च्येनछ्वान काउन्टी केन्द्रबाट दक्षिणमा २५ किलोमिटर उचा शिचुङ विहार छ । यहाँ १६ वटा गुफाहरू छन् । यसको निर्माण मानचाऔं (७८३-९३७ ई) युगमा भएको हो । यहाँको अवलोकितेश्वरका मूर्ति अत्यन्त सुन्दर छ ।

६. हुनान प्रान्तको लोपाङ शहरको दक्षिणबाट १२ किलोमीटर टाढाको इहो नदीको दुबै किनारामा लुङमन गुफा समूह छ । वेउ राजवंश (४९४ इ.) मा यसको निर्माण शुरु भएको थियो । यसको निर्माण कार्य १००० वर्षसम्म चलिरहेको थियो । आजकाल २१०० वटा खोपी जस्तो खाल्डो छ । यहाँ एक लाख बुद्धमूर्तिहरू छन् । थनफङ् श्येन विहारमा थाङ राजवंश (६७२ ई.) मुख्य बुद्धमूर्ति १७.१४ मीटर अग्लो छ । मूर्तिको चारैतिर उस्तै अग्लो बुद्धका शिष्यहरूका मूर्तिहरू बनाएको छ । त्यस्तै कुनै ठाउँमा पहलवान (धर्मपाल) छ भने कहीं बोधिसत्त्वहरू छन् ।

७. निङ् श्याथा कूथ्वान काउन्टीको पहाडको पूर्वमा श्वायीशान गुफाहरू छन् । अहिले पनि यहाँ थाङ वंशको २० वटा गुफाहरू सुरक्षित छन् । २०.६ मीटर अग्लो सुखासन बुद्ध पाँचौं शताब्दीका थाङ राजवंशका (मनन् योज्ञ) को प्रशंसनीय कृति हो ।

८. हुपेइ प्रान्तको हानतान शहर नजिक फचफङ खान इलाकामा भ्याङ थाङ्शान गुफा समूह छ । यहाँ छैठौं शताब्दीका छी राजवंशमा १६ वटा गुफाहरू छन् । यहाँ ४३०० बुद्धमूर्तिहरू छन् ।

९. रोनशी प्रान्तका था आश्वेन काउन्टी का या ओकङ शान पर्वतमा स्वेइ र थाङ राजवंशको पालामा बनाएका ७ वटा गुफाहरू छन् । यहाँ ४० वटा मूर्तिहरू छन् ।

१०. शानशी प्रान्तका ताथुङ शहरबाट पश्चिमबाट १६ किलोमिटर उता पहाडमा पुनकाङ गुफा समूह छ । यसको निर्माण अर्थात् गुफा बनाउने कार्य उत्तरी बेइ राजवंश (४५३ ई.) मा भएका


Downloaded from http://www.dhamma.digital

हो । यहाँ आजकल ५३ गुफाहरू छन् । यस गुफाहरूमा ५१,००० बुद्धमूर्तिहरू आज पनि अवशेष रहेका छन् । यहाँका बुद्धमूर्तिहरू भिन्न भिन्न शैली र मुद्राको देखिन्छ ।

यसरी चीनका गुफा, वास्तुकला, मूर्तिकला र चित्रकला बौद्ध कला र संस्कृतिको संसारकै अमूल्य निधि हो । अजंता एलोरा जस्तै यहाँ पर्वत खोपेर कोठा बनाएको मात्र होइन, अपितु सिङ्गै सिङ्गै पर्वत नै पर्वतहरू एक एक विशाल विशाल बुद्धमूर्तिहरू बनाएका छन् । असंख्य बुद्ध, बोधिसत्त्व मूर्ति, बौद्ध भिक्षु र बौद्ध देवदेवीहरूको मूर्ति र चित्रबाट यसका विशालता, विशेषता र भव्यता संसारमा नै अग्रस्थान राख्दछ ।

**(२५४२ औं बुद्धजयन्ती स्मारिका ।**
**नेपाल भाषामा अनुवादक : श्रामणेर दीपकीर्ति )**



Downloaded from http://www.dhamma.digital

# संसार-चक्र

बुद्ध-धर्म जति गहन एवं पवित्र छ त्यति नै सरल, स्पष्ट एवं सारभूत पनि छ। जनभाषाको माध्यम र जन-जीवनकै उपमाको बाहुल्य यसको साक्षि हो। पछि यी सरल उपमामा मूर्ति एवं चित्रको संगम भयो अनि कालान्तरमा यसको परिवर्तन एवं परिवर्द्धनको प्रगति सर्वसाधारण जन-अवबोधन शक्तिले खप्न नसक्ने रूपमा हुन गयो। 'संसार-चक्र' पनि यसैको एक उदाहरण हो।

'संसार-चक्र' लाई 'भव-चक्र' र 'काल-चक्र' पनि भनिन्छ। 'काल-चक्र' को पर्यायवाची 'भव-चक्र' हो र दुबैले दुःखमय सुखमय जीवन क्रमको हेतुप्रत्यय रूपमा अविच्छिन्न भावबोध गराउँछ। संसार-चक्रले सांसारिक भाव सहित स्थूल बाह्य-वस्तुलाई समेत परिवेष्ठित गर्छ। यसको निर्माणकाल एवं स्थल सम्बन्धमा अहिलेलाई किटिएर भन्न सकिएको छैन। 'काल-चक्र' को केन्द्रीय तीन प्रतीकमय प्राणीमा एक 'सुंगूर' राखेको छ। नेपाली बौद्धको प्रचलित मान्यता यसको निर्माण स्थान तिब्बत चीन स्वीकार गर्दछ। तर एक अन्वेषकको दृष्टिले "सुंगूर" को तिब्बतीय स्थितिबाट हेर्दा अनि एवं बौद्ध वाङ्मय प्रसिद्धिमा "राग" प्रतीक "सुंगूर" को अप्रचलनलाई विचार गर्दा झट्टै यो कुरा स्वीकार गर्न हुँदैन।

'संसार-चक्र' धारण गर्नेलाई "हयग्रीव" भनिन्छ। बुद्धको तुषित भूवनबाट मर्त्यलोक प्रत्यागमन बेला स्वागतको अवसरमा 'घोडा मुखे' ले भाग लिएकोले बौद्धकलामा "हयग्रीव" को विशेष स्थान सार्थक भएको देखिन्छ। यद्यपि एकातिर हयग्रीव करुणामय



Downloaded from http://www.dhamma.digital

आत्मज भनिन्छ, त अरु तिर करुणामयले षोडश नर्क उद्धारावस्थामा जति उद्धार गरेता पनि नर्क रित्याउन नसकेकोले करुणापूर्ण विक्षिप्त चित्तले संसारै उल्टाई दिन लागेको भनिन्छ ।

'संसार-चक्र' को प्रतीकमय अर्थ अत्यन्त स्पष्ट छ । सबै भन्दा भित्री वृत्त-स्थित सुंगुर, साँप र चरा (भंगेरा) क्रमशः राग, द्वेष र मोहको प्रतीक हो । भव संसारको गति यसै तीन कारणमा अवस्थित छ । संयुक्त निकाय 'संसार-चक्र' (लोक-सूत्र) मा यसै तीन तत्त्वलाई लोकको अहित, दुःख र कष्टकारक भनिएको छ । निःशोक, निर्वेद एवं निःदुःखको निमित्त यही राग, द्वेष र मोहलाई उपशमन गर्नु पर्छ र यिनको परितृप्ति निमित्त सीमा छैन । बरु निवृत्ति दुष्कर भएता पनि त्यो श्रमसाध्य छ, प्रयत्न साध्य छ र सीमा सहित छ । यस सीमाबाट पार हुनु नै संसारबाट मुक्त हुनु हो ।

दोश्रो वृत्त स्थित अर्धवृत्त हल्का सेतो रंगवृत्त सुगति सदाचारको प्रतीक हो, हल्का कालो रंगको अर्धवृत्त दुर्गति दुराचारको । यस बाहिरको तेश्रो वृत्त माथिल्लो अंश देखि क्रमशः देव, दैत्य, प्रेत, नरक, तीर्यक र मनुष्यको प्रतीक हो । यस बाहिरको वृत्त हो वास्तवमा विशेषतः विवेचनीय बौद्ध-दर्शन प्रतीत्यसमुत्पाद । हेतुवादको मूलाधार, शून्यवादको पृष्ठभूमि यही प्रतीत्यसमुत्पाद धर्म हो । अन्तिम वृत्तमा रहेका द्वादशाकारको १२ विभाजन त स्पष्टै छ । १२ विभाजनमा रहेका चित्रहरू हुन् - अन्धो, कुम्हाले, चंचलबांदर, नदीस्थित नाउ, घर, नरनारीको स्पर्श, आंखामा तिर बिंधेको मनुष्य, स्त्री पुरुषको आकर्षण, फलेको फल टिपीरहेको मनुष्य, गर्भिणी, बच्चा जन्माइरहेकी आईमाई, व्याधि र मरणको हेतुजः वृद्धत्व । यी सबै क्रमशः अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरा (मरण, शोक र परिदेव) का प्रतीकचित्र हुन् । यो नै 'प्रतीत्यसमुत्पाद' हो ।

बुद्धको बुद्धत्त्व यही 'प्रतीत्यसमुत्पाद' ज्ञानको प्राप्ति हो । बैशाख-पूर्णिमाको दिन रात्री अन्तिम याममा यसैको प्राप्ति पछि



Downloaded from http://www.dhamma.digital

बुद्धले बुद्धत्त्व प्राप्तिको उदान गाथा उच्चारण गर्नु भएको थियो । त्यही रूखमुनि यसै प्रतीत्यसमुत्पादको आदि देखि अन्तको 'अनुलोमक्रम' र अन्त देखि आदिको 'प्रतिलोमक्रम' को चिन्तन र विश्लेषणको मानसिक तल्लीनतालाई बौद्ध वाङ्मयले विमुक्ति रसानुभूति संज्ञा दिएको हो । अतः यो गम्भीर हुनु, अत्यन्त गम्भीर हुनु स्वाभाविक छ । कुरु निगम कम्मास-दम्ममा "आश्चर्य छ भन्ते, अद्भुत छ भन्ते, कतिको गम्भीर र गम्भीर प्रतीत हुन्छ यो प्रतीत्यसमुत्पाद, तर मलाई यो साफ साफ देखाइरहेकोछ" भन्ने आयुष्मान् आनन्दलाई बुद्धले भन्नु भएको थियो :-

"यसो न भन आनन्द ! यो प्रतीत्यसमुत्पाद वास्तवमा गम्भीर छ, अझ गम्भीर प्रतीत हुन्छ, तर मलाई यो साफ साफ देखाइरहेको छ । आनन्द, यसै धर्मको ज्ञान नभएर नै गाँठो परेको डोरि जस्तो जनता उल्झि उल्झि बसेका छन् ।"

'आनन्द, यदि कसैले वृद्धत्त्व र मृत्यु सकारण हो कि भन्ने सोधे भन्नु पर्छ 'हो सकारणनै हो ।'

"फेरि जरा-मरणको के हेतु हो भनी सोधेमा जाति वृद्धत्व र मृत्युको हेतु हो भन्नु पर्छ ।"

"आनन्द, यदि जाति (=जन्म) न भएको भए के वृद्धत्व र मृत्यु हुनेछ ?"

"हुने छैन, भन्ते ! "

"आनन्द, त्यसै कारण जाति नै जरामरणको कारण हो ।"

यस्तै 'जाति' को कारण 'भव', 'भव' को कारण 'उपादान', 'उपादान'को कारण 'तृष्णा', 'तृष्णा' को कारण 'वेदना', 'वेदना' को कारण 'स्पर्श', 'स्पर्श'को कारण 'षडायतन', 'षडायतन'को कारण 'नाम-रूप' 'नाम-रूप'को कारण 'विज्ञान', 'विज्ञान'को कारण



Downloaded from http://www.dhamma.digital

'संस्कार', 'संस्कार'को कारण 'अविद्या' हो । यही प्रतीत्यसमुत्पादको 'प्रतिलोभ क्रम' हो ।

पुन: 'अविद्या' को निरोध भए 'संस्कार'को निरोध हुन्छ, 'संस्कार'को निरोध भए 'विज्ञान' को, यस्तै क्रमश: एक पछि अरुको निरोध भएर अन्तमा जातिको निरोध हुन्छ, जरा-मरण शोक परिदेव-दु:खको निरोध हुन्छ यसैलाई प्रतीत्यसमुत्पादको 'अनुलोमक्रम' भन्दछ ।

यस दृष्टिमा 'अविद्या' नै संसार-चक्रको धुरि सिद्ध हुन्छ । 'अविद्या'को अर्थ केवल मात्र विद्याको अभाव होइन, अपितु चित्तको अंधकाराच्छन्न अवस्था पनि अविद्या नै हो । यसै अवस्थामा 'अनित्य'लाई अनित्यको रूपमा देख्न सक्दैन, दु:खलाई दु:ख भनेर बुझ्न सक्दैन, 'अनात्म'लाई 'अनात्म' रूपमा देख्न सक्दैन । यसकारण अविद्या नै संस्कारको जनक हो । अनि क्रमश: संस्कार, विज्ञान, नाम-रूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव आदिका एकको हेतुले अरुको सृष्टि अस्तित्वमा आई नै रहन्छ र अविद्याको निरोध पछि सबैको निरोध हुन्छ ।

बुद्धले यसै अविद्या र त्यस पछिको विश्लेषण पछि स्पष्ट रूपमा संसार-चक्र वा भव-चक्रलाई देख्नु भएको थियो र अनि अविद्याको नाश पछि मारजित भएर बोधि पाएको थियो ।

बुद्धको बुद्धत्त्वप्राप्ति पछिको उदान हो : -

अनेक जाति संसारं, सन्धाविस्सं अनिब्बिसं ।  
गहकारं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ॥  
गहकारक दिट्ठो'सि, पुन गेहं न काहसि ।  
सब्बा ते फासुका भग्गा, गहकूटं विसङ्खतं ।  
विसङ्खारगतं चित्तं, तण्हानं खयमज्झगा ॥



Downloaded from http://www.dhamma.digital

बार बार जन्म ग्रहण गर्नु दु:खप्रद भएकोले मैले यो शरीर रूपी घर बनाउनेलाई खोज्दै यस संसारमा बार बार जन्म ग्रहण गरें । गृहकारक, अब मैले तंलाई देखें, अब फेरि तं घर बनाउन सक्नेछैन । तेरो घर बनाउने सबै ज्याभलहरू विनाश गरी सकें । घरको शिखर सबै विनाश भइ सक्यो, चित्त संस्कार रहित भयो, तृष्णा क्षय भइ सक्यो ।

मलाई लाग्छ, बुद्धको यही गृहकारक 'कालचक्र' धारण गर्ने हयग्रीव रूपमा चित्रित भएको छ र घर बनाउने ज्यावल नै कालचक्र स्थित अन्य चित्रहरू हुन् !

(बैशाख-पूर्णिमा, २५१२)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# प्राचीन गणतन्त्रात्मक राज्यव्यवस्थाका पतनका कारणहरू

शासनव्यवस्थाका दुई प्रसिद्ध स्वरूपमध्येमा एक गणतन्त्रात्मक व्यवस्था हो । "गणतन्त्र" को अस्तित्व प्राचीन युगमा अंकुरावस्था देखापरेतापनि ऐतिहासिक रूपमा पूर्ण गणतन्त्र राज्यहरू कहिलेदेखि देखापरेको छ भन्नु सजिलो छैन । आजको भारतीय उत्तरप्रदेश र विहारप्रदेशमा त्यसबेला फैलिएका विभिन्न गणराज्यहरू भगवान् बुद्धको कालसम्म आएर कतै पूर्ण शक्तिशाली भए कतै राजतन्त्रात्मक प्रभुत्वको छाया परिसकेका थिए, जस्तो कि पहिलोको उदाहरण-लिच्छवी गणतन्त्र र दोस्रोको उदाहरण स्वयं कपिलवस्तु हो । लिच्छवी गणराज्य समाप्त पार्न मगधका राजा बिम्बिसारदेखि प्रयत्न गर्दै आए, कपिलवस्तुका गणपति (राजा) लाई मानिसको प्राणदण्ड दिन कोशल राजाको अनुमति आवश्यक भएको स्थिति भइसकेको थियो । यसरी वर्तमान भारतको उत्तरी प्रदेश र विहार प्रदेशमा त्यस बेला फैलिएका गणराज्यहरूको प्रारम्भ कहिलेदेखि भएको हो भन्ने कुरा स्पष्ट हुँदैन किनभने कतै यी राज्य पूर्ण शक्तिशाली बुद्धकालीन समयमा नै भइसकेका थिए भने कतै दुर्बलावस्थामा पुगिसकेको थियो ।

गणराज्यहरूको अरु क्षेत्र आजको भारतीय राजस्थान र गुजरात प्रदेश हो । अंधक वृष्णा जस्ता राज्यको समासमय प्रयोग पाणिनिमा भएबाट यी क्षेत्रमा गणराज्यहरू छैठो शताब्दी इ.पू. सम्म देखापरेको प्रमाणित हुन्छ । यसको अर्थ यो होइन कि सबै गणराज्य



Downloaded from http://www.dhamma.digital

त्यति नै प्राचीन थिए किनकि धेरैपछि पनि नयाँ गणराज्यहरूको अस्तित्व आभिर्भाव भएको देखिन्छ।

अत: गणराज्यहरूको उत्थान र पतन बारेको यस अस्पष्टताले गर्दा गणराज्यहरूको पतन बारेमा पूर्वत: एकै कारण, एकै समयको हुनु अस्वाभाविक देखिन्छ । विभिन्न गणराज्यहरू विभिन्न समयमा पतन भएका थिए र विभिन्न कारणहरूबाट भए भन्नु नै न्यायोचित हुनेछ, तापनि सबै गणराज्यहरू पाचौं शताब्दी इ. सम्म पूर्णत: लुप्त हुनुका कारणमा हुन सक्ने केही तथ्यहरू हुन् -

के.पी.जायसवालले गणराज्यहरूको पतनको कारण राजतन्त्रात्मक साम्राज्यको प्रहार मान्नु हुन्छ। मगधको आक्रमणबाट लिच्छवी गणतन्त्रमा र कोशलको दवाव र मारबाट कपिलवस्तुमा दिनानुदिन गरिएका प्रहारहरू यसका उदाहरणहरू हुन् । परन्तु यसबारेमा अल्टेकर भन्नुहुन्छ, मौर्य साम्राज्यको पतनपछि फेरि लिच्छवीहरू सशक्त भएका थिए। समुद्रगुप्त स्वयं नै लिच्छवीहरूको सहयोगात्मक सहानुभूति लिनुपरेको यसको प्रमाण हो । डा. हितनारायण झाका अनुसार लिच्छवीहरू त्यस ठाउँमा भएकोले मात्र पुन: सशक्त भएको होइन, अपितु नेपाल पसेका मानदेवले समेत गुप्तहरूको आक्रमण गर्नु लिच्छवीहरू मौर्य र शुंग शासनपछि पनि भएको कुराको प्रमाण हो।

यस्तै जायसवालको विचारमा गुजरात तथा राजस्थानमा फैलिएका गणराज्यहरू सिकन्दरको आक्रमणबाट कमजोर भए। शक र हूणको प्रहारबाट पूर्णत: विनाशिए। तर यस कुराको पनि हामी पूर्ण समर्थन गर्न सक्दैनौं । किनभने कुमारगुप्तको समयमा झण्डै गुप्त साम्राज्य नै गणतन्त्रात्मक सत्ताले समाप्त हुन लागेको कुरा पुष्यमित्रको आक्रमणबाट प्रमाणित हुन्छ । यसकारण गणतन्त्रात्मक राज्यको विनाशपछि पुन: उत्थान भएको तथ्यबाट प्रमाणित हुन्छ यी गणतन्त्रात्मक राज्यहरू विनाशिनुका



Downloaded from http://www.dhamma.digital

कारणहरूलाई देवीदत्त शुक्लले 'प्राचीन भारतमा गणतन्त्र' मा भन्नुभए जस्तै प्रत्यक्ष र परोक्ष रूपमा दुई भागमा विभाजन गर्न सकिन्छ ।

प्रत्यक्ष कारण - मौर्य र शुंगको आक्रमणबाट उत्तर प्रदेश र विहारमा फैलिएका गणराज्यहरू सदाको लागि समाप्त भएतापनि समाप्त गर्नाको पहिलो अभ्यास हुनुमा कुनै शङ्का छैन त्यस्तै गुजरात र राजस्थानमा फैलिएका गणराज्यहरू सिकन्दरको आक्रमणबाट एक पटक लुप्ट गरे । पुनः गणराज्य स्थापना भएतापनि समाप्ति पनि पुनः भयो । यसरी सिकन्दरको आक्रमणबाट कमजोर तुल्याएका गणतन्त्रात्मक राज्यहरू गुप्तहरूको संरक्षणमा बस्नुपऱ्यो । अनि हूणहरूको बर्बर र आक्रमणपछि यी गणतन्त्रात्मक राज्यहरू पुनः देखा परेनन् ।

यसरी पाँचौ शताब्दीको अन्त्यसम्ममा लोप भएको गणतन्त्र पुनः १९४७ मा आएर देखापऱ्यो तर के यो पतनको कारण बाह्य आक्रमणमात्र हुन् त ? निःसन्देह होइन ।

मौर्य आक्रमणपछि पुनः लिच्छवी शक्तिहीन भएको, सिकन्दर आक्रमणपछि पुनः गणराज्यहरू आभिर्भावपछि किन फेरि गणराज्यहरू १५ शय वर्षसम्म देखा परेन ? यसको कारण हो स्वयं गणराज्यहरूका आफ्ना त्रुटीहरू ।

यस गणराज्यका त्रुटीहरूलाई समाजसँग सामञ्जस्यता राखेर पुनः गणराज्य स्थापना गर्न नसक्नाको कारणलाई हामी प्रत्यक्षकारण भन्न सक्छौं ।

परोक्षकारणलाई पनि हामी विभिन्न रूपमा विचार गर्न सक्दछौं ।

(१) गणराज्यको स्थापना पूर्ण जनतन्त्रको स्वरूप लोप हुँदै जानु यसको – प्रथम कारण हो - राजा वा गणपति पद पनि


Downloaded from http://www.dhamma.digital

जनताबाट चुनेर होइन; बुबापछि छोरामा जाने जस्तो पैत्रिक भएर आउनु यसको पहिलो उदाहरण हो । जब राज्यप्रमुख वंशानुगत हुन्छ, चाहे जनताले अविश्वासको प्रस्ताव राखेर उसलाई च्युत गर्ने व्यवस्था किन नहोस् यो राजतन्त्रात्मक लक्षण जस्तो हुन्छ । यसपछि सेनापति पनि त्यस्तै पूर्ण चयनमा आएन । सिंहसेनापति पनि आफ्ना बुबापछि सेनापति बनेको हो ।

(२) गणतन्त्रमा मंत्रीहरू र अरु पदाधिकारीहरू संस्थागारबाट चुनेर प्रदान गरिने परम्परा पछि रहेन । राजाबाट नै वा गणप्रमुखको प्रभावमा पद दिइन थाले । यसले गर्दा राजा प्रमुख शक्तिशाली भए । उता पदाधिकारी योग्य हुनुभन्दा राजा वा प्रमुखको इच्छाबाट चुनिने भएकोले गणतन्त्रात्मक राज्यलाई नुक्सान भयो ।

(३) गणतन्त्रमा आफैमा पनि केही त्रुटी नभएको होइन । जस्तो कुरा एक-दुई व्यक्तिमा सीमित नहुनु, संकटकालमा पनि बहुमतको निर्णयको बाटो हेरिरहनुपर्ने स्थिति हुनु, गणराज्यहरू स-साना राज्यमा विभाजित भएर विशाल राज्यको तुलनामा सेनाको दृष्टिबाट कमजोर हुनु – यसका प्रमुख उदाहरणहरू हुन् ।

(४) सामन्तीस्वभाव वा प्रकृति गणतन्त्रात्मक शासन-व्यवस्थामा आउनु यसको अर्को स्वयंमा कमजोरी आउनुको कारण हो । "राजा" "उपराजा" जस्तै संस्थागारका सदस्यहरू पनि गएर ससाना क्षेत्रको अधिकार नपाएकाहरूमा ठूलो दमननीति अपनाउँदै जानुबाट जनसमर्थन गणतन्त्रले पाएन । पछि हुँदा राजतन्त्रात्मक राज्यका सामन्तहरू केन्द्रीय नियन्त्रणमा रहेको हुनाले त्यति शोषक र क्रूर हुनसकेन जति कि गणतन्त्रात्मक शासनव्यवस्थाभित्रका समान्तहरू शोषण गर्दथे । यसरी जनतामा सामन्तीप्रभावमा बस्नु नै परेमा गणतन्त्रात्मक व्यवस्था भन्दा राजतन्त्रात्मक व्यवस्था नै राम्रो हो भन्ने भावना जागेर आयो । जब गणतन्त्रमा जनभावनाको बलको शक्ति हुँदैन तब त्यसको पतनपछि स्थापनामा जनसहयोग नपाउनु स्वाभाविकै हो । यसै कारण जनतामा गणतन्त्रात्मक व्यवस्थामा



Downloaded from http://www.dhamma.digital

आस्था र प्रेम नभएकोले राजतन्त्रको प्रभाव र बाह्य आक्रमणबाट गणतन्त्र पतनपछि पुन: गणतन्त्र स्थापनामा जनताले सहयोग गरेन र पन्ध्र शय वर्षसम्म गणतन्त्रात्मक शासन देखा परेन ।

ब्राह्मणग्रन्थहरूमा राजतन्त्रको गुणगान गणतन्त्रको भन्दा धेरै भएको पनि एउटा यसको अर्को कारण हो । यसरी गणतन्त्रलाई सहयोगात्मक दृष्टि पनि अपर्याप्त भएपछि जनतामा गणतन्त्रप्रति प्रेम कम हुँदै जानु स्वाभाविकै हो ।

(६) गणतन्त्रको प्रारम्भिक पतनका परोक्ष कारण वास्तवमा गणतन्त्रमा ७ अपरिहानीय धर्म पालन नहुनु पनि हो । भगवान् बुद्धले भिक्षु आनन्दलाई भन्नु भएको थियो, जबसम्म वृद्धजनको सम्मान हुन्छ, प्रवेणी पुस्तक वा कानून वा विधिप्रति आस्थावान् हुन्छ, महिलाजनको सम्मान हुन्छ, ऐक्यबद्ध भई काम कार्यवाही गर्ने पद्धति हुन्छ, इमान्दार र स्पष्ट आलोचना हुन्छ तबसम्म गणतन्त्रको पतन हुँदैन । वास्तवमा यो गणतन्त्रलाई स्थिर गरिराख्ने आधारभूत नीतिनिर्देशनमा गणराज्यले पूरा परिपालन गर्न छोडियो अनि क्रमश: साम्राज्यवादी राजतन्त्रको षड्यन्त्र हुन सक्यो । अजातशत्रुको महामात्य वर्षाकारले लिच्छवीगणतन्त्रमा पसेर सर्वप्रथम यी सप्त अपरिहानीय धर्मलाई नष्ट गर्न षड्यन्त्र गरेको थियो । त्यसपछि मात्र उसले अजातशत्रुलाई हमला गर्न गुप्त सूचना पठाए । यस कुराबाट प्रमाणित हुन्छ, गणतन्त्रात्मक राज्यको पतनका कारणहरूका तिनीहरूका आफ्नै विधि पालनमा कमजोर हुँदैजानु पनि हो ।

(७) वस्तुत: राजतन्त्रात्मक प्रमुख विदेशी आक्रमणबाट गणतन्त्रात्मक राज्यलाई विनाश गर्ने प्रथम प्रयत्न गरे, गणतन्त्रात्मक राज्यहरू एकपछि अर्कोबाट पुन: गणतन्त्र राज्य कायम गर्दै आउँदा पनि अन्तत: गणतन्त्रमा राजतन्त्रात्मक कार्यपद्धति आउनु, पदाधिकारीको चयनमा राजतन्त्रात्मक शैली हुनु, सामन्तवाद प्रवृत्ति गणतन्त्रमा आउनु, ब्राह्मण धार्मिक साहित्यले गणतन्त्रलाई प्रश्रय नदिनु, विशेषत: गणतन्त्रका आधारभूत सात अपरिहानीय नीतिलाई


Downloaded from http://www.dhamma.digital

उपेक्षा गर्नु, परोक्ष कारणबाट कमजोर हुँदै गएको गणतन्त्र उठाउन सकेन र लुप्त भएको गणतन्त्र पुनः उत्थान गर्न नसक्नु । यी यसरी कारणहरूमा के.पी. जायसवालको भनाइअनुसार राजतन्त्रको साम्राज्यवादी शक्तिमात्र होइन, न त अम्बेडकरले भन्नु भए अनुसार गणतन्त्रकै कमजोरी र त्रुटीमात्र हो अपितु यी दुवै कारणहरू हुन् ।

**(आनन्दभूमि बर्ष २३ अंक ३ : आषाढ पूर्णिमा ।)**



Downloaded from http://www.dhamma.digital

# बैशाख-पूर्णिमा : बुद्ध-पूर्णिमा

बैशाख-पूर्णिमा सिद्धार्थ गौतमको जन्मदिवस, बोधिसत्त्व सिद्धार्थको सम्बोधिप्राप्ति दिवस र तथागत अर्हत् सम्यक्सम्बुद्धको महापरिनिर्वाण दिवस हो । यसरी जन्म, सम्बोधि र महापरिनिर्वाण जस्ता तीनवटा पवित्र घटनाहरू बैशाख-पूर्णिमाकै दिन परेकोले यसलाई सार संक्षेपमा बुद्ध-पूर्णिमा अनि श्रद्धाभिव्यक्तिमा पुष्प-पूर्णिमा स्वाँयापुन्ही पनि भनिन्छ ।

सिद्धार्थ गौतमको जन्म लुम्बिनीमा भएको थियो । गर्भवती महामायाको माइती देवदह यात्रामा साथ लागेका सबै मानिसहरू कपिलवस्तु र देवदहको मध्यवर्ती शालोधान लुम्बिनीमा नै खुशी भए र पहिलो पटक कपिलवस्तु एवं देवदहवासीहरूले सिद्धार्थको जन्मोत्सव मनाए । राजा शुद्धोदनले आफ्नो धेरै वर्ष अघिको पुत्र प्राप्तिको आकांक्षा पूरा भएकोले सहर्ष लुम्बिनीबाट आफ्नो नवजात पुत्रलाई कपिलवस्तु फर्काएको वर्णन भव्य शोभायात्राको रूपमा 'ललितविस्तर' मा संगालिराखेको छ । लुम्बिनीको यस घटनालाई उद्‌गार रूपमा 'धम्मपद' वर्णन गर्छ, "सुखो बुद्धानं उप्पादो" अर्थात् बुद्धको जन्म सुखकर छ । "सुत्तनिपात" को 'नालकसुत्त' बडो सार शैलीमा गाउँछ –

**यो बोधिसत्तो रतनवरो अतुल्यो,**
**मनुस्सलोके हितसुखताय जातो ।**
**सक्यानं गामे जनपदे लुम्बिनेय्ये,**
**तेनम्ह तुट्ठा अतिरिव कल्यरूपा ॥**



Downloaded from http://www.dhamma.digital

अर्थात् उनी अतुल्य रत्नवर बोधिसत्त्व प्राणीहरूको हित र सुखका लागि मनुष्य लोकमा शाक्यहरूको जनपद अर्न्तगतको लुम्बिनी ग्राममा जन्मनु भएकोछ। त्यसकारण हामी अत्यन्त सन्तुष्ट छौं र प्रसन्न छौं।

जन्म, सम्बोधिलाभ, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण स्थल श्रद्धालुहरूका लागि पछि दर्शनीय स्थान हुने कुरा बुद्धले स्वयं आनन्दलाई महापरिनिर्वाणको पूर्व भन्नु भएको छ र त्यो बुद्ध-वचन आजसम्म सत्य साबित भएको छ। हामी बुद्धको जीवनसँग सम्बद्ध प्रमुख प्रदेश वाङमय स्थलहरूको यात्रा गर्ने मनोरथको थालनिको पहिलो वांगमय प्रमाण "दिव्यावदान" मा पाउँछौं। अशोक उपगुप्त स्थविरलाई भन्नुहुन्छ, "म बुद्धद्वारा अध्यषित गरेका प्रदेशहरूमा जान चाहन्छु र भविष्यमा जनताको अनुग्रहको लागि स्मारक चिन्ह पनि बनाउन चाहन्छु।" अशोकको यस आकांक्षाको मूर्तरूप स्मारकका अवशेषहरू र शिलास्तभहरू आजसम्म विभिन्न बौद्ध तीर्थस्थलहरूमा विद्यमान छन्। अशोक लुम्बिनी वनमा प्रवेश गरी सिद्धार्थ जन्मेको स्थल नजिकै पुगेको मात्र थियो उपगुप्त स्थविरले आफ्नो दायाँ हात फैलाएर भन्नु भयो, "अस्मिन् महाराज प्रदेशे भगवान् जात:" अर्थात् "महाराज, यसै प्रदेश (ठाउँ) मा भगवान् जन्मनु भयो।" यस उद्‌गारलाई चिरस्थायी बनाउन अशोकले आफ्ना शिलास्तम्भमा कुँद्‌न लगाए "हिदबुधेजाते सक्यमुनी" "यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएको छ। "हिदभगवंजातेति लुंमिनिगामे" यहाँ लुम्बिनीमा भगवान् जन्मनु भएकोले (लुम्बिनी ग्राममा)।" भविष्यमा जनताका लागि अनुग्रहको निमित्त चिन्ह राख्ने अशोकको यो मनोरथ आज पनि लुम्बिनीमा सिद्धार्थको जन्मस्थलमा स्थापित शिलास्तम्भ र त्यस सँगैको सिद्धार्थको जन्म स्मारक (महामाया मन्दिर) रूपमा हाम्रो सामु विद्यमान छ। अशोकद्वारा स्थापित शिलास्तम्भको अभिलेख र स्तूप प्राचीन वाङमयको वर्णनमा पुरातात्त्विक एवं पुरालिपिको प्रमाणको मोहर लगाइराखेको छ। यो हाम्रो लागि साँस्कृतिक निधि



Downloaded from http://www.dhamma.digital

भएको छ । नेपालको इतिहासमा "सक्यमुनिबुद्ध" (शाक्यमुनि बुद्ध) नै पुरालिपिको प्रमाण सहितको सर्वाधिक प्राचीन व्यक्तिको संज्ञा शब्द नाउँ हो । बुद्धको शाक्यमुनि नाउँ यसरी असंख्य नेपाली नाउँहरूमा सबैभन्दा पुराना प्रामाण्य नाउँ रूपमा पाउनु अथवा भनौं धर्म प्रतिको प्रामाण्य नाउँ रूपमा पाउनु ठूलो गौरवको विषय हो । त्यस्तै "लुंमिनी" (लुम्बिनी) नै नेपालका हजारौं ठाउँहरूका नाउँमा सर्वाधिक प्राचीन प्रामाण्य स्थान बोधक शब्द हो । पालि एवं संस्कृत भाषाका प्राचीन वाङमयको "लुम्बिनी" र पुरालिपिको "लुंमिनी" मा पूर्ण-समरूपता राख्दछ । यसै "यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएकोछ, "यहाँ लुम्बिनीमा 'भगवान' जन्मनु भएको छ" भन्ने इसवी पूर्व २५० को पुरालिपि प्रमाणबाटै बुद्धको ऐतिहासिक महामानव व्यक्तित्त्व पनि मुखरित भएकोछ । अन्यथा पश्चिमी चिन्तकहरू र अन्वेषकहरूका लागि मानिसको श्रद्धाप्रसूत आदर्शकथा, चारित्रिक विश्लेषण र युग अपेक्षित ममताबाट शाक्यमुनि बुद्धको ऐतिहासिक व्यक्तित्त्व पनि पौराणिक रूपमा अरू अरू मर्यादा र आदर्श चरित्रनायकहरू जस्तै अंशु (सूर्य) देवताकै अर्को मर्यादा-पुरूष चरित्रनायक हुन लागेको थियो ।

'बुद्धवंस' अनुसार चार निमित्त देखेर अनि "अत्तदण्डसुत्त" र "महापदानसुत्त" अनुसार अपर्याप्त पानीमा माछाहरू छट्पटाइरहे जस्तै एक अरूको विरोधमा विविध रूपबाट छट्पटाइरहेका प्रजालाई देखेर अनि शस्त्राधार (बलको आधार) मा जनता झगडा गरिरहेको देखेर 'अरियपरियेसनसुत्त' अनुसार कपाल नफुल्दैको सुन्दरपूर्ण यौवनावस्थामा आफ्ना अश्रुमुखी बुबा आमालाई छाडेर उनीहरूको इच्छा विपरीत केश खौरेर काषायवस्त्र धारण गरी सिद्धार्थ प्रव्रजित भए । बुद्धले सुभद्रलाई प्रसंगवश भन्नुभए अनुसार त्यसबेला उहाँ उनान्तीस वर्षको हुनुहुन्थ्यो र कुशलको खोज गर्दै प्रव्रजित हुनु भएको थियो ।


Downloaded from http://www.dhamma.digital

बोधिसत्त्वले ३५ वर्षको उमेरमा सम्बोधि पाउनु भएको थियो र सम्बोधि अनुभवको पहिलो शब्दाभिव्यक्ति बुद्धको पहिलो धर्मचक्र प्रवर्तन सूत्रमा सुरक्षित छ । सम्बोधि आँखा खोलिदिने (चक्खुकरणी), ज्ञान ल्याइदिने (ञाणकरणी), तृष्णा (जलन) लाई उपशम गरिदिने (उपसमाय) र पहिले कहिलै नसुनेको (पुब्बेअननुस्सुतेसु) धम्म (धर्म) हो । सम्बोधि 'प्रतीत्यसमुत्पाद' धर्म हो । सारनाथमा धम्मचक्क पवत्तन सुन्ने भिक्षु अस्सजित (अश्वजित) एउटा अनुष्टूप गाथामा भन्नुहुन्छ –

**ये धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह ।**
**तेसं च यो निरोधो, एवंवादी महासमणो ॥**

अर्थात् जे जति धम्म (स्वभाव) हरू छन् हेतुबाट उत्पन्न भएका हुन् । धम्मको त्यस हेतुलाई तथागतले देशना गर्नु भएको छ । त्यसै हेतुको निरोध गर्ने उपदेश गर्ने महाश्रमण (मेरो आचार्य) हुनुहुन्छ ।

हेतुवादको मूल आधार यस एक गाथालाई हजारौं वर्षदेखि अनवरत रूपमा अक्षरशः अनुस्मरण गर्दै आएको छ । श्रीलंका, म्यान्मार, र श्याम आदि देशमा स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र र माटोको मुद्रामा यो गाथा विविध युगको पुरालिपिहरूमा पाइएको छ । काठमाडौं, कर्णाली र तराई भेगका अनेकौं स्थलको उत्खनन्मा पनि यो गाथा माटाका मुद्रामा कुँदिएको पाइएको छ । प्रज्ञापारमिता र शून्यवाद दर्शनको बीज रूप यही हेतुवाद हो । यो भएर यो भयो, यो नभए यो हुने छैन । अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव आदि एक पछि अर्को साङलाका जोल्टाइ जस्तो गाँसिएको कार्य कारण प्रवाह हो । यो क्षणक्षण परिवर्तनशील छ ।

आजकै जस्तो बैशाख-पूर्णिमाको दिन महापरिनिर्वाणको पूर्वको तथागतको अन्तिम वाणी छ, "हन्द भिक्षुगण, अब म भन्छु,


Downloaded from http://www.dhamma.digital

संस्कार वयधम्म (नाशवान) छ । (तसर्थ) अप्रमादी भइकन वयधम्म संस्कार क्षय गर्ने कुशलको सम्पादन गर ।" यही तथागतको सदासचेत र सजग बन्ने धर्मको अनुशासन हो ।

पालि गणना परम्परा र महावंसको ऐतिहासिक क्रम विश्लेषण अनुसार शाक्यमुनि बुद्धको महापरिनिर्वाणको पहिलो वर्ष नै पहिलो बुद्ध सम्वत् हो । आजको बुद्ध सम्वत् २५३७ सौं महापरिनिर्वाण सम्वत् बैशाख-पूर्णिमा दिवस हो । बैशाख-पूर्णिमाकै दिन बुद्धको जन्म भएकोले आज बुद्धजयन्ती पनि हो । यसै बैशाख-पूर्णिमाको दिन सम्बोधि ज्ञान लाभ भएको थियो । यसर्थ यी त्रिसंयोगको समस्तिभाव संगाल्नका लागि बुद्ध-जयन्ती, बैशाख-पूर्णिमा, स्वांयापुन्ही बुद्ध-पूर्णिमा भन्नुमा नै श्रद्धा सुमनको सार सुगन्ध छ, वाङमयको सार संक्षिप्त सार्थकता छ ।

**(२५३५ सौं बैशाख-पूर्णिमा : बुद्ध-पूर्णिमा**
**गोरखापत्र, जेष्ठ १४ गते २०४८**
**धर्मकीर्ति ११/१)**


Downloaded from http://www.dhamma.digital

# बुद्ध-पूर्णिमा

बुद्ध-पूर्णिमाको तात्त्विक अर्थ हो, बुद्धको जीवनसँग सम्बद्ध पूर्णिमा । नेपाल भाषाको सांस्कृतिक भाषिकामा यो 'स्वायापुन्ही' हो । बुद्धधर्मको परम्परा अक्षुण्ण रूपमा आफूमा विद्यमान मान्ने बौद्ध चकमा जातिको भाषामा पनि यो पुष्प-पूर्णिमा हो । जापानी परम्परा यसलाई हाना माटचु भदन्छ । तसर्थ स्वांयापुन्ही वा पुष्प-पूर्णिमाको प्रयोग र अर्थ बुद्ध-जयन्तीको रूपमा गर्न आज हामीलाई अप्ठ्यारो जस्तो लागे तापनि निश्चय रूपमा यस शब्दमा निकै गहकिलो र ऐतिहासिक तत्त्वको प्राचूर्यता र श्रद्धाको सुगन्ध माधूर्य छ ।

हिमालको काखमा रहेको कपिलवस्तु र देवदहको मध्यवर्ती कानन शालवनबीचको लुम्बिनी उद्यानमा एउटा फूल फुलेको दिन, ३५ वर्षपछि त्यो फूल सम्बोधि पुष्प रूपमा सुवासित भएको दिन र त्यही फूल सधैं सधैंका लागि प्राणीहरूमा मैत्री, करुणा एवं अहिंसाको सुवास दिँदै निर्वाण भएको बैशाख-पूर्णिमा, पुष्प-पूर्णिमा, बुद्ध-पूर्णिमा हो । सिद्धार्थको जन्मिने बित्तिकै चालिएको सात पाइला कमलको फूलमाथि परेको वर्णन र बुद्धको प्रतिमा जहाँ जहिले पनि फक्रेको कमल फूलमाथि प्रतिष्ठापित गर्ने श्रद्धात्मक अभिव्यक्ति यही फूलसँग भावात्मक सम्बन्ध राख्दछ । जातकट्ठकथा, ललितविस्तर, बुद्धचरित, बुद्धवंस र जिनमहानिदानादि बुद्धजीवनीसँग सम्बन्धित प्राचीन ग्रन्थहरूमा बुद्ध जन्मेको दिन, बोधिज्ञान पाएको दिन र महापरिनिर्वाणको दिन देवताहरूले फूल वर्षाएका थिए । फूल वर्षेको हुनाले यो दिन फूल-पूर्णिमा भनियो र यो पूर्णिमामा बुद्धको जीवनमा तीन प्रमुख घटना घटेको हुनाले बुद्ध-पूर्णिमा भनियो ।



Downloaded from http://www.dhamma.digital

पालि भाषाको शब्दमा भन्ने भए यस त्रिसंयोगलाई बैशाख-पूर्णिमाको रूपमा याद गरेको छ –

**आसाल्हा पुण्णम ओक्कन्तो,**
**विसाखेमेव निक्खमि ।**
**विसाख पुण्णमि सम्बुद्धो**
**विसाखे परिनिब्बुतो ॥**

आषाढ-पूर्णिमाको दिन प्रतिसन्धि ग्रहणको निमित्त उनि ओर्लिनुभयो । पूरा दश महीनासम्म आमाको कोखमा बस्नु भई बैशाख-पूर्णिमाकै दिन उनको आविर्भाव भयो । बैशाख-पूर्णिमाको दिन सम्यक् सम्बुद्ध भई बैशाख-पूर्णिमाकै दिन उहाँ महापरिनिर्वाण हुनुभयो । अर्को एक परम्परा अनुसार महासम्वत् ६९ को बैशाख-पूर्णिमा शुक्रबारका दिन सिद्धार्थको जन्म भएको थियो । बुद्धचरित अनुसार यो घटना पुष्य नक्षत्रमा घटेको थियो ।

राजकुमार सिद्धार्थले २९ वर्षको उमेरमा महाभिनिष्क्रमण गर्नु भयो । ६ वर्षसम्म किंकुशल गवेषी र दुष्कर तपश्चर्या गरी अन्तत: मध्यममार्ग अपनाइकन ध्यान गर्नु भयो । प्रथम, द्वितीय, तृतीय र चतुर्थ स्तरको ध्यानमा अर्थात् वितर्क, विचार, प्रीति, सुख र एकाग्रताको कार्यमा एकै क्षणमा सुख एकाग्रताको चतुर्थ ध्यान गरी अनन्त शान्ति अनुभव गरेर प्रतीत्यसमुत्पाद धर्म साक्षात्कार गर्नु भयो । जन्ममरणको भव संसारको यथार्थता बोधगर्नु भयो । सम्पूर्ण संस्कार क्षय गर्नु भयो । सदासर्वदाका लागि तृष्णाबाट मुक्ति पाउनु भयो । बोधिसत्त्व त्यस प्रात:कालको सूर्योदयका साथ उहाँ सम्यक् सम्बुद्ध हुनुभयो । महावंसको शब्दमा मगध देशमा उरूबेलामा बोधिवृक्षमुनि बैशाख-पूर्णिमाको दिन महामुनिले उत्तम बुद्ध ज्ञान प्राप्त गर्नुभयो ।

बुद्ध-जीवनी सम्बन्धी सबै प्राचीन स्रोतहरूमा प्रसिद्ध एक कथा प्रसंग उपलब्ध छ । गया नजिकैको एक श्रेष्ठी पुत्रीले एउटा पीपलको रूपमा भाकल गरी राखेकी थिइन् 'मेरो विवाहपछि


Downloaded from http://www.dhamma.digital

समयमा नै म आमा बन्न सकूँ र त्यो पनि छोराको आमा बन्न सकूँ।' श्रेष्ठी पुत्री सुजाताको त्यो इच्छा पूरा भएको थियो र प्रतिवर्ष जस्तै छैठौं वर्षको बैशाख-पूर्णिमाको दिन त्यस रूखमा पूजार्थ प्रात:कालमा नै आफ्नी दासीलाई सफासुग्घर गर्न पठाएकी थिइन । संयोगको कुरा हो, बोधिसत्त्व पनि भाकल गरिराखेको त्यही पीपलको रूखमुनि आइ बसिरहनुभएको थियो । दासीले उहाँलाई देख्दा केही कुरै नसोची आफ्नी मालिकनीकहाँ गएर भनिन् – "हजुरकी बली ग्रहणका लागि स्वयं वृक्ष देवता मानव रूप धारण गरी रूखमुनि बसिरहनु भएको छ ।"

दासीको कुरा सुनी सुजाताले हिंसायुक्त बलिको ठाउँमा पायास अर्थात् क्षीर दान गर्ने निधो गरिन् । त्यसपछि वृक्ष देवता मानेर बोधिसत्त्व सिद्धार्थलाई क्षीर भरिएको सुवर्ण पात्र समर्पण गरिन् र प्रार्थना गरिन्, "हे देव ! जसरी मेरो आकांक्षा हजुरबाट पूरा भयो । त्यस्तै हे देव ! हजुरको पनि कुनै चाहना छ भने त्यो पूरा होस् ।"

अविदूरेनिदान वर्णन गर्दछ – सिद्धार्थले क्षीर ग्रहण गर्नु भई सन्ध्याकाल सूर्य छँदै मार विजय गरी प्रथम याममा पूर्व जन्मको ज्ञान, दोश्रो याममा दिव्यचक्षु र तेस्रो याममा प्रतीत्यसमुत्पाद ज्ञानमा विचरण गर्दै अरूणागमन बेला सर्वज्ञ ज्ञानमा पुग्नु भयो । महावंस स्पष्ट उल्लेख गर्छ उरूबेलाको बोधिवृक्षमुनि बैशाख-पूर्णिमाको दिन महामुनिले बुद्धत्त्व प्राप्त गर्नु भयो ।

महासम्बत् १०३ बैशाख-पूर्णिमा बुधबार परेको थियो । बुद्धचरितले रात्रिको चतुर्थ प्रहर चराचर शान्त भएको उषाकालमा उनले ध्यानले अविनाशी पद एवं सर्वज्ञत्त्व प्राप्त गर्नुभएको वर्णन गर्छ । यसरी बुद्धत्त्व प्राप्ति बैशाख-पूर्णिमाको दिन भएको कुरा सूर्योदयदेखि सूर्योदयसम्मको प्राचीन गणना पद्धति अनुसार हो । आजकलको ए. एम. र पी. एम.को दिन गणना अनुसार होइन ।



Downloaded from http://www.dhamma.digital

बुद्धले ४५ वर्षसम्म गाउँ, नगर, निगम र जनपदहरूमा चारिका गर्दै उपदेश गरे । शुष्क दार्शनिक चिन्तकहरू, हुने र नहुने व्यवस्थाबाट शोषित जनता ईश्वर तथा कर्मको अनेकवाद र आस्थाबाट पीडित भइ दिग्भ्रममा परेका थिए, नेतृत्त्व वर्ग श्रमण, अचेलक, तापसी, निर्ग्रन्थ, ऋषिमुनि र जनताहरू, स्रोत शक्ति सम्पन्न वर्ग र यस वर्गका विभिन्न स्तरका समूहहरू, धर्म र मन्त्र सिद्धिका नाउँमा दौडिरहेका भक्तहरू, सन्तान नभएर वा भएर पनि लाञ्छित उत्पीडित भएकी महिलाहरू, अनेक शारीरिक र मानसिक रोगबाट पीडित प्राणीहरूको बीचमा बुद्धले शील, समाधि र प्रज्ञाको सन्देश सुनाउनु भयो । एक दिन चापाल चेतीयको शीतल छायाँमा माघ शुक्ल पूर्णिमाको दिन बुद्धबाट आयु संस्कार परित्याग गर्नुभयो । तीन महीनापछि तथागतको महापरिनिर्वाण हुने सूचना भिक्षुहरूलाई दिनु भयो । ठीक तीन महीनापछिको बैशाख शुक्ल पूर्णिमाको दिन हिरण्यवती नदी पारी मल्लहरूको शालवनमा शाक्यमुनि बुद्ध महापरिनिर्वाण हुनुभयो । महावंसको शब्दमा पंचनेत्र (मंस, दिव्य, प्रज्ञा, बुद्ध र समन्त नेत्र) बुद्धले ४५ वर्षसम्म सबै लोकहित काम गर्नुभइ बैशाख-पूर्णिमाको दिन कुशीनगरको श्रेष्ठ जोडा शालको बीचमा संसार दीप निभियो । बुद्धको महापरिनिर्वाण प्राप्तिको घडी आएको र प्रतिपद चाँदनीको उपमा दिएको प्रसंग पनि यहाँ स्मरणीय छ । अर्को प्राचीन अभिव्यक्ति अनुसार आकाश अनभ्र भए-तापनि पूर्ण चन्द्रमा त्यहाँ भएतापनि अन्धकारले छायो । मंदार आदि फूल झर्न थाल्यो । यसरी बुद्धको महापरिनिर्वाण पनि बैशाख-पूर्णिमा मंगलबारको दिन महासम्बत् १४८ मा भएको थियो ।

बैशाख-पूर्णिमा बोधिसत्त्व सिद्धार्थको जन्म भएको जन्मोत्सव हो । सिद्धार्थको जन्मको उत्सव सबभन्दा पहिले उनको जन्मस्थल लुम्बिनी उद्यानमा भव्यरूपमा मनाइएको थियो । साथै कपिलवस्तु र देवदह निवासीहरूले त्यो जन्मोत्सवको खुशियाली मनाए । बैशाख-पूर्णिमाको दिन बोधिज्ञान पाइकन बोधिसत्त्व सिद्धार्थ



Downloaded from http://www.dhamma.digital

बुद्ध भएको बुद्ध जन्मोत्सव हो । बैशाख-पूर्णिमा शाक्यमुनि तथागतको महापरिनिर्वाण भएको श्रद्धा दिवस हो । यो त्रिसंयोग बैशाख-पूर्णिमा चिरस्मरणीय, चिरप्रेरक र चिरसंवेगदायी पुण्यमय दिवस हो । बुद्धको महापरिनिर्वाणको याद गरिकन प्रत्येक वर्ष एक एक धर्को तान्ने परम्पराको विकसित रूप पछि गएर बुद्धसम्बत् भयो । नेपालको एक पुस्तक हेबज्रतन्त्रको पुष्पिकामा 'भगवती शाक्यसिंह परिनिवृत्त शत १८११ वर्ष ११ मास ४ दिवस' उल्लेख पाइएको छ । साथै शकाब्द ११९४ को उल्लेख गणनानुसार भन्ने भए नेपालको तान्त्रिक ग्रन्थ सार्ने पण्डितहरूमा महापरिनिर्वाणको बुद्ध सम्बत्को परम्परा वि.सं. ५६२ स्पष्ट रूपमा रहेका बोध हुन्छ ।

आज बैशाख २१ गतेको बैशाख-पूर्णिमा २६२० औं सिद्धार्थको जन्मजयन्ती, २५८५ औं बुद्धजयन्ती र २५४० औं तथागतको महापरिनिर्वाण दिवस हो । यस त्रिसंयोगको पवित्र दिनमा समष्टिगत रूपमा व्यावहारिक रूपमा हामी २५४० औं बुद्धजयन्ती भन्दछौं ।

Dhamma.Digital

(कान्तिपुर : २१ बैशाख २०५३)



Downloaded from http://www.dhamma.digital

# जेष्ठ-पूर्णिमा

बुद्धपूर्णिमा बैशाख-पूर्णिमापछिको पूर्णिमा जेष्ठ-पूर्णिमा हो । बौद्धसंस्कृतिमा यस जेष्ठ-पूर्णिमाको धेरै महत्त्व छ । जेष्ठ-पूर्णिमाको दिन भगवान् बुद्धले "महासमय सुत्त" को देशना गर्नु भएको थियो । जेष्ठ-पूर्णिमाकै दिन बुद्ध-शासनको शब्दमा साँच्चैको धर्मराज अशोकको छोरा महेन्द्र महास्थविर बुद्धशासन प्रतिष्ठापनका लागि श्रीलंकामा पुग्नुभएको थियो । नेपालको बौद्ध-संस्कार र विश्वासमा जेष्ठ-पूर्णिमा ३६५ दिनका वर्षमा सबैभन्दा लामो दिन हो । यो दिन धर्मका कार्यवाहेक अन्य सांसारिक सुखभोगमा संलग्न हुनु हुन्न अथवा भौतिक सुख साधन संकलन गर्ने काम गर्नुहुन्न ।

प्रस्तुत रचनामा जेष्ठ-पूर्णिमाका दिन भएका स्मरणीय महत्त्वका घटनाहरू मध्येमा महेन्द्र महास्थविर श्रीलंकामा पुग्नुभएको कुराको परिचर्या गरिन्छ । यो प्रसंग जहाँ प्राचीन वाङमयमा पूर्ण विवरणका साथ सुरक्षित छ त्यहीं पुरातात्त्विक र पुरालिपि एवं प्राचीन भाषाशैलीको साक्ष्य सहितको पनि छ । जेष्ठ-पूर्णिमाको दिन महेन्द्र महास्थविर श्रीलंकामा पुग्नु वास्तवमा अशोक र उनका गुरु मोग्गलिपुत्त विस्सले बुद्धशासन सुन्दर भविष्यका लागि सुरक्षित गर्ने आशा लिएर गरेका विभिन्न देश, प्रान्त र जातिहरूको बीचमा धर्मदूतमण्डल पठाउने योजना अनुरूप आजसम्म प्रतिफलित भएको सद्धर्मप्रयासको दृष्टान्त हो । भगवान् बुद्धले बोधिज्ञान पाएको छ सात महिनाजति पछि नै आफ्ना ६१ अर्हत् श्रावकहरूलाई धर्मप्रचारार्थ आज्ञा गर्नु भएको थियो । बहुजनको हित र बहुजनको सुखको लागि एक बाटोबाट दुईजना नगइकन धर्म प्रकाश गर्ने



Downloaded from http://www.dhamma.digital

बुद्धको यो आज्ञा, धर्म प्रचारको, धर्म प्रसारको किवा मानवजातिलाई बोधद्वारा जागृत तुल्याउने प्रयासको पहिलो पाइला हो - विश्व इतिहासमा नै । मलाई लाग्दछ, यस्तै बहुआयामिक महत्त्वको र तात्त्विक रूपबाटै सार्थकताको दोश्रो पाइला हो, मोग्गल्लिपुत्त तिस्स र अशोकको धर्मदूतमण्डल पठाउने कार्य ।

महावंश अनुसार अशोकका धर्मदूतहरू मज्झन्तिक स्थविर कश्मीर र गन्धार (पेशावर र रावलपिंडी जिल्ला) मा पठाइएका थिए र महादेव स्थविर महिसमण्डल (नर्मदाबाट दक्षिणको खानदेश) मा पठाइएको थियो । त्यस्तै रक्षित स्थविर बनवास (मैसूरको उत्तरतिर) मा, धम्मरक्षित अपरान्त (बम्बईदेखि सूरतसम्मको समुद्री किनाराका देशहरू) मा, मज्झिम स्थविर हिमवन्त (हिमाली) प्रदेशमा, सोण र उत्तर स्वर्णभूमि (पेगु म्यान्मारदेखि नकोम पथम थाइलैण्ड) मा पठाइएको थियो । लंकाद्वीपमा मोग्गलिपुत्त स्थविरका शिष्य महेन्द्र महास्थविर पठाइएको थियो । महावंश श्रीलंकामा रचित बुद्धशासनको इतिहास भएकोले महेन्द्र स्थविरलाई महामहेन्द्र भनी वर्णन गर्नुका साथै उनीसँग गएका सहयोगी धर्मदूतहरू इट्ठीय, उत्तीय, सम्बल र भद्रशालको नाउँ पनि त्यहाँ उल्लेख गरेकोछ, जब कि अरू ठाउँमा जानुभएका स्थविरहरूका सहयोगी धर्मदूतहरूको नाउँ पालिको अरू स्रोतबाट मात्रै हामीलाई ज्ञात हुन्छ ।

महेन्द्र स्थविरले आफ्नो उपाध्याय मोग्गलिपुत्त स्थविर र संघको आज्ञानुसार श्रीलंकामा जान आज्ञा पाएतापनि त्यहाँ नयाँ युवक राजा हुने बेलासम्म आफ्नो धर्मदूत अभियान स्थगित गर्नु भयो । यस बीच महेन्द्र महास्थविर उपाध्याय र संघलाई वन्दना गरी राजा (अशोक) सँग सोधेर पाटलिपुत्तबाट दक्षिणगिरि (भोपाल भिलसा समीपका पर्वत) मा जानुभयो । उनीसँग माथि उल्लेख गरिएका चार स्थविरहरूसँग संघमित्राको छोरो सुमन श्रामणेर पनि गएको थियो । महेन्द्र महास्थविर विदिसागिरि नगरमा पुग्दा उनकी आमा देवीले आफ्नै हातबाट भोजन बनाई ख्वाएकी थिइन् ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि विदिसामा दीक्षित भण्डुक (गृहस्थरूपमा) समेत सम्मिलित गरेर चार स्थविरहरू र सुमन श्रामणेरसहित ७ सदश्यीय धर्मदूत मण्डलको नेतृत्त्व गर्नुभई महेन्द्र स्थविर जेष्ठ महिनाको उपोसथको दिन रमणीय मिश्रक पर्वतको शीलकूट भन्ने शिखरमा पुग्नुभयो । महावंसमा महेन्द्र महास्थविरलाई दोश्रो बुद्धको रूपमा उल्लेख गर्दै श्रीलंकाका हितैषी र श्रीलंकाका देव मनुष्यद्वारा पूजित भनेको छ ।

महेन्द्र महास्थविर र श्रीलंकाका राजा देवानांप्रिय तिष्यको प्रथम भेंटको प्रसंग सारै महत्त्वपूर्ण र रोचक छ । यो प्रसंग एकातिर त्यस बेलाको बौद्धिकस्तर-परीक्षण शैलीको नमूना हो, अर्कोतिर त्यस बेलाको बौद्धिक सरलता र स्तरको द्योतक पनि हो ।

महेन्द्र महास्थविरले आफ्नो श्रीलंका आगमनको उद्देश्य स्पष्ट गर्दै भन्नुभयो - 'महाराज ! हामी धर्मराज (बुद्ध) का अनुयायी भिक्षु हौं र तपाईंमा अनुग्रह गर्नलाई जम्बूद्वीपबाट यहाँ आएका छौं ।' राजाले धर्मदूत मण्डलका अरू भिक्षुहरूलाई देखेर सोध्नुभयो - 'के जम्बूद्वीपमा अरूहरू पनि यतिहरू छन् ?' स्थविरले उत्तर दिनुभयो, 'जम्बूद्वीप काषायबाट प्रकाशमान छ । त्यहाँ थुप्रै तीन विद्या जान्ने, ऋद्धिप्राप्त, चित्तको कुरा जान्ने, दिव्य श्रवणशक्ति भएका बुद्ध र अर्हत् भिक्षुहरू छन् ।' त्यसपछि महाबुद्धिमान् स्थविरले राजाको परीक्षणका लागि सूक्ष्म प्रश्नहरू गर्नुभयो ।

स्थविरले सोध्नुभयो, 'राजा, यस रूखको नाउँ के हो ? '

राजाले भन्नुभयो, 'यो आँपको रुख हो ।'

'यसलाई छोडेर अरू पनि आँपका रूखहरू छन् ?'

राजाले भन्नुभयो, 'थुप्रै आँपका रूखहरू छन् ।'

'यो आँपको रूख र अरू ती आँपका रूखहरूलाई छाडेर पृथ्वीमा अरू पनि रूखहरू छन् ?'



Downloaded from http://www.dhamma.digital

'भन्ते, धेरै रूखहरू छन्, तर ती रूखहरू अनाम्र (आँपको नभएका) हुन् ।'

स्थविरले सोध्नुभयो, 'ती अरू आँपका रूखहरू र अनाम्र रूखहरू छाडेर के पृथ्वीमा अरू पनि रूखहरू छन् ?'

राजाले भन्नुभयो, 'भन्ते ! छ, यही आँपको रूख छ ।'

'राजा ! पण्डित हुनुहुन्छ ।'

महेन्द्र महास्थविरले फेरि सोध्नुभयो :-

'राजा ! के तपाईंका जाति भाइहरू छन् ?'

'छन् भन्ते ! थुप्रै छन् ।'

'अरू गैर जाति भाइहरू पनि छन् ?'

'तिनीहरू त जाति भाइहरूभन्दा पनि धेरै छन् ।'

'ती जाति भाइहरू र गैर जाति भाइहरूलाई छाडेर अरू पनि कोही छन् ?'

'भन्ते ! म नै छुं ।'

स्थविरले भन्नुभयो, 'ठीक छ राजन ! तपाईं पण्डित हुनु हुन्छ ।'

त्यसपछि महेन्द्र महास्थविरले राजालाई चूलहत्थिपदोपम सुत्तको उपदेश दिनुभयो । उपदेश सुनेर चालीस हजार मानिसहरू सहित राजा बुद्ध, धर्म र संघको शरणमा गए । त्यसपछिको घटनाक्रमको वर्णनबाट जहाँ बुद्धशासनको विनयपरम्पराको ऐतिहासिक महत्त्व दर्शाउँछ, त्यहीं श्रीलंकामा बुद्धशासन वृद्धि भएको इतिवृत्त पनि प्रस्तुत गर्दछ ।



Downloaded from http://www.dhamma.digital

अशोकको धर्मदूत मण्डलको धर्मप्रचारको वर्णन वाङ्मयमा मात्र पाइएको होइन, अपितु अशोकको धर्मप्रचारको यो गौरवगाथा अभिलेखहरूमा पनि कुँदिएको आजसम्म सुरक्षित छ । अशोकको तेह्रौं शिलालेखमा ती देशहरू र राज्यहरूको नाउँ आएका छन्, जुन जुन देशहरू र राज्यहरूमा अशोकले धर्म प्रचार गर्न भिक्षुहरू, धर्मदूतहरू र उपदेशकहरू पठाएको थियो । अशोकले (१) आफ्ना मौर्यसाम्राज्य अन्तर्गतका विभिन्न प्रदेशहरूमा, (२) साम्राज्यको सीमान्त प्रदेश र सीमान्तमा बस्ने यवन, काम्बोज, गान्धार, राष्ट्रिक पितनिक, भोज, आन्ध्र र पुलिन्द आदि जातिहरूको देशहरूमा, (३) साम्राज्यका अशिक्षित जातिहरूमा, (४) दक्षिणतिरका केरलपुत्र, सत्यपुत्र, चोल र पाण्ड्य जस्ता स्वतन्त्र राज्यहरूमा, (५) श्रीलंका र (६) अन्तियोकले राज्य गरिरहेकी सीरिय राज्य, तुरमनले राज्य गरिरहेको मिश्र, मकले राज्य गरिरहेको साइरीनी, अन्तिकिनिले राज्य गरिहेको मेसोडोनिया, अलिकसुन्दर (अलेक्जेण्डर) ले राज्य गरिराखेको एपिरस राज्यमा भिक्षुहरू, उपदेशकहरू र धर्मदूतहरू धर्म अमात्यरूपमा पठाउनुभएको थियो ।

अशोकको बुद्धशासन प्रचारक्रममा यी भिक्षुहरू, उपदेशकहरू र धर्मदूतहरू कुन कुन दिन कता कता पुगे यसको पूर्ण विवरण धेरै महत्वको विषय छ । श्रीलंकामा पठाएका धर्मदूत मण्डल जेष्ठ-पूर्णिमाका दिन पुगेको विस्तृत विवरण जसरी महावंशले दिएको छ, त्यस्तै धर्मदूतमण्डल पुगेका ठाउँहरूमा रचित अज्ञात नाउँका थुप्रै धर्म-इतिहासले हामीलाई ती ती देशको धर्मदूत मण्डलको विवरण दिइरहेको हुन्छ । तर ती धर्म-इतिहासहरू अहिले पनि धेरै अंशमा पृथ्वीको गर्भमा नै छ । गिलगिटमा जस्तै उपर्युक्त धर्मदूत मण्डल पुगेका देशहरूमा उत्खनन् राम्ररी र पूर्ण रूपमा भए ती पृथ्वीको गर्भमा रहेका धर्म-इतिहासहरू अरू उद्घाटित हुनेछ ।

जेष्ठ-पूर्णिमालाई श्रीलंकाका बौद्धजनता र सरकारले बैशाख-पूर्णिमालाई भन्दा पनि बढ्ता महत्त्व दिन्छ । देशभरि नै टोल


Downloaded from http://www.dhamma.digital

टोलमा बुद्धको प्रतिमूर्ति सजाई पूजा गरेको हुन्छ । दान र धर्मदेशनाकार्य धूमधामसँग सम्पन्न गरिन्छ । बुद्धजीवनी र जातक-प्रसंगका झाँकीका साथै महेन्द्र महास्थविरको चित्र र झाँकी टोल टोलमा सजाएर राखेको हुन्छ । श्रीलंकावासीहरू आफ्नो सभ्यता र संस्कृतको थालनि नै महेन्द्र महास्थविरको आगमनको कारणबाट भएको मान्दछन् । महेन्द्र महास्थविर श्रीलंकामा आफ्ना धर्मदूतमण्डलका साथ आउनुहुँदा प्रथम पाइला टेकेको ठाउँलाई महिन्तले भन्दछ । महिन्तलेलाई आज पनि पुरातात्त्विक दृष्टिबाट र सांस्कृतिक महत्त्वबाट संरक्षित र पूजित गरिराखेको छ ।

("आनन्दभूमि" २५/२)



Downloaded from http://www.dhamma.digital

# आषाढ-पूर्णिमाको सातवटा संयोग

पूर्ण चन्द्रमाको जुनेलि रातको आनन्द, शीतलता र शान्ति अनुभव अब हामी पूरा गर्न सक्दैनौं । हरियो वन, शीतल हावाको शुद्ध, तर फूलको बास्ना भनेको हाम्रो लागि चुंडिएको चङ्गा जस्तो भइसक्यो । अनि हामी पूर्णिमाको मूल्य कसरी बुझ्न सक्छौं ?

बुद्धको समयमा पूर्णिमाको रसानुभूति संस्कार निक्कै महत्वको हुन्छ । त्यसैले उनदिन केही घटना पूर्णिमाका दिन घटेमा सम्झी राख्न सजिलो हुन्थ्यो । कुनै कुरा पूर्णिमामा जोड्न ल्याएको पनि हुनसक्छ । बुद्ध र बुद्धधर्ममा त्यसैले पूर्णिमाको महत्व रहिरहेको छ । बैशाख-पूर्णिमाको दिन बुद्धको जन्म, सम्बोधि लाभ र महापरिनिर्वाणको घटना भए, जेष्ठ-पूर्णिमाका दिन अशोकका धर्मदूतहरू टाढाटाढा सम्मको देशमा धर्म प्रचारार्थ गए । बुद्ध आफै पनि बुद्धत्त्व प्राप्ति गरेको ठीक एक वर्ष पछिल्लो बैशाख-पूर्णिमाको दिन कपिलवस्तु पुग्नु भएको थियो । यस पछि आषाढ-पूर्णिमा सातवटा पुण्य-संयोग जुटेको दिनको रूपमा मानि आएको छ ।

१. बोधिसत्त्वले महामाया देवीको गर्भमा प्रवेश गरेको घटना आषाढ-पूर्णिमाको पहिलो महत्वपूर्ण घटना हो । आषाढको सप्ताहव्यापी चाड पर्व मनाइरहेका मध्येमा शील नबिगारिकन यस चाड पर्वको अन्तिम रात मनाइरहेकी मायादेवीलाई उत्तरबाट सेतो हात्ती सेतो कमलको फूल लिएर तीन चक्कर लगाई दायाँ काखीबाट प्रवेश गरी बोधिसत्त्व गर्भमा प्रवेश गर्नु भयो भने जातकट्ठकथामा लेखिएको छ । यो उत्तराषाढ नक्षत्र हो । पालि भाषाको पुरानो बुद्धजीवनी 'जिनमहानिदान' मा वर्णन गरिराखेको छ, 'मायादेवीले



Downloaded from http://www.dhamma.digital

सपना देखिरहेको बेलामा नै बोधिसत्त्व तुषित भवनबाट 'चवित्वा' तल झरेर 'एकुनवीसतिपटिसन्धि चित्तमा' 'मेत्तापुब्बभाग सोमनस्ससहगत ञाणसम्पयुत्त असङ्खारिक कुसल चित्तको महाविपाक चित्तबाट' प्रतिसन्धि ग्रहण गरे । यो चित्त सम्बन्धी पालि शब्द समूह बुझ्न हामीलाई अलि गाह्रो हुनेछ । तर पनि यति भनि दिन सकिन्छ, बौद्धदर्शन अनुसार जन्मको निमित्त तीन वटा हेतुहरू हुन्छन् । माता, पिता र जन्म ग्रहण हुने सत्त्व-अंकूर गन्धर्व । अनि जन्म हुने गन्धर्वको गति त्यसको अन्तिम च्युति-चित्तको परिणाम हो । हामीले बुझ्ने भाषाबाट भन्ने हो भने प्राणवायु निस्कने क्षणको चित्त चेतसिकको स्वरूप अनुसार गन्धर्वको योनिगति हुन्छ । यहाँ जन्मराजाले खाताबही हेरेर पाप वा पुण्यको फल भोग गर्न पठाउने अथवा पापपुण्य तराजुमा तौलेर पुण्य पापको भोग गर्न दिने अथवा कयामातको दिनमा अन्तिम न्याय हुने व्यवधान छैन । हुन पनि हो, खाताबही अथवा तराजु यमलोकमा हुन्छभने मसि र लेख्ने वस्तु पनि त्यहाँ हुनुपर्‍यो, कागज बनाउने ठाउँ हुनुपर्‍यो, अरु कच्चावस्तु पनि हुनुपर्‍यो । कारखाना हुनुपर्‍यो अथवा त्यस्तै यमराजको स्मृतिले कम्प्यूटरको काम गर्ने हुनुपर्‍यो । तर बुद्धदर्शनमा अर्को जन्मको कारण अन्तिम चित्तक्षण अनुसार स्वतः हुन्छ । यहाँ 'जिनमहानिदान' को बोधिसत्त्वको प्रतिसन्धि जन्म सम्बन्धी वर्णन यसैको लिखित प्राचीनतम दस्तावेज हो । पुरातात्त्विक प्रमाण अनुसार अथवा अभिलेख प्रमाण अनुसार भन्ने हो भने अशोकको कालसी (चकाराता तहसिल, देहरादून जिल्ला, उत्तर प्रदेश, भारत) मा रहेको शिलाभिलेखको उत्तर तिर पाटामा हात्तीको रेखा-चित्र कोरिराखेको भेटिएको छ । हात्तीको पेटको तल चारवटा खुट्टाको बीचमा ब्राह्मी लिपिमा गजतमे अक्षर लेखिराखेको छ ।

२. आषाढ-पूर्णिमाको दोस्रो संयोग हो, सिद्धार्थको महाभिनिष्क्रमण । आषाढ पर्वभित्र नै सिद्धार्थ कपिलवस्तु घुम्न जानु भएको थियो । जातकट्ठकथा अनुसार पूर्णिमाको साँझ श्रीशोभाग्यका



Downloaded from http://www.dhamma.digital

साथ पल्टिएका सिद्धार्थले त्यही रातमा गीत गाएर बाजा बजाएर नाचेकाहरू काँचो स्मशानमा लाश जस्तै सुतिरहेको देखेर अभिनिष्क्रमणको निर्णय गर्नु भयो । लुम्बिनीको सिद्धार्थ जन्म स्मारक (मायादेवी मन्दीर) को उत्खननमा एउटा माटोको चक्कामा एउटा मूर्ति भेटीएको छ । सिद्धार्थले गृहत्याग गर्न अघि यशोधराले एक सपना देखेकी थिइन् । यसको प्राचीनतम वाङमयको व्याख्या अनुसार सपनाको प्रतीक अर्थ सिद्धार्थले यशोधरालाई छोडेर जाने कुरासँग सम्बद्ध थियो । सिद्धार्थले यशोधरालाई त्यस सपनाबारेमा केही वास्ता गर्नु पर्दैन भनी सम्झाएका थिए । ललितविस्तरको चौधौं अध्यायमा 'गोपास्वप्नपरिवर्त:' छ । सिद्धार्थ रातमा सुत्तुक्क भागेर गएको होइन, चार वटा निमित्त दर्शन मात्र अभिनिस्क्रमणको कारण होइन, भने सिङ्गो तर्क विश्लेषण गर्ने पहिलो व्यक्ति आचार्य धर्मानन्द कौशम्बी हुनुहुन्थ्यो । यसै तर्कलाई राजनैतिक नाटकीकरण विवरण डा. भीमराव अम्वेडकरले गर्नुभयो । 'बुद्धवंस' मा चारवटा निमित्त देखी अश्वयानबाट सिद्धार्थले गृहत्याग गरे भने पद्यात्मक वर्णन गरिराखेको छ भने जातकअट्ठकथा अनुसार चार वटा निमित्त प्रदर्शन देवायोजनाबाट भएको हो । उत्ता रोहिणीको पानीको विषयमा कपिलवस्तु र कोलीयहरूको बिचको झगडा बुद्धको महापरिनिर्वाण हुनुभन्दा छ वर्ष अगाडि घटेको घटना हो । सिद्धार्थको राजकुमार जीवनमा राजा संथागार सदस्य (सांसद) भइरहेको बेलामा पनि यस्तै घटना भएको प्रामाणिक अभिलेख हालसम्म भेटिएको छैन ।

३. आषाढ-पूर्णिमाको तेस्रो पुण्यसंयोग धर्मचक्र प्रवर्त्तन हो । जातकको निदान तथ्य अनुसार उत्तरासाल्हनक्खत्तयोग (उत्तराषाढ नक्षत्र योग) मा बुद्धले पंचवर्गीयहरूलाई 'धम्मचक्कपवत्तन सुत्त' देशना गर्नु भएको थियो । महावस्तुले आषाढको उत्तर पक्षको द्वादशी तिथि भनी भनिराखेता पनि 'बुद्धचरित' सुरगुरु दिवस (वृहस्पतिबार) का दिन भनी उल्लेख गरिराखेको छ । अशोकका ढुँङ्गाको खम्बा विशेषत: चारैतिर चार वटा टाउको आठ वटा खुट्टा भएको शरीर भित्र परेका सिंहशीर्ष र त्यसको तल धर्मचक्र भएको ढुङ्गा खम्बाको



Downloaded from http://www.dhamma.digital

टुप्पो साँच्चै महत्वपूर्ण छ । धर्मचक्रमा चौबिस खण्ड गरिराखेको दण्डी छ । तर केही धर्मचक्रमा आठवटा मात्र पनि खण्ड भेटिन्छ । धर्मचक्र मुद्राको बुद्धमूर्ति निक्कै सार्थक भए अशोक स्तम्भको सिंहशीर्ष आज स्वाधीन भारतको राष्ट्रिय चिन्ह रूपमा प्रख्यात छ । कुशान लिपिको एउटा अभिलेखमा पालि 'धम्मचक्कपवत्तन सुत्त' को अंश भेटिएको छ । अभिलेखमा लेखिएको छ : –

१. चत्तर – रमानि भिखवे अ (ि) रय सच्चानि

२. कतमानि (च) त्तारि दु:ख भिक्खवे अरियसच्चं

३. दुक्ख निरोधगामिनी (च) पटिपदा अरि (य) सच्चं

भिक्षुहरू ! यो चार अरिय (श्रेष्ठ, उत्तम, आर्य) सत्य हुन् । के के चारवटा ?

भिक्षुहरू ! दु:ख अरिय सत्य हो, दु:खको उत्पत्ति अरिय सत्य हो । दु:ख निरोध अरिय सत्य हो । दु:ख निरोधगामिनी अरिय सत्य हो ।

Dhamma.Digital

४. चौथो पुण्य संयोग 'वर्षावास' अर्थात् विनय विधि सम्मत तीन महीना एकै ठाउँमा बस्ने नियम हो बुद्धभन्दा अगाडिका घुमन्ते धर्मप्रचारक र परिव्राजकहरू चार महीना एकै ठाउँमा रहने गरिन्थ्यो । बुद्धले धर्म प्रचारको आवश्यकता अनुभव गरे । पहिला वर्षावासको नियम भिक्षु संघलाई विज्ञापन गर्नु भएन । यसकारण धेरै टीका टिप्पणी भए । अनि बुद्धले पनि बाह्र महीनामा तीन महीना एउटै ठाउँमा बास बस्ने गर्नाले धर्मसाकच्छा, धर्म-अभ्यास, संघ सहवास, विपस्सना साधना आदि लाभ हुने देखेर आषाढ-पूर्णिमाका दिन देखि तीन महिना एउटै ठाउँमा बास बस्ने विनय ज्ञापन गर्नुभयो । तर बुद्धको विचारमा एकै ठाउँमा रहने स्वयं 'धम्म' होइन । त्यसैले संघको क्रियाकलापमा आवश्यक भए, भिक्षा प्राप्त



Downloaded from http://www.dhamma.digital

नभएको बेला, रोगी हुने बेला, आमा-बुबा बिरामी हुने बेला, छ रात सम्म बाहिर बसी सातौं दिनको साँझ त्यहीं बस्न आए पनि हुने गरी वर्षावासको नियममा संशोधन ज्ञापन गर्नुभयो ।

५. बुद्धधर्ममा अलौकिक शक्ति चमत्कार प्रदर्शनलाई प्रोत्साहन छैन । आकाशमा उड्न सक्ने, पृथ्वीमा अन्तरध्यान वा लोप हुन सक्ने आदि हुनु भन्दा सद्चरित्र हुनु नै महत्वपूर्ण छ । त्यसैले बौद्धध्यान, योग वा विपस्सनाको लक्ष्य विचित्र शक्ति अलौकिक चमत्कार आदि पाउनलाई होइन । यसले गर्दा बुद्ध र भिक्षु संघसँग केही सिद्धि, क्षमता र चमत्कारै छैन भनी तीर्थंकरहरूबाट निक्कै टिप्पणी भए । यसैको प्रतिकारको लागि श्रावस्तीमा एक आषाढ-पूर्णिमा कै दिन बुद्धले ऋद्धि प्रातिहार्य देखाउनु भएको थियो ।

६. छैठौं आषाढ-पूर्णिमाको संयोग हो, माता महामाया देवीलाई त्रायतिंश भुवनमा उपदेश गर्न सातौं वर्षावास बस्नु भएको । मायादेवी सिद्धार्थलाई जन्म दिई सात दिनपछि निधन भई त्रायतिंश भुवनमा जन्मनु भएको थियो । यो बौद्ध-संस्कृतिमा आमा-बुबाको गुण देख्नुको उदाहरण हो । आफुलाई जन्म दिने आमालाई बुद्धले चित्त, चेतसिक, रूप र निर्वाणको अभिधर्म उपदेश दिनु भएको थियो ।

७. सातौं पुण्य संयोग बुद्धको जीवनसँग सम्बद्ध होइन, बुद्धशासनसँग सम्बद्ध हो । बुद्धको महापरिनिर्वाण पछि बुद्धद्वारा यताउता पैंतालिस वर्षसम्म गर्नु भएको उपदेशहरू वाचन र श्रवणद्वारा संकलन भएको थियो । यसलाई बौद्ध भाषामा प्रथम संगायन भनिन्छ । यस प्रथम संगायनको अध्यक्षता बुद्धको महापरिनिर्वाणपछि जीवित भिक्षुहरू मध्येमा जेष्ठतम भिक्षु महाकाश्यपले गर्नुभएको थियो । सात शय अर्हत् भिक्षुहरू सम्मिलित भएर तीन महीना भित्र यो संगायनको कार्य सम्पन्न भएको थियो । दोस्रो संगायन विनय सम्बन्धी सुधार पक्ष र सक्नेले सबै पालन गर्छ, नसक्नेले सा-सानो पालन गर्दैन, पालनै गर्नु नै पर्दैन भन्यो भने


Downloaded from http://www.dhamma.digital

विनय हराएर जान्छ भनी भन्ने यथातथ्यवादीहरू बीचमा भएको थियो । यसले गर्दा बुद्धधर्ममा निकाय भेद भए । यसको करीब शय वर्ष जतिपछि अशोकको पालामा तृतीय संगायन भयो । अशोकले विभज्जवादी दर्शन अनुसार पुरानो पक्षको संगायन गरेको थियो । संगायनाको इतिहास क्रममा तेस्रो संगायन सम्म केही विवाद छैन । चौथो संगायनमा थेरवाद अनुसार श्रीलंकामा त्रिपिटक ताडपत्रमा पालि भाषामा लिपिबद्ध भएकोलाई लिए महासांधिकले कनिष्कको सहयोगमा भएको संस्कृत भाषाबाट ताम्रपत्रमा लिपिबद्ध भएकोलाई लिएको छ । यसपछि पाँचौ संगायनादेखि श्रीलंका, म्यानमार र थाइल्याण्डको आ-आफ्नो इतिहास छ । तर १९५४ इसवी म्यानमारमा छैठौं संगायन हुँदा पाँचौ संगायना म्यानमार देशमा त्रिपिटक संगमरमको शिलापत्रमा उत्कीर्ण भएकोलाई स्वीकार गर्नाले यो विवाद पनि सधैंको लागि समाप्त भयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बौद्ध दृष्टिमा माघ-पूर्णिमाको महत्त्व

बैशाख-पूर्णिमा, जेष्ठ-पूर्णिमा र आषाढ- पूर्णिमा पछि माघ-पूर्णिमा बौद्धहरूको निमित्त ठूलो महत्त्व राख्दछ । पालि वाङमय अनुसार यस दिन तीन महत्त्वपूर्ण घटनाहरू घटेका थिए ।

बुद्धद्वारा धर्मको प्रचार र बुद्धको भिक्षु संघको स्थापनाको सात आठ महीनाभित्रै धेरै सम्पन्न कुलका युवकहरू, धर्म-साधनाका विभिन्न समूहमा छरिएका परिव्राजकहरू, विविध तपश्चर्यामा लागेका तपस्वीहरू र मुक्ति मार्गका गवेषक निर्गन्थहरू बुद्धको भिक्षुसंघमा सम्मिलित हुन पुगेका थिए । यसको मूल कारण ६० जना श्रावकहरू हुने बित्तिकै एक बाटोबाट दुईजना नगईकन बहुजनको हित र सुखकालागि धर्म-प्रचारार्थ बुद्धले थाल्नु भएको प्रचार अभियान हो । यसै अभियान अनुसार भिक्षु अश्वजित एक्लै धर्म प्रचार गर्दै राजगृहको छेउछाउमा पुगिसक्नु भएको थियो । शाक्यमुनि बुद्धको पहिलो धर्म उपदेश धर्मचक्रप्रवर्तन सुन्ने पाँच जना कपिलवस्तुका श्रमणहरू मध्येमा सबैभन्दा कान्छो अश्वजित हुनुहुन्थ्यो । कोण्डण्य, वप्प, भद्दिय र महानाम पछि अश्वजित पनि "जुन जति समुदय धर्म (-कारण स्वभाव) छन्, ती सबै निरोध धर्म (नाश हुने स्वभावका) हुन्" भन्ने विरज विमल धर्मचक्षु उत्पन्न भई अर्हत् भएको थियो । राजगृहनिर आयुष्मान अश्वजित पूर्वान्ह समय हातमा भिक्षापात्र लिई सुआच्छादित रूपमा चीवर वस्त्र लाइकन सुन्दर शान्त आलोकन विलोकन दृष्टिको संयमका साथ संकोचन र प्रसारणको अनुशासनका साथ भिक्षाटन गर्दै थिए । यस भिक्षाटनबाट प्रभावित भई मुक्तिको खोजमा हिंडिरहेको संजय परिव्राजकका २५०



Downloaded from http://www.dhamma.digital

शिष्यमण्डलीमध्येको एक परिव्राजक सारिपुत्रलाई यस्तो लाग्यो कि कतै यस लोकमा सम्पूर्ण अरि (शत्रु) माथि विजय पाइसकेका अर्हत् (अरि+हत्) हरू मध्येमा यो श्रमण पनि एक अर्हत् त होइन ? सारिपुत्र भिक्षाटनचारी अश्वजितको पछिपछि लाग्यो । प्राप्त भिक्षाटनको भोजनोपरान्त सारिपुत्रले अब त कुरा गर्न सकिने प्रश्न गर्न हुने समय भयो भनी विचार गरी सोध्नु भयो, "आवुस ! तिम्रा इन्द्रियहरू प्रसन्न छन्, तिम्रो छविवर्ण परिशुद्ध र उज्ज्वल छ । तिम्रो शास्ता को ? तिमी कुन धर्मलाई मान्छौ ?" अश्वजितले उत्तर दियो, "आवुस ! शाक्यकुलबाट प्रव्रजित हुनु भएका महाश्रमणलाई नै भगवान मानेर म प्रव्रजित भएको हूँ उनै भगवानको उपदेश मेरो धर्म हो ।" सारिपुत्रको अर्को प्रश्न हो, "आवुसोको शास्ताको सिद्धान्त के हो ?" प्रत्युत्तरमा अश्वजितले भन्नु भयो – "आवुस ! म भरखरमात्र प्रव्रजित भएकोहुँ । विस्तारपूर्वक म तिमीलाई भन्न सक्तिन । संक्षेपमा धर्म सिद्धान्तबारेमा भन्नेछु ।" "संक्षिप्त होस् वा विस्तृत, मलाई त "अर्थ" को मात्रै प्रयोजन छ ।" त्यसपछि अश्वजितले भन्नुभयो, "हेतु (कारण) बाट उत्पन्न हुने जति पनि धर्महरू (=दु:ख आदि स्वभाव धर्महरू) छन् ती सबैको हेतु (=दु:ख समुदय) को प्रभावबारेमा तथागतले उपदेश दिनु भएकोछ । यस दु:ख समुदयको निरोध छ, यही निरोध मार्ग महाश्रमणको वाद (प्रतिपद) हो ।"

यति सुन्नेबित्तिकै "जुन जति पनि समुदय धर्महरू छन्, ती सबै निरोध-धर्मका हुन्" भन्ने दृष्टिकोण सारिपुत्रमा स्पष्ट भयो । सारिपुत्रले आफ्ना सहचारी मौद्गल्यायन कहाँ गइकन भने,"आवुस ! मैले अमृत पाएं ।" वास्तवमा यही हेतुवादको व्याख्या प्रतीत्य-समुत्पाद सिद्धान्त हो । अनि यही प्रतीत्यसमुत्पाद पछि गएर दार्शनिक ऊहापोह र दार्शनिक विकासको चरमविन्दुमा शून्यवाद भयो । अश्वजित्‌कै निर्देशन अनुसार सारिपुत्र र मौद्गल्यायन बुद्धकहाँ गए । बुद्धको उपदेश सुनेर श्रावकहरू भए । पछि गएर यी दुबै ब्राह्मणकुलबाट परिव्राजक हुँदै प्रव्रजित श्रावक हुनु भएका



Downloaded from http://www.dhamma.digital

सारिपुत्र र मौद्गल्यायनमा यति अग्रगण्य गुणहरू भए कि आजको जस्तो माघ-पूर्णिमाको दिन बुद्धले तिनीहरू श्रावकहरूमध्येमा अग्रतम अग्रमहाश्रावक रूपमा घोषणा गर्नु भयो ।

बुद्धको भिक्षु संघमा प्रवेश हुने उपसम्पदा विधि अर्थात् भिक्षु बन्ने बनाउने विधि त्यसबेलाको प्रजातन्त्र शैलीको छ । दुर्गम ठाउँमा भए कम से कम पाँचजना र सुगम ठाउँमा भए कम से कम दश जना भिक्षुहरूको गणपूरक संख्याको भिक्षु संघले मात्र अर्को एक नयाँ भिक्षु बनाउने (संघ सदस्यता प्रदान गर्ने) सक्ने विधिमा, त्यस्तै भिक्षु बनाउँदा गरिने प्रश्न र प्राप्त प्रत्युत्तर संघमा सुनाउने (प्रतिवेदन दिने) प्रक्रियामा, ञत्ति (प्रज्ञप्ति-प्रस्ताव)मा, विवाद भए छन्न (मत) दान गर्ने प्रावधानमा र अनुमोदन (प्रस्ताव पारित) हुने संघ-पद्धतिमा गणतन्त्रात्मक शैली छ । आजको हाम्रो संसदीय पद्धतिमा बील टेबुल गर्ने, छलफल गर्ने, मतदान गर्ने र बील पारित हुने कार्यविधिमा यही छाप छ । आजको जस्तो माघ-पूर्णिमाको दिन यस्तै प्रातिमोक्षको उपदेश बुद्धले दिनु भएको थियो । त्यो पनि यस्ता भिक्षु बनाउने प्रक्रिया शुरूहुनु अघि बुद्धद्वारा "एहि भिक्खु" "आऊ भिक्षु" भन्ने शब्दबाट भिक्षु भएका १२५० जना क्षीणाश्रव भिक्षुहरूको सामुने । भिक्षुहरूको ठूलो समागम प्राय:गरी आमन्त्रण भएर अथवा पूर्व सूचना भएरमात्र हुन्थ्यो । तर एक माघपूर्णिमाका दिन बुद्धको "एही भिक्खु" आऊ भिक्षु भन्ने वाणीबाट उपसम्पदा भएका, विना आमन्त्रण वा विना पूर्वयोजना वा विना सूचना नै १२५० जना क्षीणाश्रवी भिक्षुहरू बुद्धकहाँ भेला भए र त्यस भिक्षु संघलाई बुद्धले प्रातिमोक्षको उपदेश दिनु भयो । यही माघ-पूर्णिमाको दोश्रो महत्त्वपूर्ण सुसंयोगको घटना हो ।

सिद्धार्थ गौतमले २९ वर्षको उमेरमा महाभिनिष्क्रमण गर्दै ३५ वर्षको उमेरमा बुद्धत्त्व प्राप्त गर्नु भयो । अनि ४५ वर्षसम्म निरन्तर गाउँ, नगर, जनपद विचरण गर्दै बुद्धको जीवन ८० वर्ष पूरा हुन केही महीना बाँकी थियो । मगधका राजा अजातशत्रुको



Downloaded from http://www.dhamma.digital

महामात्य वर्षाकालको सामुने गणतन्त्र र भिक्षु संघको सात अपरिहानीय धर्मको उपदेश दिँदै बुद्ध अम्बलट्ठिका वनमा पुग्नु भयो । त्यहाँ बुद्धलाई संचो भएको थिएन । त्यहाँबाट नालंदा र पाटलिग्राम (पटना) हुँदै वैशाली पुग्नु भयो । त्यहाँ वैशाली, जहाँ त्यस बेला सबैभन्दा सशक्त गणतन्त्रात्मक शासन व्यवस्था थियो, लाई बडो अर्थपूर्ण दृष्टिबाट हेर्दै बुद्धले भन्नु भयो "आनन्द ! यही तथागतको अन्तिम वैशाली दर्शन हो ।" यस भावविह्वल हुने उद्गार पछि बुद्धले चापाल चैत्यमा आफ्नो जीवनको आयु संस्कार परित्याग गर्ने अवस्थालाई स्वीकार गर्दै आजकै जस्तो माघ-पूर्णिमाको दिन आज्ञा भयो, "आजभन्दा तीन महीनापछि तथागतको महापरिनिर्वाण हुनेछ ।" बुद्धको यस वचनलाई बौद्ध वाङमय बुद्धद्वारा आयुसंस्कार परित्याग गर्ने संवेगको रूपमा वर्णन गर्दछ । वास्तवमा महाकारुणिक तथागतको महापरिनिर्वाणको पूर्व सूचना क्षीणाश्रव भएका भिक्षु-भिक्षुणी र उपासक उपासिकाहरूलाई धर्म-संवेगको अतुल्य विषय भए, जीवनमुक्त नभएमा भिक्षु भिक्षुणी, उपासक उपासिकाहरूको निमित्त मात्र होइन त्याग र सेवा, संयम र साधनाका प्रत्येक व्यक्तिको लागि महाभूकम्प जस्तो मन-मस्तिष्क थर थराउने विषय भयो । बौद्ध वाङमयमा बुद्धद्वारा माघ-पूर्णिमाको दिन आयुसंस्कार परित्याग अर्थात् तीन महीनापछि तथागतको महापरिनिर्वाणको पूर्व सूचनालाई बडो मार्मिक भाषामा, रोमाञ्चकारी संवेग र सूचनाको रूपमा, मारको बुद्ध-निर्वाण हुने प्रार्थना स्वीकृतिको कथात्मक रूपमा वर्णन गरिएकोछ ।

**(गोरखापत्र : ३ फागुन २०५१ बुधबार)**



Downloaded from http://www.dhamma.digital

# भिक्षु सुदर्शनद्वारा लिखित, अनूदित तथा सम्पादित

***धार्मिक पुस्तकः***

***नेपाली : रचित***

(१) बुद्ध र बौद्ध संस्कृति (२) बुद्ध र बुद्धधर्म (संयुक्त) (३) सप्त सम्बोध्यङ्ग (संयुक्त) (४) लुम्बिनी (संयुक्त) (५) पद्मपाणि बोधिसत्त्व

***नेपाल भाषा : रचित***

(१) अमृतमय मौन, (२-३) महामङ्गल (भाग १/२), (४) आयुष्मान् आनन्द, (५) महासत्त्व जातक (द्वि.सं.), (६) मां-बौया सेवा (द्वि.सं.) (७) बुद्ध व बुद्धधर्म, (८) दश पारमिता (संयुक्त), (९) बौद्ध तीर्थ यात्रा सचित्र रिपोर्ट, (१०) महापरित्राण, (तेस्रो संस्करण) (११) बौद्ध बाखं, (१२) पद्मपाणि बोधिसत्त्व, (१३) लुम्बिनी (छगू ऐतिहासिक विवेचना १), (१४) चैत्यपूजा, (१५) महाबुद्ध, (१६) लुम्बिनी स्थित अशोक स्तम्भ, (१७) निर्वाण, (१८) लुम्बिनीमा किचलय्

***सम्पादित :***

(१) आर्य अष्टाङ्गिक मार्ग, (२) सप्त सत्पुरुष धन, (३-७) विश्वय् बुद्ध-धर्म (भाग-१,२,३,४,५), (८) सिंहसार्थबाहु व कबीर कुमारया बाखं, (९) गण महाविहार दैनिक-प्रार्थना (तृ.सं.), (१०) शील-प्रार्थना व तिरत्न वन्दना (सप्तम संस्करण), (११) बुद्ध-जीवनी (सामान्य ज्ञान-१), (१२-१३) बुद्धधर्म (सामान्य ज्ञान २-३) (१४) श्रद्धाञ्जलि, (१५) नगर मण्डप श्रीकीर्ति विहारया दैनिक-प्रार्थना (तेस्रो संस्करण), (१६) प्रज्ञानन्द स्मृतिग्रन्थ (संयुक्त)।

***अनूदित :***

(१) भारते बुद्धधर्मया उत्थान व पतन (२) बौद्धधर्म हे मानवधर्म (३) नेपालय् राहुल (४) बुद्धधर्मया मूल सिद्धान्त (५) स्वपु सूत्र (६) बुद्धधर्मया प्यंगू मूल सिद्धान्त (७) कथिनोत्सव

**चिधीधंगु सफू : भिंन्यागू**

***नाटक :***

(१) अम्बपाली (द्वि.सं.), (२) राष्ट्रपाल, (३) जुजु जयप्रकाश, (४) बिम्बिसार (द्वि.सं.), (५) दबू (सम्पादित), (द्वि.सं.) (६) आशंका, (७) सुप्रिया, (८) प्रतिशोध, (९) पटाचार

***साहित्यिक :***

लुमंके बहःपिं (भाग १/२)

Downloaded from http://www.dhamma.digital



नगर मण्डप श्रीकीर्ति विहार

कीर्तिपुर

*मुद्रक:*

**"न्यू नेपाल प्रेस"** *प्रधान कार्यालय:* नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.मी. ५४१४, काठमाडौं, नेपाल। फोन: ४३४८५०, ४३४७५३

*व्यापारिक कार्यालय:* शुक्रपथ, न्यूरोड, काठमाडौं। फोन: २५१०३२, २५१४५०, फ्याक्स: (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital